परिच्छेद-एक

# शोधपरिचय

## १.१. विषय परिचय

नेपालमा भौगोलिक, सामाजिक, जाति, भाषा, भेषभूषा, रहनसहन, कला, चाडपर्व धर्म, संस्कृति इत्यादिमा विविधता पाइन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बसोबास गरेका सबै नेपालीहरूको आआफ्नै संस्कृति रहेको छ । अभिन्न अङ्ग संस्कृतिको आआफ्नै महत्त्व हुन्छ । कैयौं जातजातिहरूको संस्कृति, सामाजिक परम्परा, धर्म, चाडपर्व, आदिको खोज अनुसन्धान भएको छ र तिनीहरू अस्तित्वमा पछाडि छन् भने कैयौं जातजातिहरूको संस्कृति, सामाजिक परम्परा, भाषा, धर्म, चाडपर्वहरू आदिको खोज भएको छैन् । कतिपय संस्कृतिको न्यून मात्रामा मात्र खोज भएको छ । कतिपय जातजाति र ठाउँ स्थानभित्र मात्र सीमित भएर लोप हुने अवस्था सिर्जना भएको पाइन्छ । यस्ता कैयौं जातजातिको खोज गरी तिनीहरूको संस्कृति, सामाजिक, रीतिरिवाज, भाषा र तिनीहरूले मनाउने चाडपर्व, रहनसहन, धर्म, संस्कार, कला इत्यादिको पहिचान गर्नु आजको सन्दर्भमा महत्त्वपूर्ण देखिन्छ । तिनीहरूलाई राष्ट्रिय विकासको मूलधारमा समावेश गर्दै जानु र भावी पुस्ताहरूका लागि संस्कृति विषय सम्बन्धी पहिचान गराउँदै जानु आजको मुख्य आवश्यकता पनि हो ।

विभिन्न समय र परिस्थितिको कारणले गर्दा विभिन्न उद्देश्य हासिल गर्न मानिसहरूले विभिन्न कार्यहरू गरेको पाइन्छ । यही कारणले गर्दा मानिसले समाजका साथसाथै संस्कार र संस्कृतिहरूको विकास क्रमिक रूपमा गर्दै लगिरहेको पाइन्छ । यी मध्ये गाईजात्रा पनि एक हो । पद्मपुराण अनुसार नेपालमा आज भन्दा दुई हजार वर्ष भन्दा अगाडिदेखि गाईजात्रा मनाउँदै आएको भन्ने सूचना छ । यसको इतिहास राजा प्रताप मल्लको पालामा उनले आफ्नी रानीको पुत्रशोकको पीडा कम गर्न सुरु गरेको गाईजात्रा विभिन्न समय र परिस्थितिका कारण नेवारहरूले राज्यको विभिन्न ठाउँमा विभिन्न तरिकाबाट मनाउने परम्परा निर्माण भयो । यसले

गर्दा अहिले गाईजात्रा मनाउने तरिकामा विविधता र भिन्नता हुन गएको पाइन्छ । यस शोधको विषय क्षेत्र कीर्तिपर क्षेत्रमा मनाउने गाईजात्राको अध्ययन हो ।

## १.२. समस्या कथन

किरण पान्थी(पाण्डेय)को “ नेपालका चाडपर्वहरू ” भन्ने पुस्तकमा यस गाई यात्राको प्रारम्भ तेईस चौबिस सय वर्ष पहिले भएको हो भनेर उल्लेख गरिएको भए पनि फेरि उनकै यस पुस्तकमा ऐतिहासिक प्रमाण अनुसार राजा प्रताप मल्लले आफ्नो छोराको मृत्युमा शोकविह्वल भएकी रानीको चित्त बुझाउनका निमित्त यस्तो परम्परा बसालेका हुन् भनी उल्लेख गरिएको पाइन्छ । गाईजात्रा उपत्यकाको जुनसुकै ठाउबाट सुरुवात भएको भए पनि अहिले नेपाल राज्य भरिका नेवार समुदायहरूले मनाउने गरिन्छ । मल्लकालतिर आईपुग्दा जात्राचाडपर्व मनाउने कुरामा समेत प्रतिस्पर्धा भएका कारण एक ठाउको गाईजात्रा अन्य ठाउको भन्दा फरक तरिकाले मनाउने गरिएको पाइन्छ । यसकारण उपत्यका भित्र पनि एक ठाउको गाईजात्रा मनाउने तरिका बिच अन्य ठाउको भन्दा फरक फरक र भिन्नता रहन गएको पाइन्छ । ती मध्ये कीर्तिपुरको गाईजात्राका बारेमा अहिले सम्म कसैले कही, कतै पनि उल्लेख गरेका छैनन् ।

नेपालमा समय र परिस्थिति अनुसार जात्रा र चाडपर्वहरू परिवर्तन भएर आधुनिकताका प्रभावका कारण मौलिकता बिर्सिदैं गइरहेको पनि पाइन्छ । आधुनिकताको रूपमा भए पनि यी चाडपर्व परिवर्तनशील हुँदै गएता पनि नेपालीहरू विभिन्न चाडपर्व र जात्राहरू मनाउँदै आइरहेका छन् । यस किसिमका चाडपर्व मध्ये गाईजात्रा पनि उपत्यकामा मनाउने एक ठूलो जात्राको रूपमा रहेको छ । यसको संरक्षण र सवर्द्धन गर्नु आवश्यक महसुस गरी काठमाडौं जिल्लाको कीर्तिपुर दक्षिणभेगमा (कीर्तिपुरको रिङ्गरोड भित्र) मनाउने गाईजात्राका बारेमा विश्लेषणात्मक अध्ययन यस शोधपत्रमा गरिएको छ ।

यस शोधपत्रमा मुख्य समस्या निम्न लिखित रहेका छन् :

१. कीर्तिपुरको गाईजात्राको वास्तविकता के हो ?

२. कीर्तिपुरको गाईजात्राको महत्त्व अन्य ठाउको भन्दा के कस्तो  भिन्नता पाइन्छ ?

३. कीर्तिपुरको गाईजात्राको धार्मिक, सामाजिक, सांस्कृतिक पक्ष के कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्य

कीर्तिपुरको गाईजात्राका आर्थिक र सामाजिक संस्कारका विविध पक्षको अध्ययन गर्नु, सुझाव दिनु यस अध्ययनको प्रमुख उद्देश्य हो । यस उद्देश्यलाई निम्न लिखत रूपमा प्रस्तुत गरिएको छ :

१. कीर्तिपुरको गाईजात्राको वास्तविकता प्रस्ट पार्नु ।
२. कीर्तिपुरको गाईजात्राको महत्त्व प्रष्टाउँदै अन्य ठाउँको भन्दा फरकपनाको पहिचान गराउनु ।
३. कीर्तिपुरको गाईजात्राको धार्मिक, सामाजिक र सांस्कृतिक महत्त्व प्रस्ट पार्नु ।

## १.४. अध्ययनको औचित्य

नेपालमा मनाउने विभिन्न चाडपर्व र जात्राहरू मध्ये गाईजात्रा पनि एक प्रमुख हो । उपत्यकामा मानाउने यो जात्रा सामाजिक जीवनसँग सम्बन्धित रहेको छ । यस जात्राको सांस्कृतिक पक्ष, साहित्य, मनोरञ्जनका साथै सामाजिक क्रियाकलापको सङ्गठित पक्ष पनि छ । गाईजात्रा कसले, किन, कहिलेदेखि मनाउन थालेको हो ? यो गाईजात्रा काठमाडौं जिल्लाको कीर्तिपुर दक्षिण भेगभित्र (कीर्तिपुरको रिङ्गरोड भित्र) कसरी, कुन कुन ठाउँमा मनाइन्छ ? आदिका बारेमा अध्ययन गर्न नितान्त आवश्यक भैसकेको छ । हालसम्म विद्वान्हरूले गाईजात्रा बारे लेखे पनि परिचात्मक हिसाबले मात्र लेखेको पाइन्छ । विस्तृत रूपमा गाईजात्राका बारेमा विवेचनात्मक लेखन पाइँदैन । त्यसमा पनि काठमाडौं जिल्लाको कीर्तिपुर दक्षिणभेगमा ( कीर्तिपुरको रिङ्गरोड भित्र) मनाउने गाईजात्राका बारेमा छुट्टै महत्त्व र पहिचान रहेकाले यसलाई जोगाउन आवश्यक ठानेर सामाजिक र धार्मिक विकासको लागि जरुरी देखिन्छ । कीर्तिपुरको गाईजात्राका बारेमा अध्ययन अनुसन्धान गरी यो शोधकार्य तयार पारी कीर्तिपुरको गाईजात्राका बारेमा सबैलाई जानकारी दिई नेपाली मौलिक संस्कृतिको संरक्षण गर्नु यस शोधपत्रको उद्देश्य भएकाले उद्देश्य अनुरूप यस अध्ययनको महत्त्व रहेको छ ।

## १.५. अध्ययनको शोधविधि

### १.५.१. अध्ययन क्षेत्रको छनोट

नेपालको विभिन्न भागहरूमा गाईजात्रा मनाउँदै आएको भएता पनि यस शोधकार्यमा अध्ययनको क्षेत्र कीर्तिपुरमा मनाउने गाईजात्राको संस्कारलाई सँगालिएको छ ।

### १.५.२. अध्ययनको सीमा

काठमाडौं जिल्लामा पर्ने ऐतिहासिक गाउँ कीर्तिपुरको गद् पर्खालले घेरिएको डाँडाभित्र मात्र रहेको बस्तीमा (कीर्तिपुरको रिङ्गरोड भित्र) मनाउने गाईजात्राको सम्बन्धमा मात्र अध्ययनको सीमा सीमित गरिएको छ ।

### १.५.३.तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा अध्ययनका आवश्यक तथ्याङ्कहरू सङ्कलन तथा सङ्कलन गरिएको आवश्यक तथ्याङ्कलाई निम्न लिखित रूपमा लिन सकिन्छ ।

(**क**) **स्थलगत अध्ययन** : गाईजात्राको दिनमा गाईजात्रा कसरी प्रदर्शन गरी नगर परिक्रमा गर्ने गर्दछ भनेर कीर्तिपुरका विभिन्न मुख्य मुख्य स्थानहरूमा गएर स्थलगत अध्ययन गरी शोधपत्रमा उल्लख गरिएको छ ।

**(ख) अवलोकन र फोटोग्राफी** : कीर्तिपुरको गाईजात्राको बारेमा र कीर्तिपुर गाईजात्राको दिन नचाउने नाचका बारेमा बिस्तृत रूपमा अवलोकन गरी आवश्यक पर्ने जानकारीहरू यस शोधपत्रमा उल्लेख गर्नाका साथै फोटो खिचेर र आफूसँग नभएको फोटाहरू विभिन्न प्रकारले सङ्कलन गरी यस शोधपत्रमा पेस गरिएको छ ।

(**ग**) **अन्तर्वार्ता** : कीर्तिपुरमा मनाइने गाईजात्राका बारेमा कीर्तिपुरका स्थानीय मानिसहरूसँग र नाचमा सहभागी हुनेहरूसँग प्रत्यक्ष भेटघाट गर्दै अन्तर्वार्ता गरी  आवश्यक कुराकानीका बारेमा यस शोधपत्रमा उल्लेख गरिएको छ ।

(**घ**) **विशेष अन्तर्वार्ता** : कीर्तिपुरको गाईजात्रामा कीर्तिपुर देय् गुठीको विशेष भूमिका रहेका कारण कीर्तिपुर देय् गुठीका थकालीका साथै मुख्य मुख्य सदस्यहरूसँग र कीर्तिपुरका विशेष व्यक्तिहरूसँग पनि प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता लिई यस शोधपत्रमा उल्लेख गरिएको छ ।

(**ङ**) **पुस्तकालयको अध्ययन** :  गाईजात्राका बारेमा विभिन्न विद्वान्हरू द्वारा प्रकाशित पुस्तक तथा  लेखहरूको आवश्यकता अनुरूप पुस्तकालयमा अध्ययन गरिएको छ । विभिन्न पत्रपत्रिकामा प्रकाशित गाईजात्रासँग सम्बन्धित लेख, रचनाहरूको अध्ययन पनि गरिएको छ । यसका साथसाथै उपर्युक्त स्रोत बाहेक शोधपत्रसँग सम्बन्धित अन्य वस्तुहरू पनि सङ्कलन गरी यस अनुसन्धान कार्यमा समावेश गरिएको छ ।

## १.६. अध्ययनको महत्त्व

(१) काठमाडौं जिल्ला अन्तर्गत कीर्तिपुरमा बसोबास गर्ने मानिसहरूले मनाउने गाईजात्राको भिन्दै महत्त्व रहेको पाइन्छ ।

(२) कीर्तिपुरमा देशलाई शुद्ध र पवित्र गर्ने उद्देश्य प्राप्त गर्न गाईजात्रा मनाउँदै आएको पाइन्छ ।

(३) स्थानीय परम्परा र विशेषताले गर्दा ठाउँको आधारमा उपत्यका भित्र पर्ने कीर्तिपुरमा पनि गाईजात्रा मनाउने तरिकामा कान्तिपुर, ललितपुर र भक्तपुर भन्दा भिन्नता भएको पाइन्छ ।

(४) कीर्तिपुरमा मनाउने गाईजात्राको बास्तविकता र तथ्य जानकारीको महत्त्व रहेको पाइन्छ ।
(५) यस सम्बन्धमा अध्ययन गर्ने कार्य न्यून मात्रामा देखिन्छ । यिनै अभाव पूरा गर्ने उद्देश्य

राखी गाईजात्रा सम्बन्धी सामाजिक जनजीवनसँग के कस्तो सम्बन्ध रही आएको छ, त्यो सम्बन्ध, अध्ययन अनुसन्धान गरेर तयार पारी यसलाई मौलिक रूपमा जोगाई राख्नु भनेको भविष्यको लागि टेवा मिल्दछ ।

## १.७. पूर्वकार्यको समीक्षा

नेपालका चाडपर्व, जात्रा, सामाजिक संस्कृति र संस्कारहरूका बारेमा विभिन्न स्वदेशी तथा विदेशी विद्वान्रूले कलम चलाइसकेका छन् । यी मध्ये पनि गाईजात्राका बारेमा निम्न लिखित रूपमा आवश्यक समीक्षा गर्न योग्य सामग्रीहरू लिइएको छ ।

जीतबहादुर मानन्धर, **श्री गणेशाय् नम्**, (बि.स. २०५१) पृ.५२ मा उल्लेख गरिएको छ ।

अहिलेको हाम्रो प्रचलित धारणा अनुसार अष्टमातृकामा ब्राह्मी(ब्रह्मायणी), माहेश्वरी (रुद्रायणी), कौमारी(कुमारी), वैष्णवी(नारायणी), वाराही, ऐन्दी(इन्द्रायणी), चामुण्डा(काली), र महालक्ष्मी पर्दछन् । यी मातृकाहरू मध्ये अधिकांशको उत्पति सम्बन्धमा रोचक विवरणहरू देवी महात्म्य, देवी भागवती, वामन पुराण आदिमा उपलब्ध छन् ।

कान्तिपुर वि.सं. २०५२ साल श्रावण २७ गतेको दैनिकमा मा उल्लेख गरिएको छ ।

" साउने पूर्णिमाको भोलिपल्ट अर्थात् भाद्र कृष्ण प्रतिपदाको दिन गाईजात्रा महोत्सव प्रारम्भ हुन्छ र यो उत्सव एक हप्तासम्म मनाइने परम्परा छ । गाईजात्राको अवसरमा सो वर्ष दिवंगत हुने आफन्तहरूको सम्भनामा प्रतीत्कात्मक अभिव्यक्ति प्रदर्शन स्वरूप मानिसलाई गाईका रूपमा सिंगारी वा गाईलाई नै विशेष रूपले सिंगारेर मानिस साथ लगाई परिक्रमा गराउने चलन छ । यसरी परिक्रमा गर्दै आएका गाईजात्रेहरूलाई श्रद्धालुहरूले फलफूल, तरकारी, रोटी, चिउरा, दही, दुध, विभिन्न अन्न र द्रव्य दान गर्दछन् । मृत व्यक्तिहरूको यस कीर्तिले भरिपूर्ण जीवन चरित्रका गीत रचना गाएर एक हप्तासम्म नगर परिक्रमा गराउने चलन छ ।"

प्रेम कुमार खत्री **नेपालका धार्मिक मत र सामाजिक संरचना** (वि.सं. २०५४),पृ १९२ मा उल्लेख गरिएको छ ।

" ऋषि तर्पणी अथवा रक्षाबन्धनको दोस्रो दिन गाईजात्रा पर्व मनाइन्छ । मध्यकालीन अभिलेख तथा अन्य लेखौटहरूमा गाईजात्राको प्रशस्त चर्चा पाइन्छ । यो पर्व खास गरेर भर्खरै देहान्त भएका आफन्तहरूको सम्झनामा सम्पन्न गर्ने प्रचलन छ । सर्वप्रथम त्यस दिन बिहान एक मृतकको प्रतिनिधित्व गर्दै नगरको निश्चित् मार्ग घुमी घरसम्म पुगेर फिर्ने गरिन्छ । यसरी घुम्ने गाईको प्रतीक बालकलाई सिँगारिन्छ । उसका साथमा जोगीको भेषमा एक बालकलाई पनि घुमाइन्छ । गाईको पहिरनको मुख्य विशेषता कम्मरमा लामो पटुका पनि हो जसले भुँइको धुलोलाई लतार्दै हिँड्नुपर्छ । सहरका सबै गाईहरू हनुमानढोकामा जम्मा भई परिक्रमा गर्न निस्कने परम्परा रहेको छ । "

रत्नकाजी बज्राचार्य **गुँला धर्म** ? (बि.स. २०५५) पृ.८ मा उल्लेख गरिएको छ ।

यस दिनमा भगवान बद्ध बोधिवृक्षको रुखमुनि (काखमा) तपस्या गरी बसेर क्लेशमार मृत्युमार र देवमार आदि विजय प्राप्त गर्नु भएको दिन हो । यस प्रकारले जनैपूर्णीमा र गाईजात्राको दिन भित्र चार मार विजय प्राप्त गर्नु भएको दिन हो । मार विजय प्राप्त गर्नु भएको उपलक्ष्यमा बद्धलाई पूजा गर्न जाने भावनाले बहाल,बहीलको देवताहरूको दर्शन गर्न जाने चलन छ । यो दिनमा हिन्दू धर्माबलम्बिहरूले आफ्ना देशको जतिजना यो वर्षमा मरेर गएको छ उनीहरू सबैजनाको गाईजात्रा गरेर नगर परिक्रमा गर्न पठाउने चलन छ ।

शुक्र सागर श्रेष्ठ **कीर्तिपुरको सांस्कृतिक र पुरातात्त्विक इतिहास** (वि.सं. २०५७),पृ ८६ मा उल्लेख गरिएको छ ।

" गाईजात्रा नेवारहरूको एक प्रमुख, मौलिक र हास्यव्यङ्ग्यात्मक जात्रा हो । यो भाद्र पूर्णिमाको दिनमा क्वाँटी खाई त्यसको भोलिपल्ट गरिन्छ । तर, सबै ठाउँमा मनाउने तरिका भने अलि अलि फरक छ । उपत्यकाभित्रै पनि कान्तिपुर, ललितपुर र भक्तपुरमै समेत एक आपसमा गाईजात्रा मनाउने रीति फरक फरक छ । त्यसैगरी कीर्तिपुरमा पनि आफ्नै परम्परा छ ।

गाईजात्रामा मुख्यतया तिन जना गाई जात्रे र अन्य आठजना साधारण नर्तक बाजागाजासहितको समूहले सहरको चोक तथा अन्य निर्दिष्ट स्थानहरूमा क्षणिक प्रहसन तथा नाचहरू प्रर्दशन गरी साँझसम्ममा यो कार्य समाप्त हुन्छ । "

चुन्दा बज्राचार्य **नेवाः तजिलजिइ नखःचखः**,(बि.स. २०५७) पृ.**५५** मा उल्लेखित गरिएको छ ।

" तिथि कथं गुँलाथ्व पारु अर्थात भाद्रकृष्णपक्ष पारुकुन्हुया दिंयात सापारु अथवा सायाः कथं हनावयाच्वंगु दिं खः । गुंपुन्हिया कन्हय् कुन्हुया दिं सायाः जात्रा जुइगुलिं सापारु धकाः नामाकरण यानातःगु खः । सापारु थुकथं हनेगु : साया : वा सापारु गुबलेंनिसे सुरु जुल धयागु खँ ला निश्चित मजू । अथे जूसां नं नेवाः समाज दुने दँय्दँसं छगू पर्वकथं हना वयाच्वंगु दिं खः । धार्मिक भावना कथं थ्व दिं सीम्ह मनूया हंस स्वर्गय् छ्वयेगु दिं कथं हना वयाच्वंगु खः । थ्व दिंकुन्हु नेवाः समाजय् गुभाःजु, बरे व उराय् बाहेक मेगु फुक्क जातिपिनि दछिया दुने सीपिं छेँजःया नामय् सा छ्वयेगु चलन दु ।"

( नेवार तिथि अनुसार नवौं महिनामा पर्ने "गुँला" पारु अर्थात भाद्रकृष्णपक्ष पारुको दिनलाई गाईजात्रा पर्व (सापारु अथवा सायाः) को रूपमा मनाउँदै आईरहेको दिन हो । जनैपूर्णिमा (गुंपुन्हि) को भोलिपल्टको दिनलाई गाईका जात्रा गर्ने भएकाले यस दिनलाई गाईजात्रा (सापारु) भनेर नामकरण गरिराखेको हो । गाईजात्रा यसरी नै मनाउनु पर्दछ र गाईजात्रा कतिबेला देखि सुरु भएको भन्ने कुरा निश्चित भएको छैन । तर, पनि नेवार समाज भित्र प्रत्येक वर्ष यो दिनलाई गाईजात्रा पर्वको रूपमा मनाउँदै आइरहेका छन् । धार्मिक भावनाको रूपमा यो दिन एकवर्ष भित्र मृत्य भएका मान्छेको आत्मा स्वर्गमा पठाउने दिनको रूपमा मनाउँदै आईरहेका छन् । यो दिन नेवार समाजमा बज्राचार्य, बरे र उराय् बाहेक अरू सबै जातिहरूले एक वर्ष भित्र मरेको मृतकका नाममा मृतकको घर परिवारहरूले गाईजात्रा पठाउने चलन छ । )

बलदेब जुजु **मृत्यु संस्कार नेवाःसंस्कृतिकथं**,(वि.स.२०६१) पृ.१ मा उल्लेख गरिएको छ ।

आमाको गर्भमा जन्म लिने मानिस एक दिन मरेर पनि जानु पर्दछ ,यो प्रकृतिको नियम हो । अनि जन्मेको दिन देखि नमरेसम्मको समयलाई जीवन भनेर भन्ने गर्दछ भने मृत्यु भएर गएपछि मरण भएको महसुस गरिन्छ । यसरी जीवन र मृत्युको बिचमा घनिष्ट सम्बन्ध हुन्छ ।

तेजप्रकाश श्रेष्ठ, **शोणितपुर हो प्राचीन नाउँ**, (बि.स.२०६३),पृ. ३३ मा उल्लेख गरिएको छ ।

" जनै पूर्णेको भोलिपल्ट भाद्र कृष्ण प्रतिपदाको दिनमा गाइजात्रा मनाइन्छ । नेवारहरू यसलाई सापारु भन्छन् । वर्षदिनभरिका मृतकको सम्झनाका लागि प्रत्येक मृतकका घरबाट बाजागाजासहित गाई पठाउने प्रचलन छ । गाई पठाउने भन्नाले गाईको रूपमा केटाकेटीलाई सिंगारेर सहर परिक्रमा गराउनु हो । मृतक बालबालिका भए एकजना गाई बनाएर पठाइन्छ भने ठूला व्यक्ति भए गाई र जोगीको भेषमा दुई जना पठाउने प्रचलन छ । साथसाथै ख्याली र जोकरहरूको उपस्थितिले पनि गाइजात्रा रमाइलो बन्ने गर्छ । गाईजात्रालाई हास्यव्यङ्ग्यको पर्व पनि भनिन्छ ।"

किरण पान्थी(पाण्डेय), **नेपालका चाडपर्वह**रू,(बि.स.२०६३),पृ.३० मा उल्लेख गरिएको छ ।

गाईको जुलुस निकालेर वा गाईको मुकुन्डो लगाएर निकालिने यात्रालाई गाईयात्रा भनिन्छ । यो श्रावण कृष्ण प्रतिपदाको दिनमा धुमधामसंग मनाउने चलन छ । मलमास वा पुरुषोत्तम मास परेको वर्ष भने यस यात्राको प्रारम्भ तेईस चौबिस सय वर्ष पहिले भएको हो । ऐतिहासिक प्रमाण अनुसार राजा प्रताप मल्लले आफ्नो छोराको मृत्युमा शोकविह्वल भएकी रानीको चित्त बुझाउनका निमित्त यस्तो परम्परा बसालेका हुन् ।

साफल्य अमात्य, **नेपाल मण्डल काठमाडौं** उपत्यकाका धार्मिक नाचहरू,(बि.स. २०६३),पृ.६ मा उल्लेख गरिएको छ ।

" नेपाल अधिराज्य भित्र मुकुण्डो निर्माणको परम्पराको सुरुवात नेपाल मण्डल अर्थात काठमाडौं उपत्यकाबाट नै भएको हुनुपर्दछ । लिच्छविकाल देखि नै मातृका शक्तिहरूको पूजाआजा र आराधना गर्ने परम्परा यहाँ बसीसकेको थियो भन्ने कुरालाई उपत्यका भित्र यत्रतत्र पाइने यी मातृका गणहरूको समकालीन मूर्तिहरूले प्रमाणित गर्दछ ।"

बज्रमुनि बज्राचार्य," गाईजात्रामा प्रदर्शन गरिने व्यङ्ग्य साहित्य कःतू र नाय्खिं च्वयेके**," कीर्ति अनुसन्धानात्मक पत्रिका**, ,(वि.सं. २०६३), पृ.३९ मा उल्लेख गरिएको छ ।

" नेपाल विभिन्न भाषा, जाति, कला, संस्कृतिको खुल्ला सङ्ग्राहालय हो । बहुभाषा,

जाति, कला, संस्कृतिको सङ्गम स्थल भएकोले यहाँको संस्कृतिमा बहुलता देख्नु पनि स्वाभाविक नै हो । स्थान र जातको भिन्नता संगसंगै तिनीहरूले मनाउँदै आइरहेको चाडपर्वहरूमा पनि भिन्नता पाइन्छ । काठमाडौं उपत्यकामा मात्र हेर्ने हो भने पनि काठमाडौं, भक्तपुर, ललितपुरमा मनाउँदै आइरहेको चाडपर्वहरूमा भिन्नता पाइन्छ । उपत्यकाका नेवारहरू र उपत्यका बाहिरका नेवारहरूले वि.सं. अनुसार पूर्णान्तमानको भाद्रकृष्ण र ने.सं. अनुसार अमान्तमान श्रावणकृष्ण परेवाको दिनमा सापारु वा गाईजात्रा पर्व मनाउने गर्छन् । धार्मिक विश्वास अनुसार मनाउने सापारु पर्वको धार्मिक मान्यता एउटै भए पनि तरिकामा भिन्नता पाइन्छ । वर्षभरि मृत्यु भएका मृतकका नाममा गाई पठाएमा गाईको पुच्छर समातेर वैतरणी नदी तर्न सक्ने र सोही गाईको सिंगले स्वर्गमा इन्द्रको ढोका खोल्ने, जसले गर्दा मृतक स्वर्ग लोकमा प्रवेश गर्नसक्ने विश्वास सबैको एउटै भएपनि कसैले गाई नै पठाउने, कसैले बच्चाहरूलाई सिंगारपटार गरेर गाईको रूपमा पठाउने, कसैले ताहामचा (ताहाम्ह सा "लामो गाई" ) बनाएर पठाउने गरेको पाइन्छ ।"

सन सायमि, **नेपाःया जात्रा**, (बि.स.२०६५) मा उल्लेख गरिएको छ ।

" दयदसं गुँलागा पारुयात सापारु धाइ । सापारु यात साःयाः व गाईजात्रा नं धायागु याः । न्ह्यखुन्हु गुंपुन्हि नखः हनाः कन्हय्खुन्हु सापारु न्यायकीगु नेवाःतयगु मौलिक नखः नेपाःगाः दुने झः झः धायक हनी । सापारु खुन्हु दच्छियेक गुलि नं मनू सीत व छेँपाखे सायाः पिथनेमाः । थ्व शैवमार्गी व हिन्दूमार्गी नेवाः तय् जक चलन दुसा बौद्धमार्गी नेवाःतय् सुंसित धाःसा सा मछ्वंसे सीम्हेसिगु नामं धाः बाजं थानाः धुँ धुँपाय् च्याकाः देय् चाःहिली तर लुभुइ मनू सीगु जक मखुन्हू छेँ दनेबलय् नं सा छ्वय्माः तर थथे छ्वःगु सामान्य जक जुइ ।"

( प्रत्येक वर्ष गुँला पारुको दिनलाई सापारु भन्छ । सापारुलाई साःयाः वा गाईजात्रा पनि भन्ने गर्दछ । अघिल्लो दिनमा जनैपूणिमा पर्व मनाएर भोलिपल्ट गाईजात्रा मनाउने नेवारहरूको मौलिक चाडपर्वको रूपमा नेपाल खाल्डो भित्र (उपत्यका भित्र) मनोरञ्जनका साथ मनाउने गरिन्छ । गाईजात्राको दिनमा वर्षभरि जतिजना मान्छेहरू मरेका छन, उनीहरूको घरबाट गाईजात्रा घुमाउन पठाउने गर्दछ । यो शैवमार्गी र हिन्दूमार्गी नेवारहरूले मात्र गाईजात्रा पठाउने चलन भए पनि बौद्धमार्गी नेवारहरूले कसैको मृत्य भएमा गाईजात्राको दिनमा गाईजात्रा पठाउने गरिन्दैन् । उनीहरूले मृतकका नाममा धाः बाजा बजाएर धुप, बत्ती बालेर मृतकका नाममा नगर परिक्रमा गर्न पठाउने गरिन्छ । )

Gopal Singh Nepali , **THE NEWARS** , 1965 A.D. Page nos .357

The festival of cow , thus it is seen , is not designed for material gains as in the case of the Bhairava and Bhairavi festivals. Rather , it is aimed at fulfilling one's obligation towards the dead relatives . In the former days as Oaldfield records , the cow festival of tiger-dancers , which had by his time become a repetition of Gai jatra .

Beena Ghimire(Poudyal) Binod Ghimire, **HINDU DEATH RITES(Antyeshti Samskar)**, 1998 A.D. Page nos.99

" This is the funniest Hindu festival in Nepal specially in Kathmandu valley and the area where the newar community lives. The festival is celebrated on the streets in the form of colourful rocesion. Boys accompany a cow (if not possible, a boy is made a cow) as the horn of suppossed to cow opens the gate of the Lord of death for final judgement for the spirits waiting outside the gate. The sponsors of each street show are all from the families mourning the death of their respective relatives who died not less than a year ago. The ceremonies and streets shows vary with financial status, religious inclination and locality. It is completely different in three cities of Kathmandu valley."

A.W. van den Hoek, **Caturmasa**, 2004 A.D. Page nos.29

" In the week around Gunhi Punhi the higher Buddhist castes (the distinction between Buddhists and Hindus is blurred at the level of the Jyapu or Farmer) put their statues, ancient manuscripts and other treasures on show in houses and in bahals and bahis, the monasteries inhabited by the married monks of the Sakya and Vajracarya castes. The latter, and also the Buddhist castes of merchants and artisans which are together called Uray, do not participate in the massive celebration of death, which is called ‘cow procession’ (Nepali Gai yatra or Newari Sayah). The first and most important day of Sayah is the day after Gunhi Punhi, which is also the first day of the dark half of the lunar month, Saparu (New. Sa: cow + paru: the first day of a lunar fortnight). "

यसरी पुस्तक, पत्रपत्रिकाहरू प्रकाशित भईसक्दा पनि गाईजात्राका बारेमा प्रशस्त मात्रामा अध्ययन, अनुसन्धान भएको देखिँदैन । त्यसमा पनि काठमाडौं जिल्ला अन्तर्गतको कीर्तिपुरका आदिबासीहरूको मुख्य जात्राको रूपमा मनाउँदै आएको गाईजात्राका बारेमा राम्रोसँग चर्चा कहीँ कतै पनि गरिएको पाइएको छैन । त्यसैले यस कीर्तिपुरको गाईजात्राका बारेमा अध्ययन अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिएकाले यो शोधकार्य प्रस्तुत छ ।

## १.८. शोधपत्रको रूपरेखा

परिच्छेद-एक : शोधपरिचय

परिच्छेद-दुई : कीर्तिपुरको ऐतिहासिक अध्ययन समेतको भौगोलिक संरचना

परिच्छेद-तिन : गाईजात्राको सामाजिक सांस्कृतिक पक्ष

परिच्छेद-चार : कीर्तिपुरको गाईजात्रा परम्परा

परिच्छेद-पाँच : कीर्तिपुरको गाईजात्राको सामाजिक दर्शन पक्ष

परिच्छेद-छ :  उपसंहार, निष्कर्ष र सुझाव

परिच्छेद-दुई

# कीर्तिपुरको ऐतिहासिक अध्ययन समेतको भौगोलिक संरचना

## २.१. भौगोलिक अवस्थिति

कीर्तिपुर ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक, मौलिक र पर्यटनका दृष्टिकोणले महत्त्वपूर्ण मानिने सहरी बस्ती हो । कीर्तिपुर नामकरण हुनुभन्दा अगाडि यस बस्तीलाई गुँदे र पद्मकाष्ठपुर नामबाट चिनिन्थ्यो भन्ने कुरा पुरन्दर सिंहको पालाको ताम्रपत्रलाई देखाउन सकिन्छ । फेरि यही बस्तीलाई स्थानीय बोलीका रूपमा 'केपु' वा 'किपू' भन्ने गरिन्छ । गुँदेका अर्थ नेवारीमा जङ्गलको देश हो । नेवारी भाषामा 'गुँ' को अर्थ वन हो र 'दे' का अर्थ सहर वा बस्ती हुन्छ । तसर्थ गुँदेको पूरा अर्थ वनले घेरेको वनको बिचमा बसेको बस्ती भन्ने अर्थ हुन्छ ।

गुँदे पछि शिलापत्रहरूमा पद्मकाष्ठपुरी नामकरण गरेको पाइन्छ भने स्वयम्भू पुराणमा पनि पद्मकाष्ठपुर उल्लेख गरिएको पाइन्छ । त्यसमा काठमाडौं उपत्यका तलाउको रूपमा रहँदा तलाउको बिच भागमा पद्म (कमल) फूल फुलेको र त्यस कलमको फूलको डाँठ चाहिँ कीर्तिपुरको डाँडोबाट फैलिएको थियो भनेको पाइन्छ । त्यस कमल (पद्म) फूल फुलेको ठाउँलाई स्वयम्भू भनिन थाल्यो भने कमल (पद्मको) हाँगा (डाँठ) भएको स्थानमा (कीर्तिपुर) बस्ती बसाएको हुनाले यस ठाउँको नाम पद्मकाष्ठपुर भनेर नामकरण गरिएको उल्लेख पुराणहरूमा पाइन्छ ।[१] त्यस्तै गरी नेपालको सबै जसो वंशावलीकारहरूले पशुपतिको उत्पत्तिको बारेमा लेख्दा कीर्तिपुरमा रहेका नन्द ग्वाको (ग्वालाहरूको) बहुही नामको गाईले दिनदिनै दूध चढाउँन जाने गर्दा पत्ता लागेको भन्ने कुरा उल्लेख गरेका छन् । यसबाट के स्पष्ट हुन्छ भने कीर्तिपुरको इतिहास खोतल्दा काठमाडौंको स्वयम्भू र पशुपतिनाथको उत्खननसँग घनिष्ट सम्बन्ध रहेको देखिन्छ । "पुण्यरत्न बज्राचार्यका अनुसार पशुपतिनाथको मूर्ति भेट्टाउनु अगाडि यो ठाउँको नाम पद्मकूटगिरि थियो पछि यस ठाउँमा बस्ती भएपछि कीर्तिपुर भनेर नामकरण गरिएको हो "।[२] त्यसपछि यही बस्तीलाई स्थानीय बोलीका रूपमा केपु वा किपू भनेको देखिन्छ । नेवारीहरू यस ठाउँलाई किपू कसरी भने भन्ने बारेमा पनि अर्को सन्दर्भ पाइन्छ । पहिला पहिला यस कीर्तिपुरको डाँडामा धान, गहुँ रोपिँदैन्थ्यो । मुलाको बिउ बढी मात्रामा रोपिन्थ्यो । मुलाको राम्रो

[१] राम सिग्देल (९८) सँगको कुराकानीमा आधारित ।

[२] भुवनलाल प्रधान, "कीर्तिपुर स्थापना", **मधुपर्क**, ( काठमाडौं: ८:१०, वि.स.२०३२ ) पृ.३ ।

उब्जाउ जमिन भएको कारण धेरैले मुला मात्र रोपिन्थ्यो र मुलाको राम्रो व्यापार गर्ने गर्दथ्यो । धेरै नै राम्रो खालको मुलाको बिउ पाइने भएको हुनाले त्यतिबेला मुलाको बिउ लिन मानिसहरू टाढा टाढाबाट कीर्तिपुरमा मुलाको बिउ लिन आउने गर्दथ्यो । त्यतिबेला मुलाको विउलाई केपू भन्ने गर्दछन् । मुलाको विउ पाउने भएकोले यस डाँडालाई मानिसहरूले केपू भन्न थालेको र पछि अपभ्रशं भएर केपूलि बाट किपू हुन गएको जनविश्वास रहेको छ । पछिल्लो समयसम्म पनि यहाँ मान्छे जति नै ठुलो ठुलो मुलाहरू पाइन्थ्यो भनेको पाइन्छ ।[३] राजा शिवदेवले यो बस्ती सुव्यवस्थित (सहरी) रूपले बसालेको हुनाले उनको कीर्तिलाई स्मरण गरी सो बस्तीलाई कीर्तिपुर नामकरण गरेको वंशावलीहरूमा उल्लेख छ । यसरी कीर्तिपुरको नाम विभिन्न समयमा गुँदे, कीर्तिपुर, पञ्चकाष्ठपुरी, 'केपू' र 'किपू' नामकरणबाट सम्बोधन गरिएको पाइन्छ । बाघ भैरव क्षेत्रलाई अहिले पनि स्थानीय बासिन्दाहरूले गुँदे भन्ने गर्छन् भने कीर्तिपुरको पूरै बस्तीलाई 'किपू' भन्ने गरेको पाइन्छ ।

कीर्तिपुर काठमाडौंको नैऋत्य कोणमा अवस्थित पूर्व पश्चिम लम्बिएको मध्यम वर्गीय नेवारको बस्ती हो । कीर्तिपुर २७°×४०'×४०" उत्तरी अक्षांश र ८५°×१६'×४०" पूर्वी देशान्तरमा रहेको छ । त्यतिबेला हालको बाघ भैरव र देय्पुखुको पूर्वतर्फ त्यति बस्ती बसिसकेको देखिँदैन । चारैतिर समतल मैदानको बिचमा उठेको यो डाँडो चारैतिरको सतह भन्दा झन्डै ६५ मिटर अग्लो छ । यो सहर काठमाडौं जिल्लाको केन्द्र स्थल (हनुमान ढोकाको हनुमानको मूर्ति रहेको खम्बा) बाट करिब ७ कि.मि. दक्षिण पश्चिम (नैऋत्य कोणमा) अवस्थित छ । समुद्र सतहबाट १४१८ मि. उचाइमा रहेको यो सहर नेवारहरूको बहुल्य भएको पुरानो बस्ती हो । करिब १४ हेक्टर जमिनमा फैलिएको यो क्षेत्र धार्मिक सङ्ग्राहलय र परम्परागत सङ्ग्रहालयको रूपमा रहेको छ । कीर्तिपुर बस्ती एउटै दुङ्गा वा चट्टानमा रहेको बस्ती हो भन्ने विश्वास छ । वि.सं. २०१५ पछि कीर्तिपुरको वरिपरि भौगर्भिक इतिहास बताउने खालका धेरै चट्टानहरू थिए । जुन पछि प्रधान पञ्चद्वारा ती सबै प्रमाणहरू नष्ट हुने गरी ठेकेदारहरूलाई दुङ्गा बेच्ने कार्य भएबाट कीर्तिपुरको भौगर्भिक इतिहासको एक अध्याय नै नष्ट हुन पुगेको हो ।[४] कीर्तिपुरको सबैभन्दा उचाइमा उमामहेश्वर मन्दिर मल्लकालीन समयमा निर्माण भएको हो । पूर्वतर्फ चिलंच्व विहार छ, यी दुबैको करिब बिच भागमा बाघ भैरवको मन्दिर रहेको छ । यस्तै

---

[३] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

[४] शुक्रसागर श्रेष्ठ, **कीर्तिपुरको सांस्कृतिक र पुरातात्विक इतिहास** (कीर्तिपुरः नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.,वि.सं. २०५७) पृ.१ - २ ।

गरेर अन्य ससाना हिन्दू मन्दिर, मठ, पाटी, पौवा र बौद्ध स्तूप, चैत्य, विहार आदि यस बस्तीका वरिपरि रहेका छन् । यसरी यस ठाउँको बस्ती दिन प्रतिदिन बढ्दै गइरहेको छ । हाल सालै बनेको कीर्तिपुरमा पूर्वमा कीर्ति महाविहार (थाईविहार) र पश्चिममा ठूलो गुम्बा (तिब्यतीयन विहार) बनाइएको छ । यसले कीर्तिपुरलाई अहिले झन् आकर्षण थपेको छ । यस बस्तीको वरिपरि दक्षिणतिर पाँगा, नगाउँ, दक्षिण पूर्वमा भाजङ्गल, इँटागोल र चोभार जस्ता ससाना बस्तीहरू छन् । दक्षिण पश्चिममा सल्यानस्थान, मसानघाट, पश्चिममा खोलापारी बोसीगाउँ, सतुङ्गल, बलम्बु र पश्चिम उत्तरमा ट्याङलाफाँट, सुम्लाङ्गकोट र कलङ्की जस्ता बस्तीहरू रहेका छन् र उत्तर पूर्वतिर त्रिभुवन विश्वविद्यालय क्याम्पस क्षेत्र अवस्थित छ । "वि.सं. २०१३ भन्दा पनि अगाडिसम्म पनि कीर्तिपुरलाई पाटनको(ललितपुरको) स्वशासित सहर मानिन्थ्यो । त्यसपछि कीर्तिपुरमा त्रिभुवन विश्वविद्यालय बनेपछि यो नेपाल राज्यको एउटै मात्र विश्वविद्यालय भएकाले यो राजधानीमा पार्नुपर्छ भनेर वि.सं. २०१३ मा कीर्तिपुरलाई काठमाडौं जिल्लामा पारेको पाइन्छ "।[५] कीर्तिपुर डाँडाको आसपासका बस्तीहरूलाई पनि कीर्तिपुरमा समेटेर २०५३ साल चैत्र १४ गतेको स्थानीय राजनीतिक दलहरूका प्रयासबाट कीर्तिपुर बस्तीलाई नगरपालिका घोषणा गरेको पाइन्छ । धार्मिक रूपमा हेर्दा परापूर्वकाल पहिलेदेखि नै कीर्तिपुरमा धार्मिक सहिष्णुता रहेको देखिन्छ । यहाँ बौद्ध र हिन्दू (शैव) धर्मावलम्बीहरूको बाहुल्य रहेको देखिन्छन् । वि.स.२०३० पछि पश्चिमी प्रभावको कारण यहाँ पनि क्राइस्ट, ऊँ शान्ति (ब्रह्मकुमारी) आदि धर्म मान्नेहरू बढेर गएको पाइन्छ । जुनसुकै धर्म मानेता पनि यहाँ एकले अर्काको धर्मलाई सम्मान जनक रूपमा हेरेको पाइन्छ । यस ठाउँमा परापूर्वकाल देखि धार्मिक सहिष्णुता रही आएको देखिन्छ ।

## २.२. कीर्तिपुरको राजनीतिक इतिहास

गोपालवंशीहरूले काठमाडौं उपत्यकामा राज्य गर्दा नै कीर्तिपुरमा कुनै न कुनै रूपमा बस्तीको विकास भै सकेको थियो । त्यस बखत सम्पूर्ण काठमाडौं उपत्यकामा नै पनि कुनै

[५] चन्द्रमान बज्राचार्य (५५) सँगको कुराकानीमा आधारित ।

प्रकारको सहरी विकास भै सकेको थिएन । किराँतहरूले यहाँ कीर्तिपुरमा त्यतिसारो जरो गाड्न सकेनन् र लिच्छविकालमा केवल धार्मिकस्थलकै रूपमा मात्र रहन पुग्यो । लिच्छविकाल पछि र शिवदेव तृतीयको राज्यकाल (ई.सं १०९९ देखि ११२६) को बिचमा कीर्तिपुरमा के भयो, के थियो कुनै एतिहासिक तथ्य भेटिँदैन । शिवदेवले नगरको रूपमा स्थापित गरी सकेपछि पनि कीर्तिपुरको उल्लेख कीर्तिपुर भन्दा यसको पुरानै नाउँ गुंदे नै आएको छ । नें.सं.३६२ मा पाटनका कितपाल भारोले त्रिपुर (भादगाउँ) को विरोध गरी केही गढहरू (क्वाथ) कब्जा गर्दा गुंदे क्वाथ पनि परेको थियो । पछि उनलाई पक्री ती गढहरू पुनः त्रिपुरले कब्जा गऱ्यो र कीतपाललाई तिन महिना कैद गरी छाडियो । त्यतिबेला सम्म उपत्यकाका विभिन्न सहरहरूमा भक्तपुर(भादगाउँ) बाट शासन गरिन्थ्यो, जुन त्यतिबेला शासनको केन्द्र बिन्दु पनि थियो । त्यसपछि पुनः अर्को १०५ वर्ष सम्म कीर्तिपुरको कुनै उल्लेख कतै पाइँदैन र एकैचोटि ने.सं.४६७ मा देवलदेवी र अनखरामद्वारा पाटनको अतिरिक्त महिंखु र कीर्तिपुरमा समेत आफ्नो कब्जामा लिइएको थियो । त्यसपछि पुनः१६८ वर्षसम्म कीर्तिपुर ओझेलमा पर्छ र एकैचोटि ने.सं.६३५ मा पाटन पिम्बहालका महापात्र जगत्पाल वर्माले बाघ भैरवको जीर्णोद्वार र चिलंचो बहालको स्थापना गरेको पाइन्छ । काठमाडौं उपत्यकामा यक्ष मल्लको मृत्यपछि केही समय उनका छोराहरू (राय मल्ल, रत्न मल्ल, रण मल्ल, राम मल्ल, अरि मल्ल,पूर्ण मल्ल र राज मल्ल) को संयुक्त शासन चल्छ । तर पछि रत्न मल्ल सर्बेसर्वा भै निस्कन्छन् । रत्न मल्लको प्रमुख महापात्र पाटन पिम्बहालका जगत्पाल वर्माले कीर्तिपरको शासन गरे । तर, रत्न मल्लको ई.सं.१५२० मा मृत्यु भएपछि ने.सं.६४७ को भाद्र महिनामा गोर्कण औंसी (कुशे औंसी) को दिन पाटन चापागाउँका मानिसहरू आई उनको आफ्नै घरमा टुक्रा टुक्रा गरि मारिन्छ । ने.स. ६४५ माघ महिनामा पाल्पाका राजा मुकुन्द सेनले कीर्तिपुरमा हमला गरेर आगो लगाई दिएको र त्यसको १५ महिनापछि पुनः हमला गरी विजय प्राप्त गरे भनी केशर पुस्तकालयको पूर्वोक्त नारद स्मृतिमा उल्लेख छ । यस हमलाले गर्दा काठमाडौं उपत्यकाका जनतालाई एक आर्थिक लाभ भने भयो । नपाकेको धानलाई हाकु वा (कालो धान) मा परिणत गर्ने मूलालाई गाडेर सिन्की बनाई खाने ज्ञान, यसै बेलादेखि चलेको हो । त्यो सिन्की नै पछि गुन्द्रुकको नामले प्रख्यात् भई अहिले नेपालको राष्ट्रिय खाना गुन्द्रुक भनेर चिनिन्छ । यो कीर्तिपुरबाट उत्पत्ति भएको हो । कीर्तिपुरको उन्नत दिन त्यसै वेला भयो जब यो स्वतन्त्र राज्य भएको थियो । साथै

श्रीनिवास मल्लले कीर्तिपुर छाडेर पाटन गएपछि पनि उनको सुदृष्टि यहाँ परी नै रहेको थियो । सानै भए पनि राजदरवार (लायकू) बन्यो, तलेजु मन्दिर बने । कीर्तिपुरलाई राजदरवार क्षेत्र धोषणा भयो । यी राजाका पालामा कीर्तिपुरमा धेरै कार्यहरू भए । उमामहेश्वर मन्दिर बन्यो, चिलंचोमा धर्मधातु मण्डल बन्यो, इन्द्रायणीमा सिंह थपिए, तोरण तथा मन्दिर बन्यो । बाघ भैरवमा काष्ठ तोरण बन्यो, लो देगः बन्यो, उमामहेश्वरमा हात्ती थपियो, पञ्चबुद्ध बन्यो, पद्मपाणी बन्यो, भाजङ्गलमा मन्दिर बन्यो । ने.सं.८०१ मा कोतघर बन्यो र गजुर चढाइयो ।[६]

श्रीनिवास मल्लको उमेर पुग्दै आएपछि सिद्धिनरसिंह मल्लले उनलाई पनि राज्य सञ्चालनमा सरिक गराउँदै लगेका थिए । ने.सं. ७६९(इ.सं. १६४९) मा शाक्यमुनि मन्दिरको प्राण प्रतिष्ठा हुँदासम्म बाबु छोरा दुबैको संयुक्त शासन चलिरहेको थियो । त्यसपछि श्रीनिवासले बाबुसँग गद्दी माग्न थाले तर सिद्धिनरसिंह मल्लले तुरुन्तै सो माग पुरा गरी दिएनन् । फलस्वरूप श्रीनिवास मल्ल भड्किँदै प्रताप मल्लसँग सम्झौता गरी श्रीनिवासले कीर्तिपुरमा आई स्वतन्त्र राज्य खडा गरी बसे ।[७] तर, यो घटनाको ७२ दिन पछि नै सिद्धिनरसिंह मल्लले सदाको निमित्त श्रीनिवासलाई राज्य सुम्पे र आफू धार्मिक जीवन व्यतीत गरेको पाइन्छ । श्रीनिवास मल्लले कीर्तिपुरमा राज्य खडा गरेको बहत्तर दिनमै पाटनको गद्दी पाई त्यहाँ फर्कि गएको व्यहोरा सविस्तार वर्णन गरिएको ठ्यासफु काठमाडौं डल्लुका आचाजुसँग रहेको र उक्त ठ्यासफु गौतमवज्र बज्राचार्यद्वारा पढिएको कुरा स्व. धनवज्र बज्राचार्यजुले लेखकलाई मौखिक रूपमा भन्नु भएको जानकारी पाइन्छ । श्रीनिवास मल्लपछि पाटनको राजगद्दीमा योगनरेन्द्र मल्ल बसे । यिनका पालामा कीर्तिपुरमा लोकेश्वरको मन्दिर बन्यो । भक्तपुरसगँको लडाइँमा इ.सं.१७७५ मा यिनको अकाल मृत्यु भयो । उनी अपुत्र थिए । तसर्थ पाटनका ६ प्रधानहरूको जगजगी सुरु भयो र तिनै प्रधानद्वारा नियुक्त क्वाठनायकहरूले कीर्तिपुरको दैनिक प्रशासन चलाउन थाले ।[८] यसपछि पृथ्वीनारायण शाहले आक्रमण गर्नु भन्दा अगाडिसम्म यहाँ उपत्यकाका तिन ठाउँबाट नै प्रधानहरू आएर संयुक्त शासन चलाएको देखिन्छ । पृथ्वीनारायण

---

[६] श्रेष्ठ, पूर्ववत् पादटिप्पणी संख्या (४) पृ.३ - १० ।

[७] हरिप्रसाद श्रेष्ठ, नेपालको इतिहास र संस्कृति एक झलक (विराटनगरः भुवन प्रकाशन, वि.सं. २०४६) पृ ७२ ।

[८] श्रेष्ठ, पूर्ववत् पादटिप्पणी संख्या (४) पृ.१० - १३ ।

शाहले कीर्तिपुर माथि विजय हासिल गरिसके पछि पनि पाटनका यी प्रधानहरूले नै कीर्तिपुरको प्रशासन कार्यहरू गरिरहेको पाइन्छ । "पृथ्वीनारायण शाहले आक्रमण गर्दा एक थरी प्रधानले बेइमान गरेपछि काठमाडौंका प्रधानहरू (म्वो सिं अथवा मानसिंह प्रधानहरू ) यस ठाउँ छोडेर काठमाडौंमा नै फर्केर गएको जानकारी छ" ।[९]

वि.सं. १९६१ मा चन्द्र समसेरको पालासम्म कतिपय बस्तुहरू भारतबाट काठमाडौं हुँदै तिब्बत जाने गर्दथ्यो । त्यसको एक नाका कीर्तिपुर पनि थियो । भारतबाट झिकाइएका सामानहरू चितलाङ, पानीघाट, कीर्तिपुर हुँदै पाटन जाने गर्दथ्यो । तिनै वस्तुमा जगात उठाइन्थ्यो । हालको नयाँ बजारस्थित सोह्रखुट्टे पाटी (मन्द फल्चा) र सागल टोलको मण्डपमा बसी जगात उठाउने गरिन्थ्यो ।  वि.स.१९०३ पछि राणाकाल सुरु हुन्छ । यी क्वाठनायकहरू राणाकालको सुरुसुरुमै द्वारेमा परिणत भई कीर्तिपुरमा तलवार द्वारे प्रथा चल्न थाल्छ । जसको काम जात्रा पर्व  चलाउने, ठेक्कामा राजस्व उठाउने र स्थानीय स्तरमा सानातिना झगडा मिलाउने मात्रमा सीमित हुन पुग्यो । यसरी राणा शासनकालमा कीर्तिपुरमा द्वारे प्रथाद्वारा नै प्रशासन चलिरहेको थियो । त्यतिबेला द्वारेको चयन हरेक वर्ष बोल कबोल प्रथाद्वारा गरिन्थ्यो । जसले बढी बोल कबोल गर्थ्यो उनै द्वारे बन्थे र वर्षभरी जात्रा चलाउने, कर भन्सार उठाउने, सानातिना मुद्दा छिन्ने जस्ता कार्य यिनैले गर्दथे । वि.सं. २००७ पछि नेपालमा प्रजातन्त्रको स्थापना भए पछि पञ्चायतकाल सुरु हुन्छ । पञ्चायतकालमा आइपुग्दा सो जिम्मेवारी चुनावद्वारा चुनिएका प्रधान पञ्चमा सऱ्यो ।[१०] कीर्तिपुर नगरपालिका बनेपछि सो कार्य कीर्तिपुरको मेयरद्वारा गर्न थालेको पाइन्छ । वि.सं. २०६२/५/४ गतेको गाईजात्रामा सो कार्य गर्न मेयर नन्छिदा सबै जात्रापर्व अलपत्र रहन गएका थिए । त्यसपछि कीर्तिपुरका मुख्य मुख्य टोलको दाफा बाजा खलक र बद्धिजीवीहरू मिलेर कीर्तिपुर सांस्कृतिक जात्रापर्व व्यवस्थापन समिति, कीर्तिपुर २०६२ गठन गरी यो कीर्तिपुरमा हुने हरेक जात्रापर्वहरू सबैको व्यवस्थित रूपमा मनाउन मुख्य मुख्य टोलहरू मिलेर पालैपालो गरी मनाउन विभिन्न नियमहरू बनाएर

---

[९] ज्योति बज्राचार्य (७८) सँगको कुराकानीमा आधारित ।

[१०] श्रेष्ठ, पूर्ववत् पादटिप्पणी संख्या (४) पृ.२६ ।

टोल टोललाई जिम्मा दिई मनाउने गरियो । कीर्तिपुरमा अहिले सबै जात्रापर्व टोल टोलहरू मिलेर पालैपालो गरी मनाउँदै आइरहेको छ । यसरी कीर्तिपुरमा समय अनुसार राजनीतिक परिवर्तनका साथ साथै धार्मिक, आर्थिक र सामाजिक आदि परिवर्तनहरू भएको पाइन्छ ।

## २.३. नेपाली संरचनामा कीर्तिपुरका नेवारहरू

कीर्तिपुरको बस्ती भनेको नै कीर्तिपुरको डाँडोको वरिपरि रहेका बस्तीहरू ( चोभार, नगाउँ, सुम्लाङ्गकोट, कलङ्की, तिनथाना, सतुङ्गल, बलम्बु, मातातीर्थ, थानकोट, बोसीगाउँ, बल्खु आदि) बाट बसाइँ सरेर आएकाहरू हुन् । कुनै समयमा सुम्लाङ्गकोट, कलङ्की आदि ठाउँहरूमा उडुस, उपियाँको माहामारी रोग फैलन गई धेरै मानिसहरू मात्र हैन पशु र जनावरहरू पनि मरेपछि यहाँबाट कीर्तिपुर डाँडामा बसाइँ सरेर बस्ती बसाएको उल्लेख छ । त्यतिबेला यो पुरै डाँडोलाई गुंदे भनिन्थ्यो । जहाँ सुरक्षाको दृष्टिकोणबाट पनि ठिक थियो । यो पुरै डाँडो जङ्गल थियो भनिन्छ , त्यतिबेला यहाँको पात समेत यो डाँडो कटाएर बाहिर लग्न सकिदैन्थ्यो । यदि लगि हाले भने पनि पछि त्यो पात यही फर्केर आउँछ भनेर बुढा पाका मानिसहरूले भन्ने गरेको पनि पाइन्छ । किनभने यो डाँडो पुरै बाघ भैरव देवताको जग्गा( आवादि जग्गा) थियो र यहाँ बाघ भैरव देवताले सुरक्षा दिने गर्छन भनेर भन्ने जनविश्वास रहेको छ । त्यसैले यहाँ भित्र कसैले चोरी गर्न समेत सकिँदैन भनेर यहाँको जनताहरूले आफ्ना घरहरूमा समेत ताल्चा लगाउने गर्दैनथे ।[११] कीर्तिपुरको हालको ग्वापखु, थाम्बहा र सागल टोलमा गोपालवंशीहरूको राज्यकाल देखि नै बस्ती बसिसकेको देखिन्छ । त्यस समयसम्म यस स्थानको नाउँ गुंदे थियो । त्यसपछि शिवदेव तृतीयले पुरानो गंदेलाई कीर्तिपुरमा परिणत गरे । शिवदेवले कीर्तिपुरको स्थापना गर्दाको आकार आज भन्दा धेरै सानो थियो । त्यतिबेलाको बस्ती बाघ भैरव मन्दिर भन्दा दक्षिण पश्चिममा मात्र फैलिएको थियो । हालको बाघ भैरव र देय् पोखरीको पूर्वतर्फ त्यति बस्ती बसिसकेको देखिँदैन । शिवदेवले गुंदेको नाममा रहेको शैव मन्दिर क्षेत्रलाई कीर्तिपुरमा परिणत गरी गाउँ स्तरबाट नगर वा चची नगर (सानो सहर) को

---

[११] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

रूपमा विकास गराएका थिए । त्यसपछि जगत्पाल वर्माद्वारा भएको बाघ भैरव मन्दिर जीर्णोद्वार गरी चिलंचो बिहार स्थापना गरेपछि मात्र पूर्वमा पनि बस्ती बसेर जनघनत्व बढ्न गएको हो भन्ने उल्लेख छ । यसरी यहाँ हिन्दू र बुदिस्ट नेवारहरूको बाहुल्य रहन गएको देखिन्छ ।

मल्लकालतिर राजनीतिक रूपमा यहाँ पाटन, भक्तपुर र काठमाडौंका मानिसहरू विभिन्न ठाउँबाट आएर बस्ती बसेको पाइन्छ भने यहाँका टोलहरूको नाउँ पनि उनीहरूसँग मिल्ने गरि राखिएको पाइन्छ । त्यतिबेला नेवार बस्ती अनुसार यहाँ धेरै घरहरू एक अर्को सँग जोडिएर समानन्तर रूपमा बनेका देखिन्छन् । त्यतिबेला व्यक्तिगत प्रयोजनका लागि चाहिने घाम, हावा पानीको दृष्टिकोणले गर्दा कीर्तिपुरको दक्षिण र पूर्वतर्फ बस्ती बसेको देखिन्छ । समाजमा जातीपातिको व्यवस्था थियो । पुरुष वर्गले अक्सर परपर चौर र खेततिर गई दिसा गर्दथे भने नारी वर्गहरू सहर भित्र ठाउँ ठाउँमा मुगः भनी दिसापिसाबको निमित्त जग्गा छट्याइएको हुन्थ्यो । त्यो दिसा समाजको एक तल्लो वर्गले तुरुन्तै उठाई सहरको बाहिर चौरमा थुपारी कुहाई मल बनाई बेच्ने गर्दथे । खेतीपाती गर्दा मलको एउटा मूल स्रोत नै त्यो थियो । कीर्तिपुर नगरपालिका भएपछि मात्र यहाँको प्रत्येक घर घरमा दिसापिसाब गर्नका लागि छुट्टै चर्पीको व्यवस्था भएको देखिन्छ । यो भन्दा अगाडिसम्म यहाँ घर घरमा चर्पीको व्यवस्था थिएन । कीर्तिपुरको गढ् पर्खाललाई नियाल्दा जबजब बस्ती बढ्दै जान्छ गढ पर्खाल तल तल झर्दै गएको देखिन्छ अथवा जबजब गढ् पर्खाल बढ्दै तल तल लगिन्छ तबतब छाडिएको पर्खाल सँगैसँगै घरहरू बन्दै गएको देखिन्छ । घरहरू ६ मिटर भन्दा अग्ला हुँदैनथे । घरहरू अक्सर एउटै डिजाइनमा बन्ने गर्दथे ।[१२] सबै घरहरू झिंगटीको छानाले छाएको हुन्थे भने ती छानामा माःकपलि (सानो घर आकारमा बनाएको झ्याल) राखेर बनाइएको हुन्थ्यो । प्रयाः धेरै जसो घरहरूमा छिंडी, माःतं, च्वतं, बैगं गरेर चार तल्लाको बनेको देखिन्छ । वि.सं. २००७ पछि कौसीं पनि राख्ने गरियो । जस्तैः घरको छिंडीमा विभिन्न कार्यहरू गर्नाका साथै पसल थाप्ने, खेतमा  काम गर्ने सामानहरू राख्ने, जनावरहरूको गोठ आदि बनाएर राख्ने गरिन्थ्यो । माःतमा सुत्ने कोठा, बैठक कोठा, धन सम्पत्तिको ढुकुटी कोठा बनाउने गरिन्छ भने च्वतंमा घरका परिवारहरू भेला हुने, विवाह र चाडपर्वको बेला जम्मा भएर मनाउने, अन्नका भकारीहरू राख्ने

[१२] श्रेष्ठ, पूर्ववत् पादटिप्पणी संख्या (४) पृ.३३ - ३५ ।

गरिन्छ । घरको बुइँगलमा भान्छा कोठा र भान्छामा चाहिने सरसामान राख्ने गरिन्छ । घरको बाहिरी मोहडामा सबै भन्दा तल्लो तल्लामा मूल ढोका बिचमा राखी बनाइएको हुन्थ्यो । ती ढोकाको माथि आँखीझ्यालहरू राखिएको हुन्थ्यो । त्यसभन्दा माथिको तल्लामा घरमूलीको आर्थिक अनुसार बिचमा संझ्याल, विधि झ्याल, विमाझ्यालहरू मध्ये कुनै एक प्रकारको झ्याल राखेर त्यसको दायाँबायाँ एक एकवटा याक झ्यालहरू राखी बनाइएको हुन्थ्यो । धार्मिक विश्वास अनसार मूल ढोका माथि पञ्च शैव अथवा पञ्च बुद्धका चित्रहरू लेखिने वा रङ्गाइने गरिन्थ्यो । वि.सं. २००७ पछि प्रजातन्त्रको उदयसँगै यस प्रकारको घरहरू बन्न छोडेर आधुनिक प्रकारका घरहरू निर्माण भए । वि.सं. २०४६ पछि कीर्तिपुरमा पनि ढलान घरहरू बन्न थालेको देखिन्छ साथै पुरानो घर भत्काएर बनाउँदा आधुनिक प्रकारको घरहरू बनाइएका छन् । जसले गर्दा अहिले पुरानो खालको नेवारी पन झल्किने घरहरू लोप नै हुने स्थितिमा रहेको देखिन्छ ।

आर्थिक दृष्टिकोणको रूपमा हेर्दा खेरि वि.सं. २०१३ भन्दा अगाडिसम्म कीर्तिपुर बासीहरूको मुख्य पेसा भनेको कृषि नै देखिन्छ । वि.सं. २०१३ मा तत्कालीन अन्तरिम सरकारले ४२० हेक्टर उब्जाउ भूमि त्रि.वि.को लागि अधिग्रहण गरेपछि बाध्य भएर अरू विभिन्न पेसा अँगाल्न पुगेको पाइन्छ । अहिले आएर तल्लो जातमा गनिने पेसाहरूमा भने पूर्ण रूपमा नै आफ्नो पुर्खाको पेसा त्यागेको पाइन्छ । यसरी बिस्तारै बिस्तारै कृषि पेसा त्याग गरेर कृषि योग्य जमिनमा घरहरू बन्न गई घर भाडामा दिएर, व्यापार गरेर, जागिर गरेर आदि कार्यहरू गरेर बसेको पाइन्छ । अहिले यहाँका मानिसहरूले विभिन्न आर्थिक स्थिति बलियो बनाउने पेसाहरू अपनाएको पाइन्छ । यसरी कीर्तिपुर सहर बिस्तारै बिस्तारै आधुनीकरण र सहरीकरणतिर लम्केको पाइन्छ । कीर्तिपुर बासीहरूमा परम्परादेखि चलिआएको अन्धविश्वासले अहिलेसम्म पनि छोडेको देखिँदैन । कुनै रोगव्याधि हुने बेलामा चौबाटो वा छ्वासमा पूजा गर्ने, दोष पन्छाउने रूखमा लुगा झुन्ड्याउने, द्यः माँ कहाँ गई फुफाः गर्ने, कपासको नाग बनाएर पूजा गर्ने आदि इत्यादि जस्ता कार्यहरू भइरहेको र निरन्तरता पाइरहेको देख्न सकिन्छ । लिच्छविकालदेखि नेवार समुदायको बहुल्य भएको बस्ती, कीर्तिपुरमा नेवारहरूको सामाजिक, सांस्कृतिक, धार्मिक, रहनसहन, भेषभूषा, भाषा, संस्कार, पेसा र कलामा नेवारीपन झल्कन्छ ।

## २.४. कीर्तिपुरमा नेवार जनसङ्ख्या

(क) यस कीर्तिपुरमा सन् १९६९/८० मा बसोबास गर्ने कीर्तिपुरका विभिन्न जातहरूको विवरण प्रतिशतमा निम्न अनुसार प्रस्तुत छ ।

**तालिका नं १**

**कीर्तिपुरका नेवारहरूको जनसङ्ख्या**

| **जात** | **सङ्ख्या प्रतिशतमा** |
|---|---|
| महर्जन/श्रेष्ठ/प्रधान | ६५ |
| बज्राचार्य/शाक्य/उराय | १५ |
| मानन्धर | ५ |
| तण्डुकार | ३ |
| कुस्ले | ३ |
| पोडे | २ |
| नकर्मी | २ |
| नापित | १ |
| छिपा | १ |
| माली | १ |
| अन्य | २ |
| जम्मा | १०० |

**स्रोतः** Department of Architecture, University of British का विद्यार्थीहरूले गरेको सर्वेक्षणबाट

(ख) यस्तै वि.सं. २०५८ राष्ट्रिय जनगणना अनुसार प्रस्तुत गरेको तालिका निम्न अनुसार छ :-

**तालिका नं २**

## कीर्तिपुरका महिला र पुरुषको जनसङ्ख्या

| वडा नं. | पुरुष | महिला |
|---|---|---|
| १ | १५२८ | १२९३ |
| २ | १२०८ | ११२० |
| ३ | २५१३ | १६३६ |
| ४ | ९२८ | ९०० |
| ५ | ९९३ | ९९९ |
| ६ | ६६० | ६८८ |
| ७ | १०३७ | १०१४ |
| ८ | १००७ | १०१७ |
| ९ | ११०५ | ९१४ |
| १० | ५६५ | ५२६ |
| ११ | १०७७ | १०९५ |
| १२ | ९४५ | ९५० |
| १३ | ७२६ | ७२८ |
| १४ | १०७२ | १०६४ |
| १५ | १०५८ | १५०४ |
| १६ | ७८८ | ७५२ |
| १७ | २२६२ | १४८१ |
| १८ | १३२३ | १०७६ |
| १९ | ३९१ | ३८९ |
| **जम्मा** | **२११८६** | **१९१४६** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६०*

यस तथ्याङ्क अनुसार पुरुषको सङ्ख्या २१ हजार १ सय ८६ छन् भने स्त्रीको सङ्ख्या १९ हजार १ सय ४६ देखिन्छ । यस नगरपालिकाभित्र पनि मूलतः नेवारहरू बसोबास गरेको क्षेत्र भनेको भाजंगल, पाँगा, नगाउँ र कीर्तिपुरको डाँडो मुख्य हुन् । यस चार स्थानमा मात्र नेवारका विविध थरसहित २९ हजार ३ सय २८ जनसङ्ख्या देखिन्छ ।[१३]

## २.५. कीर्तिपुरको बसोबासमा बाह्य प्रभाव

वंशावलीका अनुसार उपत्यकामा सर्वप्रथम महिषपाल त्यसपछि क्रमशः गोपाल, किराँत, लिच्छवि, ठकुरी, मल्ल र शाहवंशीहरू आएर राज्य गर्न थालेको उल्लेख छ भने कीर्तिपुरमा गोपालवंशीदेखि नै बस्ती बस्तै आएको देखिन्छ । यो तथ्य सोहि बस्तीको माझमा रहेको ग्वापुखुले देखाउँछ । ग्वापुखुको अर्थ गोपाल पोखरी हो । तर, दुर्भाग्यवश वि.सं. २०५३ अगाडि यो पोखरी पुरेर इतिहासमा मात्र सीमित भएको छ । यस तथ्यबाट कीर्तिपुरको हालको ग्वापुखु थाम्बहा र सागल टोलमा नै गोपालवंशीहरूको राज्यकाल देखि नै बस्ती बसिसकेको देखिन्छ । लिच्छविकालपछि र शिवदेव तृतीयको राज्यकालको बिचमा यहाँ कीर्तिपुरमा के भयो, के थियो, कुनै ऐतिहासिक प्रमाणहरू भटाउन सकिएको छैन् । त्यसपछि वंशावलीहरूले शिवदेव तृतीयलाई पुरानो गुंदेलाई कीर्तिपुर सहर बनाएको श्रेय दिएका छन् । त्यतिबेला शिवदेव तृतीयले यस ठाउँलाई व्यवस्थित तरिकाले पोखरी, कुवा, इनार, नहर, गढ् पर्खाल आदिको निर्माण गरी विकास गरेर सुरक्षित नगरको रूपमा बसोबास गराएका थिए । त्यसपछि मात्र कीर्तिपुरमा कीर्तिपुर वरिपरि ठाउँ (जस्तै मातातीर्थ, चोभार, नगाउँ, सुम्लाङ्गकोट, कलङ्की, तिनथाना, सतुङ्गल, बलम्बु, थानकोट, बोसीगाउँ, बल्खु आदि) बाट कीर्तिपुरमा आएर मानिसहरूको बासोबास बढ्दै गएको देखिन्छ । मल्ल कालमा यहाँ उपत्यकाका तिन सहर मिलेर संयुक्त शासन गरेको पाइन्छ । जसले गर्दा यदि कसैले आक्रमण गयो भने यी तिनवटै संयुक्त रुपमा मिलेर त्यसको प्रतिकारमा उत्रने गर्दथ्यो । जसको कारणले गर्दा पृथ्वीनारायण शाहले नुवाकोटको पहिलो आक्रमण र कीर्तिपुरको पहिलो आक्रमणमा हार खानु परेको थियो । त्यसैले

---

[१३] बज्रमुनि बज्राचार्य, **कीर्तिपुरका नेवारहरूको अन्त्यष्टि संस्कारः एक अध्ययन** कीर्तिपुरः (अ.प्र.एम.ए. शोधपत्र, त्रि.वि. वि.सं. २०६२)पृ. ११-१२।

मल्लकालमा उपत्यकाको तिन ठाउँबाट नै यहाँ कीर्तिपुरमा आवतजावत र बसाइँसराइ हुने गरेको देखिन्छ । त्यतिबेला भारतबाट झिकाइएका सरसामानहरू चितलाङ, पानीघाट हुँदै कीर्तिपुर भएर उपत्यकामा छिर्ने र उपत्यकाका तिनै सहरका सरसामानहरू पनि कीर्तिपुर हुँदै भारतसम्म पठाउने गरेको पाइन्छ । यसले यहाँ उपत्यकाका मानिसहरू पनि आएर बस्न थालेको पाइन्छ । यो कीर्तिपुरको नाका हुँदै भारत र तिब्वतसम्मको व्यापार चन्द्रसमसेरको पालासम्म भएको देखिन्छ । यसरी उपत्यकाका तिनै सहरबाट व्यापार गर्न त्यहाँको नेवारहरू बसाइँ सरेर यहाँ आउने र यहाँका मानिसहरू पनि बसाइँ सरेर उपत्यकाभित्र बस्न गएको पनि पाइन्छ । उपत्यकाभित्र यही क्रम जारी थियो भने पछिल्लो समयमा वि.सं २०१३ पछि कीर्तिपुरमा त्रिभुवन विश्वविद्यालय बनेपछि यहाँ उच्च शिक्षा हासिल गर्न नेपालका विभिन्न ठाउँबाट आएर यही बसेर पद्न थालेको पाइन्छ । यही पढ्ने क्रममा उनीहरू यही उपत्यकाभित्र जागिर खान थालेपछि यहाँको हावापानी राम्रो भएको कारण कीर्तिपुरमा बसाइँ सरेर बस्न थालेको देखिन्छ । वि.सं. २०४६ को जनआन्दोलनपछि यो कार्य तीव्र भएर गएको देखिन्छ । वि.सं.२०६२ को दोस्रो जनआन्दोलनपछि कीर्तिपुर वरिपरिका बस्ती सुम्लाङ्गकोट, नगाउँ, कलङ्की, ट्याङ्लाफाँट, ढल्पा, पाँगा आदि ठाउँको खेतीबाली, खाली जग्गाहरू र फाँटहरूमा धेरै नै घरहरू बनेका छन् । त्यतिबेला राजनीतिक प्रभावको कारण माओवादी पार्टीको डर र त्रासको कारण धेरै जनताहरूले गाउँ छाडेर यहाँ उपत्यकामा आई बासोबास गर्न थालेको देखिन्छ ।  अहिले यहाँ बसोबासको हिसाबले हेर्ने हो भने त्रि.वि.भएको कारण नेपालको पचहत्तर जिल्लाका विद्यार्थीहरू यहाँ उच्च शिक्षा हासिल गर्न आउने गर्दछ । यस त्रि.वि.मा उच्च शिक्षा हासिल गर्न आएकाहरू र यहाँ बसेका मानिसहरू बिच एकले अर्कोसँग मायाप्रीति गाँसेर प्रेमबिवाह गरी यही बसेको पनि पाइन्छ । समय समयमा राजनीतिक उथलपुथलको कारण प्रयाः जसो यहाँ नेपालको पश्चिम र दक्षिणतिरबाट बसाइँ सरेर आएका मानिसहरू धेरै मात्रमा पाइन्छन् । यसका कारण यस कीर्तिपुरमा अहिले नेवार जातिका साथसाथै अन्य विभिन्न जातजाति जस्तै खस, मगर, थापा, ठकुरी, राई, क्षेत्री, बाहुन, तामाङ, गुरुङ आदि जातका मानिसहरू नेपालको पश्चिमतिरबाट आएर बसोबास गरी बसेको देखिन्छ । यहाँ अहिले पाल्पा, धरान, गुल्मी, नारायणघाट, इलाम, गोरखा, चितवन, बुटवल आदि ठाउँबाट बसाइँ सरेर बसोबास गरेको देखिन्छ । यसरी कीर्तिपुरमा विभिन्न जातजातीहरूको बसोबास भएको देखिन्छ

। यहाँ त्रि.वि.को कारण र विभिन्न समयमा परिस्थिति अनुसार जबजब राजनीतिक आन्दोलनको प्रभावहरू भए, तब तब यहाँ कीर्तिपुरमा पनि त्यसको प्रभाव पर्न गई बसाइँसराइहरू भएको देखिन्छ ।

## २.६. निष्कर्ष

कीर्तिपुर ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण सहर हो । स्थानीय भाषामा यसलाई किपू भनेर चिनिन्छ । कीर्तिपुरमा राजनीतिक परम्परा र मान्यता पनि परम्पराबाट नै विकसित भएको पाइन्छ । यस क्षेत्रको नेवारी बस्ती सांस्कृतिक परम्परामा धनी र मौलिक छ । बाह्य बराइँसराइको प्रभाव भए पनि कीर्तिपुरमा नेवार सांस्कृतिक मौलिक चिनारी रहेको छ । कीर्तिपुरको नाम बिभिन्न समयमा परिवर्तन भएर पद्मकाष्ठपुरी, गुँदे, कीर्तिपुर, केपु र किपु आदि बिभिन्न नामले चिनिन्छ । बिभिन्न समयमा यहाँ उपत्यकाको बिभिन्न ठाउबाट पठाएको सामन्तद्वारा राज्य चलाएको पाइन्छ भने मल्लकालतिर कीर्तिपुरलाई पाटनको स्वशासित सहरको रूपमा सञ्चालन गरेको पाइन्छ अथवा प्रशासनिक कार्यहरू गर्ने गरिन्थ्यो । तर, वि.सं. २०१३ मा कीर्तिपुरको जग्गा अधिकरण गरेर त्रिभुवन विश्वविद्यालय बनेपछि कीर्तिपुरलाई काठमाडौं जिल्लामा पारेको हो । धार्मिक रूपमा हेर्दा यहाँ परापूर्वकालदेखि अहिलेसम्म धार्मिक सहिष्णुता रही आएको देखिन्छ । राजा शिवदेव तृतीयले यस ठाउँलाई सुव्यवस्थित (सहरी) रूपले बसालेको हुनाले उनको कीर्तिलाई स्मरण गरी यो बस्तीलाई कीर्तिपुर नामकरण गरेको वंशावलीहरूमा उल्लेख गरेको पाइन्छ । मल्लकालसम्म आईपुग्दा कीर्तिपुरमा धेरै कार्यहरू भएको पाइन्छ र सानै भएपनि राजदरबार बनेको पाईन्छ । त्यतिबेला विदेशबाट सामानहरू भित्र्याउने र निकासा गर्ने नाका मध्य कीर्तिपुरको नाका पनि एउटा पर्दथ्यो । लिच्छविकालदेखि नेवार समुदायको बहुल्यता भएको हुँदा यहाँ पहिले देखि नै नेवारहरूको सामाजिक, सांस्कृतिक, धार्मिक, रहनसहन, भेषभूषा, भाषा, संस्कार, पेसा र कलामा नेवारीपन झल्कन्छ । वि.सं. २०१३ मा त्रि.वि. बनेपछि यहाँ विभिन्न ठाउँबाट अध्ययन गर्नका लागि यहाँ आई बस्ती बढ्न गएको देखिन्छ । जसले गर्दा यहाँ बिभिन्न जात जाति , भाषा, भेषभूषा, रहनसहन, कला, चाडपर्व, धर्म र संस्कृति इत्यादिमा विविधता हुन गएको पाइन्छ ।

परिच्छेद- तिन

# गाईजात्राको सामाजिक सांस्कृतिक पक्ष

## ३.१. गाईजात्राको उत्पत्ति

मानव सभ्यताको विकास हुनु भन्दा अगाडि अथवा पाषाण युग वा ढुङ्गो युग भन्दा अगाडिदेखि नै मृत्यु संस्कारको थालनी भएको पाइन्छ । उनीहरूले धार्मिक दृष्टिकोणले प्रकृतिको (जस्तैः- सूर्य, जल, अग्नि, रूख, ढुङ्गा आदि) पूजा पाठ गर्ने पनि उल्लेख छ । मान्छे मरेपछि गाड्ने, जलाउने, टुक्रा टुक्रा गरी (चिल, गिद्धहरूलाई) पशुपक्षीहरूलाई खान दिने वा खोलामा लगेर बगाई दिने संस्कारसँगै पछि मृतकका साथ साथै मृतकका उपकरणहरू भाँडाकुडाहरू वा मृतकको मनपर्ने वस्तुहरू पनि मृतक सँगसँगै राख्ने गर्न थालेको भेटिन्छ । यसरी मानव उत्पत्तिको क्रम-विकास तथा उसले विगत समयमा जीविकोपार्जनका लागि गरेका विविध क्रियाकलापहरू नै पछि विकसित हुँदै, व्यवस्थित रूपमा विकसित हुँदै समाजको विकास भएको पाइन्छ ।

समाजको रूपमा कार्य गर्न थालेपछि समाजको संस्कृति र संस्कारमा परिणत हुँदै विकसित भएको अनुमान गरिएको छ । जसरी मान्छेहरूको जीवन जङ्गली युगबाट ढुङ्गे युग, ढुङ्गे युगबाट क्रमशः पशुपालन युग गर्दै कृषि युग र कृषि युगबाट सामाजिक युगमा, धार्मिक युग आदिमा विकसित हुँदै गयो । त्यसरी नै उनले जीविकोपार्जनका लागि गरेका धार्मिक, पूजा पाठ, रहनसहन, खानपिनका साथै मनोरञ्जनात्मक क्रियाकलापहरू पनि विकसित हुँदै संस्कार र संस्कृतिको विकास भएको छ । उनीहरूले अदृश्य शक्तिको पूजा गरी बत्ती दिई पुनर्जन्ममा वा मृत आत्माहरूले सुख शान्ति पाउँछन् भन्ने धारणा नै हालसम्म पनि संस्कारका रूपमा गर्दै आएको पाइन्छ । त्यसरी नै हाम्रो देशमा पनि विभिन्न जात जातिहरूको बसोबास भएका कारण मान्छेको मृत्युपछि विभिन्न जातजाति र ठाउँको अनुसार मृतकको लासलाई जलाउने,गाड्ने र

टुक्राटुक्रा पारी गिद्धलाई खुवाउनाका साथै मृतकका नाममा विविध क्रियाकलापहरू (जस्तैः बत्ती दिने, दान दिने, विभिन्न वस्तु चढाउने, सद्बीज छर्न जाने, मठमन्दिर घुम्न जाने, विभिन्न किसिमले, पितृहरूलाई श्राद्ध गर्ने आदि) गर्दै मृतकका आत्माले चिर शान्तिको कामना गर्दै स्वर्गलोकमा बास होस् भनी प्रार्थना गर्ने गर्दछन् ।

यसरी जब मानिसहरू सभ्य बन्दै गए तिनीहरूले आफ्नो जीवनको मात्र ख्याल नराखी आफ्नो परिवार र परिवारबाट बिछोडिएका सदस्यहरूको पनि ध्यान राख्ने, आत्मा र मृत्युपछि पनि जीवनको कामना गर्ने मानवीय कर्तव्यबोध भएबाट विभिन्न किसिमका मृत्युसँग प्रतिकूल हुने कार्यहरू गर्दै गए । जुन समय र परिस्थिति अनुसार उपयुक्त हुने कार्यहरू सुरु गर्दै गए । समयको मागसँगसँगै धर्माशास्त्रकारहरूले ग्रन्थको रचना गर्दै गए । सोही ब्राम्हण धर्मशास्त्रहरूको विचार र धारणाको निर्देशनमा कार्य हुँदै गयो, जसले संस्कारको रूप धारणा गऱ्यो । यही परिस्थिति अनुरूप परिवर्तन हुँदै आजसम्म मानिसहरूले आफ्नो नियमित रूपमा मृत्यु संस्कार गर्दै आइरहेका छन् ।

मृत्यु संस्कारको विधि विधानबारे ऋग्वेद, अथर्वेदमा पनि उल्लेख गरेको पाइन्छ । यसको कहिलेदेखि सुरु भयो भनेर स्पष्ट समय निर्धारण हुन सकेको छैन् । मानिसको मृत्युमा परिवारबाट औपचारिक विदाइ गर्ने क्रममा परिस्कृत र समयको प्रवाहसँगसँगै मानिसहरूको विचार धारणाहरूमा पनि परिवर्तन हुँदै गएको पाइन्छ । सोही विचार अनुरूप क्रियाकलापहरूमा परिवर्तन भएको पाइन्छ ।

यो पृथ्वी वा ब्रम्हाण्ड शून्य हो । ब्रम्हाण्डमा रहेका सम्पूर्ण वस्तुहरू एकअर्काको रूपान्तरित रूप मात्र हो । पृथ्वीमा जति पनि वस्तुहरू छन्, ती सबै पञ्च तत्त्वबाट बनेका हुन् । जब पृथ्वीमा रहेका सम्पूर्ण वस्तुहरू विनाश हुन्छन् तब ती वस्तुहरू एक अर्कोमा रूपान्तरित भएर पाँच तत्त्व आकाश, जल, वायु, तेज र पृथ्वी (धर्ती) मा मिसिन पुग्छन् । त्यस्तै मानिसको शरीर पनि पञ्चतत्त्वबाट बनेको हो । जब शरीरको अस्तित्व रहँदैन तब उसको शरीरका विभिन्न तत्त्वहरू पञ्च तत्त्वबाट हराउँछ । बौद्ध दर्शन वा विचारहरू पञ्च तत्त्वको

आकाश तत्त्वलाई नमानी चतुर महाभूतको शरीर चतुर महाभूतमा बिलाउनु नै मृत्यु हो भन्ने गर्छन् । बौद्ध अनुयायीहरू निर्वाण प्राप्त नगरेसम्म शून्यता प्राप्त गर्न नसक्ने विश्वास गर्छन् । हिन्दू अनुयायीहरूको विश्वास अनुसार जबसम्म मानिसहरूले मोक्ष प्राप्त गर्न सक्दैन तबसम्म बारम्बार यस ब्रम्हाण्डमा जन्म लिइरहनु पर्छ । जब शून्यतासम्म पुग्दैन तबसम्म उसको रूप रहिरहन्छ । त्यस्तै थेरवादी बौद्धहरूले मानिसको मृत्यु हुनासाथ आत्मा अर्को वस्तुमा रूपान्तरित भैसकेको हुन्छ त्यसैले कुनै किसिमको संस्कारको आवश्यकता महसुस गर्दैनन् ।

यसरी हिन्दू र बौद्धहरू शून्य अवस्थामा नपुगेसम्म त्यसको रूप विभिन्न वस्तुहरूमा निहित रहिरहने भएकाले त्यस आत्मालाई शून्य रूप दिनका लागि मृत्यु संस्कार र सांस्कृतिक गतिविधिहरू गर्दै आइरहेको देखिन्छ । ऋग्वेदकालमा मानिसको लासलाई गाड्ने र जलाउने दुवै चलन देखिन्छ । लासलाई जलाउँदा अग्नि देवतालाई शरीरमा कुनै कष्ट नहोस् भनी प्रार्थना गरेको देखिन्छ । अग्निलाई देवताको रूपमा प्रतिस्थापित गरेर, अग्निको माध्यमबाट नै पितृलोकमा पुग्ने विश्वास गरिन्छ । अग्नि देवतालाई सम्पूर्ण देवताको मुख्य देवताको मुखको रूपमा लिइन्छ । त्यसैले जुनसुकै नाम लिएर अग्निमा स्वाहा गर्दा पनि ती सबै देवताहरूको पेटमा पुग्छ भन्ने विश्वास गरिन्छ । त्यसैले अग्निलाई पवित्र वा शुद्धताको प्रतीकको स्वरूपमा लिइन्छ । ऋग्वेदमा पनि शरीर वा प्राणीलाई अग्निमा होमिएपछि सम्पूर्ण पापबाट मुक्ति हुन्छ भनेर व्याख्या गरेको पाइन्छ भने सूत्रकालमा आएर होम गर्नु, बलि दिनु भनेको अर्को जन्मको लागि शक्ति सञ्चयको रूपमा व्याख्या गरेको छ । मानिसको मृत्यु भएपछि अग्निदाह गरिन्छ, जसलाई बलिको रूपमा लिइएको छ । पछि आएर ब्राम्हणहरूको रहस्यपूर्ण शक्तिको माध्यमद्वारा अर्को जुनीमा यी सबै प्राप्त हुने विश्वास गर्न थालियो । यही धारणाको विकासले गर्दा मृत्यु संस्कारलाई अन्त्यष्टि संस्कार भन्न थालियो । जसको अर्थ अन्तिम+इष्ठि = अन्त्यष्टिको धारणा सँगसँगै व्यक्तिको अन्त्येष्टि वा यज्ञमा बलि चढाउने, अन्न होमिने आदि हुन थाल्यो । गाई ब्राखा आदि पनि यज्ञमा होमिन्थ्यो । गाई, ब्राखालाई परलोकको यात्रा गर्दाको साथी वा मार्ग निर्देशनको रूपमा लिइयो । मृत्युपश्चात् मृतकलाई लक्ष्यसम्म पुऱ्याउने कार्य गर्ने मित्रको रूपमा गाईलाई लिइएको हुनाले यसलाई अनुस्तरणी वा वैतरणी शब्दको प्रयोग गरेको हो भन्ने देखिन्छ ।

विभिन्न समयमा विभिन्न किसिमका धारणाहरू देखा परे । प्राचीन कालमा अग्निदाह गर्नु पूर्व एक यज्ञ गरिन्थ्यो र सो यज्ञमा गाई बलि चढाइन्थ्यो । केही समयपछि गाई मार्न वा बलि दिन निषेध भएपछि खुल्ला मैदानमा छोड्ने संस्कार बन्यो र त्यो भन्दा पनि पछि ब्राम्हणहरूलाई दान दिने चलन चल्यो । सोही संस्कारको अवशेष अनुरूप अहिले पो यो प्रचलनमा चल्दै आइरहेको देखिन्छ । गृहसूत्रमा गाईलाई बलि दिने समयमा केही घटना भए गाईलाई बलि नदिई मृतकको लास तिनपटक प्रदक्षिणा गर्न लगाई केही मन्त्र व्यक्त गरी छोडिन्छ । त्यसबेला ‘तिमी आफ्नो दुधबाट मेरो कुलमा रहने मृतक, नवजात शिशु तथा भविष्यमा जन्म लिनेहरूको तृप्ति र साधना हुन्’ भनेर छोडिन्छ । यदि बलि दिने हो भने “मृतकको साथी, मृतकले गरेको पाप तेरोबाट  निराकरण गरेका छौं, जसले हाम्रो कुनै पापबाट आउने दुर्बलताले नसताओस्” यस मन्त्रबाट के स्पष्ट हुन्छ भने त्यसबेला कसैको मृत्यु हुनु भनेको स्वाभाविक नभई दोषबाट हो, त्यसैले त्यस दोषबाट मुक्त हुन सम्पूर्ण कार्य थालनी गरेको देखिन्छ । कसैको मृत्यु हुनाको पछाडि अदृश्य तत्त्व (शक्ति) को हात हुन्छ, त्यो तत्त्व खुसी भएन वा सन्तुष्ट भएन भने जीवित प्राणीहरूलाई दुःख दिन्छ भन्ने धारणा थियो । ऋग्वेदमा समेत गाईलाई बलि चढाएर भष्म गर्ने बेलामा यसरी पढ्थे । “आज यो तिम्रो भाग हो तिमी यसलाई तृप्ति गर, ज्वालाले तृप्ति गर्नु, आफ्नो भीषण ज्वालाद्वारा यसलाई संस्कृतिको लोकमा पठाउनु त्यसलाई आफ्नो ढाल बनाई आफ्ना शत्रुको आक्रमणबाट रक्षित हुन” यसबाट मृतकको भौतिक शरीर मात्र मरेको हो उसको आत्मा त अर्को लोकमा जीवितै हुन्छ भन्ने विश्वास देखिन्छ । मानिस मरेपछि पितृलोकमा जान्छ । मृतकको इच्छा, चाहना अनुरूप प्रिय वस्तु मृतकसँगै पठाए अदृश्य शक्तिको माध्यमबाट पितृलोकमा मृतकले प्राप्त गर्छ । त्यसैले मृतकलाई उपहार स्वरूप प्रिय वस्तुहरू पनि गाड्ने गरिन्थ्यो । गाई, गोरु, गाडा, भेडा ब्राखा, धन सम्पत्ति, स्वास्नी समेतलाई गाड्ने गरेको पक्ष अर्थवेदमा पुराण धर्म भनेर उल्लेख गरिएको छ । यसका कारण सती प्रथाको जन्म भयो । यो कुरो ऋग्वेदमा पाइँदैन । तर, विभिन्न सूत्रमा यसको व्याख्या पाइन्छ । यो प्रथा सूत्र कालमा अनिवार्य चाहिँ थिएन । तर यस्तो गृह सूत्रकालमा सतीप्रथा अनिवार्य नभए पनि सती जाने संस्कारको रूपमा विकास भएको देखिन्छ । त्यति बेलाका धर्मशास्त्रकारहरू जो ब्राम्हणहरू थिए, यिनीहरूले विभिन्न स्मृति ग्रन्थहरू लेखे ।

सो ग्रन्थहरू तत्कालीन समयमा धर्मशास्त्र भनिन्थ्यो । ब्राम्हण र स्मृतिले जे भन्छ त्यही देव वाक्य हुन्थ्यो । त्यसबेला ब्राम्हणहरूले मृतकका लागि गाड्ने गरेका उपहारका सामानहरू विभिन्न अदृश्य शक्तिका माध्यमबाट रहस्यमय तरिकाबाट पितृलोकसम्म पुगिने विश्वास दिलाएपछि ती वस्तुहरू गाड्नाको सट्टा ब्राम्हणहरूलाई दान दिने प्रथा यथावत् कायमै छ भने सती प्रथा विश्वबाट नै हटिसकेको देखिन्छ ।[१४]

नेपालको इतिहास हेर्दा खेरि प्रमाण फेला परेको आधारमा नेपालमा गोपाल राज वंशावलीहरू देखि मात्र राज्य स्थापना गरी चलाएको आधारको रूपमा रहेको छ । यो भन्दा अगाडिको कुनै पनि प्रमाण अहिलेसम्म फेला परेको छैन । जसको हिसाबले गोपाल राज वंशावलीहरूले सर्वप्रथम राज्य चलाएको हो भनी सहजै अनुमान गर्न सकिन्छ । त्यतिबेला देखि आजसम्म नेपालको इतिहासमा विभिन्न वंशहरूले जस्तैः गोपाल, महिषपाल, किराँत कोलीय, शाक्य, लिच्छवि, ठकुरी, कर्णाट, मल्ल, शाह, राणा हुँदै फेरि शाहहरूद्वारा पुन राज्य शासन सञ्चालन गर्दै वि.सं. २०६२ को जनआन्दोलनबाट वि.सं. २०६५/०२/१५ गते नेपाल गणतन्त्र (गणराज्य) को घोषणा भई नेपालको शासन जनताको हातबाट सञ्चालन हुँदै आइरहेको छ । यसरी इतिहासमा नेपाल राज्य विभिन्न वंशहरूले सञ्चालन गरे भने नेपालको उत्पत्तिको इतिहासमा मृतकको नाममा गाईजात्रा वा गाईदान गर्दै वा गाईलाई छोड्ने प्रचलन सँगसँगै गाईजात्रा मनाउने चलन इतिहासमा लिखित रूपमा उल्लेख गरे अनुसार मल्लकालका राजा प्रताप मल्लले यसको व्यवस्थित रूपमा व्यवस्थापन गराएर नेवार जातिहरूले सुचारु रूपले मृतकका परिवारबाट गाईको भेषमा नगर परिक्रमा गर्न सञ्चालन गरेको गाईजात्रा पछिको शाह वंशीय शासकहरूले जनताको मन जित्न प्रायः जस्तो मल्लकालीन परम्परालाई निरन्तरता दिइ नै रहे फलस्वरूप राजाहरूले पनि गाईजात्रा निकाल्ने प्रचलन देखिएको हो । हाल नेपाल राज्यभरि नै नेवार जातिहरू रहेका ठाउँमा गाईजात्रा पर्व निकाली मनाउँदै आएको पाइन्छ ।

---

[१४] बज्रमुनि बज्राचार्य, "***कीर्तिपुरका नेवारहरूको अन्त्यष्टि संस्कारः एक अध्ययन***"( कीर्तिपुरः अ.प्र.एम.ए. शोधपत्र, त्रि.वि.,वि.सं. २०६२ ) पृ.१७ - २० ।

नेपालमा गाईजात्रा कहिलेदेखि मनाउन आरम्भ भयो भन्ने कुरामा इतिहासकार या विद्हरूमा मतभेद रहेको पाइन्छ । गाईजात्रा पर्व परापूर्व कालदेखि मनाउँदै आइरहेको हो भन्ने एक मत छ । गोपाल राजवंश भन्दा अगाडिदेखि नै मृतकका नाममा गाईजात्रा गर्ने चलन रहिआएको अनुमान गर्न सकिन्छ तर यो भन्दा अगाडिको इतिहास त्यति भरपर्दो अभिलेख स्रोत र प्रमाणहरू कुनै पनि फेला परेको छैन । त्यसकारण गोपाल राजवंशको राज्यकालदेखि यस सम्बन्धी स्रोतहरू फेला परेको छ । त्यति बेलादेखि वा त्यो भन्दा अगाडि नेपालमा पशुपालन नै मानिसहरूका जीविकोपार्जनको आधार देखिन्छ । यिनीहरू गाई पाल्ने (ग्वाला) गोपालीहरूको व्यवसायको आधारमा वंशको नाम रहन गएकाले त्यति बेला यो पशुपालन व्यवसाय निकै लोकप्रिय रहेको देखिन्छ । नेपाल भूमि उर्वरा शक्ति भएकाले यहाँ पशुचरणहरू प्रशस्त मात्रामा थिए भने खेतीपातीको सुरुवात पनि गर्न उनीहरूले थालिसकेको सूचना पाइन्छ । वर्तमान कीर्तिपुर, थानकोट, बलम्बु, टिस्टुङ, पालुङ आदि ठाउँहरूमा त्यसबेलाका मानिसहरूको बस्ती भएको अनुमान गरिन्छ । पद्मपुराण अनुसार झन्डै दुई हजार वर्ष भन्दा अगाडि देखि नेपालमा मृतकको नाममा गाईजात्रा पर्व मनाउँदै आएको भए पनि गोपालराज वंशावलीमा यसरी उल्लेख गरिएको छ ।

*“ शुभः विवाहजु दं गुणिलान झरे बोय मल्व, विधान, गण्ठकर्ण्ण चवदश कोन्हु स्वण्ड चिने, गुणिला थोव तीहिशि कोन्हु वोय दुंवी । थ्व कोन्हु बुध्यर सूये झरे लास थङ थ्व सन्ती सैत्रके शिमलास थङा थ्वया सल्ताजा त्रने पाह्न पालास थङ सायात कोन्हु झवांपानस थंङाव मुल लन्न, यो ठंङ मुल  खास चोयः प्यंन्हु लिव थुनकोस खोवङाव पूजा याये भटिनिभाट झरें देकं थे पूजा हिन्साद्येकं लख्व होले, स्मय याङाव ये भ्वोपानयात देशस छाये मम्वाल्व ” । ।*[१५]

(शुभ विवाह भएको वर्षको श्रावण महिनामा पुतली (झरे) प्रदर्शनी गर्न आवश्यक बन्दोबस्त गरीयो । गण्टाकर्ण चतुर्दशीको दिन मुन्ड झुन्ड्याउने श्रावण शुक्ल त्रयोदशीको दिनमा प्रदर्शन

[१५] जीवनकुमार महर्जन (३८) सँग सङ्ग्रहीत गोपालराज वंशावलीको प्रतिलिपीमा आधारित,पृ.६१ ।

गर्ने । गाईजात्राको दिनमा (सायातकोन्हु) झवापानमा उठाइ मूलबाटोबाट पठाउने त्यसको चार दिन पछि भाटभटिनीको पुतली जस्तै पूजा गर्ने, हिसा देवलाई पानी छर्कने त्यसपछि भ्वापानलाई देशमा वलि दिने कार्य गर्नु पर्दैन् ॥ )

**शब्दको अर्थ अंग्रेजीमा : (meaning) :**

१) *सल्ताजा* = Next day.

२) *पालास* = The one who gets turns.

३) *पाह्र* = (पालं) Feed rice.

४) *ञने* = Feed rice.

५) *झवांपानस* = On a doli.

६) *यो ठंङ* = (यःसिं) Pole.

७) *थुनकोस* = In the evening.

८) *हिन्साद्येकं* = (हिफःद्यः) Blood sacrified.

९) *स्मय* = (पूजाभु:) A ritual dish.

मान्छेको मृत्यु भयो भने गाईलाई घुमाउन पठाउनु पर्दछ । नत्र त्यस मान्छेको आत्मा तर्दैन यहीँ भौतारिई रहन्छ र उसले हामीलाई दु:ख दिन सक्छ । मृतकको नाममा गाई घुमाउन पठायो भने त्यो मान्छेको आत्माले गाईको सहायताले वैतरणी नदी पार गरी स्वर्गमा बास बस्न जान्छ भन्ने जनधारणा रहेको छ । यसरी गोपाल वंश भन्दा अगाडिदेखि मृतकका नाममा गाईलाई नगर परिक्रमा गर्न पठाउने वा गाईलाई मृतकको नाममा छोडिदिने गरेको पनि पाइन्छ । त्यतिबेला पशुपालन युग भएकाले मृतकका नाममा साँच्चिकै गाईलाई छोडिदिने वा नगर परिक्रमा गर्न पठाउने पनि उल्लेख छ । पछि राजनीतिक परिवर्तन सँगसँगै समय अनुसार हाम्रो देशमा पशुपालनको स्थान बिस्तारै लोप हुँदै खेतिपातीमा परिवर्तन हुन गई कृषि पेसामा आधारित हुन पुग्यो । जसले गर्दा गाई पाल्नेहरू बिस्तारै बिस्तारै घट्दै कम हुँदै गयो वा

नेपालमा विभिन्न समय र कालमा राज्य सञ्चालन गर्ने क्रममा युद्ध हुन गई यी जातिहरू बिस्तारै बिस्तारै लोप हुँदै गयो र विभिन्न समयमा विभिन्न वंशका वंशहरूले राज्य सञ्चालन गर्न थालेको देखिन्छ । यसकारण गाई पाल्नेहरू क्रमिक रूपमा बिस्तारै घट्दै र मृतकका नाममा गाई हुनेहरूले मात्र गाईलाई नगर परिक्रमा गर्न पठाउन थाले भने गाई नहुनेहरूले गाई पठाउन नसक्ने भएर बिस्तारै बिस्तारै लोप हुने अवस्थामा पुगिसकेको भेटिन्छ । आज भन्दा लगभग चार सय वर्षअघि काठमाडौँका राजा प्रताप मल्लका छोरा चक्रबतीन्द्र मल्लको असमयमा नै मृत्यु भयो । छोराका मृत्युका कारण रानी राज्यवतीले अति नै दुःखी र विलाप गर्न थालिन् । मल्लकालको शासनकालमा आइपुग्दा काठमाडौंको राजा प्रताप मल्लको छोराको असमयमा नै मृत्यु हुँदा खेरी प्रताप मल्लकी रानी अति नै पुत्र शोकमा परेर विक्षिप्त र दुःखी भइन् । यस्तो अकल्पनीय पुत्रशोकको पीडा राजा प्रताप मल्लको रानीलाई पीडा त असहाय र हृदयविदारक भयो । अनेक व्यक्तिले अनेक प्रकारले रानीलाई धैर्यधारण गर्न सम्झाइ बुझाइ गरे तर रानीको रोदन र विक्षिप्ता अवस्थामा कुनै सुधार नै आएन । त्यस पीडाबाट र विक्षिप्ता अवस्थाबाट अलमल्याएर रानीको मन भुलाउन राजा प्रताप मल्लले एउटा ठुलै योजना तयार गरेर रानीको मन शान्त राख्न गाईजात्रा पर्व मनाउन थालेको हो भन्ने पाइन्छ । राजा प्रताप मल्लले रानीलाई सान्त्वना दिनका लागि विभिन्न तरिकाबाट सम्झाउँदै तिम्रो छोरा मात्र मरेको हैन, हाम्रा प्रजाहरूका पनि कसैको छोरा, कसैको पत्नी, कसैको पति, बुबा, आमा, दाजु, भाइ, नाति, नातिनी, पनातिहरू मरेर मृत्युलोकमा गएको छ । यस संसारको रीत यस्तै हो जन्मेपछि मृत्यु पनि निश्चित हुन्छ र जन्मेपछि मृत्यु पनि पछिपछि लागि आएको हुन्छ । कुनै पनि बेला कुनै पनि अवस्थामा मानिसको मृत्यु हुन सक्छ भन्दै रानीलाई सम्झाउँदै सान्त्वना दिन र चित्त बुझाउन र रानीलाई हँसाउन उनले जनताहरूलाई मृतकको प्रत्येक घरबाट एकएक जना भए पनि मृतकका परिवारहरूबाट गाईको भेषमा नगर परिक्रमा गर्न आव्हान गर्दै दिन नै तोकेर जनैपूर्णिमाको भोलिपल्ट गाईजात्रा पर्व चलाउन थालेको हो । पर्वको रूपमा सुरुवात, त्यतिले पनि नपुगेका कारण रानीलाई हँसाउन र खुसी पार्न हँसाउनेलाई पुरस्कारको व्यवस्था गरी फेरि हास्यव्यङ्ग्य र मनोरञ्जनात्मक कार्यक्रमहरू पनि चलाउन जनतासामु उर्दी(आह्वान) गरी आठ दिनसम्म हास्यव्यङ्ग्य कार्यक्रम पनि गर्ने परम्परा राज्यमा बसेको हो । त्यसपछि मात्र रानीलाई हाँसो उठेको हो भन्ने मान्यता पनि छ । गाईजात्राको दिन देखि नौ दिन सम्म राजा राजौटाहरू,

ठूला बडाहरूलाई समेत व्यङ्ग्य गर्न छुट गरिएको छ । काठमाडौंका राजा प्रताप मल्लले आफ्नो जनताको परिवार भित्र जुनसुकै उमेरको मृत्यु भएमा वर्षको एक पल्ट यो दिन नै तोकेर प्रत्येक वर्ष भाद्र कृष्ण पूर्णिमाको दिन (जनैपूर्णिमा) को भोलिपल्ट भाद्रकृष्ण प्रतिपदाका दिन गाईजात्रा चाड मनाउन प्रजाहरूलाई आव्हान गरी मनाएको यो चाड अहिले नेपाल राज्यभरि नेवार समुदायले मनाउँदै आएको पाइन्छ ।

## ३.२. गाईजात्रामा गाई पठाउने तरिका

गाईजात्राको सुरु जति बेलादेखि भएको भए पनि जुन उद्देश्यका रूपमा पठाएको भए पनि नेवार समाजभित्र यो मृत्यु संस्कारभित्र पर्दछ । मृतकको नाममा घःसु, लत्या, खुला, दकिला (मृतकको नाममा काज र श्राद्ध गरेको) जस्तै यो गाईजात्रा पनि मृतकको आत्मालाई मुक्त गर्नका लागि मृतकका आफन्तहरूले गर्ने गर्छन् । पहिला पहिला मृतकका नाममा साँच्चिको गाईलाई नै नगर परिक्रमा गर्न पठाउने गरेको पाइन्छ । पछिपछि मात्र गाईजात्रामा धेरै गाई पठाउनु परेकाले समस्या भएपछि गाईको सट्टा मान्छेलाई नै गाईको भेषमा नगर परिक्रमा गर्न पठाउने चलन बसेको भेटिन्छ । गाईजात्राको दिन एक वर्षभरि मृतकका नाममा नगर परिक्रमा गर्ने भएकाले सबै ठाउँका नेवार समुदायले आआफ्नो आफन्तहरू सबै स्वर्गमा बास होस् भनेर नेवारहरूले गर्ने भएको भए पनि  सबै ठाउँमा एकै नासको भने छैन । पाटन, कीर्तिपुर, भक्तपुर, काठमाडौँ आदि सबै ठाउँमा फरक फरक तरिकाले गाईजात्रा मनाउने परम्परा छ (चित्र नं. ५३) । गाईजात्राका दिन मृतकको आफन्तहरूले गाई वा गाई भेषमा नगर परिक्रमा गर्न पठाउने गर्छन् । यसरी गाई नगर परिक्रमा गर्न पठाउँदाखेरि एउटा घरको एक जना गाई वा गाईको प्रतीक स्वरूप गाई भेष गरी नगर परिक्रमा गर्न पठाउने चलन छ । कसैकसैले गाई पठाउँदाखेरि धिमे बाजा बजाएर पठाउने पनि गर्छन् । बाजा बजाएर नगर परिक्रमा गर्दा गाई भेषमा नगर परिक्रमा गर्न जानेलाई छाता (छत्र) ओढाएर पठाउने चलन छ भने कसै कसैले एउटै घरबाट बेजोडी तरिकाबाट तिन जना, कसैको पाँच जना र कसैको बढीमा सात जना सम्म गाईको प्रतीक स्वरूप भेषमा गाईजात्रामा नगर परिक्रमा गर्न पठाउने परम्परा छ । यसरी एक जना मान्छेको मृतकको नाममा नगर परिक्रमा गर्न पठाउने वा एकै परिवारमा दुई तिन

जना मरेको छ भने उनीहरू सबैको नाममा समूह बनाएर जात्रा जस्तै गरी पठाउने चलन छ। यसरी जात्रा गरेर गाईजात्रा पर्व राम्रो, रमाइलो र भाव्यता हुने पनि गर्दछ र जात्राको रौनकता नै बढ्ने गर्दछ। साथ साथै पछिपछि झाँकी बाजा जस्तैः खीँ, को चार्खीं, पचिका, ढोलक, धिमे बाजा, ब्राण्ड बाजा, संस्कृति झल्काउने खालका बाजाहरू आदि बजाएर छाता ओढाएर गाईजात्रा मनाइन्छ। यसरी शोभा यात्राको पछिपछि परम्परागत बाजागाजा, लाखेँ नाच एवं भजनकीर्तन आदिले थप रौनकता थपेको देखिन्छ।

गाईको भेषमा पठाउनको लागि ससानो बच्चालाई गाईको भेषमा नगर परिक्रमा घुम्न जानका लागि बच्चालाई बिहान नुहाएर चोखो गरी पञ्चामृतले शुद्ध भई आँखामा गाजल लगाई दिएर, मुखमा लाली लगाएर, नक्कली जुँगा, बनाई दिएर अनुहारमा सिङ्गारपटार गरी, अरू बच्चाहरू भन्दा बेग्लै किसिमले सिङ्गार गरेर, गणेशको चित्र र गाईको अनुहारको चित्र भएको त्यसमा दुईवटा परालको सिङ्ग राखेर बनाइएको टोपी जस्तो गरी पेरुङ्गीको टोपी (बेतको वा बाँसले बनाएको टोपी) मा कागजको दुई वटा रङ्गीचङ्गी पङ्खासहितको झन्डा भएको टोपी लगाई दिने चलन छ ( चित्र नं. ३२ र चित्र नं. ३३)। कतै कतै गणेशको चित्रलाई कपडाले बेरेर अथवा छोपेर लगाएको पनि पाइन्छ। अनि तास वा कुनै राम्रो कपडाको चोलो र जामा पनि लगाई दिने परम्परा छ। लुगा र सिङ्गारपटार जसरी गरेको भए पनि सेतो पटुका (जनी) कम्मरमा बाधेर पटुकाका दुई टुप्पाहरू भुइँमा छोडी लर्तान लगाएर नगर परिक्रमा गराउने परम्परा रहेको छ। मान्छेका दुईवटा मात्र खुट्टा भएकाले सेतो पटुकाको कपडा भुइँमा लतारेर गाईको जस्तै चार खुट्टा बनाएर पठाएको हो भन्ने जनविश्वासको आधारमा नगर परिक्रमा गराउने परम्परा रहेको छ। गाईका चारवटा खुट्टाको प्रतीक स्वरूप यो दुई वटा पटुकाको टुप्पो भुइँमा लतारेर मान्छेलाई पनि चार खुट्टे जनावर गाईको स्वरूपमा नगर परिक्रमा गराउने परम्परा देखिन्छ। कसै कसैले गाईको भेषमा जानेलाई रङ्गिचङ्गी कपडाका जामा र लुगा लगाई दिने पनि गर्छन्। भक्तपुरतिर भने गणेशको फोटो वा चित्रलाई माथि राखेर परालको सिङ्ग दुई वटा राखेर घुमाउने परम्परा छ। पिरङ्गी टोपीलाई कपडाले बेरेर पटुका जस्तो गरी लामो पारेर लामो गाई (ताहाः सा) बनाएर जात्रा गरेर नगर परिक्रमा गर्ने पनि चलन छ। जसलाई ताहाम्ह साया वा ताहामचाया जात्रा भनिन्छ। गाईको रूपमा देशका नगरहरू घुमेर आएकाहरू घरको

मूल ढोकामा वा कुमार ढोकामा (पिखालखुईमा) राखेर घरको जेठी छोरी अथवा आइमाई ( हाःमा) द्वारा उनीहरूलाई भित्र्याउने गरिन्छ । उनीहरू (गाई भेषमा जानेहरू) को बाटो भरि भुइँमा लतारेर आएको सेतो पटुका (कपडा) गाईको खुट्टाको रूपमा लिएर विष्णु पादुका( क्वलाय्/पिण्ड पात्र) मा धुने र पखाल्ने गर्छन् र खुट्टा धोएको पानी खाने गर्दछ । अनि जल छर्केर बत्ती दिई पूजा गर्दै घरमा स्वागत गर्दै भित्र्याउने चलन छ । यसरी घरको ढोकामा राखेर विधिपूर्वक भित्र्याउनेलाई वैतरणी घुमेर स्वर्गमा भित्र्याउने पनि भनिन्छ । यसको अर्थ देशका विभिन्न नगर परिक्रमा गरेर आउँदा फोहर कुल्चेर आउने र फोहरमा भएको विषालु कीटाणुहरू आउने हुँदा सफासुग्घर गर्नका लागि यी भुइँमा लतारेर ल्याएको कपडा धुने वा पखालेर घरभित्र भित्र्याउने गरेको हो र साथै उसको हात र खुट्टा पनि राम्रोसँग धोइदिने (धुने) गरेबाट यो स्पष्ट हुन्छ । यसरी गाई वा गाई भेषधारी जाने मान्छे देशको नगर परिक्रमा गरेर घरमा भित्र्याइसकेपछि मात्र घरको मूली (हाःमा) ले खाने गर्छ । गाई वा गाई भेषधारीसँग सँगै नगर परिक्रमा गर्ने व्यक्ति पनि दिनभरि भोकै भएर व्रत बसेर घरमा भित्र्याइसकेपछि मात्र खाना खाने गर्छ भने गाई वा गाईभेषमा नगर घुम्न जाने बच्चा वा व्यक्तिले चाँहि भोकै बस्नु पर्दैन । उसलाई घरैमा खुवाएर पनि नगर परिक्रमा गर्न पठाउने गर्छ भने बाटोबाटोमा मृतकको नाममा दान दिइराखेको रोटी, फलफूल, रस, दुध, जुस आदि खानेकुराहरू दिइन्छ । गल्ली र बाटामा भोक लाग्न सक्छ भनेर घरबाट खानेकुराहरू दिएर पठाउने चलन पनि छ । यसरी मृतकका घरबाट मृतकका नाममा गाई वा गाईको प्रतीक स्वरूपमा एकचोटि नगर परिक्रमा गरेर घरमा भित्र्याइसकेपछि नगर घुम्ने कार्य सकिन्छ ।[१६]

“गाईजात्राको दिन मृतकका नाममा गाईलाई नगर परिक्रमा गर्न पठाउँदा रामायणको कथाका आधारमा लयमा एकैनासमा गीत गाउने, भजन कीर्तन गरेर सँगसँगै पठाउने पनि गरिन्छ । यो जङ्गबहादुर राणाको पालादेखि चलिआएको संस्कार हो । रामायण गाउन लगाउने वा भजन गर्ने भनेर राम, लक्ष्मण र सीताका जीवनमा घटेका घटनाको कुरा सँगसँगै मृतकको नजिकको भएर गएको व्यक्तिको राम्रो बानी व्यवहार, विशेषता र गुणहरूको विशेष रूपमा

[१६] चुन्दा बज्राचार्य, नेवाः तजिलजिइ नखःचखः,( काठमाडौंः नेपाल भाषा एकेडेमी, वि.सं. २०५७ ) पृ.५६ - ५९ ।

बयान गरेर करूण रसले युक्त मनभित्रै छुने गरी भजन कीर्तन गर्ने भएकाले दर्शकहरूको मनै करूण बनाउँछ । भजन कीर्तन गरी आउने टोली वा समूहहरू कति मोटरमा, कति रिक्सामा, कतिले त बाजा नै ठेलागाडीमा राखेर बाजा बजाउँदै मुख्यमुख्य ठाउँमा वा टोलटोलमा एकछिन रोकिँदै  रामायण भजन कीर्तन गर्दै, लयमा गाउँदै अघि बढ्छन् । रामायणको भजन कीर्तन बिहानदेखि नगर परिक्रमा गर्दै मुख्य मुख्य ठाउँमा देखाउँदा बेलुकासम्म पनि गाएर घुमाउन लग्ने पनि गरिन्छ । यसरी भजन कीर्तनसहित नगर परिक्रमा सकेपछि टोलटोलमा केराउ, छुस्या, मुस्या, फलफूल आदि दान दिएर प्रसाद स्वरूप खाने चलन छ" ।[१७] कसै कसैले मृतकका नाममा गाईको प्रतीक स्वरूप गाईको भेषमा जाने भए पनि गाईको भेषमा नगईकन सन्यासीको भेषमा नगर परिक्रमा गर्ने पनि परम्परा छ । यसरी सन्यासी स्वरूपमा जाँदा पीताम्बरको धोती लगाएर चिम्टा, कमण्डलु र कमलको (पलस्वां) फूल हातमा लिएर नगर परिक्रमा गर्ने संस्कार छ । गाईको प्रतीक स्वरूप नगईकन सन्यासी भएर जाने भनेको आफ्ना जहान (जीवन साथी) को मृत्यु भएर दुःखी र विरक्त भई सन्यासी जीवन बिताइरहेको छु भनी सन्यासीको प्रतीक स्वरूप सन्यासी भेषमा नगर परिक्रमा गरी दुःख व्यक्त गर्नु हो भने कोही कोही मेरो फलानाको मृत्यु भयो उसको औषधी र रेखदेख गरेर आफू जोगीसरह भयो अथवा आफ्नो फलानाको मृत्यु भएको कारण मेरो मन वैरागी र दुःखी भयो भनेर नक्कली जटा टाउकामा बेरेर, हातमा कमण्डलु, चिम्टा, पिण्ड पात्र लिएर जोगी भेष गरी नगर परिक्रमा गरी हिँड्ने गर्दछ । कुनै घरमा त्यो वर्ष एक जना भन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने कति जनाको मृत्यु भएको हो तिनीहरू प्रत्येकको नाममा एक एक जनाको दरले गाई वा गाईको प्रतीक स्वरूप बालकलाई गाईको भेष बनाएर नगर परिक्रमा गर्न पठाउने परम्परा छ । कुनै कुनै घरबाट मृतकका नाममा कृष्ण, रुक्मिणी, सत्यभामा र बलभद्र गरी चार देवताको प्रतीक स्वरूप भेषमा पङ्क्तिवद्ध तवरले सजाएर नगर परिक्रमा गराउँछन् । कसै कसैले जोगी, फकिर, आदि विभिन्न हास्यव्यङ्ग्य रूपको विभिन्न मुखमा रङ्ग र माटो लगाएर मुखको रूप नै फेरेर नगर परिक्रमा गर्न पठाउने गरेको पाइन्छ ।

---

[१७] वज्रमुनि वज्राचार्य (३७) सँगको कुराकानीमा आधारित ।

गाईजात्राको दिनमा मृतकका नाममा जात्रा गर्दै नगर परिक्रमा गर्नु भन्दा अगाडि आआफ्ना पुरोहितले/गुरुज्यूले गाई वा गाईको प्रतीक स्वरूपमा गाई भेषधारी जानेहरूलाई बिहान पूजा सकेपछि मात्र सहरका नगरहरू परिक्रमा गर्न पठाउने चलन छ । पहिला पहिला राजदरबार अगाडि जम्मा भएर मल्लकालमा बनेको सहर बस्तीभित्र मात्र परिक्रमा गर्ने भए पनि अहिले टोल टोलको एक निर्दिष्ट ठाउँमा जम्मा भएर समूहमा मिलेर नगर परिक्रमा गर्ने गरिन्छ । गाईजात्राको दिन मृतकका नाममा गाईलाई प्रर्दशनमा पठाउँदा गाईलाई पनि पीताम्बरको धोती ओढाएर पूजा गरी मिठोमिठो खान दिएर नगर घुमाउने संस्कार छ । गाईजात्राका दिनमा गाईलाई मृतकका नाममा नगर घुमाउन पठाउने वा प्रदर्शन गरेर पठाउनाको अर्को एउटा कुरा पनि रहेको छ । आआफ्नो घरमा आफन्तको मृत्यु हुनाको कारण आफन्तहरूको हेरविचार नभएकाले वा नपुगेर हैन, बिरामी हुँदाका समयमा उसलाई राम्रोसँग हेरविचार गरेर तागतिलो गाईको दुध पिलाएर पालिराखेको भए पनि बिरामीबाट बच्न सकेन भनेर विरामीलाई गाईको दुध पिलाई पालेर राखेको हो भन्ने प्रमाणका आधारमा यो गाईजात्रा मनाउँदै आएको हो भन्ने भनाइ पनि पाइन्छ ।[१८]

कसै कसैका मृतकका आफन्तहरूले जनैपूर्णिमाको राती ललितपुर पाटनको यमद्वार अर्थात् जन्मद्वार भन्ने ठाउँमा गएर पूजा गरी सकेपछि त्यस देवताको मोहनी टीका ल्याएर गाईजात्रामा आफ्नो घरबाट मृतकका नाममा पठाउने भेषधारी गाईलाई टीका लगाइदिए पछि मात्र गाईजात्रामा नगर परिक्रमा गर्न पठाइन्छ । त्यो टीका नलगाई गाई भेषधारी मान्छेलाई नगर परिक्रमा गर्न पठाउने चलन अहिले लोप हुँदै गएको छ । त्यसैले राती नै पाटनमा गएर बिहान नहुँदै आआफ्ना घरमा आइसक्नु पर्दछ र त्यो टीका मृतकका नाममा गाई भेषधारीहरूलाई लगाई दिएर मात्र नगर परिक्रमा गर्न पठाउने गरिन्छ । अहिले कीर्तिपुरका मृतकका आफन्तहरू पाटनको यमद्वार भन्ने ठाउँमा पूजा गर्न जाने चलन लोप हुँदै गएको छ ।[१९] यो गाईजात्रा रोपाइँ सकेर फुर्सदका समयमा मनाउने भएकाले कतै कतै दुई तिन दिनसम्म

---

[१८] बज्राचार्य, पूर्ववत् पादटिप्पणी सङ्ख्या (३) पृ. ५६ ।

[१९] श्रीकृष्ण महर्जन (४१) लायकुमा बस्नेसँगको कुराकानीमा आधारित ।

रोपाई गर्ने तरिकाले एकदिन गोरु जोतेर धानका बीउ राख्ने र अर्को दिन रोपाई गरेर विभिन्न तरिकाले ठाउँ अनुसार मनाउने पनि चलन छ ।

गाईजात्राको दिनमा गोसाइ वा जोगीको भेषमा पनि पठाउने गरिन्छ । यस भेषमा पठाउनु परेमा केटा वा बच्चालाई जोगीको भेषमा शृङ्गारपटार गरी जोगीको जस्तो लुगा वा पीताम्बर लगाई दिएर कमंण्डलु चिम्टा र पिण्ड पात्र वा कचौरा हातमा दिई पठाउने गरिन्छ । विशेष गरेर घर निर्माण गरी सकेपछि कीर्तिपुरमा गाईजात्राका दिन नगर परिक्रमा गर्न गोसाइ भेषमा ब्रतबन्ध नगरेका बालकलाई पठाउने गरिन्छ ।

पहिले पहिले मल्लकालतिर कीर्तिपुरमा पनि काठमाडौँ, पाटन, भक्तपुरमा जस्तै कीर्तिपुरको दरबार क्षेत्र लाय्कुमा सबै मृतकका नाममा नगर परिक्रमा गर्नेहरू जम्मा भएर गाईजात्रा सुरु गरी मनाउने चलन देखिन्छ । त्यतिबेला यसरी मृतक्का नाममा नगर परिक्रमा गर्नेहरू सबैजना कीर्तिपुरको लाय्कु दरबार क्षेत्रमा भेला भएर (थामुने गर्दै) थाचिने गर्नेलाई कीर्तिपुरको देय् गुठीले मुख्य तीर्था ख्वापा दिएर अग्रपङ्क्तिमा राखेर उसको पछि पछि अरू तीर्था ख्वापा लगाउनेहरू र मृतकका नाममा नगर परिक्रमा गर्न जाने गाई, कृष्ण, जोगी आदि भेषधारीहरूलाई पछिपछि लगाएर नगर परिक्रमा गर्न लगाउने जानकारी छ । तर, पृथ्वीनारायण शाहको आक्रमणपछि भने लाय्कुबाट गाईजात्रा सुरु नगरिकन थाचिने गर्ने टोलबाट गाईजात्रा सुरु गरेर कीर्तिपुर नगर परिक्रमा गर्न थालेको पाइन्छ । वि.स. २०४६ भन्दा अगाडि सम्म मृतकका नाममा एकल गाई, जोगी, कृष्ण आदि भेषधारीहरू पनि नगर परिक्रमा गर्दा एकै ठाउँमा अथवा थाचिने गर्ने टोलमा जम्मा भएर लहरै लागेर कीर्तिपुर नगर परिक्रमा गर्ने गर्दथे । तर, अहिले मृतकका नाममा एकल गाई, जोगी आदि भेषमा नगर परिक्रमा गर्न आउनेहरू सबैजना एकै ठाउँमा जम्मा नभइकन छुट्टाछुट्टै आआफ्नै टोलको गणेश पूजा गरी आफ्नै टोलबाट नगर परिक्रमा सुरु गरेर अन्तिममा आफ्नै घरमा भित्रिएपछि नगर परिक्रमा सकिने गर्दछ । यसले गर्दा कोही अगाडि, कोही पछाडि त कोही दिउँसो मात्र मृतकका नाममा नगर परिक्रमा गर्न आउने देखिन्छ । यसरी गाईजात्रा मनाउने तरिकामा समय र परिस्थिति अनुसार वर्षैपिच्छे राजनीतिक परिवर्तनका साथसाथै परिवर्तन हुँदै गइरहेको देखिन्छ ।

### ३.२.१. गाईजात्रा

प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदाका दिन गाईजात्रा महोत्सव (पर्व) प्रारम्भ हुन्छ । यो गाईजात्राको पुण्य अवसरमा गाईजात्रा भाद्र पद कृष्ण पक्ष वा गुलाँगा पारुदेखि नौ दिनसम्म विभिन्न कार्यक्रम गरी मनाइन्छ । भाद्र कृष्णपक्ष पारुको दिनमा परिवारमा एक वर्षभित्र कोही सदस्यहरू मरेका छन् भने उक्त परिवारबाट एक एक जना मान्छेलाई गाईको प्रतीकका रूपमा सिङ्गार गरी आफ्नो टोलको गणेश स्थानमा पूजा गरेर देश परिक्रमा गराइन्छ (चित्र नं. ४०) ।

गाईको पुच्छर समाती मृतक व्यक्ति वैतरणी नदी तर्ने धार्मिक पृष्ठभूमिका आधारमा यसको नाम गाईजात्रा रहन गएको जनविश्वास रहेको छ ।[२०] हिन्दूहरूको मान्यता अनुसार वर्षभरि मरेका मृतकहरू सबै त्यस दिनमा बन्द भएको यमराजको द्वारको ढोका सबै मृतकका आत्मालाई खुल्ला हुन्छ र गाईको सिङद्वारा यमद्वार खोलेर सजिलैसँग पितृलोक वा स्वर्गलोक पुग्छ भन्ने जनविश्वास रहेको छ । त्यसबेला गाईको प्रतीक स्वरूप पठाएका गाईका सिङद्वारा उक्त स्वर्गको ढोका खोल्नका लागि उक्त पर्व मनाएको पनि मानिन्छ । गाईजात्राको पारुको दिनलाई नेवारी भाषामा सापारू भनिन्छ । सा को अर्थ गाई हो भने पारूको अर्थ पर्व (जात्रा) मनाउने भन्ने बुझिन्छ । बौद्ध धर्मावलम्वीहरूमा भने गाई वा गाईको प्रतीकको रूपमा पठाउने गरिँदैन । उनीहरूले "गुँला" धर्म मान्ने गर्दछ । जुन मृतकका आत्माको सुख, मङ्गल र चिर शान्तिको कामना गर्दै सतु पूजा गर्ने, बत्ती दिने परम्परा छ र बौद्ध धर्म अनुसार बौद्ध शीलको पालना गर्ने गरिन्छ ।

---

२० ......,"परम्परागत गाईजात्रा पर्व प्रारम्भ" **कान्तिपुर,** ( काठमाडौं: ४:१९३, भदौ १४, वि.सं. २०५३ ) पृ १ ।

### ३.२.२. रोटी, केराउ, फलफूल द्रव्य दान आदि दिने कार्यहरू

आफ्ना मृतकको आत्मा र पितृहरू तरोस् अथवा भूतप्रेतहरूलाई खुसी पार्न, पितृ यज्ञको एक स्वरूपको रूपमा नेवार जनसमुदायहरूले गाईजात्राको दिनमा पितृहरूलाई सम्झने गर्दछन् । त्यसैले यस दिनमा दान, दक्षिणा दिई पशु र गरिबहरूलाई भोजन गराउने, खाना खुवाउने पनि गरिन्छ । यसरी अदृश्य शक्ति माथिको विश्वास गर्दै पितृ, भूत, प्रेत आदिहरूले नसताउन् भन्ने विश्वासले गाईजात्राका दिनमा मृतकका नाममा मृतकको घरबाट खुवाउने चलन परम्परादेखि रहेको छ । मृतकका नाममा मृतकका घरबाट वा परिवारबाट गाई वा गाईको भेषधारी विभिन्न भेषमा नगर परिक्रमा गर्न पठाउने बित्तिकै घरका परिवारहरूबाट कम्तिमा पनि वर्षभरिका लागि ३६५ वटा स्वारी, मालपुवा, रोटी, पकाएर दान दिने गरिन्छ । यसरी रोटी, स्वारी, मालपुवा, फलफूल, गेडागुडी, द्रव्य, पुरी, केराउ, दुध आदि टपरीमा राखेर वा प्लास्टिकमा पोको पारेर राखेको पोको मृतकका नाममा नगर परिक्रमा गर्न आउनेहरू प्रत्येकलाई एउटाको दरले एउटा एउटा टपरी वा पोका दिएर पठाउने (खुवाउने) चलन छ भने कसै कसैका मृतकका घरबाट दुध, फलफूल, फलफूलको जुस (रस), पानी, द्रव्य आदि इत्यादि मृतकका नाममा नगर परिक्रमा गर्न आउने प्रत्येकलाई दान दिएर पठाउने गरिन्छ । यो गाईजात्राका दिन मृतकका आफन्तहरूले मात्र नभई पुर्खाहरूका नाममा वर्षको एकचोटि श्रद्धा, भक्ति, भाव मनमा राखेर सधैँ स्वर्गमा बास होस् भनेर आफ्नो इच्छा अनुसार श्रद्धापूर्वक आफूले सक्ने जति आफ्नो दक्ष अनुसार मृतकका नाममा नगर परिक्रमा गर्नेहरूलाई द्रव्य आदि दान दिएर जुस, दुध पिउन दिने गरिन्छ । बिहानदेखि दिउँसोसम्म मात्र मृतकका नाममा गाई भेषधारीहरूलाई नगर घुम्न आउनेहरूलाई दान दिने गरिन्छ । यसरी मृतकको नाममा दान गर्नाले आफन्तका मृतकको आत्माले प्राप्त गर्ने गर्दछ भन्ने जन विश्वास रहेको छ । जुन परम्परा प्रताप मल्ल राजाका पालादेखि चलेको हो भने यो दिनको साँझपख टोल टोलको प्रत्येक घरधुरीबाट छुस्याः मुस्याः र फलफूल एक निर्दिष्ट ठाउँमा डालामा वा बाटामा, भाडामा जम्मा गरेर प्रसाद स्वरूप बाँडेर खाने चलन छ (चित्र नं. ७०) । जुन परम्परा कहिलेदेखि चलेको हो भनेर अनुसन्धान नगरिकन यकिनकासाथ भन्न सकिने अवस्था छैन । कसै कसैले यो टोलटोलमा दान दिएर प्रसाद स्वरूप खाने चलन भगवान् बुद्धले मार विजय प्राप्त गरेको

दिनको खुसीयालीमा प्रसाद खाएर मनाएको हो भन्ने पनि पाइन्छ । कसै कसैले राजा बलिराजाका पालादेखि चलिआएको हो पनि भन्दछन् । बलिराजाले यज्ञ गर्नु अगाडि बलिराजालाई विष्णु भगवान्ले ब्राह्मणरूपमा आएर तिन पाइला दान मागेको एक पाइला स्वर्गमा, एक पाइला पृथ्वीमा र तेस्रो अर्को पाइला बलिराजाको टाउकामा राखेर बलिराजालाई पाताल पुऱ्याएपछि भगवान् विष्णुले तिम्रो अन्तिम इच्छा के छ भनेर सोध्दा बलिराजाले मैले जस्तै अरूले पनि दान दिएको हेर्न पाँऊ भनेकाले भगवान् विष्णुले हुन्छ भनेका सन्दर्भ पनि जोडिएको छ । त्यसैले यो जनै पूर्णिमाका दिनमा हातमा जनै बाँधेर बलिराजालाई दान दिएको हेर्न निमन्त्रणा पठाइएको हो र त्यसको भोलिपल्ट सबै टोलटोलमा मान्छेहरूले दान दिएर छुस्याः मुस्याः फलफूल आदि प्रसाद स्वरूप बाँडेर खाने गरेको हो पनि भनिन्छ । यो दिन बलिराजा घुम्न आउने भएकाले सबै ठाउँमा टोलटोलमा प्रत्येक घरका मानिसहरूले दान दिई प्रसाद स्वरूप खाने गरिराखेको हो भन्ने परम्परा छ । यो चाहिँ अहिलेसम्म पनि मान्छेहरूले दान दिन छोडका छैनन् भनेर बलिराजालाई देखाइएको हो । बहा-बहील, मठ-मन्दिर, देव देवीको मूर्तिहरूमा मतःया वा दिप प्रज्वलन गरेर फलफूल, मसला, रोटी, खानेकुरा, द्रव्य आदि दान दिएर खाने गरेको चाहि बौद्ध धर्म अनुसार भगवान बुद्धले मार विजय प्राप्त गरेकोले खुसीयाली मनाएको भन्ने उल्लेख छ (चित्र नं. ७१) ।[२१]

### ३.२.३. गाईजात्राको हास्यव्यङ्ग्य कार्यक्रम

नेपालमा मनाइने जात्रामध्ये गाईजात्राले विशेष महत्त्व राख्छ । मुख्यतः नेवार समुदायहरूले धेरै पहिलेदेखि मनाउँदै आएको यो जात्रा लामो समयसम्मको सांस्कृतिक एवम् सामाजिक सहकार्यको फलस्वरूप काठमाडौँमा त ब्राह्मण, क्षेत्री आदि विभिन्न जातिहरूले पनि मनाउने गरेको देखिन्छ । ललित बिस्तार नामक बौद्ध ग्रन्थका आधारमा गाईजात्राको दिनमा गरिने प्रदर्शन र हास्यव्यङ्ग्यहरूलाई बुद्धको तपस्या भङ्ग गर्न त्यतिबेला गरिएका होहल्लासँग गास्ने प्रयत्न गरेर गाईजात्रा पर्वलाई २५०० वर्ष भन्दा पनि पहिलेदेखि चलिआएको प्रचलन

---

[२१] वज्रमुनि वज्राचार्य (३७) सँगको कुराकानीमा आधारित ।

सिद्ध गर्न खोजेको छ । तर, गाईजात्राको हास्यव्यङ्ग्य गर्ने प्रचलनका सम्बन्धमा मल्लकालीन राजा कवीन्द्र प्रताप मल्लका शासन कालमा एकपटक काठमाडौँ उपत्यकामा बिफरको महामारीका कारण धेरै मानिसहरूको मृत्यु भयो । शितला (बिफर) को प्रकोपले सानै उमेरका एउटा राजपुत्रको पनि देहावसान भयो । राजकुमारको मृत्युबाट रानी सारै दुखी भइन् , त्यसैले राजाले रानीलाई सान्त्वना दिन गाईजात्रा निकाल्ने युक्ति गरेका थिए । केही गर्दा पनि रानीको चित्त शान्त नभएको र झनझन चिन्ता ग्रस्त भएको देखेर राजाले अर्को राजाज्ञा प्रसारित गरे । "जसले हाम्री नारीको शोक हरण गर्न सक्छ र उनलाई कुनै पनि तरिकाले हसाउन सक्छ त्यस व्यक्तिलाई दरबारबाट प्रशस्त इनाम र मान सम्मान दिइने छ । त्यसलाई जस्तो सुकै लुगा लगाउन र हास्यव्यङ्ग्यको भाषा बोल्न पनि छुट दिइने छ । त्यति बेला प्रदर्शन गरेको अभिनय वा अन्य क्रियाकलाप वा बोलीलाई लिएर कुनै प्रकारको आपत्ति जनाइने छैन ।" उक्त उर्दी अनुसार टोलटोलबाट सहरका मानिसहरू हास्यात्मक शैलीमा अनर्थक बोली बोल्दै र असङ्गत लुगा लगाएर विचित्र प्रकारको हाउभाउका साथ सामाजिक कुरीति एवम् प्रशासनिक विसङ्गति वा अन्य कुनै अन्यायपूर्ण कार्यप्रति तीक्ष्ण व्यङ्ग्य वाण प्रहार गर्दै हनुमान ढोका अगाडिबाट हुलका हुल भएर हिँड्न थाले । तिनीहरूको बिलक्षण भेषभूषा र मुख बिगारेर फलाकिरहेको अनौठो भाषण तथा अस्वाभाविक ढङ्गको हिँडाइ देखेर सबै मानिसहरू पेट मिचीमिची हाँस्न थाले । मानिसहरूले गरिरहेका यी विचित्र क्रियाकलापहरू देखेर रानीले पनि आफ्नो हाँसो थाम्न सकिनन् । रानी हाँसेको देखेर राजा अत्यन्त प्रसंन भए । उनले अर्को झ्याली पिटाए "अबदेखि हरेक भाद्र कृष्ण प्रतिपदाका दिनमा यस्ता प्रकारको हास्यव्यङ्ग्य एवम् अमोदप्रमोदका साथै गाईजात्राको झाँकी निकालेर भव्य समारोहका साथ मनाउने परम्परा कायम गरिने छ ।" भनिन्छः त्यसै बेलादेखि काठमाडौँ उपत्यकामा गाईजात्रा निकाल्ने परम्परा बसेको हो ।[२२]

हास्यव्यङ्ग्यका माध्यमबाट प्रकट गर्ने जस्तोसुकै कार्यलाई पनि कानुनी रूपमा छुट दिएर राजा स्वयम्ले जनताको दुःख, पीर, मर्का बुझ्न र कहाँ केकुराको कमी छ भनेर पत्ता लगाउन गाईजात्रा जस्तो पर्वलाई उपयोगमा ल्याउन खोजेको अनुमान गर्न सकिन्छ । जेहोस, यो

[२२] पी.एन.ज्ञवाली, "विसङ्गति माथि व्यङ्गः गाईजात्रा" **कान्तिपुर,** ( काठमाडौंः ४: १९२, भदौ १३, वि.सं. २०५३ ) पृ. ४ ।

गाईजात्रा मृतकको आत्माको चीर शान्तिको कामना गर्ने र उसको अनन्त यात्रा पथमा आई पर्ने व्यवधान हटाउन र हास्यव्यङ्ग्य विधाद्वारा जनमनोरञ्जन गराउनका निमित्त आयोजना गरिएको नियमित वार्षिक चाडजस्तो देखिन्छ। यसले नेपालीहरूको सामाजिक, सांस्कृतिक एवम् धार्मिक जीवनमा सामञ्जस्यता र सहिष्णुताको भावना विकसित मात्र नगराई हाम्रो उदार मानसिकता तथा पारस्परिक सद्‌भावनालाई बचाइ राख्न ठूलो योगदान पुऱ्याउने भएकाले हामीहरूले यस्तो जात्रा एवम् चाडपर्व मनाउने उत्सुकतामा कमी ल्याउनु हुँदैन। [२३]

जनताहरूले वा प्रजाहरूले राजा, प्रशासक, मन्त्री जस्तो उच्च पदासीन व्यक्तिहरूको समेत हास्य व्यङ्ग्य गर्ने, छड्के तिखो आलोचना गर्न पाउने नियम बनाएर हास्यव्यङ्ग्य रूपमा कार्यक्रमहरू जस्तै नाटक मञ्चन, वादविवाद, गीत, सम्वाद, सडक नाटक आदि विभिन्न क्रियाकलापद्वारा प्रस्तुत गर्न आठ दिनसम्म छुट दिई सरकारले समात्न नपाउने व्यवस्था गरी गाईजात्रा मनाउने चलन चलाएको पाइन्छ। यस प्रकारको हास्यव्यङ्ग्यात्मक कार्यक्रमलाई नेवार भाषामा ख्याल, ख्याः खी, नी, कःतु आदि भन्ने गरिन्छ। यो हास्यव्यङ्ग्य कार्यक्रम राजनीतिक, धार्मिक, सामाजिक, पौराणिक आदि विषयको हुन्छ। कुनै एकदम कर्तुत कर्मको पर्दाफास गर्ने वा पोल खोली समाज सामु अर्थात् आम जनता सामु प्रस्तुत गरी देखाउने गरिन्छ। कुनै एकदम मनै रूवाउने खालको हुन्छ। कुनै कुनै एकदम पेट नै मिचीमिची हसाएर मनोरञ्जन दिने खालको हुने गर्दछ।

वर्षभरि देशमा र समाजमा भएको दूषित राजनीतिक, सामाजिक, धार्मिक, पौराणिक, व्यक्तिगत, अन्याय, अत्याचार, घुसखोरी, अपराध जस्तो कर्तुत र दूषित घटनाहरूलाई हास्यव्यङ्ग्य रूपमा पर्दाफास गर्ने, पोल खोल्ने आदि जस्तो कार्यक्रमहरू बनाएर आम जनताहरूले भाग लिएर समाजका अगाडि नै खुल्ला रूपमा प्रस्तुत गरी समाजमा नैतिक शिक्षाको र सजायको बोध गराउने पनि गर्दछन्। यस हास्यव्यङ्ग्य कार्यक्रममा जनता स्वयम् शक्तिशाली भएर जनताले नै न्यायनिसाफ गर्ने अधिकार प्राप्त हुने भएकाले यो साहित्यक

---

[२३] ज्ञवाली, पूर्ववत् पादटिप्पणी संख्या (९) पृ.४।

पर्वलाई लोकतान्त्रिक पद्धतिको रूपमा पनि लिन सकिन्छ । राजा, मन्त्री र ठूलावडा उच्च पदासीन व्यक्तिहरूलाई सामान्यतया सर्वसाधारण जनताले जस्तो सुकै अत्याचार र अन्याय गरे पनि तिनीहरूले आफ्नो अगाडि औंला उठाउन पनि सक्दैनन् । जसले गर्दा खेरी ठुलावडा, उच्च, पदासीन व्यक्तिहरूले र आम जनताहरूको दूषित कर्मकाण्डका बारेमा गाईजात्राको दिनदेखि आठ दिनसम्म हुने हास्यव्यङ्गय कार्यक्रममा समाजको अगाडि पोल खोल्ने, यसरी बेइज्जत हुने र इज्जत जाने डरले कसैले पनि समाजलाई दूषित बनाउने क्रियाकलापहरू (जस्तैः सामाजिक अपराध, यौन शोषण, घुसखोरी अन्याय र अत्याचार आदि इत्यादि) गर्ने गर्दैन वा डराउने गर्दछ । त्यतिबेला यस्ता कार्यक्रमद्वारा समाजमा दण्ड र सजायको भागिदार समेत नाटकीय रूपमा व्यवस्था गर्ने गरिन्थ्यो । यसरी यस समाजलाई दूषित बनाउन कम गरी शुद्ध बनाई राख्नका लागि यस्तो किसिमको हास्यव्यङ्गय गतिविधिहरूले देशमा, समाजमा एकदम महत्त्वपूर्ण भूमिका पूरा गर्ने गरेको छ । पहिले पहिले यस्ता किसिमका कार्यक्रमहरूको टोलटोलबिच प्रतियोगिताहरू गरेर प्रशासन, क्लब वा समूहबाट पुरस्कारका व्यवस्था पनि गर्ने गरेको पाइन्छ ।

अहिले आएर गाईजात्राको दिनदेखि आठ दिनसम्म हुने हास्यव्यङ्ग्य कार्यक्रमका गतिविधिहरू बिस्तारै बिस्तारै लोप नै हुने अवस्थामा पुगेका छन् । अहिले कानुनी रूपमा पनि यस कार्यक्रमको लागि शान्ति र सुरक्षाको व्यवस्था त्यति राम्रोसँग नभएका कारणले गर्दा यी गतिविधिहरू बिस्तारै बिस्तारै एकपछि अर्को गर्दै हराउँदै गएको पाइन्छ ।

गाईजात्रापर्व मूलतः साहित्यसँग सम्बन्ध छ । साहित्य समाजको ऐना हो । साहित्यमा पनि उत्कृष्ट विधा भनेको ख्यालः वा हास्यव्यङ्ग्य हो । ख्यालः आम जनताले भाग लिन सक्ने जनकला हो । गाईजात्राको दिनदेखि आठ दिनसम्म यस्तै किसिमको ख्यालः नाचगान समाज सामु वा जनता सामु प्रस्तुत गर्ने गरिन्छ । उपत्यकाभित्र पनि ख्यालः प्रदर्शन गर्ने तरिकाहरू फरक फरक छन् । गाईजात्रामा प्रदर्शन गरिने ख्यालः हास्य र व्यङ्ग्य मिश्रित, भेषभूषामा सुसज्जीत हुनाका साथै सडक नाटक जस्तै बिना स्टेज, डबली, दोबाटा, चौबाटाहरूमा प्रदर्शन गरिन्छ । ख्यालःमा पात्र, संवाद, अभिनय विषयवस्तु हुनाका साथै आवश्यकता अनुसार भेषभूषा लगाउने, मुकुन्डो लगाउने गर्नाका साथै मुखमा वा अनुहारमा रङ लगाउने वा माटो डलेर

विभिन्न मुखाकृत बनाएर आदि विभिन्न प्रकारबाट आउने गर्दछन् । सामान्यतयाः काठमाडौं उपत्यकामा सापारू वा गाईजात्राको बेलामा दखाइने ख्यालः यसै प्रकृतिका हुन् । तर, दक्षिण पश्चिम अवस्थित कीर्तिपुरमा सापारू र गाईजात्राको आठ दिनमा ख्याल:सँग सम्बन्धित अन्य राजनीतिक र साहित्यिक गतिविधिहरू पनि मञ्चन हुने गर्दछ । कीर्तिपुरको आफ्नै मौलिकपन बोकेको हास्यव्यङ्ग्यात्मक रूपमा प्रस्तुत हुने 'कःतु' सडक नाटक वि.सं. २००७ पछि र 'नायखिं च्वयेकेगु' जस्तो प्रख्यात ख्याःल कार्यक्रम वि.सं. २०४६ पछि पूर्ण रूपमा लोप नै भैसकेको छ भने अन्य साधारण ख्यालः र हास्यव्यङ्ग्य कार्यक्रम फाट्टफुट रूपमा अहिलेसम्म भइ नै रहेको छ ।[२४] यी बाहेक कीर्तिपुरमा गाईजात्राको दिनमा मात्र प्रत्येक वर्ष प्रदर्शन गरी देखाउने प्रसिद्ध नाच " धे धे पा पा " नाचको बिचबिचमा पनि मिश्रित रूपमा हास्यव्यग्य प्रस्तुत गरिन्छ । यो नाच जुन जुन टोलमा नचाउने गर्दछ त्यहाँ अर्को सामाजिक सडक नाटक 'बुई धौ बजी नकवनेगु र मचायात दुरु त्वकवनेगु' हास्यव्यङ्ग्य रूपमा प्रदर्शन गरी देखाउने गरिन्छ । यसले कीर्तिपुरको गाईजात्राका दिनमा थप मनोरञ्जन प्रदान गरेको छ । यी नाटक प्रदर्शनपछि मात्र कीर्तिपुर अरू हास्यव्यङ्ग्य नाटकहरू आठ दिनसम्म प्रदर्शन गर्ने चलन रहेको पाइन्छ । तर, अहिले यी बाहेक मुस्किलले कहिले काहीँ मात्र हास्यव्यङ्ग्य कार्यक्रम र सडक नाटकहरू हुने गरेको छ ।

## ३.३. कीर्तिपुरको गाईजात्रामा गोपाली वा सापूको महत्त्वपूर्ण भूमिका

नेपालको इतिहास पल्टाएर हेर्ने हो भने नेपाल देशका आदिवासी मान्छेहरू गोपालवंशी र किराती वंशहरू नै भएको धेरै इतिहासकारहरूको भनाइ छ । इतिहासकारहरूले यिनीहरू जहाँबाट आएको भए पनि नेवार समुदायमा संलग्न भइएको भन्ने मान्यता पाइन्छ । अब नेवार समुदायको वर्गमा गोपाली भन्ने र सापू (गाई पाल्ने मान्छे) भन्नेहरू छन् । उनीहरू गोपालवंशीहरू भएको मान्यता छ । उनीहरू सबै भारतबाट कृष्णसँग आएको भनेर उल्लेख गरे

---

२४ बज्रमुनि बज्राचार्य, "गाईजात्रामा प्रदर्शन गरिने व्यंग्य साहित्य कःतू र नायखि च्वयेके" **कीर्ति अनुसन्धानात्मक पत्रिका**, ( कीर्तिपुरः वर्ष १, अंक १, वि.सं. २०६४ ) पृ ४६-४७ ।

पनि उनीहरू यहाँ नेवार जाति भएर नेवार भाषा बोल्ने र नेवारी संस्कृतिहरू मनाउँदै आइएका छन् । यहाँको संस्कृति अपनाएर बसोबास गरेर बसेको हुनाले उनीहरूले भारतीय संस्कृति लिएर यहाँ आएको हुन् भन्न मिल्दैन । त्यसैले पहिलेदेखि नेवार समुदायहरूले आफ्नो संस्कृति नेवारहरूले परम्परादेखि मनाउँदै आएको हो भन्न सकिन्छ । यो नेवारहरूको संस्कार र संस्कृति आफ्नो मौलिकता र आफ्नोपन झल्काउँदै परम्परादेखि अहिलेसम्म मनाउँदै आइरहेको पाइन्छ।[२५]

कीर्तिपुरमा पनि यी गोपाली जाति र सापू भन्नेहरू भएबाट कीर्तिपुरमा गोपालवंशी देखि नै बस्ती बस्दै आएको हो भन्ने कुरा प्रष्ट हुन आउँछ । परापूर्वकालमा उनीहरूले गाई पालेर गुजारा गर्ने सूचना पाइन्छ । नेपालको सबै जस्तो वंशावलीकारले पशुपतिको उत्पत्तिका बारेमा लेख्दा कीर्तिपुरमा रहेका नन्द गोपालीले पालेको बहुही भन्ने कामधेनु गाईले दिनदिनै दुध चढाउन जाने गर्दा खेरि पछि पशुपतिनाथ मन्दिर पत्ता लागेको हो भन्ने कुरा उल्लेख गरेका छन् ।[२६] कीर्तिपुरको आग्नेय कोणमा रहेको एउटा टोललाई हालसम्म पनि सागल टोल भनिन्छ । 'सा' को अर्थ गाई र 'गल' को अर्थ गोठ हो । अहिले पनि गाईगोठलाई सागल भनिन्छ । उनीहरूको बस्ती ग्वां पुखु (गोपाल पोखरी) निर रहेको थियो । यी गोपाली जातिहरू नै गाई पाल्ने गर्दथे । पहिले पहिले यी जातिहरूले गाई मात्र पालेर जिन्दगी गुजारा गर्थे । त्यतिबेला श्राद्ध गर्दा खेरि मृतकका नाममा ब्राम्हणलाई वा पुरोहितलाई गाई दान दिने गरिन्थ्यो भने घर शुद्ध गर्दा, विभिन्न नयाँ काम गर्दा, जन्मदिन मनाउँदा, शुभकार्यहरू गर्दा उसका नामबाट गाईलाई पूजा गरेर देश वा नगर परिक्रमा गराउने चलन देखिन्छ । यी कार्यमा गाईलाई प्रयोग गर्नका लागि गाई पाल्नेहरूकहाँ गएर गाई मागेर ल्याउने चलन अहिले पनि छ । त्यसपछि आफ्नो कार्य पूरा भएपछि उनीहरूलाई नै फर्काउने गरिन्छ । सो कार्य गर्नका लागि गोपाली वा सापूहरूलाई केही दस्तुर(रकम) दिएर गाईलाई ल्याउने गरिन्छ । कसैले धान, कसैले गँहु, द्रव्य आदि दिने पनि गर्छन् । पछि जब गोपालहरूले देशका विभिन्न कारण र परिस्थितिले गर्दा पशुपालन छोडेर कृषि पेसामा लाग्न थाले त्यसपछि गाईको रेखदेखमा कमी आएर गाईहरू मर्न

---

[२५] वलदेव जुजु, **नेवाःसंस्कृति व नेवाः दर्शन,** (ललितपुरः लोक साहित्य परिषद्, वि.स.२०५२ ) पृ. ७ ।

[२६] विष्णुलाल गोपाली (७३) सँगको कुराकानीमा आधारित ।

थाले फलस्वरूप गाईहरू पनि वर्षैपिच्छे घट्दै गएको पाइन्छ । यसले गर्दा पछि विभिन्न कार्य जस्तै जन्मदिनको लागि, अन्न प्रसाद ग्रहण र अन्य शुभ कार्यहरूका लागि गाई ल्याउन छोडियो खालि श्राद्ध गर्दा खेरि पुरोहितलाई वा ब्राह्मणलाई गाई दान दिनलाई मात्र प्रयोगमा ल्याइयो । अहिले त्यो पनि लोप भइसकेको छ । यसरी पहिले पहिले कीर्तिपुरमा मृतकका नाममा मात्र नभएर विभिन्न कार्यहरू जस्तै : बच्चालाई भात खुवाउने, घर शुद्धि गर्ने, पूजा पाठ गर्ने, जन्मदिनको उपलक्ष्यमा, ब्रतबन्ध, भीमरथारोहण (जङ्को) गर्दा आदि कार्यहरू गर्दा पनि गाईलाई पूजा गरेर, फलफूल र खानेकुरा खान दिएर देश वा नगर परिक्रमा गर्न पठाउने चलन रहेको देखिन्छ । वि.स.२०१८ भन्दा अघि सम्म उनीहरूसँग गाई मागेर मृतकका आफन्तहरूले पनि कीर्तिपुरको गाईजात्रामा मृतकको नाममा गाईलाई नगर परिक्रमा गर्न पठाउने चलन पाइन्छ । अहिले गाईलाई पूजा गरेर नगर परिक्रमा घुमाउने चलन लोप हुँदै गएको छ भने कीर्तिपुरमा रहेको एक मात्र जाति गोपाली र सापूहरू पनि लोप हुने अवस्थामा पुगेको छ ।[२७]

## ३.४.कीर्तिपुरसँगको उपत्यकाका तिन सहरबिचको सम्बन्ध

कीर्तिपुरको इतिहास पल्टाएर हेर्ने हो भने उपत्यकाका तिनवटै सहर मल्लकालसम्म कीर्तिपुरसँग घनिष्ट सम्बन्ध रहेको पाइन्छ । काठमाडौंमा सहरी रूपमा बस्ती बस्नु भन्दा पहिले नै कीर्तिपुर एउटा सुविधायुक्त नगरको रूपमा विकसित भइसकेको थियो । शाहकाल भन्दा अगाडिसम्म यी सहर बिच हरेक कुराहरूमा एक अर्कोको नक्कल गरी प्रतिस्पर्धा गर्ने चलन पाइन्छ । यी उपत्यकाका तिन ठाउँमा शासन गर्नेहरू बिच पनि हरेक कुरामा जस्तैः जात्रा चाडपर्वका साथ साथै कला, वास्तुकला निमार्ण गर्ने कुराहरूमा पनि एक ठाउँको भन्दा आफ्नो ठाउँको राम्रो बनाउने प्रयास गरिएका कारण त्यतिबेला धेरै कार्यहरू भएको पाइन्छ । त्यतिबेलाको मल्लकाल युगलाई स्वर्ण युग भनेर पनि भन्ने गरिन्छ । यसको कारण यी तिनवटै सहरका साथसाथै कीर्तिपुरमा पनि राजदरवार (लायकू) बन्यो, तलेजु मन्दिर बन्यो, उमामहेश्वर मन्दिर बन्यो, चिलंचो बन्यो, इन्द्रायणी मन्दिरमा सिंह र तोरण बन्यो, बाघ भैरवमा काष्ठ तोरण

---

[२७] गुणमाया महर्जन (६९) सँगको कुराकानीमा आधारित ।

बन्यो, लो देगः बन्यो, पञ्चबुद्ध बन्यो, पद्मपाणि बन्यो, मन्दिरहरू बनेको पाइन्छ । ने.सं.८०१ मा कोतघर बन्यो र गजुर चढाइएको प्रमाण पाइन्छ । यसरी मल्लकाल अधिसम्म कीर्तिपुरमा धेरै कार्यहरू भएको देखिन्छ । मल्लकालका राजाहरूले लोप भैसकेको तान्त्रिक सुरक्षाको निम्ति नचाउने अष्टमातृका गणनाच (इकुन प्याखँ) लाई फेरि जीवन्त दिएर नचाउने परम्परा बसाल्न थालियो । यसको कारण काठमाडौंको पचली भैरव नृत्य, न्यत अजिमा नृत्य, लुमरी अजिमा नृत्य, हल्चोकको भैरव नृत्य, थेच्वको नवदुर्गा नृत्य, कीर्तिपुरको बाघ भैरव नृत्य आदि अष्टमातृका गण नृत्यका साथसाथै देवी नाच, कुमारी पूजा, चन्देश्वरी नृत्य, हरिसिद्धिको देवी नृत्य(जल प्याखँ), आदिको थालनी भएको पाइन्छ । यी नाचहरू प्रदर्शन गर्नको लागि चोक, डबली, पाटी, पौवा आदिको पनि निमार्ण भएको पाइन्छ । त्यतिबेला एक ठाउँका नृत्यहरू उपत्यकाको अर्को सहर भित्र पनि प्रदर्शन गर्न लग्ने गरिन्थ्यो । जस्तैः कीर्तिपुरको बाघ भैरव नृत्य काठमाडौं र पाटनको विभिन्न ठाउँमा प्रदर्शन गर्न लगिन्थ्यो भने भक्तपुरको भैरवी नृत्य र धिंताङ्गकीसी त्वाःक्क गरी नाच्ने नृत्य पनि काठमाडौं र पाटनका विभिन्न ठाउँहरूमा प्रदर्शन गर्न लग्ने गरेको पाइन्छ । यस्तै काठमाडौंका नृत्यहरू पनि भक्तपुर, पाटन, कीर्तिपुरका विभिन्न ठाउँमा प्रदर्शन गर्न लग्ने गरेको सूचना पाइन्छ । यी बाहेक हरेक नाटक, संवाद, कःतु सडक नाटक, ख्याः खी र ख्यालहरू (हास्यव्यङ्ग्य कार्यक्रमहरू) पनि यी विभिन्न ठाउँमा प्रदर्शन गर्न जाने गरिन्थ्यो । जसको कारण एक ठाउँको भन्दा अर्को ठाउँको बीच के कस्तो रहेको छ भनी सजिलै अनुमान गर्न सकिन्थ्यो । एक ठाउँको भन्दा राम्रो बनाउने होडबाजीको कारण जात्रा चाडपर्वहरू पनि उपत्यकाको विभिन्न ठाउँमा आआफ्नै प्रकारले संचालन गरी मनाउने गरिएको पाइन्छ । यसरी नेवार समुदायहरूको बाहुल्य रहेको स्थानहरूमा उपत्यकाका नेवारहरूको अत्यधिक मात्रमा जात्रा चाडपर्वहरू मनाउने गरेको पाइन्छ । यसले गर्दा इन्द्रजात्रा, मच्छेन्द्रनाथको जात्रा, घोडाजात्रा, गाईजात्राहरू अहिले राष्ट्रिय जात्राको रूपमा विकास भएको पाइन्छ भने उपत्यकाका गाउँ बस्तीहरूमा पनि आआफ्नै प्रकारले साना ठूला जात्राहरू मनाउँदै आएको पाइन्छ । उपत्यकाका एक ठाउँका मान्छेहरू अर्को ठाउँमा गएर यी जात्रा हेर्ने गर्दछन् । त्यसैले यी जात्राहरू एकै महिनामा नपारेर सकेसम्म जात्रा नजुधोस् भनेर अर्को महिनामा पारेर मनाउने गर्दै आइरहेको पाइन्छ । जस्तैः काठमाडौं उपत्यकाका टोखाको चन्देश्वरी जात्रा, बलम्बुको महालक्ष्मी जात्रा, सात गाउँले विष्णुदेवी जात्रा, थानकोटको गणेश र महालक्ष्मी

सिन्दुर जात्रा, थानकोटको टाउको लुकाउने जात्रा, बनेपाको चन्द्रेश्वरी जात्रा, दोलखाको भीमेश्वर जात्रा, ठैवको फुल्चोकी माईको जात्रा, लुभुको महालक्ष्मी जात्रा, सिद्धिपुरको बालकुमारी जात्रा, भक्तपुरको बिस्केट जात्रा आदि जात्राहरूको विकास पनि यही प्रकारले भएको पाइन्छ । यही कारण नेवारहरूको बस्ती रहेको उपत्यकामा वर्षैभरि नै कतै न कतै कहीँ न कहीँ जात्रा र चाडपर्वहरू भइ नै रहेको पाइन्छ । कति जात्रा चाडपर्वहरू कुनै एक ठाउँको मानिसहरूको समूह नै अर्को ठाउँमा बसाइँ सरेर गएपछि यस ठाउँमा पनि उनीहरूले गरिरहेका जात्रा र चाडपर्वलाई निरन्तरता दिई सानो रूपमा भएपनि मनाउने गर्दछ, जसले पछि ठूलो रूपमा मनाउने गरिएको पाइन्छ । जस्तै घण्टाकर्ण, गाईजात्रा आदिलाई पनि लिन सकिन्छ । जात्रा चाडपर्वहरूमा उपत्यकाको एक ठाउँका मानिसहरू अर्को ठाउँमा गएर व्यापार गर्ने पनि गर्दथे । व्यापार गर्ने सिलसिलामा भारतबाट आएका सरसामानहरू कीर्तिपुरको नाका हुँदै काठमाडौं, पाटन, भक्तपुरका साथसाथै तिब्बतसम्म लग्ने गरिन्थ्यो भने तिब्बतबाट आएका सरसामाहरू पनि काठमाडौं, पाटन, भक्तपुर हुँदै कीर्तिपुर नाका भएर भारतसम्म लग्ने गरिन्थ्यो । त्यतिबेला यदि कुनै बाह्य शक्तिबाट उपत्यकाको कुनै भागमा आक्रमण भयो भने यी उपत्यकाका तिनवटै सहरको शक्ति एक ढिक्का भएर त्यसको प्रतिरोध गर्ने गरिन्थ्यो । पहिले पहिले यस्ता जात्रा र चाडपर्वहरूमा उपत्यकाका एक ठाउँको मानिसहरूले अर्को ठाउँको मानिसहरूलाई जात्रा हेर्नको लागि बोलाउने, निमन्त्रणा दिने आदि कार्यहरू गर्दथे भने उपत्यकाका मानिसहरू पनि जहाँ जात्रा, चाडपर्व भइरहेको छ त्यहाँ जात्रा र चाडपर्व हेर्न जाने परम्परा बनेको देखिन्छ । यसको प्रभाव गाईजात्रा पर्वमा पनि परेको देखिन्छ । यसरी त्यतिबेला शाहकाल भन्दा अगाडिसम्म यी उपत्यकाका सहरहरू कीर्तिपुरसँग घनिष्ट सम्बन्धका साथसाथै एकले अर्कोलाई सहयोग पनि गर्ने र आवश्कता अनुसार सैनिक शक्ति पनि सहयोग गर्ने गरेको पाइन्छ । यही कारणले गोरखाका राजा पृथ्वीनारायण शाहले. प्रथम पटक नुवाकोट र कीर्तिपुरको आक्रमण गर्दा हार खान पुगेको कुराहरू इतिहासको पन्नामा उल्लेख गरिएको पाइन्छ । पछि विभिन्न षडयन्त्र गरेर पृथ्वीनारायण शाहले उपत्यका आफ्नो हातमा (विजय हासिल गरेरै) पारेरै छाडे । त्यसैले त्यतिबेला उपत्यकामा केही भयो भने त्यसको प्रभाव यी उपत्यकाभित्र रहेका सहरहरूमा तुरुन्त भइहाल्ने गर्दथ्यो ।

यसरी यी माथिका विभिन्न कारणले गर्दा उपत्यका भित्रै मनाउने गाईजात्रा पनि ठाउँ र स्थानको आधारमा एक ठाउँको भन्दा राम्रो गर्ने होडबाजीले गर्दा फरक फरक तरिकाले मनाउने गरिन्छ । त्यतिबेला जहाँ जहाँ पुरानो बस्ती छ, त्यहाँ त्यहाँ मृतकका नाममा गाईलाई नगर परिक्रमा गर्न पठाइन्छ । जस्तैः काठमाडौंको गाईजात्रामा मृतकका आफन्तहरूले मृतकको नाममा गाई भेषधारी अथवा विभिन्न भेषमा जस्तैः- पाण्डव (पाँच जनाको समूह) कृष्ण, राम आदिको भेषमा प्रतीक स्वरूप सिङ्गार गरी हाउभाउ मिल्ने गरी नगर परिक्रमा गर्न पठाउने गर्दछन् भने साँझ पख सवाभक्कु नाच र भैरवीनाच पनि नगर परिक्रमा गराउने गरेको पाइन्छ ।[२८] भक्तपुरमा गाईजात्राको दिन मृतकका नाममा फोटो सहितको लिङ्गो बनाएर गाईको प्रतीक स्वरूप ताहाःम्ह सा (लामो गाई स्वरूप जसलाई तामचा भन्ने गर्दछ) अगाडि लगाएर पछिपछि घिन्ताङ्घिसी त्वाक नाचले नगर परिक्रमा गराइन्छ । भक्तपुरकै अर्को प्रमुख सहर ठिमीमा भने राँको बालेर गाईजात्रा मनाइन्छ । भक्तपुरको अन्य विभिन्न ठाउँमा पनि गाईजात्रा विभिन्न किसिमले मनाउने चलन छ । ललितपुरमा मृतकका आफन्तले ससाना बालकहरू किसोर किसोरीहरूलाई कृष्ण, रूक्मिणी, सत्यभामा र बलभद्र गरी चार देवताका रूपमा पङ्क्तिवद्ध तवरले सजाएर ललितपुर नगर परिक्रमा गराउने चलन छ । त्यसअघि कुचो लगाएर गाईको दुध दुबाले छर्केर लावा, अबीर, चमर, पङ्खा चाँदीका दण्ड लिएका छ जोर सखीहरू लस्करै लगाएर पछिपछि कृष्ण, रूक्मणीको सत्यभामा र जोगी, बलराम, फकिर आदि भेष गरेका बालबालिकाहरू लस्कर लागेर नगर परिक्रमा गराउँछन् । यसरी गाई वा गाईको भेषमा नगर परिक्रमा गर्दा ठुल्ठुलो ड्रम, खाली ट्याकी, गाग्रो थाल आदि आवाज आउने गरी ठुलो आवाजले बजाएर नगर परिक्रमा गर्ने चलन छ ।[२९] त्यस्तै खोकनामा गाईजात्राको दिनमा मृतकका नाममा नगर परिक्रमा गर्न नपठाई त्यसको भोलिपल्ट मात्र पठाउने गरिन्छ  भने गाईजात्राको दिनमा खोकनाको देय् पोखरीमा जिउँदो बाखा फाल्ने गरिन्छ र पोखरीमा हामफालेर पौडी खेल्दै ती बाखालाई लुछाचुडी गरी तानेर बाखाको मासु प्रसाद स्वरूप लिने गरिन्छ ।[३०] ललितपुर

---

[२८] पी.एन.ज्ञवाली, "विसङ्गति माथि व्यङ्ग्य गाईजात्रा" **कान्तिपुर,** ( काठमाडौं ४: १९२, भदौ १३, वि.सं. २०५३ ) पृ. ४ ।

[२९] बज्राचार्य, पूर्ववत् पादटिप्पनी संख्या (३) पृ. ६० ।

[३०] पिकेश महर्जन (३०) सँगको कुराकानीमा आधारित ।

नगरबाहेक ललितपुरको चापाँगाउ, ठेचो, हरिसिद्धि, ठैब, बुङ्गमती, लगायतका गाँउमा समेत गाईजात्रा विभिन्न तरिकाबाट रमाइलो गरी मनाइएको पाइन्छ । मच्छेनारायण स्थान, सतुंगल साथै अन्य विभिन्न ठाउँमा गाईजात्रा को दिनमा गाईभेषमा नगर परिक्रमा गर्न सकेपछि एक निदिष्ट ठाउँमा धानको बिउ राख्ने भनेर ब्याँड बनाउने गरिन्छ र त्यसको भोलिपल्ट दिउँसोतिर यस ठाउँमा धान रोप्न जाने भनेर रोपाइँको सडक नाटक गरेर नगर परिक्रमा गर्ने पनि गरिन्छ ।[३१] त्यस्तैगरी पाँगामा, मच्छेनारायण स्थानमा, कीर्तिपुरमा आदि ठाउँमा गाईजात्राको दिनमा मृतकका नाममा नगरपरिक्रमा सकेपछि त्यहाँ रहेको मुख्य पोखरीमा टोलको दाफा बाजा खलक र टोलबासीहरू मिलेर ट्वाना जात्रा गर्ने गरिन्छ । पाँगामा गाईजात्राको दिनमा नगर परिक्रमा गर्न आउनेहरूमा सबैभन्दा अगाडि अग्रपङ्क्तिमा तीर्थको प्रतीकको रूपमा कीर्तिपुरको देय् गुठीको मुख्य तीर्था ख्वापा लगाएर पाँगा नगर परिक्रमा गर्दै आउँछन् । जुन मुख्य तीर्था ख्वापा मृतकका नाममा थाचिने गर्ने परिवारले कीर्तिपुरको देय् गुठीबाट ल्याउनु पर्दछ । पाँगाको तिरकु लारकु नाचको मुख्य पूजाको सुरुवात पनि यो कीर्तिपुरको देय् गुठीको तीर्था ख्वापा ( पाँगाको मुख्य देवता कौमारी तीर्था ख्वाःपा) लगाउने बाट सुरु गरिन्छ । पाँगामा वृद्ध, वयस्क, तरूनी आदि जसको मृत्यु भए पनि नौ जोडी आइमाईको लुगा लगाएर, तीर्था मुकुण्डो लगाएर मृतकको फोटो सहित नगर परिक्रमा गर्न पठाउने चलन छ । तीर्था ख्वापाको पछाडि पछिपछि बच्चाहरूलाई शृङ्गार गरेर पुच्छर स्वरूप पटुको टुप्पो समात्न लगाएर देश नगर परिक्रमा गर्न पठाउने पनि गरिन्छ ।

## ३.५.निष्कर्ष

परापूर्वकाल देखि मृत्यु संस्कार गर्दै आएको पाइन्छ । समय अनुसार मृत्यु संस्कार गर्ने तरिका पनि ठाउ र स्थानका जाति, धर्म, समाजका आधारमा विविधता र भिन्नता हुन गएको पाइन्छ । यसरी मानिसको मृत्युमा परिवारबाट औपचारिक विदाइ गर्ने क्रममा परिस्कृत र समयको प्रवाह सँगसँगै मानिसहरूको विचार धारणहरूमा परिवर्तन हुँदै गएको पाइन्छ । सोही विचार

[३१] श्रीकृष्ण श्रेष्ठ (४५) सँगको कुराकानीमा आधारित ।

अनुरूप क्रियाकलापहरूमा परिवर्तन भएको पाइन्छ । यसैको प्रतिफलका कारण गाईजात्रा सुरु भएको पाइन्छ । गाईजात्रा मनाउने चलन नेपालको इतिहासमा लिखित रूपमा उल्लेख गरे अनुसार मल्लकालका राजा प्रताप मल्लले यसको व्यवस्थित रूपमा व्यवस्थापन गरेर उपत्यकाका नेवार जातिहरूले सुरु गरेको उल्लेख छ । जुन अहिले नेपाल राज्य भरि नै गाईजात्रा पर्व मनाउने गर्दै आएको पाइन्छ ।

गाईजात्रा परापूर्वकाल देखि चलि आएको परम्परा हो । यो पर्व नेपालको राष्ट्रिय पर्वमा विकास भएको छ । उपत्यका भित्रै पनि त्यतिबेला भएको अन्य ठाउँको भन्दा राम्रो बनाउने होडबाजीको कारण गाईजात्रा पर्वमा समेत प्रभाव पर्न गई विभिन्न ठाउँको गाईजात्रा मनाउने तरिकाहरूमा विविधता र भिन्नता रहेको पाइन्छ । यही भिन्नता र मौलिकतामा कीर्तिपुरको गाईजात्राको विशेष महत्त्व रहेको छ ।

परिच्छेद-चार

# कीर्तिपुरको गाईजात्रा परम्परा

## ४.१. कीर्तिपुरमा गाईजात्रा सम्बन्धी गुठी

विभिन्न गुठी जस्ता संस्थाहरूका माध्यमबाट स्थापित परम्परागत सामाजिक अनुशासन नेपालका अरू जातजातिमा बिरलै पाइन्छ । कीर्तिपुरका गाईजात्राका परम्पराको बारेमा अध्ययन गर्नका लागि कीर्तिपुरका नेवार समुदायको गुठी प्रक्रियालाई बुझ्न आवश्यक छ । कीर्तिपुरका हरेक समाजिक कार्य र संस्कार तथा चाडपर्व आदि मनाउन गुठीको नै महत्त्व रहेको छ । यस किसिमको गुठीको सन्जालको कारणले गर्दा कीतिपुरका नेवारहरू विभिन्न गुठीको संघ सङ्गठनमा आवद्ध भएर कार्य गर्ने गर्दछ । नेवार समाजलाई यसरी हेर्दा देखिने विशेषताहरू मध्ये तिनीहरूको सामाजिक र आर्थिक अनुशासन प्रमुख होला भन्न सकिन्छ । उदाहरणका निम्ति, गुठी संस्थानका सामूहिक कार्यकलापबाट आफूलाई अलग्ग राख्ने धृष्टता गर्ने वैयक्तिक रूपमा परम्परागत सामाजिक र धार्मिक संस्कारको विरोध कम हुने जस्तो देखिन्छ ।[३२] यस किसिमको गुठीको सन्जालको कारणले गर्दा नेवारहरू विभिन्न गुठीमा आवद्ध भएर एक भई एकतावद्ध रूपले कार्यहरू गर्ने गर्दछन् । सबै गुठीहरूका आआफ्नै नियम हुने गर्दछन् । नेवारहरू जन्मेपछि पारिवारिक रूपमा आवद्ध भएर काम गर्न गुठी (देवाली) मा आवद्ध भएर विभिन्न कार्यहरू गर्ने गर्दछ भने मृत्यु संस्कारहरू गर्न सीं गुठीमा आवद्ध भएर कार्यहरू गर्ने गर्दछन् । कुनै कुनै गुठीमा सामाजिक कार्यहरू गर्न सर्वसाधारण जो व्यक्ति पनि आवद्ध भएर कार्य गर्न सकिन्छ भने धेरै जस्तो गुठीहरूमा आआफ्नै जात, आफ्नै कुल या परिवारको एक एकजना मात्र आवद्ध भएर पालो पालो गरी पर्व मनाउने र सामाजिक कार्यहरू गर्ने गर्छन् । गुठीको एक परिवारले त्यही गठीको अर्को परिवारलाई फुकी भनेर भन्ने गरिन्छ । गुठीबाट छुट्टिएर अर्को नयाँ गुठी बन्यो भने ती गुठीले अर्को छुट्टिएर गएका गुठीयारहरूलाई बँह फुकी भन्ने गर्दछन् । हरेक

---

[३२] नगेन्द्र शर्मा, **नेपाली जनजीवन**, (काठमाडौँ: साझा प्रकाशन,२०३२)पृ.७० ।

गुठीको आआफ्नै थकाली नकी हुने गर्दछ । यी गुठीहरूबाट नेवारहरूको संस्कार, जात्रा, चाडपर्व, समाजिक कार्य आदि सञ्चालन पाइन्छ । यसरी नेवारी समुदायमा गुठीको विशेष महत्त्व रहेको छ । [३३]

सबभन्दा पहिला बाघ भैरव मन्दिरको स्थापना गरेपछि वा गर्नु भन्दा अगाडि कीर्तिपुरमा एउटा मात्र मुर्दा गुठीको रूपमा कीर्तिपुरमा देय् गु (गुठी) को स्थापना भएको पाइन्छ । यस गुठीले कीर्तिपुरका विभिन्न जात्रा चाडपर्व आदि विभिन्न कार्यमा सम्पन्न भएर जनचेतनाका कार्य गर्नाका साथै कीर्तिपुरका मानिसहरू मर्दा जलाउने गर्दछन् । पहिले पहिले यो देय् गुठी मान्छे मरेपछि गर्ने काजक्रियाका लागि बनाइएको गुठीको प्रतीक स्वरूप स्थापना भएको हो । समय बित्दै गएपछि कीर्तिपुरमा शान्ति सुरक्षाका साथै जात्रा चाडपर्व सुचारू रूपले सञ्चालन गर्नका लागि पनि यस गुठीले विभिन्न कार्यमा संलग्न भएको देखिन्छ । यो गुठी पछि मुर्दा पोल्ने मात्र नभएर कीर्तिपुरका हरेक सामाजिक कार्यमा (जस्तैःमसानघाट सफा गर्ने, टोल सफा गर्ने, जात्रा चाडपर्वहरू व्यवस्थापन गर्ने साथै भोज भतेर आदि)मा विविध कार्यमा संलग्न हुँदै गएको पाइन्छ (चित्र नं. १८) ।[३४] यो देय् गुठी कहिलेदेखि स्थापना भएको हो भन्ने बारेमा अनुसन्धान नगरिकन भन्न सकिने अवस्था छैन । कुनै पनि व्यक्तिको लावारिस लास अथवा कुनै व्यक्ति मरेका खण्डमा पनि कीर्तिपुरको देय् गुठीका मानिसहरू गएर त्यस मुर्दालाई मसानमा लगेर जलाउने कार्य बिगतदेखि नै गरेको पाइन्छ । यसरी कीर्तिपुरमा जति पनि मरेका व्यक्तिहरू थिए ती सबै मान्छेको लास जलाउने (मुर्दा पोल्ने) कार्यहरू गर्नका लागि यो देय् गुठीका सदस्यहरू वा मुर्दा पोल्नेका लागि व्यक्तिहरू छुट्याएर राख्ने गरेको पनि भेटिन्छ । यस कार्यको लागि पछि देय् गुठीका सदस्यहरू ८/८ जना पालोपालो गरी छुट्याउन थालेको पनि पाइन्छ । जुन व्यक्तिहरूको कार्य नै मुर्दा मात्र पोल्ने भएको र पहिले पहिले कीर्तिपुरका देय् गुठी पालाहरूको परिवारहरू मसानघाटमा मुर्दा जलाउन नसकेसम्म कुरेर बसिरहनु पर्दथ्यो भने वि.सं. २०५० अगाडि सम्म पनि देय् गुठी पालाहरूले देय् गुठीका सदस्यहरूको वा दरहरूको

---

[३३] Gopal Singh Nepali**, The Newars**, (Bombay: United Asia Publication, 1965 A.D) Page no. 191–197.

[३४] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित।

मृत्यु भएमा मसानघाटमा मुर्दा पोलेर नसकेसम्म कुरेर बस्ने चलन थियो भन्ने पाइन्छ । अहिले चाहिँ यसरी मसानघाटमा मुर्दा पोल्दाखेरी कुरेर बस्ने चलन पनि हराएर गइसकेको छ ।[३५] पछिपछि देय् गुठीमा रहेका सदस्यहरू पनि बिस्तारै बिस्तारै कीर्तिपुरबाट कामकाज गर्न बाहिर गएर बसाइँ सरेर त्यहीँ बसोबास गर्न थालेपछि उनीहरू पनि कीर्तिपुरसम्म आउन गाह्रो मानेर उनीहरू नै बसेको ठाउँमा मान्छेहरू मिलेर सी गुठीहरू बनाएर बस्न थालेको पनि पाइन्छ । कीर्तिपुरमा पनि देय् गुठीका सदस्यहरूले आआफ्नो जात भन्दा सानो जात वा बेजातको बिहेवारी गर्न थालेपछि यो गुठीमा नभित्र्याएर वा मनमुटाउ भएपछि कीर्तिपुरको देय् गुठीको सरसल्लाहबाट देय् गुठीबाट छुट्टिएर अरू विभिन्न सना गुठीहरू (मुर्दा पोल्ने गुठीहरू) बनाउन थालेको पनि जानकारी पाइन्छ । यही क्रमले गर्दा कीर्तिपुरमा अरू धेरै सि गुठी वा साना गुठीहरू निर्माण हुन थाले भने देय् गुठीमा सदस्यहरू बढ्न गएका कारण कति सदस्यहरू देय् गुठी मै दरको रूपमा सदस्य मात्र भएर बसेको पाइन्छ । दर भन्नाले मर्दा पर्दा उनीहरूका कार्य देय् गुठीले गरीदिने भएको हुनाले दरले वार्षिक रूपमा देय् गुठीलाई केही दस्तुर र दुई पाथी धान र दुई टुक्रा दाउरा दिएर देय् गुठीका दुई जना गुठीयारहरू कीर्तिपुरको इन्द्रायणी जात्राको दिनमा भोज खुवाउने चलन रहेको पाइन्छ । घरको आफन्तको मृत्यु हुदा मुर्दा पोलिदिएका बेला दरले मुर्दा पोल्नेहरूलाई पोलिदिएको बापत दुई पाथी चिउरा दिने गरिएको पनि भेटिन्छ । कीर्तिपुर देय् गुठीको कोही सदस्यको मृत्य भएमा देय् गुठीको दरहरू पनि मलामी मात्र जानु पर्छ भने यी बाहेक दरले केही गरिरहनु पर्दैन थियो भने देय् गुठीको गुठीयारहरूले देय् गुठीमा पालो पालो गरी गुठी थापेर देय् गुठीका गुठीयारहरूलाई बार्षिक रुपमा गुठी देवताको पूजा गरेर भोज खुवाउने पनि गरेको पाइन्छ । पछि यो देय् गुठीको सरसल्लाहबाट अरू गुठी जस्तै कीर्तिपुरको जाँखा गुठी, सरस्वती गुठी, गःसिं गुठी, स्वान गुठी आदि देय् गुठीका शाखाको गुठीको रूपमा विभिन्न गुठीहरू निमार्ण हुन पुगेको देखिन्छ । यी गुठीहरूले हरेक काम कार्यहरू गर्दा कीर्तिपुरको देय् गुठीको राय र सरसल्लाह अनुसार गर्ने गरेको तर उनीहरूले जे कार्य गरे पनि वा झैं-झगडा वा कुनै समस्या भएमा कीर्तिपुरको देय् गुठीमा गएर सुल्झाउने (समाधान गर्ने) गरेको पनि पाइन्छ । पहिले पहिले कीर्तिपुरका हरेक काम कार्यहरू गर्नुपरेको खण्डमा यो

[३५] गोविन्द महर्जन (३७) सँगको कुराकानीमा आधारित ।

देय् गुठीबाट गरिने र त्यसैले यो देय् गुठी कीर्तिपुरको सबैभन्दा पुरानो गुठी भएकाले कीर्तिपुरमा गुठीहरूको पनि गुठी वा मुख्य (माउ) गुठीको रूपमा विकसित भएको देखिन्छ । पछिल्लो समयसम्म अर्थात वि.सं. २०६७ सम्ममा पनि कीर्तिपुरका विभिन्न साना गुठीहरूले देय् गुठीको निर्देशन अनुसार कीर्तिपुरको मसानघाटको र मसानघाटको वरिपरिका बाटोघाटाको कामहरू, सरसफाइहरू पालो पालो टोलहरू मिलाएर गरेको पनि पाइन्छ । यसरी कीर्तिपुरको देय् गुठीको विशेषता र महत्त्व अहिलेसम्म उत्तिकै रहेको छ । [३६]

## ४.२. गाईजात्रा सम्बद्ध सामाजिक परम्परा

कीर्तिपुरको 'देय् गुठी', कीर्तिपुरको सबभन्दा ठुलो र जेठो मुर्दा पोल्ने गुठी हो । त्यसैले यस गुठीले कीर्तिपुरको मसानका सबै कार्यहरू, रेखदेख र व्यवस्थापन गर्ने गर्दछ । यो गुठी सनातन (शाक्त) धर्म अनुसार यो देय् गुठी स्थापना गरी मुर्दा जलाउने कार्य गर्दै आएको पाइन्छ । त्यसैले पछि देश शुद्ध गर्नका लागि पवित्र गर्नका लागि यस गुठीले वर्षको एकचोटि भए पनि गाईजात्राको दिनको अवसर पारेर यो कीर्तिपुर देशभरि मरेकाहरूलाई उद्धार गरी देशलाई शुद्ध गर्न, पवित्र गर्न, राम्रो गर्न, मङ्गल गर्न, पितृ शान्ति गर्नका लागि देय् गुठीले तीर्थको प्रतीकको रूपमा आफ्नो गुठीको मुख्य देवतालाई नर बलि (तान्त्रिक विद्या पढेर मान्छेको औंलाबाट रगत निकाली पूजा गर्ने गर्दछ) दिएर तान्त्रिक शक्ति जगाएर तन्त्रमन्त्र विधि अनुसार १२ वर्षको एक पटक प्रदर्शन गर्ने बाघ भैरव नृत्यका अष्टमातृका गणको मुकुण्डाहरू सबै गरेर १३ वटा स्थापना गरी सबै रातो रङ्गको तीर्थ (तीर्था) मुकुन्डाहरू बनाएर वर्षको एक दिन फुक्का गरेर गाईजात्राको दिनमा मुकुन्डोहरूलाई कीर्तिपुर नगर परिक्रमा गर्न लगाउने परम्पराको थालनी भएको पाइन्छ । यसरी विभिन्न तीर्थको नाममा १३ वटा अष्टमातृका गणको मुकुन्डोहरू मध्ये गाईजात्राका दिन सुरक्षाका लागि नगर परिक्रमा गर्न १२ वटा सम्म तीर्थ ख्वापाः मृतकको नाममा तीर्थको प्रतीक स्वरूप गाईजात्राको दिनमा तान्त्रिक सुरक्षा दिँदैं नगर परिक्रमा गर्न पठाउने गरेको पाइन्छ । कीर्तिपुरको सबैभन्दा पुरानो र माउ गुठी (कीर्तिपुरको

---

[३६] मानसिं महर्जन (९४) सँगको कुराकानीमा आधारित ।

देय् गुठी) ले आफूसँगै भएको यी १३ वटा तीर्था (तीर्थ) ख्वापाहरू मध्ये १२ वटा मुकुन्डाहरू मान्छे मरेपछि यी १२ वटा तीर्थ वा नदीको ठूलो महत्त्व हुने गर्दछ भन्ने जनविश्वास रहेको छ। मान्छे मरेपछि मृतकका आत्माले यी १२ वटा तीर्थ पार गरेपछि मात्र स्वर्गको ढोकामा पुग्न सकिन्छ भनेर गरूड पुराण, स्वयम्भू पुराण आदि पुराण, ग्रन्थ वा कथाहरूमा उल्लिखित छ। मान्छे मरेर गएपछि मृतकको आत्मा कसरी तरेर जान्छ भन्ने जानकारी दिन मृतकका आफन्तहरूले यी पुराण, ग्रन्थ वा कथाहरू पुरोहित राखेर भन्न लगाउने, सुन्न वा पढ्ने गरेको पाइन्छ। यी कथाहरूमा मान्छे मरेर गएपछि कहाँ, कसरी र कुन ठाउँमा पुग्छ र मृतकका आत्माले प्रत्येक महिनामा (महिनै पिच्छे) एउटा एउटा नदी कसरी पार गर्दछ र एक वर्षपछि मात्र स्वर्गको ढोकासम्म कसरी पुग्छ आदि विभिन्न कथाहरू नेवार समाजमा मृतक व्यक्तिका घरमा मरेपछि भन्ने गरेको पाइन्छ। यी कथा वाचन गर्दा बैतरणी नदीको कुरो पनि आउँछ। जहाँ पुगेपछि धेरै पानी पर्ने, हुरीबतास आउने, नदीमा बाढी आउने, रगतको खोला बग्ने, फोहोर र विभिन्न चिजहरू बगाएर ल्याउने आदि बैतरणी नदी तर्न (पार गर्न) धेरै कठिनाइ र बाधा भोग्नुपर्ने या धेरै गाह्रो हुने भएकाले यतिबेला मृतकका आत्मालाई गाईको सहायताले यो नदी सजिलैसँग तर्न (पार गर्न) सकिन्छ भन्ने रहेको छ। यसपछि स्वर्गको ढोका खोल्नमा पनि गाईको सिङले धकेलेर खोलिदिन्छ र मृतकको आत्माले स्वर्गमा बास बस्न पाउँछ भनेर मृतकका आफन्तहरूलाई यतिबेला वा छ महिनाको श्राद्ध गर्दा मृतकका आत्मा बैतरणी नदीमा पुगेको सन्दर्भ आउँछ। यसरी मृतकका नाममा गाई दान गर्न लगाएर यसको धार्मिक पक्ष गरूड पुरानमा उल्लेख गरेको पाइन्छ। गाईजात्राका दिनमा पनि गाईले त्यो दिन स्वर्गको ढोका खोल्छ र त्यहाँ पुग्नलाई गाईका सहायताद्वारा सजिलै पुग्न सकिन्छ र मृतकको आत्माले स्वर्गलोकमा बास बस्न पाउँछ भन्ने जनविश्वासका साथ  मृतकका नाममा गाईलाई नगर परिक्रमा गर्न पठाउने चलन छ।[३७]

अहिले कीर्तिपुरको देय गुठीमा जम्मा तिन वटा मात्र तीर्था ख्वापाहरू बाँकी रहेका छ। बाँकीरहेका अरू तीर्था ख्वापाहरू अरू विभिन्न गुठीमा रहेका छन् (हेर्नु होला ४.३.(घ) को तीर्था

[३७] बज्रमुनि बज्राचार्य (३७) सँगको कुराकानीमा आधारित।

ख्वापाहरूको लोप हुने अवस्थामा वर्णन गरिएका छन्) । कीर्तिपुरको देय् गुठीले वर्षको एकपटक देखाउने गाईजात्राको दिन एक दिन मात्र यी मुकुन्डोहरूलाई फुकुवा गरेर मृतकका नाममा कीर्तिपुर नगर घुमाएर (परिक्रमा गराउँदै) सामाजिक रूपमा कार्यहरू गर्दै देशलाई शुद्ध र पवित्र गर्दै आएको देखिन्छ । यसरी वर्षको एक पटक भए पनि कीर्तिपुरमा सामाजिक रूपमा नै देश शुद्ध, पवित्र, मङ्गल, शान्ति र सुरक्षाको कामना गर्दै गाईजात्राको दिन तीर्था मुकुन्डाहरूले नगर परिक्रमा गर्ने गर्दछन् ।[३८]

### ४.२.१. नयाँ घर निर्माण गरिसकेपछि गाईजात्रामा सहभागी

कीर्तिपुरमा नयाँ घर निर्माण गरी सकिएपछि गाईजात्रामा सहभागी हुन गोसाइ वा जोगीको भेषमा "धे धे पा पा" नाच सँगसगै सहभागी नभैकन अलग्गै नगर परिक्रमा गर्ने चलन रहेको छ । गाईजात्राका दिनमा कीर्तिपुर देश पूरै शुद्ध गर्ने, मङ्गल गर्ने र पवित्र गर्ने भएकाले कीर्तिपुर देय् गुठीले विभिन्न नियमहरू बनाएको पाइन्छ । कीर्तिपुर देशभित्र कसैले पुरानो घर भत्काएर जगदेखि घरको निर्माण गरेमा वा नयाँ घर बनाएपछि गाईजात्राको दिनमा गाईको भेषमा वा जोगीको भेषमा एकजना बालकलाई गोसाइ बनाएर कीर्तिपुर नगर परिक्रमा गराएर घरका साथसाथै देशलाई पनि शुद्ध र पवित्र गर्ने गर्दछ भन्ने जनविश्वास रहेको छ । अहिलेसम्म पनि यहाँका बासिन्दाहरूले घर निर्माण कार्य सकेपछि गाईजात्राको दिनमा गोसाइ बनाएर नगर परिक्रमा घुम्न पठाउने गर्दै आइरहेको पाइन्छ । यसरी कीर्तिपुरमा एक वर्षभरि मरेका व्यक्ति वा मृतकका नाममा र नयाँ घर निर्माण गर्न सकिएमा अथवा पुरानो घर भत्काएर जगैदेखि घर निमार्ण गर्न सकेपछि ती घर धनीले गाईजात्राका दिनमा व्रतबन्ध नगरिएको एकजना बालकलाई गोसाइ बनाएर कीर्तिपुर नगर परिक्रमा गर्न पठाएर गाईजात्रा पर्व धूमधामसँग रमाइलो र मनोरञ्जनका साथ मनाउने चलन छ ।

[३८] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

गाईजात्रामा अन्य ठाउँमा जस्तो मृतकका घरबाट मृतकका नाममा गाईको भेष वा जोगी आदि बनाएर नगर परिक्रमा गर्न पठाउने मात्र नभइ यहाँ कीर्तिपुरका बासिन्दाहरूले आफूले नयाँ घर निर्माण गर्न सकेपछि घर शुद्धिको नाममा पनि एकजना गोसाइ स्वरूप जोगी, कृष्ण आदिको भेष बनाएर कीर्तिपुर नगर परिक्रमा गर्न पठाउने चलन छ ।[३९] यसरी पठाउँदा भने कीर्तिपुरमा गाईजात्राको नाच "धे धे पा पा" नाच सँगसँगै नपठाइकन अलग्गै पठाउने परम्परा छ । यसरी पठाउँदा प्रायः ब्रतबन्ध नगरेको बालक वा केटाहरूलाई नै गाईको भेष, जोगी, कृष्ण, आदिको रूपमा शृङ्गार गरी नगर परिक्रमा गर्न पठाउने चलन छ । कीर्तिपुरका बासिन्दाहरूले आफूले नयाँ घर निर्माण गरी सकेपछि वा घरमा रूद्र पाठ, पूजा होवन, पनिस्था(स्थापना) आदि कुनै एकको पूजा गरी सकिएपछि गाईजात्राका दिनमा बालकलाई कीर्तिपुर नगर परिक्रमा गर्न पठाउने चलन पहिलेदेखि हालसम्म पनि चल्दै आएको छ ।

यसरी नयाँ घर बनाएपछि गाईका भेषमा गोसाइ बनाएर कीर्तिपुर नगर परिक्रमा गर्ने विषयमा यहाँका बासिन्दाहरूको अर्को एउटा यस्तो धारणा पनि  रहेको छ । एउटा घर बनाउन धेरै गाह्रो हुने गर्दछ । यसका लागि चाहिने ईँट, माटो, काठ, बालुवा इत्यादि खेत, खोला आदि विभिन्न ठाउँबाट ल्याउने गर्दछन् भने घर बनाउन विभिन्न ठाउँबाट कामहरू गर्नको लागि खेतालाहरू आउने गर्दछन् । घर बनाउने क्रममा उनीहरू त्यस घरमा बस्ने, खाजा खाने गर्दछन् । यसरी माटो, बालुवा, आदि चाहिने सामानहरू खोलामा, खेतमा गई ल्याउने गर्दछन् । यसरी ल्याएको खोलाको बालुवा र माटामा खोलाले मान्छेको मृत्यु संस्कार वा दाह संस्कार भएपछि बगाएर ल्याएको खरानी हुन सक्छ । त्यस्तै मृतकको आत्मा पनि हुनसक्छ । भूतप्रेतको बास भएको हुन सक्छ । अदृश्य शक्तिको बास भएको हुन सक्छ र खेतालाहरू पनि विभिन्न ठाउँबाट आउने भएकाले नचिनेको को हो, कहाँको हो, न भूतप्रेत नै हो कि, न मृतकको आत्माले छोएको व्यक्ति हुनसक्छ भनेर यसरी नयाँ घर बनाइ सकेपछि यी कुराहरूबाट मुक्त गर्नका लागि र अदृश्य शक्ति जस्तै प्रेत आत्माले, भूतले, पितृको आत्माहरूले दुःख नदिओस्, मनमा शान्ति होस् र सधैँ यस घरमा शान्ति र सुखको बास होस् भनी घरको रूद्री पाठ, पूजा,

---

[३९] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

हावन, पनिस्था आदि गर्न सकिएपछि वा यो पूजा गर्नु भन्दा अगाडि नयाँ घर निर्माण गरी बनाउन सकियो भने चाहिँ कीर्तिपुरको गाईजात्रामा एकजना भए पनि जोगीको भेषमा गोसाइ बनाएर नगर परिक्रमा गर्न पठाउने चलन रहेको छ । जुन अरू ठाउँहरूमा यसरी पठाउने गरिएको छैन । यसरी कीर्तिपुरको गाईजात्रामा घर निर्माण गरी सकेपछि घर शुद्ध, पवित्र, शान्ति र कल्याण गर्नका लागि गाईजात्राको दिन गोसाइ बनाएर कीर्तिपुर नगरभित्र परिक्रमा गर्न पठाउने गरिन्छ (चित्र नं. ५२) ।[४०]

## ४.३. तीर्थ मुकुन्डो (तीर्था ख्वापा)

तीर्थ शब्द संस्कृत भाषाबाट आएको हो । संस्कृत शब्द तृ+थक् मिलेर तीर्थ बनेको पाइन्छ । यसको अर्थ मार्ग, सडक, घाट, धाम, घाटको भऱ्याङ्ग आदि भन्ने बुझिन्छ भने अर्को उपचार कार्यहरू गर्नेलाई पनि तीर्थ भन्ने गर्दछ । यहाँ विशेष गरेर तीर्थको मुख्य अर्थ घाटलाई दर्शाउन खोजिएको छ जहाँ नेवारहरूले अन्त्यष्टि संस्कारहरू गर्ने गर्दछन् । यी तीर्थ वा घाटमा भगवान् र पितृहरूलाई पनि पूजा ,पाठ र प्रार्थना गर्नुका साथै मृतकको नाममा सराद्ध पनि गर्ने गराउने परम्परा छ । परापूर्वकाल देखि नै तीर्थ एक धार्मिक स्थलको रूपमा रहेको छ । पुराण र विभिन्न ग्रन्थहरूको आधारमा मानिसले आफ्नो जीवनमा एक पटक भए पनि तीर्थको दर्शन गर्न जानु पर्दछ भनेर उल्लेख गरिराखेको पाइन्छ ।

तीर्थ मुकन्डो वा तीर्था ख्वापा कीर्तिपुरमा कहिले बनेको ? कहिलेदेखि थियो वा यसको उत्पत्ति कहिले र कसरी भयो भने बारेमा अनुसन्धान नगरीकन यसै हो भन्न सकिने अवस्था छैन । यी तीर्था मुकुन्डो (ख्वापा) तीर्थको प्रतीक स्वरूप बनाएर राखेको हो भन्ने भनाइ छ । त्यसैले यसलाई तीर्थ ख्वापा पनि भनिन्छ । यी तीर्था ख्वापाहरू गाईजात्राको दिन स्थापना (थाँप) गरेर सबैभन्दा अगाडि सुरु वा अग्रपङ्क्तीमा बसेर मृतकका आत्मा सबैलाई नेतृत्व प्रदान गरेर नगर परिक्रमा गर्ने चलन छ । यो ख्वाःपाः तीर्थको प्रतीकको स्वरूप आउने गर्दछ । तीर्थ ख्वापा

[४०] नानीछोरी श्रेष्ठ (६५) सँगको कुराकानीमा आधारित ।

नै पछि अपभ्रंश भएर तीर्था ख्वापाः बाट तीथा ख्वापा भनिएको हो । पहिले उहाँका(नरसिं महर्जनका) बाजेले तीर्थ प्याखँ (तीर्थ नाच) हेर्न जाने गरेको कुराका अनुसार पहिले पहिले तीर्थ प्याखँ नाच कीर्तिपुरमा परापूर्वकाल देखि थियो होला भन्न सकिन्छ । पछि यही नाचलाई गठूहरू द्वारा नचाएर गठू नाचमा परिणत भएको हुन सक्छ । यस बिषयमा अनुसन्धान नगरीकन यसै भन्न सकिने अवस्था छैन । पहिले पहिले गठुहरूले नाच्नु भन्दा अगाडि यो 'गठू प्याखँ' कीर्तिपुरका प्रधान भन्ने जातहरूले नाच्ने गरेको पाइन्छ । त्यतिबेला यो गठू प्याखँलाई " तीर्थ प्याखँ " भन्ने गरिन्थ्यो ।[४१] पछि प्रधानहरूले कीर्तिपुरमा शासकका रूपमा सत्ता हातमा आएपछि उनीहरूले " गठू " भन्ने मालाकार जातलाई ललाई फकाई यो नाच नाच्न लगाएर पछि मात्र " गठू नाच " भएको हो ।[४२] यस नाचलाई तीर्थ प्याखँ भनिएको र यसलाई स्थानीय रूपमा "बाघ भैरव नाच" पनि भन्ने गरेको पाइन्छ । यो नाच "बाघ भैरव नृत्य" कीर्तिपुरमा बाह्र वर्षको एकपटक नचाउने गरिन्छ । यो नाच अष्टमातृका गण नाच हो । यी गाईजात्राको कीतिपुर देय् गुठीका तीर्थ (तीर्था) ख्वापाहरूलाई कीर्तिपुरमा बाघ भैरव नाचको अष्टमातृका गण देवताहरूको प्रतीक स्वरूप मान्ने गरिन्छ । "तीर्थ नाच" भनेर कीर्तिपुरमा त्यतिबेला प्रख्यात् नाचको रूपमा रहेको सूचना छ (चित्र नं. १३) ।[४३] यसरी १२ वर्षमा एक पटक प्रदर्शन गर्ने "बाघ भैरव नृत्य" को अष्टमातृका गण नाच प्रधानहरूले नाच्ने परम्परा भएको. पनि बताइन्छ । यो देवी नाच नाच्ने भएकाले त्यतिबेला यी प्रधानहरूलाई देवता सरह मान्ने र पुज्ने चलन रहेको भनाइ छ । कीर्तिपुरमा पृथ्वीनारायण शाहको आक्रमणपछि प्रधानहरूले विस्तारै गठु (मालाकार)हरूलाई विभिन्न सरसमान दिएर, नृत्य गर्ने वस्त्रहरू दिएर जिम्मा दिएर नचाउन थालेको पाइन्छ । त्यसपछि यो नाचलाई कीतिपुरमा " गठू प्याखँ " भनेर प्रख्यात हुन गएको जानकारी छ ।

---

[४१] नरसिं महर्जन (९५) सँगको कुराकानीमा आधारित ।

[४२] नरसिं बहादुर श्रेष्ठ (९५) सँगको कुराकानीमा आधारित ।

[४३] नरसिं महर्जन (९५) सँगको कुराकानीमा आधारित ।

यो नाच गठू (मालाकार) भन्ने जातिहरूले भन्दा अगाडि प्रधान भन्ने जातिहरूले नाच्ने भएकाले होला प्रधानहरूलाई कीतिपुरका जनताहरूले देवता सरह मान्दै प्रधानहरूको घरको थकाली (हा:मा: अथवा हा: बा:) को मृत्यु भयो भने त्यतिबेला कीर्तिपुरको देय् गुठीका गुठीयारहरूले उनीहरूको दाह संस्कार गरिसकेपछि मृतकको ५ ठाउँको अस्थि धातु खरानी (विभूति) कीर्तिपुरको देय् गुठीका गुठियारहरूले विभिन्न तीर्थमा लगेर बगाइदिने चलन भएको र उनीहरूका मृत्यु हुँदा १२ दिनमा काट्टो पनि खुवाउने चलन रहेको भनाइ छ। उनीहरूका दाह संस्कार गरेको अस्थि धातु (खरानी) यस प्रकार तीर्थमा लगेर देय् गुठीको गुठियारहरूले बगाउने गरेको पनि पाइन्छ। जस्तैः

टाउकाको - गुहेश्वरी पशुपति घाटमा

दाहिने हातको - शोभाभगवती घाटमा

बायाँ हातको - टेकुसीको बल्खु घाटमा

दाहिने खुट्टाको - पाँगाको सुन्दरी घाटमा

बायाँ खुट्टाको - विष्णुदेवी बल्खुको इन्द्रायणी घाटमा लगेर बगाइदिने चलन थियो भन्ने पाइन्छ।[४४]

पहिले प्रधानहरूको थकाली नकु (थकाली बुबा) वा नकीं (थकाली आमा) को मृत्यु भएमा उसको अस्थिधातु खरानी पाचँवटा घाटमा बगाउनको लागि कीर्तिपुरका देय् गुठीबाट प्रत्येक घाटमा दुई जना कीतिपुर देय् गुठीका सदस्यहरू पठाउने व्यवस्था गरिएको पाइन्छ (चित्र नं. १२)। यो प्रधानहरूको थकालीको मृत्यु हुँदाखेरि उसको टाउकाको अस्थि धातु पशुपति आर्यघाटमा बगाउन वहाँ आफैले (मानसिं महर्जनले) लगेको भेटिन्छ।[४५] यो कार्य वि.स.२०१५ पछिदेखि लोप नै भइसकेको छ भने कीर्तिपुरका देय् गुठीका गुठीयारहरू यसरी प्रधानहरूको थकाली नकु र नकींको मृत्यु भयो भने ८,८ जना १२ दिनसम्म पालोपालो गरेर मृतकका घरमा

---

[४४] रूद्र बहादुर प्रधान (७२) सँगको कुराकानीमा आधारित।

[४५] मानसिं महर्जन (९४) सँगको कुराकानीमा आधारित।

काजक्रिया गर्नका लागि विभिन्न कार्यमा सहयोग गर्न जाने र सुत्न जाने चलन थियो । यो चलन वि.सं. २०५० सम्ममा आइपुग्दा मेरा बुबा जगत्बहादुर प्रधान (सिपाही द्वारे) को मृत्यु हुँदा ४ जना मात्र १२ दिनसम्म या काट्टो खुवाउँदा सम्म सुत्न आएका थिए भने त्यसपछिका वर्षहरूमा यो चलन पनि लोप नै हुन गएको छ । त्यसपछि कीर्तिपुरको देय् गुठीबाट अलग्गै छुट्टिएर प्रधानहरूको आआफ्नो सना गुठी (मुर्दा गुठी) बनाएर स्थापना गरी दाहसंस्कार गर्ने कार्य चलाउँदै आएको पाइन्छ । त्यसपछि अहिले काट्टो खुवाउने चलन पनि लोप नै भइसकेको छ । [४६]

कीर्तिपुरको देय् गुठीद्वारा कीर्तिपुरमा बाह्र वर्षको एक पटक प्रदर्शन गरेर देखाउने “तीर्थ नाच” वा “बाघ भैरव नाच” को प्रतीक स्वरूप अष्टमातृका गणहरूको साधना गर्दै स्थापना गरी बनाइ मृतकको नाममा वर्षको एक पटक भएपनि गाईजात्राको दिनमा कीर्तिपुर देशलाई शद्ध, पवित्र, शान्ति, कल्याण आदि कार्य गर्नको लागि कीर्तिपुर नगर परिक्रमा गर्न लगाइराखेको हो । कीर्तिपुरको देय् गुठीमा रहेका यी तीर्था मुकुण्डोहरू विशेष गरेर कीर्तिपुरको देय् गुठीको गुठीयारहरूले गाईजात्राका दिनको लागि नर बलि दिएर (मान्छेको हातको औंला काटेर रगत चढाइ) विभिन्न देवी देवताहरूको छुट्टाछुट्टै तीर्थको पूजा विभिन्न स्थानहरूबाट विभिन्न तिथि तथा बार पारेर तान्त्रिक विधिका साथ शक्ति साधना गरी बनाएर एउटै रङ्गमा स्थापना गरी “बाघ भैरव नृत्य” को देवी देवताहरूको जनैपूर्णिमाको दिनसम्म पूजा गरेर तन्त्र, मन्त्र र विधि पूर्वक साधना गर्दै आरधना गरेर बनाई थापना गरी राखेको हो भन्ने मान्यता देखिन्छ । जस्तैः भैरवको साधना कीतिपुरको बाघ भैरवबाट, गणेशको साधना दथुवःखु (कीर्तिपुरका पश्चिमतिर रहेको मसानघाट स्थित देवीस्थल) बाट, वैष्णवीको साधना विष्णुदेवी बल्खुबाट, कौमारीको साधना बालकुमारी पाँगाबाट, चामुण्डा (कालिका) को साधना पशुपति वनकाली गुहेश्वरीबाट, ब्रहमायणीको साधना नखुबाट, इन्द्रायणीको साधना इन्द्रायणी स्थान देवढोकाबाट, गंगा ( रूद्रायणी) को साधना इन्द्रायणी स्थानबाट, सिंहनी र व्याघ्रनी (बाघ भैरवको हि फः द्यः) अर्थात मन्दिरको मूल ढोकाको दाहिनेतिर बाहिर भोग चढाउने ठाउँको दायाँबायाँ रहेको सिम्बा

[४६] रूद्रबहादुर प्रधान (७२) सँगको कुराकानीमा आधारित ।

धुम्बाबाट, महादेवको साधना पशुपतिनाथबाट साधना गरी तान्त्रिक शक्ति र सिद्धि प्राप्त गर्ने कार्य जनैपूर्णिमाको दिनसम्म हुने गर्दछ ।[४७] त्यसको भोलिपल्ट गाईजात्राको दिन सबै तीर्था ख्वापाहरू कीर्तिपुरको देय् गुठीले मल्लकालमा यी विभिन्न तीर्थका नाममा बनाउन सकाएर गाईजात्राको दिनका लागि मात्र फुकुवा गरेर प्रत्येक वर्ष गाईजात्राका दिनमा मात्र वर्षभरि मरेर गएका नाममा यो कीर्तिपुर भरि मरेका मान्छेको आत्मालाई शान्ति गर्नको लागि पूजा गरी ती मृतकका नाममा कीर्तिपुर नगर परिक्रमा गर्नको लागि मृतकका आफन्तहरूलाई दिएर विधि पूर्वक पूजा गरेर "बाघ भैरव नृत्य" को प्रतीक स्वरूप कीर्तिपुर देय् गुठीको मुख्य तीर्था ख्वापा लगाइ आउनेलाई सात पाइला बिस्तारै "तीर्थ नाच" अनुसार टेक्न लगाएर कीर्तिपुर देशलाई शुद्ध, पवित्र, मङ्गल र कल्याणकारी कार्य गर्दै आइराखेको हो । सबै तेह्र(१३) वटै तीर्था ख्वापाहरूलाई "बाघ भैरव नृत्य" को अष्टमातृका गणको एउटा एउटा नाम दिएर बनाएर राखेका ख्वापाहरू हुन् । यी तीर्था ख्वापाहरू गाईजात्रामा एकदिनका लागि मात्र कीर्तिपुरका देय् गुठीले मृतकका नाममा पूजा गराउनका लागि मृतकका आफन्तहरूलाई दिएर पठाउन यमराज/धर्मराजको साधना गरेर विधिपूर्वक पूजा गरी देय् गुठीबाट १२ वटा तीर्था मुकुन्डाहरूलाई फुकुवा गरी दिएर पठाइएको तीर्थ ख्वापाहरू मृतकका नाममा लगाएर कीर्तिपुर नगर परिक्रमा गरी कीर्तिपुर देशलाई शुद्ध, पवित्र, मङ्गल, सुरक्षा आदि गरी गाईजात्रा मनाउँदै आएको हो भन्ने जानकारी पनि पाइन्छ ।[४८]

यी तीर्था मुकुन्डाहरू जनै पूर्णिमाको दिनसम्म विभिन्न तीर्थहरूको पूजा र साधना गरेर ल्याएको माटो, जल, कपास, भुस आदि राखेर पूजा गरी गाईजात्राको एकदिन भित्रै सबै मुकन्डोलाई एउटै रातो गाडा रङ्ग वा कलेजी रङ्ग गरेर बनाउन सकाएर "बाघ भैरव नाच" (अष्टमातृका गण नाच) को प्रतीक स्वरूप स्थापना गरी राखेका मुकुन्डाहरू हुन् । त्यसैले मुकुन्डाहरू गाईजात्राको दिनमा मात्र निकालेर कीर्तिपुरका जनताहरूलाई प्रदर्शन गराउने चलन

---

[४७] मानसिं महर्जन (९५) सँगको कुराकानीमा आधारित ।

[४८] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

छ (राम महर्जनका बाजेले उहाँलाई भन्नु भएको थियो) ।[४९] यी तीर्था मुकुन्डाहरू गाईजात्राका दिनमा मात्र फुकुवा हुने हुँदा वर्षभरिमा एकदिन मात्र हेर्न हुन्छ । अरू दिनमा यी मुकुन्डाहरू छोपेर पूजा गर्ने परम्परा छ । त्यसैले कीर्तिपुरको देय् गुठीको तीर्था मुकुन्डाहरू गाईजात्राको दिनमा मात्र निकालेर नगर परिक्रमा गरी प्रदर्शन गर्न सकेपछि गाईजात्राको दिन भित्रै कीर्तिपुरको देय् गुठिमा फर्काएर तीर्था ख्वापाहरू राखेको ठाउँमा राख्नु पर्दछ भन्ने जनविश्वास रहेको छ । नत्र अनिष्ट घटनाहरू हुन सक्ने पनि मान्यता छ । यी तीर्था ख्वाःपाः भन्नाले तीर्थको प्रतीक स्वरूप कीर्तिपुरको देय् गुठीको मसानघाटको (पीठको) अष्टमातृका गण (बाघ भैरव नाचको) देवताको प्रतीकको रूपमा गाईजात्राको दिनमा मृतकका नाममा पूजा गरेर सबैभन्दा अगाडि आउने गरिन्छ । यी मध्ये कीर्तिपुर देय् गुठीको गुह्य देवता या मुख्य देवता बाघ भैरव देवता (आजु द्यः) को मुकुन्डो (मुख्य तीर्था ख्वाःपाः) लगाउने सबै भन्दा अगाडि अग्रपङ्क्तिमा बसेर सबै मृतकका नाममा आउनेहरूलाई नेतृत्व प्रदान गरेर कीर्तिपुर देशका नगरहरू परिक्रमा गर्ने गर्दछन् । अरू मृतकका नाममा नगर परिक्रमा गर्न आउने तीर्था ख्वापाहरू (नौ जोडी आइमाईको लुगा लगाएर) र अरू कीर्तिपुरका मृतकको नाममा पूजा गरेर गाई भेषमा नगर परिक्रमा गर्न आउने व्यक्तिहरू कीर्तिपुरको देय् गुठीको मुख्य तीर्था ख्वापा लगाएर आउनेको पछिपछि लागेर नगर परिक्रमा गर्ने गर्छन् ।

यी कीर्तिपुर देय् गुठीको तीर्था ख्वापा लगाएर आउने व्यक्तिहरूले देय् गुठीको नियमपूर्वक चोखो भएर विधिपूर्वक व्रत बसी दिनभरि भोकै रहेर नगर परिक्रमा गर्दछन् । यी कीर्तिपुरको देय् गुठीको तीर्थ(तीर्था) ख्वापाहरू सबै एकदम भयंकर, डर लाग्दो र भयानक हुने गर्दछन् । कीर्तिपुर देय् गुठीका तन्त्र र मन्त्रहरूले भरिपूर्ण यी तीर्था ख्वाःपाः लगाउने व्यक्तिहरूले नियमपूर्वक बसेर बिहान उठेर नुहाइ, चोखो भई, कपाल खौरेर, हात र खुट्टाको नङ काटेर, आफ्नो हजामलाई नङ छुवाई, एकचित भई, एकै मन गरेर ब्रत बसी मृतकका नाममा नौ जोडी, नौ रङ् आइमाईको लुगा लगाएर, नौ वटा देवताहरूको आकृति भएको छाता ओढेर आउने गर्दथ्यो भने नौ वटा रूमाल जिउमा झुन्डाएर लगाई, विभिन्न गरगहनाले शृङ्गार गरी,

[४९] राम महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

दिनभरि केही पनि नखाएर, पानीसमेत नखाएर (पानीले खाली मुख कुल्ला मात्र गरेर) दिनभरि भोकै ब्रत बसेर, नाङ्गो खुट्टाले कीर्तिपुरका मुख्यमुख्य टोलमा नाच प्रदर्शन गर्दै नगर परिक्रमा गरेर देश शुद्ध र पवित्र गर्ने गर्दछन् । यो कीर्तिपुरको देय् गुठीका १२ वटा तीर्था ख्वाःपाः बाहेक अरू सबै ख्वाःपाःहरू वा बजारबाट किनेर ल्याएका ख्वाःपाः लगाएर नौ जोडी आइमाईको लुगा लगाएर आउनेहरू र अरू मृतकका नाममा नगर परिक्रमा गर्न आउने गाई भेषधारीहरूले चाहिँ भोकै बसीरहनु पर्दैन, जे मनपर्छ त्यही खाए पनि हुन्छ वा बाटा बाटामा मृतकका नाममा दान गरेका फलफूल, दुध, रोटी आदि खानेकुराहरू खाए पनि हुन्छ भने कीर्तिपुरको देय् गुठीबाट फुकुवा गरी दिएर पठाएको बाघ भैरव नाचको प्रतीक स्वरूप अष्टमातृका गण देवताहरूको सबै तीर्था ख्वापा लगाएर गाईजात्राको दिन नगर परिक्रमा गर्न आउनेहरूले चाहिँ चोखो भएर व्रत बसेर विधिपूर्वक नियमको पालना गरी बार्नु पर्दछ ।

यी तीर्था ख्वाःपाः लगाएर नौ जोडी आइमाईका लुगा लगाउनेहरूका पछाडि पछाडि उनीहरूको पुच्छर समात्ने भनेर बालिकाहरूलाई शृङ्गार गरी राम्रो पारेर पछिपछि मुकुन्डो लगाएर नौ जाडी आइमाईको लुगा लगाएर आउनेहरूको पछाडिपछाडि यी बालिकाहरूले पटुकाको टुप्पो समातेर आउने गर्दछन् । पहिले पहिले यसरी नै नियमपूर्वक आउने. परम्परा थियो । अहिले यसरी आउने गरिएको पाइँदैन । यो कार्य वि.स. २०४६ भन्दा अगाडि सम्म मात्र यसरी आएको जानकारी छ ।[५०] वि.स. २०४६ पछि भने तीर्था ख्वाःपाः लगाएर आउनेहरूलाई पनि दिनभरि भोकै नगर घुम्न गाह्रो हुन्छ र पेट खाली गरी बस्न हुदैन भनेर पञ्चामृतका रूपमा दुध मात्र खान दिने गरेको पाइन्छ । उनीहरूले सकेसम्म केही खाने गर्दैनन् ।[५१]

गाईजात्राको दिनका लागि फुकुवा गरी कीर्तिपुर देय् गुठीमा बनाएर राखेको तीर्था ख्वापाहरू मध्ये कीर्तिपुरको मुख्य(मूल) देवता बाघ भैरवको प्रतीक स्वरूप देय् गुठीको मुख्य

---

[५०] दान बहादुर महर्जन (८२), सँगको कुराकानीमा आधारित ।

[५१] देव महर्जन (६८) सँगको कुराकानीमा आधारित ।

गुह्य देवता कीर्तिपुर नगर परिक्रमा गर्नको लागि थाचिने गर्ने व्यक्तिलाई (चित्र नं. २०) र कीर्तिपुरको शाखा गाउँ पाँगा गाउँको मुख्य(मूल) देवता कौमारीको प्रतीक स्वरूप कीर्तिपुरको देय् गुठीको कौमारी तीर्था ख्वापा (तिर ख्वाःपाः) पाँगामा "गाईजात्रा" चलाउनका लागि गाईजात्राका दिनमा मुख्य मृतकको नाममा पूजा गरिने घर (कजी छेँ) को बर्खी बसेको व्यक्तिलाई (थाचिने गर्ने व्यक्तिलाई) त्यस घरका मृतकका नाममा नगर परिक्रमा गरी "गाईजात्रा" पर्व मनाउनका लागि कीर्तिपुरको देय् गुठीबाट नै दिएर पठाउने गरेको पाइन्छ ( चित्र नं. २२) । यसरी मुख्य मृतकका नाममा पूजा गरी गाईजात्रा नाचको थाचिने गर्ने व्यक्तिलाई यी ठाउँ र स्थान विशेषको मुख्य(मूल) देवताका अनुसार कीर्तिपुर देय् गुठीको मुख्य तीर्था ख्वापाहरू विशेष रूपमा कीर्तिपुरको लागि आजुः द्यः बाघ भैरव देवताको तीर्था ख्वापा र पाँगाको लागि पाँगाको देवताको प्रतीक स्वरूप कौमारी देवीको तीर्था ख्वापा दिएर देश शुद्ध, पवित्र, मङ्गल, कल्याण र सुरक्षा गर्ने हिसाबले कीर्तिपुर नगर परिक्रमा गर्दै गाईजात्रा पर्व मनाउने गरेको पाइन्छ । यही कीर्तिपुरको देय् गुठीले दिने मुख्य तीर्था ख्वापा लगाएर आउनेको पछिपछि मात्र अरू मृतकका घरबाट पठाएको तीर्था ख्वापाहरू र गाईभेषधारीहरू द्वारा तीर्था ख्वापाको पछिपछि लगेर नगर परिक्रमा गर्ने गर्दछन् । त्यसैले गाईजात्रा पर्व कीर्तिपुरका नेवारहरूको मृतकका नाममा नगर परिक्रमा गर्ने मात्र नभएर देश शुद्ध, पवित्र, मङ्गलको कामना गर्दै कीर्तिपुर देशभरि मनाउने पर्व पनि हो ।

मृतकका नाममा तीर्था ख्वाःपाः चाहिएमा गाईजात्राका दिन अगाडि नै कीर्तिपुरको देय् गुठीमा खबर दिन जानु पर्दछ । नत्र आफू भन्दा पहिले अरूले नै सूचना दिइसकेको खण्डमा नपाउने स्थिति भएमा अर्को ख्वापा बजारबाट किनेर भए पनि लगाएर नगर परिक्रमा गर्न पठाउनु पर्ने हुन्छ ।[५२]

ओल्डफिल्ड (H.A. Oaldfield) ले आफ्नो किताबमा उल्लेख गरे अनुसार यो गाईजात्रा चाडपर्वमा भैरव र भैरवीको जात्रा कुनै ब्यक्तिगत फाइदा र कुनै चिज प्राप्त गर्नका लागि

---

[५२] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

नभएर मृत्यु आत्माको सपना साकार गर्न सद्गति प्राप्त होस् भन्ने कामना स्वरूप मृतकका आफन्तहरूले मनाउने गर्दछन् भनिएको छ। गाईजात्रा पर्वलाई पहिले पहिले "बाघ भैरव नाच" को जात्रा (The Festival Of Tiger Dancers) भन्ने गरेको पनि उल्लेख छ। यही नाचलाई पछि गाईजात्रा भनिएको पनि उनको मान्यता छ।[५३]

ओल्डफिल्डले "गाईजात्रा" पर्वलाई भैरव र भैरवीको जात्राको उल्लेख गरेबाट कीर्तिपुरमा मृतकको नाममा देश शुद्ध, पवित्र, मङ्गल, शान्ति, कल्याण र सुरक्षा गर्नको लागि बर्षको एक पटक कीर्तिपुर नगर परिक्रमा गर्नको लागि प्रत्येक वर्ष कीर्तिपुरको देय् गठीबाट दिएर पठाउने गरिराखेका तीर्थ ख्वापाहरूको (बाघ भैरव नाचको प्रतीक स्वरूप बनाएर राखेका मुकुण्डोहरूको) मुख्य तीर्था नाचको बारेमा प्रस्तुत गरिएको हो भन्न सकिन्छ। जसलाई अङ्ग्रेजीमा "The Festival Of Tiger Dancers" भन्ने गरिन्छ। जुन नाच मृतक्का नाममा गाईजात्राको दिन कीर्तिपुरमा मात्र नचाउने गरिन्छ, अन्य कहीँ पनि यो नाच नचाउने गरिदिँदैन्। पछि यस नाचलाई गाईजात्रासँग समिश्रण गरी प्रर्दशन गरेर देखाउन थालेको हो भन्न सकिन्छ। ओल्डफिल्डले गाईजात्रा नाचलाई पहिले पहिले "बाघ भैरव नाच" भन्ने गर्दथ्यो भनेर उल्लेख गरेका अनुसार र पाँगाको म्वाँ बौ टोलमा बस्ने नरसिं महर्जन (९५)को उहाँको बाजेले उहाँलाई पहिले पहिले "तीर्था नाच" हर्न जाने भन्ने प्रसङ्ग भएबाट प्रताप मल्लले "गाईजात्रा" सुरु गर्नु भन्दा अगाडि देखि नै यो "तीर्था नाच" कीर्तिपुरमा थियो की भन्ने अनुमान गर्न सकिन्छ। यसै हो भन्नका लागि गहिरो अध्ययन गर्न आवश्यक छ।

**(क) तीर्था ख्वापा ग्रहण गर्न कीर्तिपुर देय् गुठीको भूमिका**

गाईजात्राको दिन भन्दा कम्तिमा पनि एक हप्ता अगाडि गाईजात्राको नाच "धे धे पा पा" को उदघाटन (थाचिने) गर्ने परिवारका व्यक्तिले कीर्तिपुर देय् गुठीको पालाको घरमा गएर मुख्य तीर्था ख्वापा (तीर्था मुकुन्डो) गाईजात्राका लागि चाहिन्छ भनेर निमन्त्रणा दिन जानु पर्दछ

---

[५३] Gopal Singh Nepali, **The Newars** (Bombay: United Asia Publication, 1965 A.D.) page nos.357.

। त्यसपछि देय् गुठी पाला (दे गुठी पालो थाप्ने व्यक्ति) ले पनि गाईजात्राको तिन दिन अगाडि देय् गुठीका मुख्य थकालीलाई गाईजात्राको दिन "मुख्य तीर्था ख्वापा" नाच्नका लागि थाचिने गर्ने परिवारको व्यक्तिलाई हस्तान्तरण गर्न मौखिक निमन्त्रणा गर्दछ । यही निमन्त्रणाका आधारमा गाईजात्राका दिन बिहान तीर्था ख्वापा दिन गुठीका व्यक्तिहरू वा गुठियारहरू र तीर्था ख्वापा लिन आउने व्यक्तिहरू बिहानै नुहाई चोखो भएर गुठी पाला कहाँ आउनु पर्छ । कीर्तिपुर देय् गुठीका मुख्य थकाली "देय् गुठी पाला" को घरमा आएर तीर्था ख्वापा राखेका ठाउँमा पूजा गरेर, धुप बत्ती दिएर, देय् गुठी देवताको पूजा आराधना पनि गर्दछन् । यसरी पूजा अर्चना सकिएपछि देय् गुठीका थकालीहरू चार पाँच जना वा जति जना भेला भएको छ, ती सबै भेला भएर सँगै बसेर पूजा गरी सकेपछि समय्बजी भोज (समय्बजी, छोयला, रक्सी, जाँड आदिको समिश्रण गरेको भोज) खाने गर्दछन् ।

देय् गुठी पालाले समय्बजी भोज ठीक्क बनाएर राख्ने गर्दछ । सबै देय् गुठीमा उपस्थित सबै सदस्यहरूले समय्बजी खाइसकेपछि मात्र 'धे धे पा पा' नाचका लागि मुख्य तीर्था ख्वाःपा उद्घाटन (थाचिने) गर्ने व्यक्तिसँग (ख्वापा लिन आउनेसँग) नयाँ कपडा भएको ढक्की लिएर कीर्तिपुरको देये गुठीको मुख्य तीर्था ख्वापा विधिपूर्वक पूजा गरेर कपडाले छोपेर उसलाई दिई पठाउने गर्दछ । तीर्था ख्वाःपा राखेको ढक्की लिने व्यक्तिले गुठी पालालाई केही दक्षिणा दिनुपर्दछ त्यसै लिन हुँदैन भन्ने जनविश्वास रहेको छ । त्यसपछि क्रमशः अरू तीर्था ख्वापा लिन आउने व्यक्तिहरूलाई पनि क्रमशः त्यसरी नै कीर्तिपुरको देय् गुठीका पालाले तीर्था ख्वाःपाहरू दिई पठाउने गर्दछ । मुख्य तीर्था ख्वापा थाचिने गर्ने परिवारलाई पहिला नदिइकन अरू लिन आउनेहरूलाई दिने चलन छैन् ।

गाईजात्राको दिनभरि कीर्तिपुरका मुख्यमुख्य टोलमा "धे धे पा पा" नाच अघिअघि तीर्था ख्वापाहरू बसेर नगर परिक्रमा गर्न सकेपछि देय् गुठीमा यी तीर्था ख्वापाहरू त्यही दिनमा नै फर्काउन जानु पर्ने वा भित्र्याउने गर्दछ (चित्र नं. ८४) । 'धे धे पा पा' नाचको मुख्य तीर्था ख्वापा मृतकका नाममा थाचिने गरेको घरमा भित्र्याएपछि यो नाच सकिने गर्छ । त्यस्तै गरेर जसरी बिहान थाचिने गरेको घरमा सबै नाचमा सहभागीहरू मिलेर बिहान नाच सुरु गर्नु भन्दा

अगाडि भोज खाने गर्दछन् । त्यसरी नै बेलुका 'धे धे पा पा' नाच उदघाटन (थाचिने) गर्नेका घरमा नाच भित्र्याई सकिएपछि नाचका सबै सहभागीहरू र स्वयम्सेवकहरूले समय्बजी भोज खाने गर्दछन् । भोज खाईसकेपछि आआफ्ना घरमा गएर लुगा फुकालेर जसले जसले कीर्तिपुरको देय् गुठीबाट तीर्था ख्वापा ल्याएको हो उनीहरूले फेरी अघिको नयाँ कपडाले छोपेर ढक्कीमा राखेर त्यही दिनमा नै जहाँबाट तीर्था ख्वापा ल्याएको हो त्यही पुऱ्याउन जानु पर्दछ । नत्र अनिष्ट घट्ना हुन सक्दछ भन्ने जनविश्वास छ । यसरी यी तीर्था ख्वापा कीर्तिपुरको देय् गुठी पालाका घरमा भित्र्याइने गर्दछन् । देय् गुठी पालाले तीर्था ख्वापालाई कपडाले छोपेर ल्याएको धक्की लिएर पूजा कोठामा लगी तीर्था ख्वापा जहाँबाट लिएको हो त्यही राखिदिन्छ र उसलाई धक्की मात्र दिएर पठाउने चलन छ । यसरी नै अरू सबै कीर्तिपुरको देय् गुठीको तीर्था ख्वापा भित्र्याई सकेपछि कीर्तिपुर देय् गुठीका पालाहरूले फेरि पूजा गरेर घरको परिवारहरूसगँ बसेर समय्बजी भोज खाने गरिन्छ र गाईजात्राका दिनको लागि मात्र दिएर पठाउने कीतिपुर देय् गुठीको तीर्था ख्वाःपाको प्रदर्शन पनि सकिने गर्दछ ।[५४]

अहिले कीर्तिपुरको देय् गुठी बाहेक अरू गुठीको 'धे धे पा पा' नाचका लागि तीर्था ख्वापाहरू बिहान लिन जाँदा र भित्र्याईसकेपछि समय्बजी भोज खाने चलन छैन भने बिहान पूजा आराधना गरेर दिएर पठाउने  र बेलुका भित्र्याईसकेपछि पनि पूजा आराधना, धुप, बत्ती, दिने परम्परा भने कायमै छ । यसरी यी तीर्था ख्वापा कीर्तिपुरबासीहरूको लागि कीर्तिपुर देय् गुठीले वर्षको एक दिन गाईजात्राका दिनमा मृतकको नाममा मात्र आम जनसमुदाय बिच देश शुद्ध, पवित्र र चोखो गर्ने स्वरूप दर्शन गराउने गर्दै आएको पाइन्छ।[५५]

कीर्तिपुरको देय् गुठीद्वारा कीर्तिपुरमा जुन व्यक्तिको वा जसको आर्थिकस्थिति बलियो छ वा गन्यमान्य धनी व्यक्तिको घरमूलीको वा परिवारको मृत्यु भई बर्खी बसेको घरबाट मृतकका नामबाट यो मुख्य तीर्थ (तीर्था) ख्वाःपाः दिएर मुख्य पूजाको सुरुवात (थाचिने) गर्न दिई त्यही

---

[५४] गोविन्द महर्जन (६७) सँगको कुराकानीमा आधारित ।

[५५] राम महर्जन (७२) सँगको कुराकानीमा आधारित ।

टोलबाट 'धे धे पा पा त त' नाच नाच्न सुरु गर्न लगाउने गरेको हो । जसले यो " धे धे पा पा " नाचको सुरुवाट(थाचिने) गर्ने गर्दछ, उसको परिवारबाट यो "धे धे पा पा ताः ताः" नाचका लागि सम्पूर्ण खर्च र खानपीनको व्यवस्था गर्नु पर्दछ । त्यही भएर यो 'धे धे पा पा' नाच नचाउन धेरै गाह्रो हुने गर्दछ । त्यति बेला कीर्तिपुरको देय् गुठीले जुन मृतकका परिवारहरूको आर्थिक स्थिति बलियो छ, समाजमा धनी छ र गन्यमान्य व्यक्ति छ, उसको मृतकका नामबाट कीर्तिपुरको देय् गुठीले मुख्य तीर्था ख्वाःपा दिएर पूजाको स्थापना गरी सुरुवात वा उद्घाटन (थाचिने) गर्न दिई "धे धे पा पा तः तः" नाच नचाउन लगाएको हो भन्ने जानकारी पाइन्छ ।

यो 'धे धे पा पा' नाचमा लाग्ने खर्च र खानपीनको सबै जिम्मा मृतकका नाममा पूजा सुरुवात (थाचिने) गर्ने परिवारहरूले व्यहोर्ने गर्दछन् भने उसका छरछिमेकी र टोलबासीहरूले यो नाच नचाउनका लागी भरपुर सहयोग गर्ने र कीर्तिपुरको क्वाठे वा द्वारेद्वारा गाईजात्राको 'धे धे पा पा' नाचमा झगडा हुन सक्छ भनेर शान्ति, सुरक्षा, प्रदान गरीदिने गर्दछन् । यो 'धे धे पा पा' थाचिने गरेर नचाउनका लागि थाचिने गर्ने टोलमा कीर्तिपुरभरिका सबै मृतकका परिवारहरूले पठाएको गाई भेषधारी, जोगी, हास्यव्यङ्ग्य आदि नगर परिक्रमा गर्नेहरूलाई थाचिने गर्ने टोलको एकै ठाउँमा जम्मा गरेर (थामुने गर्दै) थाचिने गर्ने परिवारको गणेशस्थानमा पूजा गरी आफ्नो (थाचिने गर्ने परिवारको) मृतकका नाममा पूजा स्थापना गरेर (थाचिने) नाचको उदघाटन गरेर कीर्तिपुरको मुख्य मुख्य स्थानमा यो 'धे धे पा पा' नाच नाच्न लगाएर नगर परिक्रमा गर्दै अन्तिममा फेरि ती थाचिने गर्ने परिवारका टोलमा अन्तिम पटक नाच नचाएर उसका घरमा विधिपूर्वक पूजा गरेर भित्र्याएर नाचमा सहभागी सबै जनाले भोज खाएर यस नाचको समापन (समाप्त) गर्ने गरिन्छ । यो थाचिने गरेर "धे धे पा पा" नाच नचाएर कीर्तिपुर नगर परिक्रमा गर्न धेरै गाह्रो हुन्छ । त्यसैले मृतकका नाममा कसले थाचिने गर्ने हो उसका परिवारहरूले सरसल्लाह गरेर आफू खुसी सबै भन्दा पहिला कीर्तिपुरको देय् गुठीमा गएर यसपालिको वा यस वर्षको "धे धे पा पा" नाच नचाउने सबै जिम्मा लिन्छु भनेर मृतकका परिवारमध्ये जसले वा जसको परिवारले पहिला कीर्तिपुर देय् गुठीमा भन्न आउने गर्दछ उसको

परिवारलाई यो कीर्तिपुर देय् गुठीको पालाले मुख्य तीर्था ख्वाःपा (आजु द्यः बाघ भैरवको मुकुन्डो) दिने निर्णय गरेर गाईजात्राको एक दिन उसको टोलबाट गाईजात्रा नाचको थाचिने गर्न दिइने निर्णय गर्ने गर्दछ । यस अनुसार प्रत्येक वर्ष गाईजात्रा पर्व आउनु भन्दा १५, २० दिन वा एक महिना अगाडिदेखि नै कीर्तिपुरको देय् गुठीमा थाचिने गर्ने परिवारका व्यक्ति गएर अग्रिम सूचना दिन जानुपर्दछ । कीर्तिपुरको देय् गुठीको पालाले एक जना व्यक्ति वा परिवारलाई एक पटक मृतकको नाममा थाचिने गर्न बर्खी बसेको घरको परिवारलाई मुख्य तीर्था ख्वापा दिने निर्णय दिइसकेपछि अर्को मृतकका आफन्तहरूले म गर्दछु भनेर आउनेलाई थाचिने गर्न दिँदैन । अगाडि नै फलानो मृतकका परिवारका व्यक्तिलाई थाचिने गर्ने जिम्मा दिइसकेको भनी थाचिने गर्न पाउँदैन भन्दै अर्को तीर्था ख्वापा भएको दिएर पठाउने गरिन्छ अन्यथा फर्काइ दिने गर्दछ । त्यसैले सकेसम्म मृतकका नाममा थाचिने गर्ने इच्छा भएका परिवारहरूले कीर्तिपुरको देय् गुठीमा सबभन्दा पहिले नै १५,२० दिन वा एक महिना अगाडिदेखि सूचना दिई राख्नु पर्दछ ।[५६]

पहिलेपहिले वि.स.२०३० भन्दा अघिसम्म कीर्तिपुरमा एक महिना अगाडिदेखि कीर्तिपुरको गाईजात्राको दिनमा कसले वा कसको मृतकका नाममा थाचिने गर्ने हो भनेर कीर्तिपुर देशभरि हल्लाखल्ला हुने गर्दथ्यो । कहिलेकाहीँ मृतकका नाममा थाचिने गर्ने इच्छा भएपछि कीर्तिपुरका देय् गुठी पालाले अर्को मृतकका परिवारहरूलाई थाचिने गर्ने जिम्मा दिइसके पनि आफ्नो इच्छा भएपछि आफूले पनि आफ्नो मृतकका नाममा आफू खुसी खर्च गरेर थाचिने गर्ने पनि पाइन्छ । यसले गर्दा कुनै कुनै वर्षमा कीर्तिपुरमा दुई ठाउँबाट पनि मृतकका नाममा थाचिने गरेर गाईजात्राका दिनमा “धे धे पा पा त त” नाच मुख्यमुख्य टोलमा प्रदर्शन गर्ने स्थिति पनि भएको पाइन्छ । वि.सं. १९९७ तिर देव ढोकाको तुम्हरू खेँ (महर्जन) को बुबा सुकु महर्जनको मृत्यु (स्र्वगारोहण) भएका वर्षमा मृतकका नाममा देवढोकाबाट र कीर्तिपुरकै अर्को मुख्य टोल तःननी टोलबाट अर्को मृतकका नाममा थाचिने गरेको जानकारी पाइन्छ । त्यस्तै गरी पछि वि.सं. २००३ तिर कुटुभ्mोल टोलका लाल नाय महर्जन की आमा पुतली महर्जनको मृत्यु भएका वर्षमा पनि ती मृतकका नाममा कुटुभ्mोलबाट र कीर्तिपुरकै अर्को मुख्य

---

[५६] टीकाराम महर्जन (६५) सँगको कुराकानीमा आधारित ।

टोल गँछेबाट पनि अर्को मृतकका नाममा थाचिने गरेर 'धे धे पा पा तः तः' नाच नचाएर नगर परिक्रममा गर्दै कीर्तिपुरको मुख्यमुख्य टोलमा प्रर्दशन गरिएको जानकारी पाइन्छ ।[५७]

वि.स.२०१५ पछि 'धे धे पा पा' नाचको थाचिने पूजाको जिम्मा लिइ थाचिने गर्नेहरू नभएपछि कुटुभ्फोलको लाल नायले कीर्तिपुरको कुनै टोलबाट गाईजात्रामा मृतकका नाममा "धे धे पा पा तः तः" नाचको थाचिने को जिम्मा लिनेहरू नभएका वर्षहरूमा कुटुभ्फोल टोलका व्यक्तिहरू मिलेर 'धे धे पा पा' नाचको थाचिने गर्ने निर्णय पनि भएको पाइन्छ । पछि सोही अनुसार गाईजात्राको 'धे धे पा पा नाच' नचाउन थालेको जानकारी छ ।[५८] फेरि पछि वि.सं. २०६२ देखि यो नाच नचाउन धेरै खर्च र धेरै जनशक्ति चाहिने भएकाले पछि "कीर्तिपुर जात्रा चाडपर्व समिति २०६२", गठन गरी टोलटोलबाट वर्षैपिच्छे पालो पालो गरी नाच नचाउने निर्णय गरी नियम बनाएर त्यसको एक वर्षपछि देखि प्रत्येक वर्ष गाईजात्राको दिनमा एक दिन प्रदर्शन गरी कीर्तिपुरका मुख्यमुख्य टोलमा देखाउने "धे धे पा पा त त" नाचको थाचिने गर्ने जिम्मा टोलटोलहरू मिलेर पालो पालो गरी मनाउँदै आएको पाइन्छ ।

**(ख) मुख्य तीर्थ (तिर्था/तिथाः) ख्वापाको मुख्य भूमिका**

"मुख्य तीर्था ख्वापा" पहिले देखि नै कीर्तिपुर देय् गुठी भित्रको व्यक्ति(सदस्य)ले गाईजात्राको दिनमा थाचिने गर्ने घरको मृतकको नाममा लगाएर सबै भन्दा अगाडि अग्रपङ्तिमा नगर परिक्रमा गर्दै आउने गर्दछन् । यो "मुख्य तीर्था ख्वापा" देय् गुठीको गुह्य देवता आजु द्यः( भैरव देवता) को प्रतीक स्वरूप लगाएर आउने भएकाले यो मुकुन्डो(ख्वापा) लगाउने व्यक्तिहरूलाई फाफ्ने र नफाफ्ने पनि हुन्छ । फाप्नेहरू बाहेक अरूहरूले हत्तपत्त यो ख्वाःपाः लगाउन डराउँछन् (चित्र नं. ६७) । यो "मुख्य तीर्था ख्वापा" लगाउने व्यक्तिहरू तिन या चार

---

[५७] चिरीमैयाँ महर्जन (७०) सँगको कुराकानीमा आधारित ।

[५८] गणेशलाल महर्जन (५८) सँगको कुराकानीमा आधारित ।

जना मात्र भएको जानकारी छ । यो तीर्था ख्वापा उहाँ(देव महर्जन)लाई फाप्ने भएकोले प्रत्येक वर्ष "धे धे पा पा" नाचको सुरुवात गर्ने वा थाचिने (पूजा उद्घाटन) गर्नेहरूले उहाँलाई नै भन्न आउने गर्दछन् र उहाँले पनि अहिलेसम्म यसरी निरन्तर गर्दै आइरहेको देखिन्छ । अहिले यो "मुख्य तीर्था ख्वापा" लगाउने अरू साथीहरू देवढोका (द्यःढोका)को अर्जुन महर्जन(६२), क्वोछेँको बाबुलाल महर्जन(७५), इटाःछेँको कृष्णगोपाल महर्जन(६०) र उहाँ मात्र जीवत रहेको पाइन्छ ।[५९]

थाचिने अथवा मृतकका नाममा मुख्य पूजा सुरुबात (स्थापना वा उद्घाटन) गर्ने घरबाट टोलको गणेशको पूजा गरिसकेपछि सबैभन्दा पहिला मृतकका नाममा मुख्य पूजा गरेर ख्वाःपाहरू सबैलाई (नाचमा सहभागी हुने सबैलाई) दिइसकेपछि बाजा बजाउन सुरु गर्न का लागि देय् गुठीको मुख्य तीर्था ख्वाःपाः लगाउनेलाई विधि पूर्वक नै पठाइन्छ । गुभाज्यू वा पुरोहितले गणेश मन्दिर अगाडिको बाटोमा सातवटा अबीर र पिठोको मण्डप वा मण्डला बनाएर पूजा गरेर प्रत्येकमा एउटा एउटा सानो सुपारी राखिएको हुन्छ । यसरी बनाएका सातवटा मण्डप वा मण्डलालाई सबैभन्दा पहिला 'धे धे पा पा नाच' नाच्नु भन्दा अगाडि बाजाको 'रिक्त धा धा ताः ताः' सुरुको बोल र तालमा कीर्तिपुर देय् गुठीको मुख्य तीर्था ख्वाःपा थाचिने गर्ने परिवारको मृतकका नाममा "मुख्य तीर्था ख्वापा" लगाएर आउनेलाई गणेश मन्दिर अगाडि ती सातवटा मण्डलामाथि बिस्तारै बाजाका बोलमा र तालमा "बाघ भैरव नाच" नाच्दै सात पाइला चाल्न लगाइन्छ । यसरी नृत्य आरम्भ गर्ने कार्यलाई द्यः ल्हाये गर्ने वा देवतालाई ढोग गर्ने पनि भन्छन् । व्रतबन्ध गर्दा जसरी वनबास जाने कार्य हुन्छ (गणेशस्थानको अगाडि सात पाइला चलेको मानिन्छ) त्यसरी नै यो मुख्य तीर्था ख्वाःपाः लगाउने व्यक्तिले पनि सात पाइला बिस्तारै बाघ भैरव नृत्यको प्रतीक स्वरूप नाच्दै चाल्ने गर्दछ । अनि मात्र धाक खलकहरू र नृत्यमा सहभागी हुनेहरू पनि क्रमशः बाजाको बोल र तालमा क्रमशः नृत्य सुरु गर्ने गर्छन् । 'धे धे पा पा' नाच गर्नेहरू अथवा धाक खलकहरूले (सिँ ख्वाःपाः, म्हुकं ख्वाःपाः

[५९] देव महर्जन (६८) सँगको कुराकानीमा आधारित ।

आदिहरू) पनि मुख्य तीर्था ख्वाःपाः ले यसरी सात पाइला नचलेसम्म 'धे धे पा पा' नाच सुरु गर्दैनन् । यो सात पाइला चाल्नाको अर्थ नाचको सुरुवात गर्न वा कुनै शुभ कार्य गर्नका लागि मुख्य अर्थ लाग्छ । कीर्तिपुरको देय् गुठीको मुख्य तीर्था ख्वाःपाः लगाएर आउने व्यक्तिलाई सबैले देवतासरह मान्ने गर्दछन् ।

यो मुख्य तीर्था ख्वाःपाः लगाएर आउन पनि धेरै गाह्रो हुन्छ । दिनभरि केही पनि नखाएर बसेपछि धेरै कमजोर पनि हुन्छ । पूरै कीर्तिपुर नगर परिक्रमा गरिसक्दा त धेरै नै थकित हुन्छ । त्यसैले यो जो पायो उसले यो भुमिका निर्वाह गर्न धेरै कठिन कार्य हो । त्यसैले पहिले पहिले कीर्तिपुरका जनताहरूले त्यतिबेला उसलाई देवतासरह मान्ने पनि गर्दथे भनिन्छ । यो मुकुट ( मुकुण्डो) चानचुन व्यक्तिले लगाएर आउन सक्दैन । यसरी उसले सात पाइला चालेपछि अरू तीर्था ख्वाःपाः वा नौ जोडी आइमाईको लुगा लगाएर आउनेहरू उसको पछिपछि लागेर सबै जना एउटा निर्दिष्ट ठाउँमा बसिरहन्छन् (चित्र नं. ६४) । त्यसपछि मात्र धाक समूहले "धे धे पा पा" नाच बाजाको बोलको तालमा बिस्तारै हात उठाउँदै खुट्टा हल्लाउँदै नाच्न थाल्छन् ।[६०] नाच नाचिरहँदा बाजाको बोल "रिक्त धे धे पाः पाः" बोलमा बाजा बजाइरहन्छ । मुख्य टोलमा आधा घन्टा वा पौने घन्टा जति 'धे धे पा पा' बोलमा नाच नाचेपछि, सबै बाजाको बोल फरक गरी बाजा बजाइन्छ । यसरी बाजाको बोल सिं ख्वापाको निदेर्शनमा बाजाको बोल फरक गरी बजाउने गरिन्छ । यतिबेला नाचमा सहभागी भइ नाच्नेहरू बेतालमा ताल र सुर अनुसार नाच्ने गर्दछन् भने यी तीर्था ख्वाःपाः लगाएर आउनेहरू मुख्य तीर्था ख्वाःपाः को पछिपछि लहरै भएर बाजा बजाउनेहरूलाई दाहिने घुमेर जाने गर्दछन् अथवा त्यस टोलको मुख्य स्थानको मण्डला/मण्डप घुमेर जाने गर्दछन् । प्रायः जसो यी बाजा बजाउनेहरू टोलका मुख्य मण्डप वा मण्डला भएको ठाउँमा बाजा बजाएर बस्ने भएकाले बाजा बजाउनेहरूलाई समेत दाहिने घुमेर बिस्तारै लहरमा जाने गर्दछन् । प्रत्येक टोलहरूमा "धे धे पा पा" नाच नचाउँदा यही नियम अनुसार यसरी नै मण्डप घुमेर जाने गर्दन् । जसलाई "मण्ड क्यायेगु" भनेर स्थानीय भाषामा

[६०] देव महर्जन (६८) सँगको कुराकानीमा आधारित ।

भन्ने गरिन्छ ।[६१] यो तीर्था ख्वापाहरूले मण्ड घुम्ने(मण्ड क्यायेगु) नगरे सम्म धाक खल वा नाचमा सहभागी हुनेहरूले नाचमा सघाउने गर्दैनन् । यसरी तीर्था ख्वाःपाः (नौ जोडी आइमाईका लुगा लगाएर आउने) हरूले बाजा बजाइरहेका ठाउँमा गएर दाहिने घुमेर गइसकेपछि धाक खलहरूले यो नाच कति नाच्न मन लाग्दछ नाचेर सकाउने गर्दछन् । पहिले पहिले यो “धे धे पा पा” नाचमा नाच्ने सिं ख्वाःपाः (रातो मुकुण्डो) लगाउने नाचको नाच सक्याउन बाजाको अगाडि आएर अथवा टोलको मुख्य मण्डपतिर आएर सबैभन्दा पहिले देब्रे हातको कुल्लु बजारे लगतै दाहिने हातले आफ्नो कुल्लु भुइँमा बजार्नु पर्छ । यसरी दाहिने हातले कुल्लु ड्याङ्ग बजार्ने बित्तिकै त्यही ड्याङ्गक  बाजाको बोल “रिक्त धे धे पा पा” भनेर बाजाको ‘रिक्त’ बोल बजाउन सुरु गर्ने गरिन्छ भने यताबेला यही “रिक्त” बोलमा मुख्य तीर्था ख्वाःपाःले उनीहरूका बाजा बजाउनेहरूका अगाडि आएर बिचमा उभिएर यही बाजाको सुरुवातको बोल “रिक्त धे धे पा पा” बोलमा ताल मिलाएर मुख्य तीर्था ख्वापाले बिस्तारै “बाघ भैरव नाच” को प्रतीक स्वरुप सात पाइला चलेर जाने गर्दछन् । यसरी मुख्य तीर्था ख्वापा लगाउनेले सात पाइला बिस्तारै बाजाको तालमा खुरुखुरु टेकेर गएपछि फटाफट अर्को टोलमा नाच प्रदर्शन गरी देखाउन कसैसँग नबोलीकन कतै नहेरेर सीधा अगाडि हेरेर अघि बढेर जाने गर्दछन्  । यो मुख्य तीर्था ख्वाःपाः को पछिपछि अरू तीर्था ख्वाःपाः लगाएर आउनेहरू उसको पछिपछि खुरुखुरु हिँडेर जाने गर्दछन् र फेरि अर्को टोलमा पुगेपछि नाच प्रदर्शन गरी नचाउन मुख्य टोलको एउटा निर्दिष्ट ठाउँमा गएर बस्ने गर्दछन् (चित्र नं. ६५) । यसरी तीर्था ख्वापा लगाएर जानेहरू पछि पछि धाक खलकहरू र नाचमा सहभागीहरू सबै पछि पछि लागेर अर्को मुख्य टोलमा नाच प्रदर्शन गर्न जाने गर्दछन् । हेर्नु होला ४.६.२ को थाचिने गरी गर्ने “धे धे पा पा” नाच नाच्ने प्रक्रिया (तरिका)मा वर्णन गरिएको छ ।

तीर्थ ख्वापाहरू अर्को मुख्य टोलमा पुगेपछि एक निर्दिष्ट ठाउँमा कुरा गरेर बसिरहने गर्दछन् । नाच देखाउने धाक खल त्यहाँ(अर्को मुख्य टोलमा) नाच्दै आइपुगेपछि बाजा

[६१] द्वारिकाबहादुर महर्जन (९५) सँगको कुराकानीमा आधारित ।

बजाउनेहरू त्यो मुख्य टोलको मण्डप अथवा जहाँ नाच नचाउने हो त्यो टोलको मण्डला वा मण्डप भएको ठाउँ अनुसार एकै ठाउँमा बाजा खलकहरू उभिएर बाजा बजाउने गर्दछन् भने नाच देखाउने धाक खलक र हास्यव्यङ्ग्य सहभागीहरू सबै जना बाजाको त्यही "रिक्त धे धे पा पा" को बोल र तालमा हात माथि उठाएर हल्लाउँदै खुट्टा हल्लाउँदै नाच्दै घुम्दै अगाडि बढ्ने गर्दछन् । मुख्य टोलमा आधा घन्टा वा पौने घन्टा जति एकै ठाउँमा घुम्दै नाच नाचेपछि जब बाजाको बोल फरक तालमा बाजा बेसरी एकै नाशले बेताल र सुरै नमिल्ने गरी बजाउने गरिन्छ । यतिबेला तीर्था ख्वाःपाः लगाउनेहरूले फेरि बाजा बजाएर बसेकाहरूलाई दाहिने घुमेर जाने गर्दछन् अथवा मण्डप समेत बाजा बजाउनेहरूलाई घुमेर अगाडि जाने गर्दछ र एउटा निर्दिस्ट ठाउमा बसिरहन्छ । नाच नाच्न पुगेपछि सिं ख्वापाः (रातो मुकुण्डो) लगाउने बाजा बजाउनेका अगाडि आएर आफूले लिएको कुल्लु (धाक) देब्रे हातले भुईंमा ड्याङ्ग बजारे लगतै (त्यति नै बेला) दाहिने हातले भुइँमा ड्याङ्ग बजारेपछि त्यतिबेला बाजाको मुख्य बोल "रिक्त धे धे तः तः" को 'रिक्त' बोल सुरु गरि 'रिक्त धे धे तः तः' गरेर फरक बोल लिएर बजाउन सुरु गर्दछन् । यही सुरुको "रिक्त" बोल भित्रमा नै सबै सहभागीहरूले आआफ्ना हातमा लिएको आयुदहरू भुइँमा बजार्ने गर्दछ । यसरी सबैजना नाचमा सहभागी भइ नाच्नेहरूले पनि आफूले लिएर नाचेका आयुदहरू भुइँमा बजार्ने गर्दछन् र नाच नाच्न सकिने गर्दछ । मुख्य तीर्था ख्वापा लगाउनेले यति बेला बाजा बजाएको सुरुको "रिक्त" बोलमा मण्डपको अगाडि आएर सात पाइला "बाघ भैरव नाच"को प्रतीक स्वरूप टेकेर अर्को टोलमा कोहीसँग नबोलिकन, कतै नहेरिकन अर्को मुख्य टोलमा नाच देखाउन अग्रपङ्क्तिमा बसेर फटाफट हिँडेर जाने गर्दछ । उसको पछिपछि मात्र अरू तीर्था ख्वापाहरू र अरू नाचमा सहभगीहरू लहरै क्रम मिलाएर जाने गर्दछन् । यसरी नाच नाच्न सकाएर नाचमा सहभागी हुनेहरू सबैले हात उठाउँदै खुट्टा हल्लाउँदै पाइला चाल्दै फेरि बाजाको बोलमा बिस्तारै नाच नाच्दै अर्को मुख्य टोलमा नाचको प्रदर्शन गरी  देखाउन अगाडि बढ्ने गर्दछन् । यसरी नै दिनभरी यही क्रमबाट कीर्तिपुर भित्रका मुख्यमुख्य टोलहरूमा नाच प्रदर्शन गरी देखाउने गर्दछन् ।

पहिले पहिले कीर्तिपुरको प्रत्येक मुख्यमुख्य टोलमा नाच नाच्न सकिएपछि बाजाको सुरुको बोलमा कीर्तिपुरको देय् गुठीको “मुख्य तीर्था ख्वा:पा:” लगाउने व्यक्तिले (बुद्धिलाल महर्जनले ) ग:छैँ बस्नेकाले बाजाको सुरुको बोल “रिक्त धे धे त त” बजाउँदा सात पाइला विधिपूर्वक राम्रोसँग बाघ भैरव नाचको प्रतीक स्वरूपमा पाइला चालेर प्रदर्शन गरेपछि मात्र सिं ख्वापा (ह्यांगु ख्वा:पा:) लगाउने धाकखलकले नाच नाच्न सुरु गर्ने गरेको संस्मरण उहाँको छ । त्यतिबेलासम्म धाक खलकहरूले पनि यी मुख्य तीर्था ख्वापा लगाएर नाच नाच्नेलाई घेरेर हेरिरहने र सबै दर्शकहरूले यी मुख्य तीर्था ख्वापा लगाउनेलाई देवता मानेर हातले छोएर ढोग्ने चलन पनि रहेको बताइन्छ । यतिबेला मुख्य तीर्था मुकुन्डो लगाउनेको शान र रौनकता नै बेग्लै भएको र गाईजात्रा हेर्न आउने सबैले उसलाई मान्ने गरेको पनि पाइन्छ । उसको पछाडि पछाडि शृङ्गारिएका राम्रो लुगा लगाएको एक जना बालिकाले गाईको पुच्छर समात्ने भनेर उसको पटुकाको टुप्पो समातेर नगर परिक्रमा गर्ने पनि चलन छ । यो तीर्थ नाच एकदम मनोरञ्जन र आर्कषण रहेको छ । वि.सं. २०१८ सम्म मुख्य तीर्था ख्वा:पा: लगाउने व्यक्तिद्वारा बाजाको सुरुको “रिक्त धे धे त त” बोलमा सात पाइला नाच्दै टेकेर नाच नाच्न सुरु गर्ने गरिन्थ्यो भन्ने जानकारी छ । जस अनुसार त्यतिबेला मेरो बुबा बुद्धिलाल महर्जनले मुख्य तीर्था मुकुन्डो लगाएर यो नाच नाच्ने गरेको पनि स्मरणीय छ । मेरो बुबाले वि.सं. २०१८ सम्म मात्र यस नाचमा सहभागी भएर यो तीर्था नाच नाच्ने गरेको पाइन्छ । त्यसपछि मेरो बुबा विरामी भएपछि वि.सं. २०१९ को गाईजात्राको लागि यो तीर्था नाच “मुख्य तीर्था मुकुन्डो” लगाउनेलाई सिकाउन नसकेर त्यसपछि लोप नै भएर गएको छ । *(बुद्धिलाल महर्जनका छोरा दानबहादुर महर्जनसँगको  कुराकानीबाट)* । अहिले “मुख्य तीर्था ख्वा:पा:” लगाउने व्यक्तिले त्यतिबेलाको जस्तो बाघ भैरव नाच नाचेर सात पाइला टेकेर हिँड्ने नगरिकन सिं ख्वापा लगाउनेको दाहिने हातको र देब्रे हातको कुल्लु भुइँमा क्रमश: बजारेपछि नाचको प्रदर्शन आरम्भ हुन्छ । अहिले मुख्य तीर्था ख्वापाले बाजाको सुरुको बोलमा नाच ननाचिकन नै अर्को टोलमा “धे धे पा पा” नाच देखाउन खुरुखुरु हिँडेर जाने गर्दछ । अहिले तीर्था ख्वापा लगाउनेहरू नाच सकिनु भन्दा अगाडि अर्को टोलमा गएर बसेको पनि देखिन्छ भने सिं ख्वापा लगाउनेको कुल्लु बजारिएपछि यही क्रममा सबै जना नाचमा सहभागी भई नाच्नेहरूले पनि आआफ्नो आयुदहरू भुइँमा बजारेर नाच सकाउने गर्छन् । अहिले धाक खलकको सिं ख्वापा(

ह्यांगु ख्वापा)ले नाचको अन्त्यमा कुल्लु (धाक) भुइँमा बजार्नुलाई (आयुदहरू भुइँमा बर्जानुलाई) "द्यःल्हागु" (देवतालाई ढोग गर्ने) पनि भन्ने गरिन्छ । तर, पहिले पहिले  यतिबेला "मुख्य तीर्था ख्वाःपाः" लगाउनेले सात पाइला नाच्दै चल्नुलाई "द्यःल्हागु" (देवतालाई ढोग गर्नु) भनेर भनिन्थ्यो । यतिबेला यसरी सात पाइला चल्दा केही पनि बोल्ने गर्दैन वा बोल्न हुँदैन भन्ने मान्यता छ । उसले सात पाइला चलेको हेर्नका लागि दर्शकहरूले उसलाई घेरेर राखेका हुन्छन् । जुन एकदम आकर्षक पनि हुने गर्दछ । "मुख्य तीर्था ख्वाःपाः" लगाउनेले सात पाइला चल्ने बित्तिकै फटाफट कहीं पनि नहेरिकन अर्को मुख्य टोलमा नाच देखाउने ठाउँमा गएर बस्ने गर्दछ । उसका पछिपछि अघिकै जस्तो गरी क्रमशः लहरै लागेर अर्को मुख्य टोलको जुन जुन ठाउँमा नाच देखाउनु पर्ने हो त्यो ठाउँमा तीर्था ख्वाःपा लगाएर जानेहरू बसिरहने गर्दछन् । उनीहरू बसेका ठाउँमा वा टोलमा यो "धे धे पा पा" नाच देखाउने गरिन्छ । [६२]

## (ग) तीर्था ख्वापा (मुकुण्डो) को महत्त्व र रहस्य

राम महर्जनसँगको छलफलबाट थाहा भए अनुसार कीर्तिपुरको देय् गुठीको प्रत्येक तीर्था ख्वापाको आआफ्नै महत्त्व र रहस्य रहेको छ । ती ख्वापामा मान्छेको बलि दिएर तान्त्रिक पूजा पाठ गरी गाईजात्रा (सापारू) को एकदिन भित्रै (दिनभरि लगाएर) बनाइराखेको हो । त्यसैले यो मुकुण्डो (तीर्था ख्वापा) यही दिनभित्र "धे धे पा पा" नाच सकिना साथ वा यो नाच सकिनु भन्दा अगाडि घरमा जहाँबाट लगेको हो , त्यही ठाउँमा मुकुण्डो पुऱ्याएर (मुकुन्डो फर्काएर) पूजा पाठ गरी फेरि मुकुन्डोलाई कसैले नदेख्ने गरी कपडाले छोपेर राख्नु पर्दछ । यो दिन बाहेक यो तीर्था ख्वापा अरू दिनमा हेर्नु हुँदैन भन्ने जनविश्वास रहेको छ । त्यसपछि त्यस घरको अन्य व्यक्तिहरूले कसैले पनि हेर्न हुँदैन । खाली दैनिक पूजा जसले गर्ने हो उसले मात्र दैनिक पूजा गर्ने गर्दछ । त्यसपछि फेरि अर्को वर्षको गाईजात्रा (सापारू) को दिनमा मात्र बाहिर निकाल्छ र कीर्तिपुरको "धे धे पा पा" नाचमा सँगसँगै सहभागी भई सबैलाई दर्शन गराई फेरि त्यही दिनभित्र उसको आफ्नो ठाउँमा लगेर पूजा पाठ गरी कपडाले छोपेर राख्नु पर्दछ । एक दिन

[६२] दानबहादुर महर्जन (८२) सँगको कुराकानीमा आधारित ।

पनि यी मुकुन्डो पूजा गरी राखेको ठाउँबाट वा घर बाहिर डुलाउन(अर्काको घरमा बास राख्न) हुँदैन भनी मेरा बाजेले स्मरण गराएको सन्दर्भ पनि स्मरणीय छ । वर्षभरि यो मुकुण्डो (तीर्था ख्वापा) लाई छोपेर कसैले नदेख्ने गरी क:सि को (ठूलो भेग जस्तो) माटाका भाँडामा राखेर माथिबाट भेगले(माटाको भाँडाले) छोपेर पूजा गरी राख्ने गर्दछ (चित्र नं. २३) । यसरी छोपेर राखेपछि त्यस घरका मान्छेहरूले समेत हेर्न हुँदैन । यदि त्यो ख्वापा अरू बेला कपडा उघारेर हेऱ्यो भने वा यो मुकुण्डो गाईजात्राको दिनमा फर्काउन लगेन भने उसलाई अशुभ वा नराम्रो हुन्छ भन्ने विश्वास रहेको छ । गुठीको वार्षिक पूजामा पनि यो मुकुण्डो उघारेर देखाउने गर्दैनन् । खाली भेग मात्र उघारेर यसभित्र मुकुण्डो छ भनेर देखाउने मात्र गर्दछन् र पालो थाप्नेलाई दिएर पठाउने गर्दछन् । खाली गाईजात्राको दिनमा मात्र मृतकको नाममा पठाउने नौ जोडी आइमाईको लुगा लगाउने व्यक्तिको लागि यो मुकुन्डो पहिलो दुई/तिन दिन अगाडि जसले भन्न आउँछ उसलाई नौ जोडी लुगा लगाउने व्यक्तिको रूपमा नगर परिक्रमा गर्न पठाउन गाईजात्राको दिनमा दिई पठाउने चलन छ । यो तीर्था (तीर्थ) ख्वापा (मुकुन्डो) लाई प्रत्येक दिन बत्ती र धुप दिई पूजा गर्नु पर्दछ भने हप्ताको एकचोटि वा शनिबारको दिनमा अन्डा चढाएर पूजा गर्नु पर्दछ । यदि एक दिन धुप र बत्ती दिन बिर्सेका खण्डमा त्यस दिन मुकुन्डो भएको ठाउँमा वा घर वरिपरि नै नाग आएर घुमिरहन्छ भने घरमा विभिन्न किसिमको आवाजहरू आउने र तर्साउने पनि गर्दछन् । यस्तो भएमा त्यस मुकुन्डोलाई सधैं पूजा गरिरहेको पूजारीद्वारा फेरि धुप र बत्ती दिई क्षमा पूजा गरेपछि शान्त भएर नागले त्यसठाउँ छोडेर जाने गर्दछ । यसरी एक दिन पनि त्यस मुकुन्डोलाई धुप र बत्ती दिन बिर्सनु हुँदैन नत्र अनिष्ट घट्नाहरू हुन सक्दछ भन्ने जनधारणा रही आएको छ । त्यसैले यो  मुकुन्डो रहस्यले भरिपूर्ण रहेको पाइन्छ । गाईजात्राको एक दिन मात्र "धे धे पा पा" को नाचमा "मुख्य तीर्था ख्वापा" लगाउने व्यक्ति नाइकेको प्रतीक रूपमा सहभागी भई सबै भन्दा अगाडि अग्रपङ्क्तिमा "मुख्य तीर्था ख्वापा" लगाउने बसेर स्वर्ग जाने बाटोतिर बाटो देखाएर अरूहरूको मृतकका आत्माहरूलाई साथ लिएर जाने गर्दछ भनि जनविश्वास गर्ने गर्दछ ।

कीर्तिपुर देय् गुठीको तीर्था ख्वापा लगाउनेहरू सबैजना चोखो भई नौ जोडी आइमाईको नयाँ लुगा लगाएर भोकै बसी (व्रत बसी) थाचिने गर्ने टोलको गणेश स्थानमा गएर गणेशको

पूजा गरिसकेपछि पुरोहितको हातबाट मोहनी टिका लगाई यो मुकुन्डो मुख्य मृतकका नाममा पूजा गर्ने बर्खीमा (व्यक्तिको) मार्फत आफ्नो (मृतकको नाममा नगर परिक्रमा गर्न जाने व्यक्तिले) हातमा ग्रहण गरेपछि गणेश देवतालाई ढोगेर प्रसाद (समय्बजी) अलिकति खाएर मोहनी टीका, रातो टीका, कोखा, पञ्चरत्न धागो आदि लगाई दिनभरि भोकै बसेर "धे धे पा पा" नाच सँगसँगै कीर्तिपुर नगर परिक्रमा गर्नु पर्दछ । यसरी कीर्तिपुर नगर परिक्रमा सकिने बित्तिकै फेरि यो तीर्था मुकुण्डो जहाँबाट ल्याएको हो, त्यही ठाउँमा थपक्क पुऱ्याउनु जानु पर्दछ । तीर्था मुकुन्डोहरू मध्ये मुख्य तीर्था मुकुन्डोमा तान्त्रिक शक्ति हुने भएकाले यो ख्वापा लगाउने व्यक्ति (मान्छे) लाई खप्ने र नखप्ने पनि हुन्छ । यदि यो मुख्य तीर्था मुकुन्डो लगाउने मान्छेलाई खप्यो भने रातो रङको यो मुकुण्डो अझ बढी रातो र चम्किलो भई लगाउने मान्छेलाई बढी शक्ति प्राप्त भई अति नै सुहाउँछ र आकर्षण हुन्छ र धेरै राम्रो देखिने गर्दछ । 'धे धे पा पा' नाचमा पनि यो "मुख्य तीर्था ख्वापा" मुख्य आकर्षकको केन्द्रविन्दु नै बन्ने गर्दछ । यो "मुख्य तीर्था मुकुन्डो" लगाउने मान्छेलाई फापेन भने वा मुकुन्डो लगाउने मान्छेले जथाभावी लुगा लगायो भने, लुगा लगाएको मिलेन भने, मुकुन्डोलाई उसले जथाभावी भन्यो भने उसलाई विध्न, बाधा, अवरोध भई बेहोस हुन सक्छ, मुर्छा पनि पर्न सक्छ । यसरी बिध्न बाधा आई बेहोस भएमा यो मुख्य तीर्था मुकुन्डोलाई क्षमा पूजा गरेर धूप, बत्ती चढाएर कीर्तिपुर नगर परिक्रमा नगराइकन नै थपक्क जहाँबाट ल्याएको हो त्यही ठाउँमा पुऱ्याउन जानु पर्दछ । पहिले पहिले यो मुकुन्डो लगाउने व्यक्ति (मान्छे) ले मुखबाट रगत ओक्लेर (छादेर) मृत्यु पनि हुन सक्छ भन्ने जनविश्वास रहेको छ ।[६३]

गाईजात्राको मुख्य (प्रमुख) पात्र पनि यिनै मुख्य तीर्था ख्वापा हुन् जसका सहयोगले गर्दा अरू मृतकको आत्मा जति सबैलाई मृत्यु लोकतिर वा स्वर्गलोकतिर बाटो देखाएर लैजानका लागि मद्दत गर्ने गर्दछ भन्ने जनविश्वास रहेको छ । कीर्तिपुरमा सबै तीर्था ख्वापा (मुकुन्डो) लगाउनेहरूको मुकुन्डोको मुहारमाथि आकाशतिर फर्काएर लगाउने गर्दछ । उनीहरूले मुकुन्डो मुखमा लगाएर आउने गर्दैन किनभने यसरी पुरै मुख छोपेर आएमा कुनै व्यक्ति वा दर्शकसँग

---

[६३] राम महर्जन (७२) सँगको कुराकानीमा आधारित ।

आँखा सीधै जुध्यो भने त्यो व्यक्ति वा दर्शक बिरामी पनि हुन सक्छ र मर्न पनि सक्छ भनेर ती तीर्था मुकुन्डो लगाउनेहरूले आफ्नो मुकुन्डो आकाशतिर फर्काएर राखिएको हो भन्ने जनधारणा रहेको छ । त्यसैले यो तीर्था ख्वापा लगाएर आउनेहरू पीठ गणका देवताहरू(अष्टमातृका गणका देवताहरू) को प्रतीक स्वरूपमा तीर्थको रूपमा आउने भएकाले नगर परिक्रमा गर्दाखेरि सबै भन्दा अगाडि अगाडि आउने गर्दछ ।[६४] तीर्था ख्वापा लगाउने व्यक्तिको सहायताले गर्दा एक वर्षभित्रको मृतकको आत्मा जति सबैलाई पितृ लोकतिर लग्न मद्दत गर्ने गर्दछ । गाईजात्राको दिन एक वर्षभित्र मरेका सबै आत्माहरू यमद्वारको ढोकामा बाहिर बसिरहन्छन् अनि मुख्य मृतकको नामबाट थाचिने गरी पठाएको नक्कली गाईको सिङ्गले थेलेर यमद्वारको सबै ढोका खोली दिन्छ र सबै मृतक आत्माहरू यमद्वार भित्र प्रवेश गर्ने गर्दछ भन्ने हिन्दूहरूको धारणा रहेको छ । यो दिन वर्षको एक दिन यमराजले (धर्मराजले) स्वर्गको ढोका खोलिदिने गर्दछन् भन्ने भनाइ पनि छ । कीर्तिपुर देय् गुठीको मुख्य तीर्था ख्वापाको सहायताले उनको पछिपछि जाने सबै जना मृतकका आत्माहरू सजिलैसँग बैतरणी नदी पार गरेर सजिलैसँग त्यहाँ पुग्न सक्छन् भन्ने जनविश्वास रहेको पाइन्छ । यो दिन यो "धे धे पा पा" नाचको उद्घाटन ( थाचिने) गर्ने व्यक्तिले मृतकको नाममा पूजा गरेर पठाएको देय् गुठीको "मुख्य तीर्था ख्वाःपा" लगाए सबैभन्दा अगाडि अग्रपङ्क्तिमा बसेर नगर परिक्रमा गर्दै आउने व्यक्तिलाई नै सबै भन्दा पहिला यमराज कहाँ वा स्वर्गको द्वारमा प्रवेश गराउँछ भन्ने कीर्तिपुरका बासिन्दाहरूको विश्वास रहेको छ ।[६५]

### (घ) तीर्था ख्वापाहरूको लोप हुने अवस्था

समय र काल परिवर्तन भएजस्तै कीर्तिपुरको गाईजात्रा पनि राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक आदि विभिन्न कारणहरूले गर्दा खेरि प्रत्येक वर्ष परिवर्तन र रूपान्तरण हुँदै गइरहेको छ । पृथ्वीनारायण शाहको आक्रमणपछि कीर्तिपुरको गाईजात्रामा समेत प्रभाव पर्न

---

[६४] देव महर्जन (६८) सँगको कुराकानीमा आधारित ।

[६५] टीकाराम महर्जन (६५) सँगको कुराकानीमा आधारित ।

गएको देखिन्छ । त्यसपछि गाईजात्रामा प्रत्येक वर्ष एउटै कःतू (तिखो हास्यव्यङ्ग्यलाई)सडक नाटकलाई नाच बनाएर देखाउन थालेपछि त्यही देशद्रोही व्यक्तिको कःतू गाईजात्रामा देखायो भनेर उसले (देशद्रोहीले) विभिन्न षडयन्त्रहरू गरेर गाईजात्रा पर्व मनाउन नदिन र बिथोल्न थालेको पनि पाइन्छ । जसको कारणले गर्दा कीर्तिपुरमा गाईजात्राको दिनमा देशद्रोही व्यक्तिले मारकाट जस्तै ठूलो झैझगडा गरेर या अनेक षडयन्त्रहरू गरेर गाईजात्रा पर्व मनाउन नदिने उद्देश्यले बिथोल्न थालेको सन्र्दभ पनि पाइन्छ । यसको कारणले गर्दा कीर्तिपुरमा गाईजात्राको दिनमा मारकाटजस्तै ठूलो झैझगडा भएकाले र मृतकका नाममा तीर्था ख्वाःपा लगाएर अगाडि उभिएर आउनेहरू भागाभाग गर्दै आआफ्नो घरमा नै फर्किएर गएको पुरानो घटना पनि पाइन्छ । त्यही दिन भित्र यी तीर्था ख्वापाहरू कीर्तिपुरको देय् गुठीमा फर्काउन जान नसक्दा आआफ्नै घरमा नै ती तीर्था ख्वापाहरूको बास परेको ऐतिहासिक सन्दर्भ पनि छ । गाईजात्राको दिनबाहेक अरू दिनमा निकाल्न नहुने भएको कारणले गर्दा आआफ्नै घरमा नै ती तीर्था ख्वापालाई कपडाले छोपेर पूजा गरी राखेपछि  एक वर्षपछि वा अर्को वर्षको गाईजात्राको दिनमा मात्र ती तीर्था ख्वापाहरू कीर्तिपुरको नगर परिक्रमा गर्न बाहिर ल्याउन हुने भएको हुनाले पछि अर्को वर्षमा पनि देय् गुठीमा पुऱ्याउन नगएर आआफ्नै घरमा पूजा गरेर राख्न थाले वा गाईजात्राको दिनमा मन लागेमा मृतकको नाममा दिएर पठाउने र मन नलागेमा तीर्था ख्वापा नदिइकन आफ्नै घरमा राख्न थाले भने कीर्तिपुर देय् गुठीबाट छुट्टिएर देय् गुठीका विभिन्न शाखा गुठीहरू (सरस्वती गुठी, स्वाना गुठी, गँःसी गुठी, गणेश गुठी आदि गुठी) का गुठियारहरूले आआफ्ना गुठीका लागि देय् गुठीको तीर्था ख्वाःपाहरू पूजा गरेर राख्नका लागि देय् गुठीसँग आग्रह गर्दा कीर्तिपुरको देय् गुठीका गुठियाहरूले यी शाखा गुठीहरूलाई पनि कीर्तिपुरको देय् गुठीको तीर्था ख्वापाहरू चाहिन्छ भन्दै बाँडेर दिएको पनि पाइन्छ । त्यसपछि गाईजात्राका लागि मृतकका आफन्तहरूले कीर्तिपुरको गाईजात्रा पर्व मनाउन तीर्था ख्वापाको लागि देय् गुठीमा मात्र नभएर अरू गुठीहरूमा र जसजसको घरमा तीर्था ख्वापाहरू छन् उसका घरमा भन्न जाने परम्परा विकसित भएको पाइन्छ । त्यसपछि मृतकका नाममा गाईजात्रा नगर परिक्रमा गर्नका लागि मृतकका परिवारले तीर्था ख्वापाको लागि कीर्तिपुर देय् गुठीमा नै गएर भन्नु पर्दछ र देय् गुठीबाट नदिएमा मात्र अरू गुठीका परिवारलाई तीर्था ख्वापाका लागि भन्न

जानु पर्दछ वा जुन घरमा तीर्था ख्वापा राखेको छ त्यहाँ गएर गाईजात्राका लागि भन्न जानु पर्दछ भन्ने चलन बनेको हो ।[६६]

जहाँ तीर्था ख्वापाहरू थिए, उनीहरूले पनि यी तीर्था ख्वापाहरू लुटेर लैजान सक्ने हुँदा मृतकका नाममा नगर घुमाउने व्यक्तिहरूको कस्तो बानी व्यवहार भएको व्यक्ति हो, चिनेको छ कि छैन, सबै बुझेर मात्र तीर्था ख्वाःपा दिई पठाउने गर्न थालेको पाइन्छ । कुनै कुनै तीर्था ख्वापा हुनेहरूले तीर्था ख्वापा कसैलाई पनि नदिई आफ्नै घरमा पूजा गरेर राख्ने पनि गरेको पाइन्छ । कीर्तिपुरको देय् गुठीबाट छुट्टिएर गएका शाखा गुठीहरूमा पनि विवाद उत्पन्न भई एउटै शाखा गुठीहरू पनि धेरै ससाना गुठीमा टुक्रिएको सन्दर्भ पनि पाइन्छ । यसले गर्दा कुनै कुनै व्यक्तिहरूको नराम्रो नियतका कारण गाईजात्राको दिनमा मात्र निकाल्ने तीर्था ख्वापाहरू गाईजात्राको दिनमा लुटेर लगेकाले कहाँ लगेको छ भनेर अहिलेसम्म केही थाहा पाउन सकिएको छैन ।

राम महर्जनसँगको छलफल अनुसार उनको घरमा चारवटा तीर्था ख्वापामध्ये अहिले दुईवटा मात्र बाँकी रहेको छ । अर्को दुईवटा तीर्था (तिर) ख्वापा चाहिँ उहाँका बाजेले उनलाई भनेका अनुसार वि.स.२००४ मा ती दुईवटा ख्वापा कीर्तिपुर बाहिरको नगाउँमा बस्ने एकजना व्यक्तिले लुटेर लगेको पनि पाइन्छ । जुन ख्वापा उहाँहरूले पनि देख्न पाउनु भएको छैन । उनका अनुसार आफू सानो छँदा गाईजात्राको दिन उनका घरमा तीर्था ख्वापाहरू सबै लुटेर लाने विचारले बिहानदेखि घर बाहिर कुरेर बसेको थियो । त्यति बेला नै गाईजात्रा नाचमा सहभागी हुनका लागि तीर्था ख्वाःपा लिन आउने व्यक्तिहरूले उसका घरबाट बाहिर ल्याउने बित्तिकै ती व्यक्तिले लुटेर लगेको र अहिलेसम्म ती ख्वापाहरू भेट्न नसकेको पनि बताइन्छ । अब उनका घरमा दुईवटा मात्र तीर्था ख्वापा रहेको सूचना छ । ती मध्ये पाँगा गाउँमा गाईजात्राको नाच सञ्चालन गर्नका लागि वि.स.२०४६ पछि निरन्तर रूपमा एउटा तीर्था ख्वापा दिएर पठाउने गरिएको जानकारी पाइन्छ ( चित्र नं. ४५ ) । यो हालसम्म सुरक्षित रहेको छ

[६६] दानबहादुर महर्जन (८२) सँगको कुराकानीमा आधारित ।

भने अर्को एउटा अति भयङ्कर डरलाग्दो र बदमास तीर्था ख्वापा कीर्तिपुरको गाईजात्राका लागि दिएर पठाइन्थ्यो । तर, अहिले यो चाहिँ गाईजात्राको दिनमा कीर्तिपुर नगर परिक्रमा गर्न दिई पठाउने नगरिकन आफ्नो घरको सबैभन्दा माथिको झ्यालमा नाङ्लामा राखेर आकाशतिर देखाउँदै प्रदर्शन गर्ने गरेको देखिन्छ । यो धेरै नै बिग्रिसकेको छ र मर्मत गर्न पनि नमिल्ने र नयाँ यस्तै मुकुन्डो बनाउन पनि धेरै गाह्रो हुने बताइन्छ । यो पुरानो मुकुन्डो पत्रपत्र बिग्रिसकेकाले धेरै पुरानो भैसकेको छ । त्यसलाई मर्मत गर्न नसक्ने र नयाँ मुकुन्डो उस्तै बनाउनलाई पनि गाईजात्राका दिनमा मात्र बाहिर निकाल्ने र त्यही दिन मात्र हेर्न हुने, अरू बेला ननिकाल्ने र हेर्न नहुने भएकाले बनाउन दिन (मर्मत गर्न) पनि गाह्रो भइरहेको छ भन्ने उनको धारणा छ । कीर्तिपुरमा "धे धे पा पा" नाचको लागि पठाउने तीर्था ख्वापा उहाँसँग भएको बिग्रिएका कारणले गर्दा र वि.स.२०३५ तिर गँ छे टोलमा यी तीर्था ख्वापा लगाउनेहरूका बिच नै झगडा भएकाले त्यसपछिको वर्षदेखि यो मुकुन्डो नगर परिक्रमाको लागि दिएर पठाउने गरिएको छैन । यो मुकुन्डो बनाउन पनि गाईजात्राका दिनमा सुरु गरेर त्यही दिनभरिमा(दिनभित्र) बनाई सक्नु पर्ने र मान्छेको बलि दिई तन्त्रमन्त्रद्वारा पूजा पाठ गरी, साधना गरी बनाउनु पर्ने हुँदा जुन कुरा अहिले आएर असम्भव नै रहेको छ । त्यसैले अब यो जस्तो तन्त्रमन्त्र युक्त भएको मुकुन्डो बनाउन र मर्मत गर्न गाह्रो छ भन्ने बिचार पनि पाइन्छ । यो तीर्था  ख्वापा अहिले गाईजात्राका दिन नगर परिक्रमा गर्नका लागि दिएर नपठाए पनि घरको माथि छत वा झ्यालमा नाङ्लामा राखेर आकाशतिर देखाएर राख्ने गरिएको छ (चित्र नं. ४४) । यसो गरीएन भने घरमा विभिन्न किसिमका आवाजहरू आउने र तर्साउने पनि हुन सक्छ भन्ने विश्वास छ ।[६७]

कीर्तिपुरको देय् गुठीमा पनि दुई वटा मात्र तीर्था ख्वापा मध्ये एउटा तीर्था ख्वापा वि.सं. २००५ मा मर्मत भएको जानकारी छ । वि.स.१९८४ तिर लाय्कुमा तीर्था ख्वापा लगाएर आउनेहरू बिच नै झगडा परेकाले त्यो तीर्था ख्वापा एउटा कीर्तिपुरको देय् गुठीमा फर्काउन सफल भएपछि अहिले देय् गुठीमा तिन वटा तीर्था ख्वापाहरू छन् । ती मध्ये एउटा वि.सं.

[६७] राम महर्जन (७२) सँगको कुराकानीमा आधारित ।

२००५ सालमा मर्मत गरिएको र पछि बाँकी दुई वटा तीर्था ख्वापा धेरै बिग्रिएकाले वि.सं. २०६५ मा मर्मत गरिएको जानकारी पाइन्छ । यी तीर्था ख्वापाहरूको म्वान टोलका कलाकार देवकृष्ण महर्जन (४०) ले देय् गुठीमा नै गएर मर्मत गरेको पाइन्छ । वि.स. २००५ मा मर्मत गरिराखेको मुकुण्डो हेरेर हुबहु त्यस्तै गरी पुराना दुई वटा तीर्था ख्वापा मर्मत गरी बनाएको जानकारी छ ।[६८] ती तीर्था ख्वापाहरू मर्मत गर्नका लागि देय् गुठीमा सरसल्लाह गरी क्षमा पूजा गरेपछि मात्र मर्मत गर्न सकिन्छ भन्ने कुरा थाहा भएर मर्मत गर्न लगाइएको थियो भन्ने पनि जानकारी छ । ती तिन वटा तीर्था ख्वापामध्ये मुख्य तीर्था ख्वापा कीर्तिपुरमा दिने अर्को एउटा ख्वापा पाँगामा गाईजात्रा चलाउनका लागि प्रत्येक वर्ष गाईजात्राको दिनमा दिने चलन देखिन्छ । वि.सं. २०४६ देखि पाँगामा दिने भने गरेको पाइँदैन । त्यसपछि पाँगामा म्वाँन गुठीबाट पाँगा गाउँको गाईजात्रा सञ्चालन गर्नको लागि दिएर पठाउने गरेको जानकारी छ । अहिले कीर्तिपुर देय् गुठीका यी तिन वटै तीर्था ख्वापाहरू कीर्तिपुरमा मात्र दिने गरेको जानकारी पाइन्छ ।[६९]

नन्द महर्जन, वर्ष ७८, ल्वोदेगलमा घर भई बस्नेसँग पनि एउटा तीर्था मुकुन्डो छ । यो मुकुन्डो उनका घरमा कहिलेदेखि छ भन्ने कुरा उनलाई नै थाहा छैन । यो तीर्था ख्वापा गाईजात्राको दिनमा नगर परिक्रमा गर्न दिनका लागि एक दिन अगाडि जनै पूर्णिमाको दिनमा उनले मुकुन्डो नबिग्रियोस् भनेर मुकुन्डोमा तोरीको तेलले सफा गरी टल्काएर राख्ने गर्दछन् । यसले गर्दा गाईजात्राको दिन पानी परेको खण्डमा पनि पानीले हतपत मुकुन्डोलाई (तेल दलेको कारणले) बिगार्न सक्दैन र पानी परे पनि सुरक्षित हुने गर्दछ । मेरा बाजेका पालोदेखि पानीबाट बचाउन यस्तो तरिका अपनाएको र गाईजात्राका दिनमा मृतकका नाममा नगर परिक्रमा गर्न दिएर पठाउने गरिराखेको हो । त्यसैले अहिलेसम्म यो मुकुन्डो सुरक्षित अवस्थामा रहेको छ ।[७०]

---

[६८] देवकृष्ण महर्जन (४०) सँगको कुराकानीमा आधारित ।

[६९] मानसिं महर्जन (९५)सँगको कुराकानीमा आधारित ।

[७०] नन्द महर्जन (७८) सँगको कुराकानीमा आधारित ।

अरू व्यक्ति वा गुठीमा भएका तीर्था ख्वापाहरू मर्मत गर्न हुँदैन होला भनेर घरका आफन्तहरूले त्यतिकै राखेका कारण धेरै पुरानो भई बिग्रिसकेका छन् । अहिले  कीर्तिपुर देय् गुठीका तिन वटा तीर्था ख्वापाहरू मात्र मर्मत गरिएको छ । ती मर्मत गरिएका तीर्थाः ख्वापाहरू पनि पहिलेको जस्तो रूप नभइकन अलि फरक हुँदै गएको देखिन्छ । तर, पनि वर्षको एक पटक गाईजात्राका दिनमा मात्र कीर्तिपुर नगर घुमाएर कीर्तिपुरका जनतालाई दर्शन गराएर देश शुद्ध, पवित्र, शान्ति गर्ने र देशलाई सुरक्षा गर्ने यी तीर्था ख्वापाहरूको दैवी शक्ति कम भएको छैन । पहिलेको जस्तै तीर्था ख्वापाहरूमा दैवी शक्ति रहेको छ । विभिन्न कारणले गर्दा अहिले यी तीर्था ख्वापाहरू छरप्रस्ट भएर विभिन्न गुठीहरूमा रहन गएको हुनाले कहाँकहाँ राखिएको छ वा कसको कसको घरमा बाँकी रहेको छ भन्ने थाहा नभएर र कुनै कुनै तीर्था ख्वापाहरू पुरानो भएर नष्ट भैसकेको हुनाले कीर्तिपुरको देय् गुठीको तीर्था ख्वापाहरू अहिले लोप नै हुने अवस्थामा पुगिसकेको देखिन्छ । यी तीर्था ख्वापाहरूका बारेमा विशेष रूपले अध्ययन अनुसन्धान नगरीकन तथ्य कुराहरू प्रमाणका रूपमा कहाँ कहाँ छ भनेर प्रस्तुत गर्न सक्ने अवस्था छैन ।

### (ङ) हालको अवस्थामा कीर्तिपुरको देय् गुठीमा तीर्था मुकुन्डोहरू

कीर्तिपुर देय् गुठीको गुठीमा अहिले जम्मा ३ वटा मात्र तीर्था ख्वापा (देव देवीको ख्वापा) मुकुन्डा छन् । यी मुकुन्डाहरू गाईजात्राका लागि मृतकका नाममा जसले पहिला भन्न आयो उसलाई जिम्मा दिएर पठाउने गर्दछन् (चित्र नं. ४६) । एउटा मुख्य तीर्था ख्वापा “धे धे पा पा” नाच थाचिने गर्ने मृतकको घरको व्यक्तिका लागि दिई पठाउने गरिन्छ । दोस्रो मुकुन्डो मृतकका नाममा नौ जोडी आइमाईको लुगा लगाएर जाने व्यक्तिका लागि माग्न आउनेलाई दिई पठाउने गरेको पाइन्छ भने अर्को तेस्रो पाँगा गाउँ (कीर्तिपुर नजिकको गाउँ) बाट गाईजात्रा थाचिने गरी सञ्चालन गर्नका लागि लिन आउने व्यक्तिलाई दिई पठाउने गरिन्छ । वि.स.२०४६ देखि पाँगा गाउँबाट यहाँ गुठीमा लिन नआएकाले अहिले यो तेस्रो तीर्था ख्वापा पनि कीर्तिपुरको लागि माग्न आएमा मृतकका नाममा नगर परिक्रमा गर्नका लागि दिएर पठाउने गरिन्छ ।[७१]

[७१] रामबहादुर महर्जन (७०) सँगको कुराकानीमा आधारित ।

## ४.४. गाईजात्रामा नचाउने “धे धे पा पा” नाच को उत्पत्ति

नेपालका इतिहासमा मल्ल कालका राजा प्रताप मल्लले आफ्नी रानीको रोदनलाई रोक्नका लागि र रानीलाई पुत्र शोकको पीडालाई कम गराएर हँसाउनका लागि हास्यव्यङ्ग्य र छड्के गर्न प्रजाहरूलाई दरबार सामु आएर हास्यव्यङ्ग्य प्रदर्शन गर्न झ्याली पिटाएर (आव्हान गराएर) मनाउन थालेको गाईजात्रा पर्व अहिले नेवार जनसमुदाय माझ परम्पराको रूपमा विकसित भएको छ । त्यतिबेला राजा प्रताप मल्लका गाईजात्रा कार्यक्रमपछि रानीलाई हँसाउन सकेपछि खुसी हुँदै फेरि थप आठ दिनसम्म हास्यव्यङ्ग्य गर्न जनतालाई स्वतन्त्रता दिएर यो परम्परा चलाउन लगाएको पाइन्छ । उनले गाईजात्राका दिनदेखि आठ दिनसम्म प्रजाहरूले (जनताहरूले) सामाजिक, राजनीतिक, धार्मिक र शासक वर्गहरूलाई समेत हास्यव्यङ्ग्य र छड्के गर्नका लागि कानुन बनाएर उनीहरूलाई केही पनि गर्न नपाइने र समात्न समेत नपाइने, समात्न निषेध गरिदिएर हास्यव्यङ्ग्य गर्न लगाएको पाइन्छ । जसले रानीलाई बढी हँसाउन सक्छ उसलाई उपहार पनि दिने व्यवस्था गरिएको थियो । त्यतिबेला देखि यो हास्यव्यङ्ग्य कार्यक्रम गाईजात्राका दिनदेखि आठ दिनसम्म यस्तै कार्यक्रम गरेर समाजसामु देखाउने चलन चलेको हो । त्यति बेलादेखि राजा रजौटाहरू, नेताहरू, ठुलावडाहरू, मन्त्रीहरू, समाजका इज्जतदार, पदासीन व्यक्तिहरू जोसुकैको भए पनि समाजले पचाउन नसक्ने खालको कुनै सामाजिक अपराध, बलात्कार जस्तो कर्तुत कार्य गरेमा, समाज दुखी हुने कार्य र समाजले क्षमा गर्न नसकेका कार्यहरू गरेमा त्यस्ता व्यक्तिहरूका विरोधमा जुन घटना घटाएको हो, त्यही घटनालाई हास्यव्यङ्ग्यको विषयवस्तु बनाएर गाईजात्राका बेला समाजसामु प्रदर्शन गरी प्रस्तुत गर्ने गरिन्छ । जसलाई कीर्तिपुरको स्थानीय भाषा वा नेपाल भाषामा कःतू, ख्याल, ख्याः खी आदि शब्दहरूद्वारा उच्चारण गर्ने गरिन्छ । यसको प्रभावले गर्दा ती व्यक्तिहरूको इज्जत जाने, बेइज्जत हुने, समाजमा मुख देखाउन नसक्ने आदि कार्यहरू हुने गर्दछ । समाजकै सामु ती व्यक्तिहरूले सामाजिक दण्ड र सजाय पाउने गर्दछन् । यसका फलस्वरूप कीर्तिपुरको गाईजात्राको दिन एकदिन मात्र प्रदर्शन गरी देखाउने “धे धे पा पा”

नाचको उत्पत्ति भएको हो । जुन एक किसिमको कीर्तिपुरका देशद्रोही र गद्दार व्यक्तिका विषयलाई हास्यव्यङ्ग्य गरेर "कःतू" सडक नाटक देखाएर प्रदर्शन गर्दै आएको देखिन्छ ।

यो "धे धे पा पा नाच" को उत्पत्ति पृथ्वीनारायण शाहले कीर्तिपुर जितेपछि त्यतिबेलाको घटना घटेको एकजना बेइमान देशद्रोही व्यक्तिको विषयवस्तु बनाई गाईजात्रामा त्यतिबेलादेखि अहिलेसम्म देखाउँदै आइरहेको देखिन्छ । जुन नितान्त सत्य घटनाको आधारमा त्यतिबेला ती देशद्रोही र गद्दार व्यक्तिलाई कस्तो सजाय दिने र समाजमा बेइज्जत गर्नका लागि त्यति बेला प्रत्येक वर्ष गाईजात्राको दिनमा निरन्तर देखाउन थालेपछि यो नाच प्रत्येक वर्ष बिस्तारै विकसित हुँदै अहिलेको अवस्थामा सम्म आइपुगेको हो । अहिले गाईजात्राका दिनमा मात्र देखाउने यो "धे धे पा पा" नाचले कीर्तिपुरको ऐतिहासिक समयको सत्य घटनामा आधारित घटना भए पछि मात्र ती देशद्रोही गद्दार व्यक्तिलाई दण्ड र सजाय दिनका लागि व्यङ्ग्य गर्दै गाईजात्राका दिनमा कीर्तिपुरका जनताहरूले निकालिएको एउटा "कःतू" ख्याल हो र यसले उद्देश्य अनुसार प्राप्त गर्न सफल पनि भएको पाइन्छ । यो नितान्त व्यक्तिगत र स्थानीय घटनासँग आधारित भएकाले यस्तो किसिमको नाच कीर्तिपुरमा बाहेक अरू कतै पनि नभएको हो । अहिले यो कीर्तिपुरको आफ्नै मौलिक जात्राको रूपमा विकसित भएको छ ।

आजभन्दा २५३ वर्ष अगाडि अर्थात वि.सं.१८१४ जेठ १९ गते जब गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानका नाममा कीर्तिपुरका सेना र जनताहरूसँग लडाइँ सुरु गरेपछि धेरै वर्षसम्म लडाइँमा जित्न नसकेपछि पराजित भएर अनेकन दुःख सजाय भोग्नु परेको घटना स्मरणीय छ । शत्रुको पञ्जाबाट जोगाउन कीर्तिपुरका वीर योद्धाहरूले ,कीर्तिपुरका आइमाईहरूले लोग्ने मान्छेको लुगा लगाएर सुत्केरी आइमाई, बुढाबुढीहरूले समेत गुरिल्लाका रूपमा बहादुरीका साथ युद्ध लडेको ऐतिहासिक तथ्य स्मरणीय छ । त्यस युद्धमा गोर्खाली सैनिकहरू धेरै घाइते एवं मृत्यु हुनाका साथै गोर्खाली फौजले नराम्रोसँग हार खानु परको थियो । कीर्तिपुरको दक्षिणपट्टिको चन्द्रागिरि डाँडामा बसेर कीर्तिपुरलाई कहाँबाट कसरी आफ्नो हातमा पार्न सकिन्छ भनी नक्सा, बनाई, चौतर्फी बिचार र योजना गरी युद्धका नियम विपरीत विभिन्न किसिमका कूटनीति, षडयन्त्र, दाउपेच गरी कीर्तिपुरका जनतालाई आर्थिक,

सामाजिक, सांस्कृतिक आदि किसिमको नाकाबन्दी गरिएको थियो । त्यसबाहेक पनि कीर्तिपुरको गढ पर्खाल (देशमा घेरिएको पर्खाल) भन्दा बाहिर चारैतिर खेतबारीमा फलेका धान, अन्नबाली, मुला, सागपात लगायत जीवन धान्न अति आवश्यक पर्ने सबै प्रकारका वस्तु एवं खानेपानी आउने स्रोतको समेत नष्ट गरी खानेकुराहरूको नाकाबन्दी गरेको तथ्य भेटिन्छ । यस्तो ज्यादै कठिन अवस्थामा पनि कीर्तिपुरका जनसेना र जनताहरूले बडो बहादुरीका साथ शत्रुहरूलाई जित्न सफल भएको ऐतिहासिक पक्ष रहेको छ । गोर्खाली फौज कीर्तिपुरको गढ पर्खाल (देशमा घेरिएको पर्खाल) भित्र पस्न सकेनन्, सबैतिर ढोकाहरू पनि बन्द थिए । त्यतिबेला कीर्तिपुरमा १२ वटा ठुला ठुला ढोकाहरू थिए । कीर्तिपुर डाँडाको वरिपरि चारैतिर ढुङ्गाको पर्खाल पनि ठुलो ठुलो  भएकाले कीर्तिपुरभित्र पस्न सक्ने स्थिति थिएन । यहीबेला उनीहरू कीर्तिपुरको गढ पर्खाल बाहिर कोही कीर्तिपुरभित्रको व्यक्ति बाहिर निस्कन्छन् कि भनेर चियोचर्चो गरिरहेका थिए । त्यति नै बेला उनीहरूले कीर्तिपुरका एकजना धन प्रधान (धनचा बुढा) भन्ने व्यक्तिलाई हाल बाहिरी गाउँको ढोकामा फेला पारेपछि उसलाई समातेर ललाइफकाइ विभिन्न प्रलोभन देखाएर हरेक सुविधा र सुरक्षा दिने भनेर फकाएर आफ्नो काबुमा लिएर त्यहाँबाट कीर्तिपुरभित्र प्रवेश गर्ने गोप्य बाटो देखाउन आग्रह गरे । त्यसपछि ती व्यक्तिले ठूलो मान पद्वी पाउने आसामा लोभी भएर बाहिरी गाउँबाट भित्र पस्ने बाटो (हाल मजाः देगः जाने बाटो) को बाटो देखाउँदै त्यहाँबाट कीर्तिपुरभित्र चुपचापसँग आएर गुत्पौ भन्ने ठाउँसम्म प्रवेश गरी आक्रमण गर्न सफल भएको पनि बताइन्छ ।[७२] त्यतिबेला कीर्तिपुरका जनताहरूले यति सजिलैसँग गोरखाका सेनाहरू भित्र आएर आक्रमण गर्दछ भन्ने सोचेकै थिएनन् किनभने त्यतिबेला कीर्तिपुरका जनताहरू हालको मजाः देगः (मन्दिर) बनाउनमा तल्लीन थिए । त्यतिबेला कीर्तिपुरका जनताहरू कोही पनि युद्धको लागि तयारीमा थिएनन् । तिनीहरूले सबैले त्यो बेइमान व्यक्तिलाई हेरिनै रहेका थिए । जसले गोर्खाली फौजहरूलाई हात उठाएर, बाटो देखाउँदै पछिपछि लगाएर गोप्य बाटो ( मजाः देगः मन्दिर)  हुँदै कीर्तिपुरभित्र चुपचाप गएर गुत्पौ टोलसम्म पसेर आक्रमण गर्न सफल भएको पनि ऐतिहासिक विषय जोडिएको छ । त्यतिबेला पहिलेदेखि नै गुत्पौ टोलमा बँसी बँः ( अरूको रूख) को काठको (बँसीले) पर्खाल लगाएर बाटो बन्द गरिएका हुनाले त्यस ठाउँबाट

[७२] दानबहादुर महर्जन (८२) सँगको कुराकानीमा आधारित ।

गोर्खाली फौज कीर्तिपुर भित्र पस्न सकेका थिएनन् । त्यसले त्यो ठाउँको नाम आजसम्म पनि बँसी बँः भनेर भनिन्छ । उनीहरूलाई त्यहाँ बँसी बँः भन्ने ठाउँमा बाटो छेकेपछि लडाइँ भयो र त्यहाँसम्म पृथ्वीनारायण शाहको गोर्खाली सेनाले जित्न सफल भएको थियो । तर, बसी बँः ( गुत्पौ) भन्दा भित्र पस्न चाँहि सकेनन्।[७३] गोर्खालीहरूले तेस्रोपल्ट आक्रमण गरेको यो पहिलो दिन थियो । जुन दिनमा उनीहरूले कीर्तिपुरको एकजना मान्छेलाई हातमा लिएर हाल मजाः देगः निर्माण (मन्दिर बनाउँदै) गरिरहेको बेला उनीहरूले त्यस ठाउँका गोप्य बाटो पत्ता लगाएका थिए । त्यतिबेला त्यो मन्दिर पूर्ण रूपमा बन्न पाएन त्यसैले त्यो मन्दिरलाई अहिलेसम्म पनि कीर्तिपुरमा मजाः देगः(पूर्ण नभएको मन्दिर) भनेर भन्ने गरिन्छ । जुन बाटो हुँदै उनीहरूले दिउँसो गुत्पौसम्म आक्रमण गरेर जितेको थिए भने त्यही राती कीर्तिपुरका सम्पूर्ण जनताहरू थाकेर मस्त निद्रामा सुतिरहेका समयमा गोर्खाली फौजका काबुमा परेका त्यही गद्दार देशद्रोही मान्छेबाट कसैले थाहा नपाउने गरी गोर्खाली फौजलाई कीर्तिपुरको गढ पर्खालको पूर्वी ढोका (हाल नयाँ बजारको पोडेटोल भन्दा माथि ढोकासी, तुंझोल टोलभित्र पस्ने ढोका) खोली दिएर भित्र प्रवेश गराइयो र मजाः देगः हुँदै कीर्तिपुरभित्र पसेपछि त्यस रातको झिसमिसे ( बिहान सबेरै) अर्थात् वि.सं. १८२२ चैत्र ४ गते तदनुसार सन् १७६५ मार्च १३ बिहीबार बिहान ३ बजे शुक्लपक्ष, तृतीयाको दिनमा कीर्तिपुरको सबभन्दा अग्लो ठाउँ उमामहेश्वर (क्वाःच्व) मा रहेको कोतघरमा गोर्खालीको झन्डा फहराइयो र विगुल बजाई कीर्तिपुर आफ्नो हातमा परेको घोषणा गरियो । यता वरिपरि गाउँका मानिसहरूका बिचारमा कीर्तिपुरका जनताहरूले युद्ध नै नलडी त्यसै आत्मसमर्पण गरेको होला नत्र दुई-दुईचोटि हारिसकेका गोर्खाली सैनिकहरूले कीर्तिपुरमाथि कसरी एकैचोटि लडाइँ नगरी विजय गरे होला अवश्य पनि कीर्तिपुरेहरूले गोर्खालीको अगाडि आत्मसमर्पण गरेको हुनुपर्छ र यसो गरिएको भए किपुमित्येगु न्हाय् वन ( कीर्तिपुरेहरूको नाक गयो) इज्जतै गुम्यो भनी आरोप लगाउन थालेको पाइन्छ ।[७४] वास्तवमा यसो हुनाको मुख्य कारण नै त्यो एकजना कीर्तिपुरकै बेइमान धनचा बुदा भन्ने व्यक्तिले कीर्तिपुरमाथि गद्दार गरेको हुनाले पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि सजिलैसँग विजय हासिल

[७३] ज्योति बज्राचार्य (७८) सँगको कुराकानीमा आधारित ।

[७४] ज्ञानबहादुर महर्जन (५७) सँगको कुराकानीमा आधारित ।

गर्न सफल भएका थिए । यसरी कीर्तिपुरका ती गद्दार व्यक्तिको सहयोग पाएर पृथ्वीनारायण शाहले युद्ध नै नलडी कीर्तिपुरेहरूको हार भएकाले कीर्तिपुरेहरूको नाकै(इज्जत) गएको हो भन्न थालेको जानकारी पाइन्छ । त्यसपछि ती देश द्रोह्वी गद्दार व्यक्तिको बेइजत गर्नको लागि कीर्तिपुरका जनताहरूले उनको हाउभाउ मिल्ने गरी काठको मुकुन्डो (सिं ख्वापा) बनाएर गाईजात्राको दिनमा कःतु सडक नाटक प्रर्दशन गरी देखाउन थालेको हो । जसको प्रभावले गर्दा ती व्यक्तिले कीर्तिपुर छोडेर अन्ततिर बसाइँ सरेर गएपछि पृथ्वीनारायण शाहले उनलाई ठुलो पुरस्कार दिने भनेर प्रलोभन देखाएर बोलाइ देशलाई गद्दार र बेइमानी गर्ने व्यक्तिले भोलि मलाई पनि गद्दार गर्न सक्छ, तिम्रो के विश्वास छ भनी मारिदिएको सूचना पाइन्छ ।[७५] यसरी त्यतिबेला देखि कीर्तिपुरमा गाईजात्राको दिन कीर्तिपुरका जनताहरूले ती देश द्रोह्वी र गद्दार गर्ने व्यक्तिको कःतु सडक नाटक प्रर्दशन गरि देखाउने सुरुवात भएको जानकारी पाइन्छ ।

पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि विजय हासिल गरिसकेपछि ती देश द्रोह्वी गद्दार व्यक्ति गोर्खालीहरूको सुरक्षा र सुविधामा कीर्तिपुरमा नै बसिरहेको देखिन्छ । कसैले केही गर्न नै सकेनन् वा कसैले औंला उठाएर विरोध गर्न नै सकेनन् । त्यतिबेला त्यो देशद्रोही अन्दाजी ४५ वर्षको बलियो र हट्टाकट्टा मान्छे रहेको सूचना पाइन्छ । त्यसपछि कीर्तिपुरमा राम्रोसगँ चाडपर्व मनाउन र चलाउन पनि बन्द गरिएको देखिन्छ । यसको कारण कीर्तिपुरको दशैंमा कोतघरबाट शक्ति प्रदर्शन स्वरूप निस्कने पाःयाः(खड्ग) जात्रामा खड्गको प्रदर्शन गर्नुपर्ने स्थानमा त्यतिबेला देखि सिंनम्भू(सिंदूर) जात्राको थालनी भएको जानकारी छ । यतिबेलादेखि चाडपर्वहरू मनाउन छुट भएपछि गाईजात्राको दिनमा त्यो कीर्तिपुरको देशद्रोही बेइमानी र गद्दार व्यक्तिको ठ्याक्कै उसैको अनुहार र हाउभाउ मिल्ने गरी त्यतिबेला इटाःछेँ बस्ने दल पाले (ढल्पा छ्याकको बुबा) मेयरमान महर्जनका बाजेले काठको मुकुन्डो बनाएर एकजोडी कुल्लु (तेल मिलमा अथवा तेल पसलहरू तेल राख्ने भाँडा, जुन छालाको बनाएर राखेको हुन्छ) र गःछेँ बस्ने एकजना व्यक्तिले उसकी श्रीमतीको प्रतीक स्वरूप वन च्याउको मुकुन्डो (म्हुकं ख्वापा) बनाएर एकजोडी डोको हातमा लिएर “कःतु” ख्याल देखाउने परम्परा बसेको देखिन्छ ।

[७५] ज्योति बज्राचार्य (७८) सँगको कुराकानीमा आधारित ।

उनीहरूले पख पख तिमीलाई भन्दै टाउको, जिउ र खुट्टा हल्लाउँदै नाच्दै आउन थाले र बाजा पनि धे धे, पाः पाः, ताः ताः (मार मार, काट काट, टुक्रा टुक्रा गरेर) भनेर बजाउँदै आएको पाइन्छ । यो त्यही गद्दार देशद्रोही व्यक्तिको प्रतीक स्वरूप "कःतु" सडक नाटक आएको भन्ने पाइन्छ । गाईजात्राका दिनमा यो 'कःतु' धरैले हेर्न आए र रमाइलो पनि भएको प्रतिक्रिया पाइन्छ । कीर्तिपुरका सबै जनताहरूले यही व्यक्तिको 'कःतु' सडक नाटक देखाउँदै आएको तथ्य बोध भयो । यसपछि गाईजात्रा नाच देखाई सकेपछि उनीहरूले ती ख्वापा (मुकुन्डो) र कुल्लु, डोकोलाई आफ्नै घरको ढुकुटीमा त्यति कै अरू नचाहिने समानजस्तै भण्डारण गरेर राखेको जानकारी छ । तर, त्यस देशद्रोही गद्दार व्यक्तिलाई केही प्रभाव परेन र यही कीर्तिपुरभित्र नै आनन्द साथ बसिरहको पाइन्छ । त्यसपछि अर्को वर्ष गाईजात्राका दिनमा फेरि अरू कीर्तिपुरका व्यक्तिहरूले पनि केको 'कःतु' गरूँ, के को गरूँ भइरहेका बेलामा त्यतिबेला उनीहरूले त्यही मुकुन्डोलाई सम्झेर फेरि ती देशद्रोही र गद्दार व्यक्तिको गर्नुपर्ला भनेर मुकुन्डो छ कि भनेर ती पहिले नाच नाचेर आउनेहरू कहाँ खोज्न गएको पनि जानकारी पाइन्छ । त्यो मुकुन्डो, कुल्लु, डोको, त  सबभन्दा पहिले नाच देखाएर आउनेहरूको घरको ढुकुटीमा त्यत्तिकै फ्याँकेर भण्डार गरी राखेकाले सजिलै भेट्टाउन सकेपछि फेरि त्यही पहिलेको अनुसार नै नाच नाचेर त्यसरी नै बाजा बजाएर 'कःतु' नाच देखाएर उफ्री उफ्री आउन थालेपछि त झनै रमाइलो पो भएको उल्लेख छ । कीर्तिपुरको व्यक्तिहरूले प्रत्येक वर्ष यसरी नै 'कःतु' नाच बनाएर नाच्दै जान थाले  र त्यसपछि त्यो गद्दार बेइमान गर्ने व्यक्तिलाई पनि कीर्तिपुरका सबै जनताहरूले उसलाई बेइमान सिं ख्वाः पाडे भनेर जिस्काउन थाले । उसको हाउभाउले कीर्तिपुरका सबै मानिसले यो 'कःतु' सडक नाच त्यो व्यक्तिको हो भनेर चिन्न पनि सजिलो भयो । यसरी प्रत्येक वर्ष गाईजात्राका दिनमा यो "धे धे पा पा" नाच सकिएपछि फेरि कहाँबाट ल्याएको हो त्यही राख्न लैजाने वा फर्काउने परम्परा निर्माण भयो । ती बेइमानको घरमा उसकी श्रीमती, दुईजना छोरा र एकजना बहिनी पनि सँगै बस्ने गरेको पनि थाहा भयो । फेरि पछिल्लो वर्षमा यसरी मुकुन्डाहरू खोजेर फेरि अर्को थप उसकी बहिनीको प्रतीकको स्वरूप माछाको टाउको लगाएर कुचो एक जोडी समातेर आउन थाले र फेरि अर्को वर्षमा अरू दुईजना बच्चाहरू मान्छेका बालक आकारमा कागजको मुकुन्डो बनाएर जुङ्गा लगाएर

एकजनाले ठुलो गुलेली एकजोडी (त्रिकोष्ट वा अङ्ग्रजी अक्षर Y आकारको) र अर्को एकजनाले फलामको सिक्री एक जोडी लिएर उनीहरू सँगसँगै त्यही नाचमा नाच्ने परम्परा बस्यो । यसरी प्रत्येक वर्ष पात्रहरू थपिँदै बाजा बजाउँदै नाच्दा झनै रमाइलो पनि हुँदै गयो भने ती देशद्रोही र बेइमानी व्यक्तिको त परिवार पुरैको इज्जत जाने र बेइज्जत पनि हुने नै भयो । त्यसपछि ती देशद्रोहीलाई प्रत्येक वर्षभरि सिं ख्वाः पाडे भनेर कीर्तिपुरका जनताहरूले जिस्काउन थाले । ती देशद्रोही व्यक्तिले यस नाचप्रति विद्रोह गर्ने, गाईजात्रा डामाडोल गर्ने बिथोल्ने, झैझगडा समेत गर्ने गरे । फेरि प्रत्येक वर्ष झन् झन् कीर्तिपुरको गाईजात्रा रमाइलो हुँदै जान थाल्यो । गाईजात्रा हेर्नेहरूको भीड नै हुन थाल्यो । यसरी त्यतिबेला यो "धे धे पा पा तः तः" को नाच क्रमिक रूपमा प्रत्येक वर्ष बिस्तारै विकसित भएर गएको हो । त्यतिबेला गाईजात्रामा सामाजमा र देशमाथि घटेका घटनाको 'कःतु' ख्याल, (सडक नाटक) कार्यक्रमहरू बनाएर देखाइने गरिन्थ्यो । जस अनुसार समाज र देशलाई दूषित बनाउने व्यक्तिको वा जो देशद्रोही, बेइमानी र गद्दारलाई आम जनता सामु, समाज सामु पर्दाफास गरिदिएर त्यस व्यक्तिको पोल खोलिदिने, बेइज्जत गर्ने, सजाय दिने, आदि कार्यहरू पनि गर्ने गरेको पाइन्छ । यस अनुसार यो "धे धे पा पा तः तः" नाचको प्रस्तुतिको अर्थ विशेष बनेको पाइन्छ । कीर्तिपुरको देशद्रोही र गद्दारी व्यक्तिको पर्दाफास गर्न उसलाई सजाय दिन वा बेइज्जत गर्नका लागि त्यस व्यक्तिको ठ्याक्कै अनुहारसँग र बानी व्यवहारसँग हुबहु मिल्ने गरी काठको मुकुन्डो (सि ख्वापा) बनाएर यमराजले जस्तै पापीहरूलाई तेलको भाँडोमा चोप्नु पर्छ भन्ने प्रतीक स्वरूप एकजोडी कुल्लु लिएर र उसकी श्रीमतीको नक्कल गरी डोकामा भारी बोक्ने भएकाले च्याउको मुकुन्डो (म्हुकं ख्वापा) लगाएर एकजोडी डोको लिएर यो नाच देखाइएको हो । यसले गर्दा सबैले उनी को हुन् भनेर चिन्न सजिलो थियो यसको अर्थ यसप्रकार थियो यस्तो बेइमानी, देशद्रोहीलाई त यमराजले जस्तै तातो, तातो तेलको भाँडामा डुबाएर राख्नु पर्दछ भन्ने प्रतीकको रूपमा कुल्लु बोकेर नाच्ने गरियो । त्यतिबेला कुल्लुमा तेल पसलेहरू चाहिँले तेल राख्ने गर्दथे । अर्को म्हुकं ख्वापाले डोको बोकेर नाच्नाको अर्थ चाहिँ ती बेइमानी व्यक्तिकी श्रीमतीको प्रतीक स्वरूप उसले अर्काको भारी बोकेर हिँड्ने वा डोको बोक्ने मान्छे भएकाले डोको एकजोडी बोकेर नाच देखाउँदै आएको हो । पछिपछिका वर्षमा जुन पात्रहरू थपे त्यसको अर्थ के हो भने न्याः त्वा ( माछाको टाउको) लगाएर नाच नाच्ने व्यक्तिकी बहिनीको प्रतीक स्वरूप उसले यस्तो व्यक्तिका

परिवारलाई त हाम्रो देशमा राख्नु हुँदैन कुचाले फोहर कसिङ्गर बढारेर लगेजस्तै गरी यिनीहरूलाई पनि फोहोर र कसिङ्गर जस्तै बढारेर फाल्दै लग्नुपर्छ भनेर त्यसको प्रतीकको स्वरूप न्याःत्वा(माछा मुख भएको मुकुन्डो)ले एकजोडी कुचो बोकेर नाच नाचेको हो । यस्तै गरी उसका दुईजना बच्चाहरूको प्रतीक स्वरूपमा दुईजना बालकको मुकुन्डो जुन यतिबेला प्रत्येक वर्ष गाईजात्राका दिनमा कागजको बनाएर लगाउने गर्दथ्यो । उनीहरू मध्ये एकजनाले यस्तो व्यक्तिलाई त हामीले युद्धमा गुलेली हानेको जस्तै गरी गुलेली हानेर र त्रिकोष्टले घोचेर उनीहरूलाई मार्नु पर्दछ  भनेर काठको अङ्ग्रजी अक्षर Y आकारको त्रिकोष्ट(गुलेली प्रकारको काठ) लिएर नाच नाच्ने परम्परा बसेको हो भने अर्को बालकको अनुहार आउने मुकुन्डो लगाएर आउनेले यस्तो गद्दार व्यक्तिलाई त यही फलामको सिक्रीले बाँधेर, पिटेर दण्ड र सजाय दिनुपर्छ, जेलमा राख्नुपर्छ भनेर एक जोडी सिक्री लिएर नाचमा सहभागी भएको हो । यसरी वर्षेपिच्छे यो गाईजात्राको दिन थाचिने गर्ने ठाउँबाट पात्रहरू थपिँदै “धे धे पा पा” नाच कीर्तिपुरमा प्रदर्शन गरेर झन् रमाइलो हुँदै गयो । त्यसपछि त्यो गद्दार व्यक्तिलाई र उसका परिवारलाई पनि सधैंभरि कीर्तिपुरका जनताहरूले सबै जनाले बेइमान सिं ख्वा पाडे भनेर उसलाई र उसका परिवारहरूलाई जिस्काउन थाले । जसले गर्दाखेरि उनीहरू घरबाट बाहिर निस्कनलाई पनि मुस्किल भयो । उनीहरू त्यसपछि कीर्तिपुर देश (कीर्तिपुरको देय् पर्खाल) बाहिर बस्न गए जसलाई कीर्तिपुरमा आजसम्म पनि त्यस ठाउँलाई बाहिरी गाउँको नामले चिनिन्छ । उनीहरूलाई गोर्खालीहरूले सुरक्षा र सुविधा प्रदान गरे पनि उनीहरूलाई सधैं जिस्काउन थालेपछि एकदिन यस कीर्तिपुरबाट बाहिर बसाइँ सर्न बाध्य भएर कीर्तिपुर छाडेर गए । यसरी उनीहरू कीर्तिपुर छोडेर पुल्चोक डाँडामा बसाइँ सर्न गए । त्यसैले यो पुल्चोकको डाँडालाई आजसम्म पनि कीर्तिपुरका बासिन्दाहरूले ‘अट गामा’ भन्ने गर्दछन् । प्रत्येक वर्ष कीर्तिपुरको गाईजात्रामा कीर्तिपुरका जनताहरूले एउटै विषयको उनीहरूको (बेइमान व्यक्तिहरूको) तिखो व्यङ्ग्य गर्दै त्यही कःतु “धे धे पा पा”  सडक नाटक(नाच) देखाएर ती व्यक्तिहरूलाई यस कीर्तिपुरबाट उठीबास नै गराएर छाडियो । जसले कीर्तिपुरका जनता माथि घोर अपराध गरे, गद्दार गरे, कीर्तिपुरेहरूको नाकै जाने गरी कीर्तिपुरेहरूसँग खेलवाड गरेका थिए आखिरमा उनीहरूसँग यस ‘कःतु’ नाचले प्रत्येक गाईजात्राको दिनमा प्रदर्शन गरेर बदला लिएरै छोडे । समाजमा उनीहरू घरबाट निस्कन नहुने गरी सबैको बेइज्जत र अपहेलना गरेरै

छाड्यो । यसकारण उनीहरू कीर्तिपुर छोडेर बसाइँ सर्न बाध्य भए र ती बेइमान व्यक्ति कीर्तिपुर देशमा नै नबसेर अन्त बसाइँ सरेर गए । कीर्तिपुरेहरूलाई अलिकति भए पनि यसबाट आनन्द मिलेको देखिन्छ ।

त्यतिबेला देशद्रोहीका परिवार पुरैको कःतु बनाएर "धे धे पा पा नाच" नै बनाएर देखाउन थालेको हो । त्यतिबेला देखि अहिलेसम्म प्रत्येक वर्ष गाईजात्राका एक दिन मात्र भए पनि कीर्तिपुरमा यो "धे धे पा पा" नाच देखाउने व्यवस्था गरिएको हो । जुन नितान्त कीर्तिपुर कै स्थानीय घटनामा आधारित बनेको थियो । त्यतिबेला यो सिं ख्वाःपा (काठको मुकुन्डो) काठको नै प्राकृतिक रङ्गको थियो भने म्हुकं ख्वाःपा (च्याउको मुकुन्डो) च्याउको प्राकृतिक रङ्गको नै थियो अथवा जस्तो च्याउ उम्रिन्थ्यो त्यस्तै प्राकृतिक रङ्गको थियो भने न्याः त्वाः ख्वाःपा (माछाको टाउको मुकुन्डो) पनि माछाको प्रकृतिमा जस्तो थियो त्यस्तै माछाको टाउकाको मुकुन्डो लगाउन हुने गरी बनाएर नाचमा सहभागी हुन आउने पनि गरिन्छ । त्यतिबेला ती धाक खलकका मुकुन्डाहरूमा कुनै पनि रङ्ग, र इनामेलले प्रयोग गरी रङ्गरोगन गरिँदैनथ्यो । प्रकृति अनुसार जस्ताको त्यस्तै गरी नाचमा सहभागी भएर आउने र कागजका वा बोराको बालक अनुहारको मुकुन्डाहरू प्रत्येक वर्ष नयाँनयाँ मुकुन्डो बनाउने गरिन्थ्यो । एकवर्षको एकचोटि दिनभरि गाईजात्राको दिन 'धे धे पा पा' नाच नाच्न सकिएपछि त्यत्ति कै छिँडीमा फ्याँकेर राख्ने गर्दा वा गाईजात्राका दिन पानी परेको समयमा यो कागजको वा बोराको मुकुन्डाहरू त्यत्तिकै बिग्रेर जाने र प्रत्येक वर्षमा नयाँ नयाँ बालकका मुकुन्डाहरू कागजको बनाएर नचाउने गर्दथ्यो । सिं ख्वाःपा, म्हुकं ख्वाःपा र न्याःत्वाः ख्वाःपाः चाहिँ फेरि अर्को वर्षमा नाच नाच्नका लागि कसका घरमा राखेको छ भनेर पुरानै प्रयोग गरिसकेका मुकुन्डाहरू खोजेर प्रयोग गरेर नाचमा सहभागी भएर आउने गर्दथे । यसरी प्रत्येक वर्ष कीर्तिपुरका गाईजात्रामा कीर्तिपुरका जनताहरूले ती देशद्रोही व्यक्तिले कीर्तिपुर देश छोड्न बाध्य हुनु परेको कुरा उहाँका बाजेले भन्नुभएको थियो ।[७६] पछिपछि यो नाच "धे धे पा पा तः तः" भनेर कीर्तिपुरको गाईजात्रा प्रख्यात भयो । कीर्तिपुरको गाईजात्रामा यो नाच नदेखाउँदा धेरै खल्लो भएर रमाइलो

[७६] दानबहादुर महर्जन (८२) सँगको कुराकानीमा आधारित ।

र मनोरञ्जन नै भएन । त्यसैले यस ऐतिहासिक घटना बोकेको कीर्तिपुरको स्थानीय नाचलाई निरन्तरता दिनका लागि कीर्तिपुरको मुख्य देय् गुठीमा सरसल्लाह गरेर विभिन्न नियमहरू बनाएर फेरि यो नाचको सम्भना पछिसम्म रहिरहोस् र गाईजात्राका दिनमा कीर्तिपुरका जनताहरूले रमाइलो र मनोरञ्जन प्रदान गर्नका लागि फेरि यो "धे धे पा पा" नाचमा बाजाको बोल र ताल राम्रो बनाएर विधिपूर्वक कीर्तिपुरको देय् गुठीको "मुख्य तीर्था ख्वापा" मृतकको नाममा उद्घाटन गर्ने (थाचिने गर्ने) परिवारलाई दिएर नचाउन थालेको हो ।

इटाछेँमा बस्ने ढल पालेहरू (ढल्पा छ्याखहरू) को घरबाट यो काठको मुकुन्डो (सिं ख्वापा) पृथ्वीनारायण शाहका पालादेखि बनाएर "धे धे पा पा" नाच नचाउँदै आइरहेको हो भनेर उहाँका बाजे ढलपाले भन्ने मेयर मानसिंह महर्जनले उहाँ सानो छँदा भनिराखेको हो भन्ने स्मरण गरेको पाइन्छ । उहाँलाई त यति मात्र थाहा छ कि यो सिं ख्वापा(काठको मुकुन्डो) मेयरमानका बाजेले पृथ्वीनारायण शाहका पालामा बनाएर यो "धे धे पा पा" नाच गाईजात्राका दिनमा नचाउँदै आइरहेको हो जुन कुरा उहाँका बाजे मेयरमानले उनीलाई सानो छँदा भन्नु भएको थियो भनेर सम्भना गरेको पाइन्छ । अहिले यो सिं ख्वापा उहाँको माइत दोपाचा टोलमा बस्ने भाइ पानबहादुर महर्जनको घरमा राखेको छ ( चित्र नं. १६ ) । पानबहादर महर्जनको बुबा हाकु महर्जन र ठुलो बुबा ढल्पा छ्याक भन्ने ढलपालेहरू थिए र उनीहरूका बुबा मेयरमान सिंह थिए । वि.सं. २०२० भन्दा अगाडिसम्म पनि उनीहरूले ढलको रेखदेख गरेर कीर्तिपुर वरिपरिका पोखरीहरूमा पानीको व्यवस्था गरिदिने गरेको जानकारी छ । ती ढल शिवदेव तृतीयाको पालोमा कीर्तिपुरलाई सहर रूपमा बस्ती बसाउनका लागि बनाएको हो । त्यतिबेला देखि नै ती ढलको रक्षा र सुरक्षा गर्न ढलपालेको व्यवस्था गरिराखेको थियो । पछिल्लो समयसम्म पनि उनीहरूलाई ढल्पा छ्याक(ढलपाले) भनेर भन्ने गरेको तथ्य पाइन्छ । वि.सं.२००५ तिर उनीहरू इटाछेँबाट दोपाचा टोलमा बसाइँ सर्न थालेको देखिन्छ (चित्र नं. १९) । मेयरमान सिंह महर्जनले उनीलाई जानकारी दिए अनुसार यो "धे धे पा पा" नाच

पृथ्वीनारायण शाहका पालादेखि गाईजात्राको दिनमा प्रदर्शन गरी देखाउँदै आएको हो भन्न सकिन्छ ।[७७]

त्यसपछि प्रत्येक वर्ष गाईजात्राका दिनमा यो "धे धे पा पा" नाच प्रदर्शन गर्ने क्रममा यसको पात्रहरू पनि बढेर गएको पाइन्छ । यसरी गाईजात्रामा यो "धे धे पा पा" नाच नचाउने बेलामा फेरी अर्को दुई जना बालक मुकुन्डो पात्रहरू थपिए र पाहुनाको सत्कार स्वरूप यी दुईमध्ये एकजना बालक मुकुन्डोधारीले पूजाको थाल र पञ्चपात्र बोकेर नाच नाच्न थाल्यो भने अर्को एक जनाले पितलको जःसि(डाल पकाउने भाडा) र पितलको कःसि(भात पकाउने भाडा) बोकेर नाच नाच्न थाले र यो नाच एउटा धाक खलक समूह नै बन्न पुग्यो । यदि यी बालकहरूको सङ्ख्या फेरि बढाएर नाच नाच्नु परेमा पछि थाल एक जोडी र एक जोडी पानी खाने करुवा, पितलको बाटा आदि बोकेर नाच नाच्नेहरू नाचमा सहभागी भएर नाच्न थालेको देखिन्छ ।[७८] यसरी यो "धे धे पा पा" नाचको उत्पत्ति क्रमिक रूपमा विकसित हुँदै आजको अवस्थासम्म आइपुगेको हो । कीर्तिपुरमा गाईजात्राको दिनमा मात्र यो "धे धे पा पा" नाच नचाउँदै वर्षको एक पटक भए पनि प्रदर्शन गरी देखाउँदै आइरहेको छ । अहिले यो 'धे धे पा पा' नाचमा बालकका मुकुन्डा पात्रहरू घटिमा चार जना सहभागी हुने गर्दछन् भने कुनै कुनै वर्षमा बढीमा ६ जनासम्म सहभागी भई "धे धे पा पा"नाच नाच्दै आइरहेको पाइन्छ ।

यसरी यो "धे धे पा पा ताः ताः" नाच कीर्तिपुरको स्थानीय राजनीतिक घटनाका प्रतीक स्वरूप व्यङ्ग्य गर्दै 'कःतु' ख्याल (नाटक) बाट सुरुवात भएको यो नाच आज कीर्तिपुरको एक मात्र मौलिक नाचको रूपमा विकसित भएर गएको छ । यो नाच कीर्तिपुर देशलाई बदनाम गर्ने, बेइमान गर्ने, गद्दार र देशद्रोह्री व्यक्तिको विषयवस्तुमा आधारित भई निकालिएको 'कःतु' सडक नाटक हो । यस नाचले एक प्रकारले ती देशद्रोही व्यक्ति र उसका

[७७] नारायण मैयाँ महर्जन (६६) सँगको कुराकानीमा आधारित ।

[७८] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

परिवारहरूका मृटुमा गहिरो चोट पुऱ्याउन (पीडा दिन) सफल भई उनीहरू सपरिवारलाई देशबाट निस्कन बाध्य गराउन सक्षम भएको यो "धे धे पा पा ताः ताः" कःतु सडक नाटक (ख्याल) कीर्तिपुरका जनताहरूले गौरवताको साथ लिनु पर्दछ । यो "धे धे पा पा ताः ताः" नाच कीर्तिपुरमा प्रत्येक वर्ष गाईजात्राका दिनमा मृतकका नाममा पूजा गर्दै देखाउन थालेपछि ती देशद्रोहीहरूको बेइज्जत भई कीर्तिपुरमा बसिरहन नसकेर कीर्तिपुरको बाहिरी गाउँ छोडेर पाटनको पुलचोकको डाँडामा बसाइँ सरेर बस्ती बसाएको पाइन्छ । यसरी यस गाईजात्राको दिनमा "धे धे पा पा" नाचले ती देशद्रोही र उसक सपरिवारलाई अनौपचारिक रूपमा सजाय दिन सफल भएको नाच हो । जुन नाचले वर्षको एकचोटि भए पनि गाईजात्राको दिनमा यो "धे धे पा पा नाच" नचाएर कीर्तिपुरका जनताहरूलाई ऐतिहासिक घटनाको सम्झना र बोध गराउने गर्दछ । यस घटनालाई कीर्तिपुरका जनताहरूले कसैले पनि, कहिल्यै पनि बिर्सन सकिँदैन । पछि कीर्तिपुरको देय् गुठी (सिं गुठी वा मुर्दा गुठी) को मुख्य देवता (गुह्य देवता) को मुकुण्डो लगाएर मृतकका नाममा मुख्य पूजा गरेर सबै भन्दा अगाडि अग्रपङ्क्तिमा उसलाई अभिनय वा निर्देशन गर्न लगाएर नगर परिक्रमा गर्न पठाउने गरिन्छ । मुख्य तीर्था ख्वापाहरूलाई कीर्तिपुरको अभिभावकका रूपमा प्रस्तुत गरिँदै "धे धे पा पा ताः ताः" नाचको नाचसहित विभिन्न हास्यव्यङ्ग्य र सडक नाटकहरूको समेत समिश्रण गरेर घटनाको बिचबिचमा विशुद्ध नेपाली जनगाथाको, राष्ट्रिय घटना र राजनैतीक घटना सम्बन्धि भएमा अभिनयहरू हास्यव्यङ्ग्य रूपमा प्रस्तुत भई यो "धे धे पा पा तः तः" नाच प्रदर्शन गरी कीर्तिपुरको मुख्यमुख्य टोलको मुख्यमुख्य ठाउँमा रमाइलो गरी प्रदर्शन गरेर देखाउने गर्दछन् ।[७९] गाईजात्राको एक दिन कीर्तिपुरमा मात्र प्रदर्शन गरी देखाउने "धे धे पा पा तः तः" नाच कीर्तिपुरको नितान्त स्थानीय र राजनीतिक घटनाको आधारमा बनेको नाच भएकाले यो "धे धे पा पा ताः ताः" नाच गाईजात्राको दिनमा कीर्तिपुरमा बाहेक अरू कुनै ठाउँमा पनि यस्तो प्रकारको नाच नचाउने गरिएको छैन । यस गाईजात्राको दिन प्रदर्शन गरी देखाउने नाचमा कीर्तिपुरको आफ्नै मौलिकपन रहेको पाइन्छ । कीर्तिपुरका जनताहरूका लागि यो "धे धे पा पा

[७९] दानबहादुर महर्जन (८२) सँगको कुराकानीमा आधारित ।

ताः ताः" नाचले कीर्तिपुरको गौरव बढाउनाका साथै इज्जत पनि बढाउने नाचको रूपमा लिन सकिन्छ। जसको आफ्नै एक छुट्टै महत्त्व र विशेषता रहेको छ।

**नोट** :- बच्चाहरूको सातो बोलाउँदा बच्चालाई धाक खलको च्याउको मुकुन्डो लगाउनेले डोकाले छोपेर त्यस माथि सिं ख्वापा (काठको मुकुन्डो) लगाउनेले बोक्ने कुल्लु (धाक) ले त्यस बच्चालाई छोपेको डोका माथि थिचिदिनाले बच्चाहरूको साटो पुत्लो हराउने गर्दछ भने रून्चे रोगले (ऐसा च्याउ) पनि छोड्छ भन्ने कीर्तिपुरबासीहरूको विश्वास रहेको छ।

## ४.५. थाचिने

"थाचिने" गर्ने भनेको मुख्य पूजा थापना, उदघाटन वा सुरुवात गर्ने हो। ज्यापूहरूका पुरोहितलाई वैद्य वा आचाजु भनिन्छ भने बज्राचार्य, शाक्यहरूका पुरोहितको थकाली वा मुख्य पुजारीलाई थापाजु भनिन्छ 'था' भन्नाले मुख्य पूजाको स्थापना उद्घाटन वा सुरुवात गर्ने र 'चिने' भन्नाले सबै मिलेर कार्य गर्नेलाई (समूह मिलेर गर्ने वा सबैलाई समेटेर गर्ने) जनाउने गर्दछ।[८०] नेवार समाजमा विवाह गर्दाखेरि थाभु खुवाएर बैवाहिक सम्बन्धको एक भएको वा बैवाहिक सम्बन्ध सुरुवात गरेको वा थापना गरेको जस्तै यो "धे धे पा पा" नाचको मुख्य पूजा गरेर नाच सुरुवात वा उदघाटन गर्नेलाई "थाचिने" गर्ने भनिन्छ। कुनै देवता स्थापना गर्ने भन्नाले नेवारी भाषामा 'थापँ' गर्ने भनिन्छ। त्यस्तै यो "धे धे पा पा" नाचको पूजा पनि मुख्य मृतकका नाममा कीर्तिपुर देय् गुठीको मुख्य तीर्था ख्वापालाई थापना गरी गर्ने भएकाले यो पूजा टोलबासीहरू सबै मिलेर स्थापना गर्नेलाई थाचिने भनिएको हो। गाईजात्रा नगर परिक्रमा गराउन प्रत्येक मृतकका घरबाट गणेश स्थानमा लगेर पूजा गरी नगर घुमाउन पठाउने चलन छ। ती मध्येबाट पनि कीर्तिपुरको देय् पर्खाल भित्रको एउटा घरबाट मात्र यो मुख्य पूजा कसको मृतकका घरबाट मृतकका नाममा उदघाटन गर्ने हो वा सुरुवात गर्ने हो त्यसलाई थाचिने गर्ने

---

[८०] जीवन कुमार महर्जन (४२) सँगको कुराकानीमा आधारित।

भनिन्छ । कसैको मृत्यु भएको एक वर्षभित्र बर्खी बस्ने मानिसले आफ्ना मृतकका नाममा सङ्कल्प गरी यो मुख्य पूजा (थाचिने) गर्ने गर्दछ । एक वर्षभित्र मृत्यु नभएको घरबाट यो पूजा गरिँदैन । मृतकका नाममा जसले थाचिने गर्ने हो उसको टोलबाट यो "धे धे पा पा" नाचको पनि सुरुवात गर्ने जिम्मेवारी मृतकका परिवारहरूलाई दिइने गरेको पाइन्छ । यसरी यो मुख्य पूजाको नाममा कीर्तिपुरको गाईजात्रामा एउटा विशेष प्रकारको नाच "धे धे पा पा" नाच विशेष महत्त्वका साथ कीर्तिपुरका मुख्य मुख्य टोलहरूमा नचाउने चलन रहेको छ । एक जना मृतकका नामबाट विशेष रूपमा मुख्य पूजाको प्रतीकको स्वरूप यो "धे धे पा पा" नाच लाई कीर्तिपुर भित्र अरू मृतकका परिवारजन मिलेर विभिन्न रूपमा एकै स्थानमा वा टोलमा उपस्थिति भई सहभागी भएर (थामुने गरेर) दिनभरि कीर्तिपुर नगरको मुख्यमुख्य टोलहरूमा नाच देखाएर मनोरञ्जनका साथ रमाइलो गर्दै नगर परिक्रमा गरेर अन्त्यमा मुख्य पूजा "धे धे प पा" नाच सुरुबाट गरेर निकाल्ने मृतकका घरमा नै विधिपूर्वक भित्र्याएर यो नाचको समाप्त गर्ने गरिन्छ ।[८१]

## ४.५.१ थाचिने गर्ने परिवारहरूको भूमिका

गाईजात्रा आउनु भन्दा एक महिना अगाडिदेखि नै यो "धे धे पा पा" नाच कहाँबाट कुन टोलबाट सुरु हुन्छ वा कसको मृतकका घरबाट सुरु हुन्छ भन्ने कुराको कीर्तिपुर भरी नै हल्लाखल्ला र विभिन्न कुराहरू हुने गर्दछ र यसका लागि थाचिने गर्ने टोलबासीहरू मिलेर काम कार्यको जिम्मा लिएर कामहरू गर्ने, साथीभाइसँग सहयोग लिन जाने र चाहिने सरसामानको लागि तयार गर्ने कार्यहरू गर्ने गर्छ । त्यस्तै गरेर "धे धे पा पा" नाच पनि गठांमुगः देखि थाचिने गर्ने टोलमा नाच्न सिकाउन सुरु गर्ने गरिन्छ भने बाजाहरू बजाउन सिकाउने पनि गर्दछ । गाईजात्राको दिनदेखि कृष्ण अष्टमीसम्म देखाउने विभिन्न कार्यक्रम जस्तैः नाटक, ख्याखी, नी, कःटु, हास्यव्यङ्ग्य, धौ बजी ख्वाउने, सडक नाटक, कःतु, लाखे नाच आदि प्रर्दशन गरी

---

[८१] बज्रमुनि बज्राचार्य (३७) सँगको कुराकानीमा आधारित ।

देखाउनका लागि सिकाउन सुरु गर्ने गर्दछ । "धे धे पा पा" नाचका लागि तयार भई नाच्न सिक्नेहरू र बाजा बजाउन सिक्नेहरूले जनैपूर्णिमाका दिनमा आराम लिने गर्दछन् भने गाईजात्राका दिनमा यिनीहरूले "धे धे पा पा नाच" नाचेर दर्शकहरूलाई भरपुर नाच्दै हँसाएर हास्यव्यङ्ग्य आदि मनोरञ्जन दिने जस्ता कार्य गरेर दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्ने गर्दछन् । "धे धे पा पा" नाच मृतकका नाममा गाईजात्राको एक दिन मात्र नचाउने गरिन्छ भने अरू सडक नाटक, ख्याल, हास्यव्यङ्ग्य, कःतु जस्तो विभिन्न कार्यक्रमहरू गाईजात्राको दिनदेखि चाहिँ कृष्ण जात्राको दिनसम्म विभिन्न ठाउँमा गएर देखाउने गर्दछ ।

गाईजात्राको दिन मुख्य पूजा निकाल्ने मृतकका आफन्तहरू बिहान सबेरै नुहाएर घर लिपपोत गरी चोखो भई सरसफाइ गरी राखिन्छ । त्यसपछि यस दिनमा विशेष रूपमा नचाउने "धे धे पा पा" नाचका लागि चाहिने सबै सरसामानहरू (मुकुन्डाहरू, भाँडाकुडा कुल्लु, डोको, थाल, कचौडा पूजा साम्रगी आदि इत्यादि) थाचिने गर्ने घरमा विभिन्न ठाउँबाट सङ्कलन गरी ल्याएर जम्मा गर्ने गर्दछ र सफा गरी राखिन्छ (चित्र नं. २४ र चित्र नं. २५) । थाचिने गर्ने घरमा "धे धे पा पा" नाचमा सहभागी भएर जानेहरूलाई समय्बजी भोज खान दिनु पर्छ र सबै सरसामानहरू जम्मा भइसकेपछि मुख्य पूजा गर्नका लागि पूजा  सामग्री सबै तयार गरेर आफ्नो मुख्य टोलको गणेशस्थान मन्दिरमा लगेर राखिन्छ । अरू मृतकका नाममा नगर परिक्रमा गर्न सहभागीहरू सबै जना आइपुगेपछि मात्र मुख्य पूजा गर्ने मानिसले आफ्ना पुरोहितलाई बोलाएर सँगै बसेर विधिपूर्वक आफ्ना मृतकका नाममा त्यहाँ रहेका सरसामानहरूलाई पूजा गरिन्छ (चित्र नं. २७) । यो मुख्य पूजा गर्ने मृतकका नामबाट वा थाचिने गर्ने परिवारबाट कीर्तिपुरको देय् गुठीको मुख्य तीर्था ख्वाःपा (मुख्य तीर्था मुकुन्डो) पूजाका लागि र कम्तिमा पनि एउटा साँच्चिकै गाई जनावर, एक जोडी गाईको भेषमा सिङ्गारिएको व्यक्ति हलोसहित जोत्ने मान्छे र नौ जोडी आइमाईको लुगा लगाएर आउने एक जना अर्को तिर्था ख्वापा समेत गरी दुईजना सम्म तिर्था ख्वापालाई मृतकका नाममा कीर्तिपुर नगर परिक्रमा गर्न पठाउने चलन छ । यी बाहेक मृतकका नाममा अरू बढी सङ्ख्यामा पठाए पनि हुने गर्दछ । यिनीहरूलाई मृतकका नाममा पूजा गर्न सकिएपछि "धे धे पा पा" नाचका लागि सहभागी हुनेहरूलाई सिं ख्वाःपा (रातो काठको मुकुन्डो), च्याउको मुकुन्डो (म्हुंक ख्वापा),

माछाको टाउको मुकुन्डो (न्यात्वा ख्वापा) आदि इत्यादिलाई क्रमशः मृतकका नाममा पूजा गराएर नाचमा सहभागी हुनेहरूलाई मुकुन्डो क्रमशः लगाउनका लागि दिएर मुख्य पूजा गरेपछि सबभन्दा पहिला यस टोलमा "धे धे पा पा" नाच विधिपूर्वक देखाउन सुरु गरिन्छ । मुख्य पूजा गर्ने मानिसका घरबाट "धे धे पा पा" नाचको पछिपछि हाँस्यव्यङ्ग्यात्मक रूपमा प्रस्तुत गराउने सडक नाटक "बुई धौ बजी नकवनेगु र मचायात दुरु त्वकवनेगु" गर्ने समूहलाई चाहिने सरसामान सबै दिएर सडक नाटकमा प्रदर्शन गर्न पठाइन्छ । बच्चालाई दुध खुवाउने नाटक गर्न कम्तिमा पनि एक जना आधुनिक रूपमा अविवाहित आमालाई बच्चा पुतली हातमा दिएर खेतालालाई खाजा खुवाउने प्रतीक सामाजिक घटना अनुसार पारिवारिक वातावरण स्वरूप सडक नाटकहरू प्रदर्शन गर्न मुख्यमुख्य टोलमा पठाउने गरिन्छ ।

यो "धे धे पा पा" नाचको मुख्य पूजा (थाचिने) गर्नका लागि कुनै एक जनाले मात्र गर्छु भनेर गर्न सकिँदैन । यो मुख्य पूजा गर्ने टोलका मान्छेहरू, छरछिमेकीहरू,स्वयम् सेवकहरू र मृतकका आफन्तहरूको सहयोग नभईकन यो नाच देखाउन सम्भव छैन । यो "धे धे पा पा" नाच नचाउन चाहिने जति खर्चको व्यवस्था र खानपिनको व्यवस्थापन र आवश्यक सरसामानहरूको बन्दोबस्त गरी व्यवस्थापन गर्ने कार्यहरू सबै मृतकका नाममा थाचिने गर्ने घरको परिवारका साथै आफन्तहरूबाट गर्ने गर्दछ । यसरी "धे धे पा पा" नाचको थाचिने गर्ने घरबाट नै सबै जिम्मेवार लिएर बहन गर्नु पर्दथ्यो भने वि.सं. २०६३ पछि मनाउने गाईजात्राको यो "धे धे पा पा" नाचको थाचिने गरी नचाउन टोल टोलको पालो पालो गरी मनाउन थालेपछि जुन टोलको पालो हो त्यही टोलका टोलबासी, व्यक्ति, छरछिमेकी, दाजभाई मिलेर खर्चको व्यवस्था, खानपिनको व्यवस्थापन र आवश्यक पर्ने सरसामानहरूको व्यवस्थापन गर्ने कार्यहरू सबैको जिम्मा लिएर यो नाचको सञ्चालन गर्ने गरिन्छ । यसपछिको वर्षदेखि यो नाचको थाचिने गर्ने मृतकका परिवारहरूले र आफन्तहरूले पहिलेको जस्तो गरी त्यति

जिम्मेवार भई कार्यहरू गर्नु पर्दैन । त्यतिबेला देखि "धे धे पा पा" नाचको लागि चाहिने सबै व्यवस्था र सञ्चालन टोलबासीहरू मिलेर गर्दै आइरहेका छन् ।[८२]

अन्तिममा मुख्य पूजा गर्ने टोलमा नै फेरि अन्तिम पटक यो "धे धे पा पा" नाच नचाई सकेपछि मृतकका नाममा मुख्य पूजा निकाल्नेका(थाचिने गर्नेका) घरमा घरकी जेठी आइमाईद्वारा नाचमा सहभागी भएर आउने सबैजनालाई क्रमशः घरमा भित्र्याएर भोज खुवाउने गरिन्छ । कीर्तिपुरको देय् गुठीको मुख्य तीर्था ख्वापा(बाघ भैरवको प्रतीक स्वरूप तिर्था मुकुन्डो) लगाएर आउने व्यक्तिलाई नै सबैभन्दा पहिला विधिपूर्वक घरमा दुलही भित्र्याए जस्तै गरी भित्र्याउने गरिन्छ । त्यसपछि गाईभेषमा आउनेहरू र धाक खलक सबैलाई नाचमा सहभागी हुनेहरूलाई क्रमशः पालैपालो गरी भित्र्याएर दाफा खलकहरू, हास्यव्यङ्ग्य र कतु गर्दै आउनेहरूलाई  मुख्य पूजा गर्नेका घरमा भित्र्याएर यो "धे धे पा पा" नाच सकिने गर्दछ । त्यसपछि थाचिने गर्ने घरमा मासु राखेर सबैजनालाई भोज खानदिने गर्दछन् । यता थाचिने गरेको घरमा तीर्था ख्वाःपा लगाएर आउने व्यक्तिले भोज खान थालेपछि मात्र कीर्तिपुरको देव पोखरीमा "ट्वाना जात्रा" सुरु हुन्छ । नत्र उसले भोज खान (सुरु गर्न) नथाले सम्म कीर्तिपुरको बाघ भैरव मन्दिर अगाडिको नारायण मन्दिर प्राङ्गणको देय् पोखरीमा "ट्वाना जात्रा" सुरु गरिँदैन । त्यसैले मुख्य तीर्था ख्वाःपा लगाएर आउने व्यक्तिले भोज खान थालेपछि थाचिने गर्ने टोलको बाजा खलकहरू बाजासहित टोलबासीको समूह बनाएर माथि देव पोखरीमा "ट्वाना जात्रा" सुरु गर्ने गर्दछ । यसरी कीर्तिपुरको गाईजात्रा बिहानदेखि बेलुका सम्म कीर्तिपुरका जनताहरूले खुब रमाइलो र मनोरञ्जनका साथ मनाउने गर्छन् ।[८३]

---

[८२] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

[८३] सानुकाजी मानन्धर  (५७) सँगको कुराकानीमा आधारित ।

### ४.५.२ थाचिने गर्ने घरमा ढोकाको प्रयोग गर्ने मुख्य तरिका

कीर्तिपुरमा गाईजात्राको दिन कीर्तिपुर देय् गुठीले मुख्य तीर्था ख्वापा दिएर "धे धे पा पा" नाचको थाचिने गर्न अनुमति जुन घरमा दिइन्छ । त्यस घरमा पूजा विधि अनुसार नाचको सुरु (थाचिने) गर्न घरमा "धे धे पा पा" नाचमा सहभागी हुनेहरूका लागि विशेष किसिमले ढोकाको प्रयोग गर्ने गरिन्छ । बिहान "धे धे पा पा" नाचमा सहभागी भई कीर्तिपुर नगर परिक्रमा गर्नका लागि जाने सबैलाई थाचिने गर्ने घरमा समय्बजी भोज खान दिने गरिन्छ । समय्बजी भोज खान सकिएपछि सबभन्दा पहिला थाचिने गर्ने मृतकका नाममा "मुख्य तीर्थ ख्वापा" लगाइ नगर परिक्रमा गर्न जाने नौ जोडी आइमाईको लुगा लगाउने व्यक्तिलाई घरको हामाले (थकाली आइमाई) ले सगुन दिई टीका लगाई दिएर त्यही अनुसार क्रमशः "धे धे पा पा नाच" का सबै सहभागीहरूलाई सगुन र टीका लगाउँदै घरको मूल ढोकाबाट वा कुमार ढोकाबाट बाहिर पठाएर आफ्नो टोलको गणेश स्थानमा मुख्य पूजाको लागि र "धे धे पा पा नाच" नाच्नका लागि पूजा गर्न पठाउने परम्परा छ । यसरी मृतकका नाममा थाचिने गर्ने टोलबाट यो "धे धे पा पा" नाचको पूजा विधि सकाएर यो "धे धे पा पा नाच" नाच नाच्दै कीर्तिपुरका मुख्यमुख्य टोलमा नाच देखाउँदै कीर्तिपुर नगर परिक्रमा गर्दै फेरि अन्तिममा यही थाचिने गर्ने टोलमा अन्तिम पटक "धे धे पा पा" नाच नाचेर थाचिने गर्ने घरको दोस्रो ढोकाबाट सर्वप्रथम तीर्थाः ख्वापा लगाउने व्यक्तिलाई घरको हाःमा (थकाली आइमाई) ले विधिपूर्वक पूजा गरेर दुलही भित्र्याउने जस्तै गरी भित्र्याएर क्रमशः अरू सहभागीहरूलाई पनि घर भित्र्याउने चलन छ । घरको मूल ढोका र दोस्रो ढोकाको बिचमा घरभित्रपट्टि एउटा ढोका वा तेस्रो ढोका हुनु पर्दछ । यदि यो ढोका छैन भने घरको भित्ता भत्काएर भए पनि बिचमा एउटा ढोका बनाउनु पर्दछ र यही ढोकाबाट घर भित्र्याउनेहरूलाई घरको भित्रको बिच ढोका हुँदै मूल ढोकाबाट बाहिर निस्केर जाने प्रबन्ध गरिन्छ भने भोज खानेहरू यही बिचको ढोका हुँदै घरभित्र पसेर समय्बजी भोज सकिएपछि मूल ढोका हुँदै बाहिर आआफ्नो घरमा जाने गर्छन् । "धे धे पा पा नाच" मा सहभागी हुनेहरूलाई जुन ढोकाबाट भित्र्याएको हो त्यही ढोका भएर घर बाहिर निस्कनका लागि प्रयोग गरिने गरिँदैन । यसरी थाचिने गर्नेको घरमा बाहिर निस्कने

ढोका, भित्र पस्ने ढोका र यी दुई ढोकाका बिचमा घरभित्र अर्को एउटा ढोकासमेत गरेर कम्तिमा तिनवटा(३) ढोकाहरू यो "धे धे पा पा" नाच नचाउनका लागि गाईजात्रा आउनु भन्दा केही दिन अगाडि देखि व्यवस्था गरी मृतकका नाममा थाचिने पूजाका लागि तयार गरेर राख्ने गरिन्छ। यदि यी तिनवटा ढोका भएन भने यो "धे धे पा पा नाच" नाच्नेहरूलाई सँगैको छिमेकीको सहयोग लिएर भए पनि पहिलो मूल ढोका, दोस्रो ढोका र बिचमा तेस्रो ढोका प्रयोग गर्ने गरी यही चित्र नं. ४ अनुसार व्यवस्था गरिएको पाइन्छ। जसरी भए पनि यी तिनवटा ढोकाको व्यवस्था गरिएको हुनै पर्दछ। नत्र यो "धे धे पा पा" नाचको थाचिने गर्न दिइने गरिँदैन। घरमा बिचको ढोका नहुँदा भित्ता फोरेर बिचमा ढोका बनाउन लगाइएको पाइन्छ। यसरी यो "धे धे पा पा" नाचमा यी तिनवटा ढोकाहरूको आआफ्नै विशेषता र सम्बन्ध रहेको पाइन्छ (चित्र नं. ४)।[८४]

### ४.५.३ थाचिने गर्नेका लागि थाचिने गर्ने घरमा व्यवस्थापन

मुख्य पूजा स्थापना गरी उद्घाटन(थाचिने) गर्नेका लागि थाचिने गर्ने घरमा कीर्तिपुर भित्र मृतकका आफन्त र टोलबासीहरूले जात्राका लागि चाहिने यी सरसामानहरू तयारीका साथमा थाचिने गर्ने घरमा जम्मा गरेर नाच देखाउन तयार हुनु पर्दछ।

**(क)** बाजाहरू:

१. धाः बाजा एक जोडी।

२. भूस्या बाजा एक जोडी।

३. पोंगाचा बाजा एक जोडी।

"धे धे पा पा" नाच नचाउनको लागि जम्मा तिन(३) थरी बाजा चाहिन्छ।

**(ख)** १. गाई जनावर १ जना (ल्याउन सकेमा मात्र)।

---

[८४] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित।

**(ग)**. आयुदहरू ठीक पार्नु पदर्छ जस्तै : धाक खलकहरू र उनीहरूले हातले बोकेर नाच्ने आयुदहरूको बारेमा:- (चित्र नं. ४८ ) ।

१. सिं ख्वापा (ह्याउ ख्वापा) अथवा काठको रातो मुकुन्डो लगाउनेले एक जोडी कुल्लु वा धाक (तेल राख्ने छालाले बनेको भाँडो) बोकेर नाच्ने गर्दछ (चित्र नं. २८) ।
२. म्हुकं ख्वापा (च्याउको मुकुन्डो) लगाउनेले एक जोडी डोको बोकेर नाच्ने गर्दछ । ( चित्र नं.२९) ।
३. न्याँ त्वा (माछाको मुकुन्डो)लगाउनेले एक जोडी कुचो बोकेर नाच्ने गर्दछ ।
४. बालकको ख्वापा (वापात्या ख्वापा) आधा आधा रंग गरी बनाएको मुकुन्डो लगाउनेहरूले (कम्तिमा चार जना यसको सङ्ख्या कहिले बढेर ६ जनासम्म र कहिले घटेर चार जना पनि हुने गर्छ । यो प्रत्येक वर्ष घटबढ भइरहेको पाइन्छ । उनीहरू प्रत्येकले एक एक जोडी त्रिकोष्ट(अङ्ग्रजी Y आकारको) काठ, एक जोडी सिक्री, पितलको भाँडा जःसी र कःसी, पूजा सामग्री राख्ने थाल र पञ्च पात्र, एक जोडी थाल, पानी खाने भाँडो करुवा आदि (चित्र नं. ३०) ।

**(घ)** कीर्तिपुर देय् गुठीको मुख्य तीर्था ख्वाःपा (भैरवको मुकुन्डो) र नौ जोडी लुगा लगाएर सबभन्दा अग्रपङ्क्तिमा अगाडि बसेर विधिपूर्वक कीर्तिपुरको गाईजात्रा नाचसँगै थाचिने गर्ने मृतकका नाममा नगर परिक्रमा गर्ने एक जना व्यक्ति चाहिन्छ ।

**(ङ)** देय् गुठीको अरू तीर्था ख्वाःपाहरू (रातो मुकुन्डोहरू) र नौ जोडी आइमाईको लुगा र गरगहनासहित लगाएर आउनेहरू मध्ये कम्तिमा एक जना थाचिने घरबाट आउने गर्दछ भने बाँकी अरू मृतकका घरबाट नगर परिक्रमा गर्न आउने गर्दछन् ।

**(च)** गाईको भेषमा पेरूङ्गा लगाएर आउनेहरू कम्तिमा दुई जना र एक जना साथी हलो सहित हलो जोत्ने मानिस समेत (ज्वोःसा) आउने गर्दछ भने बाकी अरू एक जोडी गाई भेषहरू अरू मृतकको नाममा थाचिने गर्ने टोलमा जम्मा हुने गर्दछन् (चित्र नं. ५४) ।

**(छ)** कीर्तिपुरको थाचिने गर्ने टोलबाट मात्र नभएर अन्य टोलको हास्यव्यङ्ग्य रूपमा नाचलाई अझ आकर्षण गर्नका लागि हास्यव्यङ्ग्य गर्ने विभिन्न टोलका व्यक्तिहरू मिलेर थाचिने गर्ने टोलमा जम्मा भएर प्रदर्शन गर्दै आउने गर्दछन् ।

**(ज)** ख्याल गरेर आउने पात्रहरू

जस्तै :- "धौ बजी नकवनेगु व मचायात दुरु त्वकंवनेगु" (दही चिउरा खुवाउन जाने र बच्चालाई दुध खुवाउन जाने) सडक नाटकका लागि (३,४ जना पुरुष)

१ जना- श्रीमान्को भेषमा ।

१ जना- श्रीमतीको भेषमा ( चित्र नं. ५७) ।

कम्तिमा १ जना - पुतली बच्चालाई दुध खुवाउने पुरुष व्यक्ति अविवाहित महिलाको भेषमा र पुतली बच्चासहित हास्यव्यङ्ग्य गर्दै "बच्चालाई दुध खुवाउने" नाटक को लागि तयार गर्ने गर्दछ (विवाहित हुनु पूर्व बच्चा भएको नाटक गर्ने जुन समाजले पचाउन नसक्ने खालको सडक नाटक प्रदर्शन गर्नको लागि तयार गरिन्छ) ।
यस नाटकमा चाहिने सरसामानहरू खर्पन र भोजको सरसामानसहित ठिक पारेर थाचिने गर्ने घरबाट विभिन्न मुख्यमुख्य टोलहरूमा प्रदर्शन गर्नका लागि पठाउने गर्दछ ।
(हेर्नु होला ४.८ को थाचिने गर्ने घरबाट गाईजात्राको हास्यव्यङ्ग्य कार्यक्रमको प्रबन्धमा वर्णन गरिएको छ ) ।

**(झ)** बाजा बजाएर आउने विभिन्न टोलटोलका बाजा खलकहरू ।

**(ञ)** स्वयम् सेवकहरू र टोलबासीहरूको पूर्ण सहयोग ।

(ट) थाचिने गर्ने घरबाट प्रसस्त मात्रामा रक्सी र जाँडहरू खुवाउनका लागि कीर्तिपुरका विभिन्न ठाउँठाउँमा ठिक पारेर राख्नु पर्दछ ।

(ठ) विभिन्न टोलबाट मृतकका नाममा घुम्न आउने अन्य तीर्था ख्वपा लगाएर आउनेहरू र एक जोडी गाई भेषमा "धे धे पा पा तः तः" नाच को पछिपछि थाचिने गर्ने घरमा वा टोलमा जम्मा भएर मृतकका नाममा पूजा गर्दै उनीहरूलाई समेत समय्बजी खुवाएर टिका टालो गर्दै यो नाचमा सहभागी गराउँदै पठाउने गर्दछन् ।

### ४.५.४ थाचिने गर्न कीर्तिपुरको गाईजात्रामा सहभागीहरूको पहिरण र वर्ण

**(क) गाईको भेषमा**

गाईलाई पीताम्बरको धोती लगाई दिएर, माला लगाई पूजा गरेर मिठोमिठो खान दिएर आफ्ना मृतकका नाममा पूजा गरी नगर घुम्न पठाउने गरिन्छ ।

**(ख) एक जोडी गाईको भेषमा (ज्वोः सा)**

एक जोडी गाईको भेषमा पठाउनु परेमा गाईको प्रतीक स्वरूप गाई भेषमा शृङ्गार गरी दुई जना पठाइन्छ साथै उनीहरूसँग काठको हलो आकार सहित प्रत्येक गाईजोडीलाई जोत्नका लागि एक जना व्यक्ति पनि पठाउने गरिन्छ । यसलाई ज्वोः सा भनिन्छ । यसरी पठाउँदा गाईजात्राको "धे धे पा पा" नाचमा सहभागी गराएर पछि पछि पठाउने गरिन्छ । यस नाचमा उनीहरूले नाचको बाजाको बोल बेतालमा अथवा बेसुरमा बेसरी बेसरी बजाइरहँदा धान रोप्ने प्रतीक स्वरूप नाचेर घुमिरहने गर्दछन् (चित्र नं. ३४) ।

### (ग) सिं ख्वापा (रातो काठको मुकुन्डो)

यो काठको मुकुन्डो हो । त्यसैले यसलाई पहिले पहिले स्थानीय भाषामा सिं ख्वापा भन्ने गरिन्थ्यो । जबदेखि यो सिं ख्वापामा रातो रङ्ग पोतेर "धे धे पा पा" नाच नचाउन थाले, त्यतिबेला देखि यस मुकुन्डोलाई "ह्याग ख्वापाः" भन्ने गरिएको हो भन्ने जानकारी छ ( चित्र नं. ५०) । यसको रूपमा पठाउनु पर्दा टाउकामा फेटा राम्रोसँग बाँधेर मुकुन्डो नखस्ने गरी र मुकुट आरामसँग लगाउन र उठाउन हुने गरी टाउकामा बाँधिन्छ (चित्र नं. ४९) । मुकुट लगाउनु पर्ने भएकाले मुखमा त्यति शृङ्गार गरिँदैन । जिउमा सजिलो खाले ठूलो लुगा ( तःपाल) र कट्टु लगाई कम्मरमा परालको डोरीले पटुका जस्तै बाँधिएको हुन्छ र मकै वा उखुको पात तल झारेर कम्मरमा बाँधिन्छ । दिनभरि नाच्दै हिँड्नु पर्ने भएकाले खुट्टा दुख्छ कि भनी खुट्टामा कपडाको पट्टि वा ब्यान्डेज लगाउने गर्दछन् । पहिले पहिले परालको जुत्ता लगाएर नाच्दै आउने चलन रहेको सूचना छ । कपडाको जुत्ता लगाउनु हुँदैन भनेर परालको भए मात्र लगाउन दिने चलन छ । मृतकका नाममा नाच्नु पर्ने भएकाले सकेसम्म जुत्ता लगाउने गर्दैनन् । तर, अहिले कपडाको जुत्ता लगाएर जात्रामा नाच्दै नगर परिक्रमा गर्दै हिँडेको पाइन्छ । पहिला पहिला यो काठको मुकुन्डामा रङ्ग नलगाएको जानकारी छ । वि.स.२०२० पछि रातो रङ्ग लगाउन थालेको देखिन्छ । अहिले यो नाच्दाखेरि मुकुन्डो रातो चम्किलो र डरलाग्दो खालको काठको मुकुट (सिं ख्वापा) लाँखे ख्वापा जस्तै देखिन्छ । यो मुकुट लगाउँदा व्यक्तिलाई फाप्ने र नफाप्ने हुन्छ भन्ने विश्वास छ । फापेमा यो धेरै आकर्षक भई नाचमा मनोरञ्जन र उत्साह प्रदान गर्ने गर्दछ । यो मुकुटको सेतो दाँत राम्रोसँग देखिन्छ जुन वि.सं. २०५४ पछि यो सेतो दाँतको बिचमा एउटा दाँत पहेलो सुनको दाँत प्रतीक स्वरूप बनाएपछि झनै आकर्षण थपिन गएको हो ।

### (घ ) म्हुकं ख्वापा (च्याउको मुकुन्डो)

विशेष प्रकारको मान्छेको मुख छोप्ने आकारको ठुलो खाले बनको च्याउबाट बनाएको मुकुटलाई म्हुकं ख्वापा भनिन्छ (चित्र नं. ५१) । पहिले पहिले यो मुकुन्डोमा रङ नलगाएको भए

पनि अहिले (वि.सं. २०२० पछि) यसको रङ कालो चम्किलो गरी बनाएर नाच्न पठाउने परम्परा विकसित भएको हो । यसमा आँखाको र नाकको लागि प्वाल पनि बनाइएको हुन्छ । यो मुकुट लगाउनेले पनि सिं ख्वापाले (रातो काठको मुकुटले) जस्तै लुगा जे लगायो त्यही अनुसार लगाउने गर्दछ । खालि मुकुट मात्र म्हुकंको (च्याउको) लगाउनु पर्दछ । अन्य भेषभूषा सिं ख्वापाको (रातो काठको मुकुन्डोको) जस्तै हुन्छ । यो ख्वापालाई म्हुकं ख्वापा भनिन्छ । कसै कसैले यस मुकुन्डोलाई फा त्वाः ख्वापा (सुँगुरको मुखाकृत मुकुन्डो) पनि भन्ने गर्दछन् ।

**(ङ) न्याँ त्वा (माछाको मुखको मुकुन्डो)**

यो पनि विशेष प्रकारको ठूलो माछाको टाउकोलाई मुकुटको रूप दिई बनाइएको हुन्छ । यसको भेषभूषा र पहिरन पनि सिं ख्वापा र म्हुकं ख्वापाको जस्तै हुन्छ भने मुकुट चाहिँ माछाको टाउको हुन्छ । पहिले पहिले यसमा पनि रङ्ग लगाउने चलन थिएन । पछि यसमा कालो इनामेल रङ्ग लगाई आकर्षण तरिकाले बनाइएको मुकुट लगाउने गरिन्छ । यो मुकुन्डोलाई न्याँ त्वा ख्वापा पनि भन्ने गरिन्छ ।

**(च) बालकको ख्वापा वा बापा त्वा ख्वापा**

पहिले पहिले बोराको वा कागजको बालकको हँसिलो मुहार बनाएर जुँगा राखेर नाच्ने गरिन्थ्यो । पछि वि.सं. २०२० देखि तिनको पाताको हँसिलो बालक अनुहारको बनाएको पाइन्छ । त्यसको (वि.स.२०२५ तिर) एउटा बालक अनुहारको ख्वापा (मुकुन्डो)मा चाहिँ आधा अर्को रङ्ग र आधामा अर्को रङ्ग गरेर रङ्ग लगाएर नाचेर आएपछि प्रत्येक वर्ष बिस्तारै एकपछि अर्को गर्दै पछि वि.सं. २०४६ देखि सबै बालकको प्रतीक स्वरूपका मुकुन्डाहरू आधा अर्को आधा अर्को रङ्ग लगाएर बनाएर नाच नचाई आएको पाइन्छ । पहिले पहिले हँसिलो बालकको अनुहार आउने गरी एउटै रङ्गको बनाइएको पाइन्छ । वर्षै पिच्छे नाच्नका लागि थाचिने गर्ने घरबाट रङ्ग रोगन पोत्ने गर्दा पछिपछि तातेपाते गर्दै पछि यी हँसिलो बालक मुकुन्डाको अनुहार नै आधा अर्को आधा अर्को रङ्ग गरी बनाउन थालेको पाइन्छ । त्यसैले अहिले यस मुकन्डोलाई बापात्या

ख्वापा भनिन्छ । यिनीहरू वापात्या मुकन्डो लगाउने सबै जनाले दाजुभाइको प्रतीक स्वरूपमा एकै किसिमको पहिरन लगाउने गर्दछन् । यिनीहरू पनि परालको जुत्ता वा नाङ्गो खुट्टाद्वारा नाच नाच्दै नगर परिक्रमा गर्ने गर्दछन् । उनीहरू पहिले कम्मरमा मकैको वा उखुको पात र परालको डोरीले पटुका बाँधेर नगर परिक्रमा गर्ने गर्दथे भने अहिले मकै वा उखुको पातले कम्मरमा बाँधेर जात्रामा सहभागी हुन छोडिसकेको पाइन्छ । परालको डोरीले पटुका बाँधेर आउने चाहिँ अहिलेसम्म कायम छ र कपडाको जुत्ता लगाउने गरेको पाइन्छ ।[८५]

**(छ) नौ जोडी आइमाईको लुगा लगाउनेहरू (तीर्थ ख्वापा)**

वि.सं. २०४६ भन्दा अगाडिसम्म कीर्तिपुरमा कुनै घरको मूल व्यक्ति हाःमा अथवा हाः बा(थकाली) को मृत्यु भएका खण्डमा अनिवार्य रूपमा तीर्था मुकुन्डा लगाएर नगर परिक्रमा गर्न पठाउने गरिन्थ्यो भने घरमूली भन्दा तल्लो सदस्यको मृतकको नाममा पठाउँदा मात्र गाई भेषमा नगर परिक्रमा गर्न पठाउने गरिन्थ्यो । यो तीर्था ख्वापा भेषमा पठाउनु परेमा प्रत्येकले नौ जोडी आइमाईको लुगा लगाएर पठाउने गर्दछन् । तर, यसरी नै पठाउनु पर्दछ भन्ने बाध्यता छैन । मृतकको परिवारको क्षमता अनुसार गाईजात्राको दिनमा ज्वोः सा अथवा गाई भेषमा नगर परिक्रमा गर्न पठाए पनि हुन्छ । कीर्तिपुर देय् गुठीको तीर्था ख्वापा (तीर्थ ख्वापा/तिर ख्वपा), अन्य देय् गुठीको ख्वापा र बजारबाट किनेर ल्याएको जुनसकै ख्वापा (मुकुन्डो) लगाई आउनेहरूले नौ जोडी आइमाईको लुगा लगाई टाउकामा मुकुन्डो लगाउन मिल्ने गरी सेतो फेटा राम्रोसँग बाँध्ने गर्दछ र आइमाईका नौ वटा नयाँ चोलो र नौ वटा साडी लगाउनु पर्दछ । कम्मरमा अलि लामो उखु, मकैका पात वा परालको डोरीले कम्मरमा पटुका बाँधेको हुन्छ । मुकुन्डो लगाउनु पर्ने भएकाले मुखमा शृङ्गार गरिएको हुँदैन । एक जोडी आइमाईको लुगा जिउमा लगाएको हुन्छ भने बाँकी आठ जोडी जिउमा र कम्मरमा कहाँकहाँ झुन्ड्याउन मिल्छ त्यही झुन्ड्याएर नखस्ने गरी जिउमा लगाई नाङ्गो खुट्टाद्वारा नगरपरिक्रमा गर्ने गर्दछ । यसरी नौ जोडी आइमाईको लुगा लगाएर, नौ वटा रूमालका टुक्रा जिउमा लगाएको हुन्छ । नगर

---

[८५] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

परिक्रमा गर्ने क्रममा जिउमा गर्मी हुने भएकाले प्रत्येक तीर्था ख्वापालाई दुई जना साथी सहयोगको रूपमा जानु पर्दछ । एक जना साथी उनीसँगसँगै छाता समात्ने (ओढाउने) र अर्को साथी पङ्खा बोकेर उसलाई हम्केर सँगसँगै जानु पर्दछ । पहिले पहिले वि.सं. २०४६ सम्म नौ वटा देवीहरूको चित्र भएको छाता ओढाएर तीर्था मुकुन्डोको पछि पछि नगर परिक्रमा गर्न पठाउने गरिन्थ्यो । तर, अहिले यसरी छाता ओढाएर पठाउनु पर्ने बाध्यता छैन । प्रत्येक तीर्था मुकुन्डाहरूको पछिपछि शृङ्गारिएका राम्रो लुगा लगाएको एक जना बालिकालाई गाईको पुच्छर समात्ने स्वरूप उसको पटुकाको टुप्पो समात्न लगाएर नगर परिक्रमामा पठाइन्थ्यो । वि.सं. २०४६ पछि कीतिपुरको गाईजात्रामा यसरी उनीहरूको पछिपछि बालिकालाई पठाउने गरिएन भने कीर्तिपुरको शाखा गाउँ पाँगामा अहिलेसम्म पनि यसरी नै पठाउने गरिन्छ । कीर्तिपुर देय् गुठीको मुख्य तीर्था ख्वापा (नौ जोडी लुगा लगाएको व्यक्ति) तीर्था ख्वापाहरू मध्ये अग्रपङ्क्तिमा सबै भन्दा अगाडि बसेर कीर्तिपुर नगर परिक्रमा गर्न लहरै आएका हुन्छन् । यिनीहरूले कीर्तिपुरको "धे धे पा पा" नाच भन्दा अगाडि वा नाचसँगै अगाडि अगाडि बसेर नगर परिक्रमा गर्ने गर्दछन् (चित्र नं. ५५) ।[८६] गाईजात्राका दिन एकदिन मात्र प्रदर्शन गरी देखाउने तीर्था ख्वाःपाः को आफ्नै विशेषता, महत्त्व र रहस्य देखिन्छ ।

### (ज) बाँकी अन्य भेषधारीहरू

मृतकका नामबाट गाईजात्रा नाचमा गाई वा जोगीको भेषमा नगर परिक्रमा गर्नेहरूले र तीर्था मुकुन्डो लगाएर आउनेहरूले नयाँ लुगा लगाएर आउने गरेका छन् भने यही "धे धे पा पा नाच" मा समेत सहभागी भई हास्यव्यङ्ग्य रूपमा हास्यव्यङ्ग्य गर्दै पछिपछि ख्याल, नाटक र कःतु आदिको लागि आउनु परेमा र अन्य भेषमा आउनेहरू वा बाँकी अरूहरू सबैले यही भेष यही पोसाकमा आउनु पर्दछ भन्ने छैन । उनीहरूले समाज र देशको घटना भएको आधारमा, समाज दूषित गर्ने व्यक्तिको विकृति दर्साउने खालको त्यसै अनुरूप सुहाउने गरी भेषभूषा र पोसाक लगाएर आएका हुन्छन् भने कोही जोगी बाबा, शिव वा महादेव, हिजडा, आइमाई,

---

[८६] देव महर्जन (६७) सँगको कुराकानीमा आधारित ।

बौलाहा, देशको शासक वर्ग, मन्त्री, धनी, गरिब र इज्जतदार व्यक्ति आदि अनुसार भेषभूषा गरी "धे धे पा पा" नाच सँग सँगै बाजाको तालमा साथ दिई नाचमा नाचेर कीर्तिपुर नगर परिक्रमा गर्ने गरिन्छ ।

## ४.६. थाचिने गर्न गणेश स्थानमा पूजा

गाईजात्राका दिनमा "धे धे पा पा" नाच सुरू गर्नु भन्दा अगाडि गणेश स्थानमा गर्ने पूजाको सुरुवात गर्नका लागि थाचिने गर्ने घरबाट पूरा व्यवस्थित गर्ने गरिन्छ । थाचिने गर्ने घरका मृतकका नाममा मुख्य पूजा गरेर थाचिने गर्दै त्यही टोलबाट "धे धे पा पा" नाचको उदघाटन गरिन्छ । यसको लागि मृतकका नाममा थाचिने गर्ने घरमा गाईजात्राको एकदुई दिन अगाडि नै तीर्था मुकुन्डाहरू बाहेक अरू सबै चाहिने सरसामानहरू ठिक गरेर राख्ने गरिन्छ । थाचिने गर्ने घरबाट गाईजात्राका दिनमा मुख्य तीर्था मुकुन्डो लिएर आउनका लागि एकजना व्यक्ति चोखो भई ढक्की र नयाँ एक मिटर कपडा लिएर कीर्तिपुरको देय् गुठीमा गएर मुकुन्डो लिई देय् गुठीपालालाई केही दक्षिणा दिएर यो मुख्य तीर्था मुकुन्डोलाई थाचिने गर्ने मृतकका परिवारको घरमा ल्याएर राख्ने गरिन्छ । सबै गाईजात्रामा नचाउने "धे धे पा पा" नाचका लागि सरसामानहरू गाईजात्राको थाचिने गर्ने घरमा ठीक भएपछि ती सबै सरसामानहरूलाई गाईजात्राका दिनमा थाचिने गर्ने टोलको मूल गणेश मन्दिर अगाडि पूजाको लागि बिहान ठिक गरी राखिन्छ । नाचमा सहभागी हुने धाक खलकहरूलाई र नाचमा सहभागी हुनेहरूलाई समय्बजी भोज खुवाएर गणेशस्थानमा तयार गरी पठाउने गरिन्छ (चित्र नं. ३१) । यसरी सबै गाईजात्राका दिनमा बिहान "धे धे पा पा" नाच थाचिने गर्न ठीक भएपछि थाचिने गर्ने परिवारको मृतकको नाममा उसको आफ्नो गुभाज्यू (वज्राचार्य वा पुरोहित) द्वारा आफ्नो टोलको गणेशस्थान (गणेशमन्दिर) मा विधिपूर्वक गणेशको पूजा गरिन्छ । त्यसपछि गुभाज्यूद्वारा गणेशको मन्त्र पढेर विधिपूर्वक पूजा गरिन्छ । गुभाज्यूद्वारा यस गाईजात्राको दिन यमराजको पनि पूजा गरिन्छ । त्यसपछि अष्टमातृका गणको साथै अष्ट भैरवको आव्हान गरी पूजा गर्ने चलन छ (

चित्र नं. ३) ।[८७] गुभाज्यूद्वारा गाईजात्रा “धे धे पा पा” नाचमा प्रयोग हुने सबै मुकुन्डाहरू र सरसामान त्यहाँ जति छन् सबैलाई विधिपूर्वक पूजा गरिन्छ । त्यहाँ मन्दिरमा नाच नाच्नका लागि चाहिने सरसामानहरू र प्रदर्शन गरी राखेको मुकुन्डो, डोको, कुल्लु, नाम्लो, आदि सरसामानहरूलाई जल छर्केर पूजा गरी टीका लगाई दिन्छ । गुभाज्यूद्वारा मुकुन्डोको हाउभाउ र स्वभाव अनुसार प्रत्येक मुकुन्डोहरूलाई मन्त्र पढेर स्वभाव पूजा गरिन्छ भने उनीहरूले प्रयोग गर्ने सरसामानहरू डोको, कुल्लु, भाँडा, त्रिकोष्ट(दाउरा), सिक्री कुचो, बाजाहरू आदिलाई पनि मन्त्र पढेर विधिपूर्वक पूजा पाठ गरिन्छ । यसरी मृतकका नाममा पूजा गर्ने लाई क्षमापूजा पनि भन्ने गर्दछ (चित्र नं. ३७) । यसरी पुरोहित वा गुभाज्यूद्वारा गणेशस्थानमा सबै पूजा सकेपछि थाचिने गर्नका लागि “धे धे पा पा” नाचमा सहभागीहरूलाई त्यहाँ बोलाइन्छ । यदि साँच्चिकै गाई पनि ठीक पारी राखेको छ भने सबैभन्दा अगाडि साँच्चिकै गाईलाई गुभाज्यूद्वारा मृतकका नाममा पूजा गरी मोहनी टीका, भुयु टीका (फुस्रो सिन्दुर), पञ्चरत्न धागो लगाई दिएर गाईलाई पीताम्बरको धोती लगाई पूजा गर्न सकेर गाईलाई थाचिने गरेको मृतकका नाममा पूजा गरी मिठो मिठो प्रसाद खान दिएर नगर परिक्रमा गर्न पठाउने गरिन्छ । आजभोलि गाई पाउन गाह्रो भएपछि गाई पठाउनु पर्ने बाध्यता छैन । आजभोलि कीर्तिपुर देय् गुठीको मुख्य तीर्था ख्वापा लगाउनेलाई सर्वप्रथम पूजा गर्ने गरिन्छ (चित्र नं. ४१) । त्यसपछि थाचिने गर्ने घरबाट पठाएको अन्य तिर्था ख्वापा र एकजोडी गाईको भेषमा वा जति जना थाचिने गर्ने ठाउँबाट पठाउने हो उनीहरूलाई गुभाज्यूद्वारा सर्वप्रथम विधिपूर्वक क्रमशः पूजा गरिन्छ (चित्र नं. ३९) । त्यसपछि धाक खलकहरू (सिं ख्वापा, म्हूकं ख्वापा, न्यांत्वा ख्वापा, बापात्या ख्वापा) का साथसाथै नाचमा सहभागी भएर थाचिने गर्न जाने ठाउँको हास्यव्यङ्ग्यात्यमक कार्यक्रममा सहभागी भई ख्यालमा जानेहरूलाई क्रमशः विधिपूर्वक गुभाज्यूद्वारा पूजा गरी “धे धे पा पा” नाच को सुरु गर्नका लागि तयार गरी पठाउने गर्दछन् । गुभाज्यूद्वारा उनीहरू सबैलाई गणेशस्थानमा बोलाएर मोहनी टीका (कालो टीका) र भुयु (फुस्रो) सिन्दुर लगाई दिएर, पञ्चरत्न (पाँच रंगको भएको) धागो, कोखा, टीका लगाइ दिएपछि मात्र मुकुन्डोमा कसको मृतकका नाममा थाचिने गर्ने हो गुभाज्यूले उसका आफन्तलाई (बर्खीमालाई) मुकुन्डामा दाम, पैसा वा रकम चढाउन लगाई त्यो

[८७] ज्ञानमुनि बज्राचार्य (७७) सँगको कुराकानीमा आधारित ।

मुकुन्डोसहित उसको हातबाट मुख्य तीर्था मुकुन्डो लगाउने, नाचमा सहभागी हुने र धाक खलकहरू (सिं ख्वापा, म्हुकं ख्वापा, न्यांत्वा ख्वापा आदि नाचमा सहभागी हुनेहरूलाई) बर्खीमाको हातबाट सहभागी हनेहरूलाई मुकुन्डो क्रमशः दिएर पठाउने गर्दछ । यसरी नाचमा सहभागी हुनेहरूले पुरोहितको हातबाट टीका ग्रहण गरेपछि मुकुन्डामा दाम पैसा वा रकमसहित भएको मुकुन्डो मुख्य तीर्था मुकुण्डो, सिं ख्वापा, म्हुकं ख्वापा आदि नाचमा सहभागी हुनेहरूले थाचिने गर्ने मृतकका आफन्तको (बर्खीमाको) हातबाट मुकुन्डो लिँदै, मुकुन्डोलाई ढोगेर दाम, पैसा वा रकम लिएर उनीहरूले मुकुन्डो लगाएर, पञ्चरत्न धागो र कोखा लगाएर गणेशलाई पूजा गरी ढोगी मन्दिरबाट क्रमशः बाहिर आउँछन् (चित्र नं. ४२ र चित्र नं. ४३) । त्यहाँ टोलबासीहरू र उनीहरूलाई गणेशको प्रसाद स्वरूप समय्बजी प्रसाद स्वरूप अलि अलि खान दिन्छ र सबैलाई निधारमा चामल मुछेको रातो टीका लगाइदिन्छन् (चित्र नं. ३८) । यसरी सबै जना “धे धे पा पा” नाचमा सहभागी हुनेहरूले समय्बजी अलिअलि खाइसकेपछि यही टोलबाट प्रथमपटक “धे धे पा पा” नाचको बाजाको तालमा “ मुख्य तीर्था मुकुन्डा ” लगाउनेले नाच सुरु गरिन्छ ।[८८] जसलाई “धे धे पा पा” नाचको सुरुबाट, स्थापना र उदघाट्न (थाचिने) गर्ने भनेर भनिन्छ । यो नाचमा धाक खलकहरूले नाच्नु भन्दा अगाडि गणेश मन्दिर अगाडि पुरोहितले ठिक गरी राखेका सातवटा मण्डपमा “ मुख्य तीर्था ख्वापा ” लगाउने व्यक्तिले बाजाको “रिक्त धे धे पा पा” बोलमा र तालमा सात पाइला “बाघ भैरव नाच” को प्रतीक स्वरुप चाल्ने गर्दछ ( हेर्नु होला ४.३.(ख) को “मुख्य तिर्थ ख्वापा”को मुख्य भुमिकामा वर्णन गरिएको छ )। यसलाई सुरुवात गर्ने, स्थापना गर्ने, उद्घाटन गर्ने भनेर मानिन्छ । जसलाई नेवारी भाषामा “थाचिने” गर्ने पनि भनिन्छ वा देवतालाई “ढोग” (द्यः ल्हा) गर्ने पनि भनिन्छ । त्यसपछि कीर्तिपुरको यही टोलबाट “धे धे पा पा ता ता” नाच सुरु गरेर कीर्तिपुरका विभिन्न मुख्य मुख्य टोलहरूमा नाच देखाएर अन्तिम यो नाच फेरि यही थाचिने सुरुवात गर्ने टोलमा अथवा जहाँबाट नाच सुरू गरेको हो त्यही आएर अन्तिम नाच नाच्ने चलन रहेको छ । अन्तिममा “धे धे पा पा” नाच नाच्न सकेर थाचिने गर्ने घरमा विधिपूर्वक नाचमा सहभागीहरू

---

[८८] विजय बज्राचार्य (३२) सँगको कुराकानीमा आधारित ।

सबैलाई भित्र्याई सकेपछि “धे धे पा पा” नाच सहित गाईजात्रा सकिने गर्दछ । त्यसपछि सबैजना मिलेर थाचिने गर्ने घरमा समय्बजी भोज खाई रमाइलो र मनोरञ्जनका साथ सम्पन्न गर्ने गर्छन् ।[८९]

### ४.६.१ थाचिने गर्ने नाचको बाजाका बारेमा

कीर्तिपुरको गाईजात्राका दिनमा मात्र दिनभरि नरोकीकन “धे धे पा पा” नाच को लागि बजाउने विशेष बाजाहरूको बोलः **“रिक्त धा धा ताः ताः”** चार तालमा बजाउने गरिन्छ । बाजाको बोल “धे धे पा पा ताः ता”: को मुख्य नाच नचाउँदा भने चार तालमा बजाएर नचाउने गर्दछन् । दाफा बाजा खलकहरूका अनुसार यिनिहरूले आआफ्नै दृष्टिकोणले जसरी व्याख्या गरे पनि आखिर सबै दाफा बाजा खलकहरूले चार ताल वा बोलमा नै बाजा बजाएर “धे धे पा पा” नाच मुख्य मुख्य टोलमा नचाउने गर्दछन् । कसैले बाजाको चारबोल “धे धे पा पा ना ना” भन्ने गर्दछ भने कसैले रिक्त धे धे त त, रिक्त धा धा ता ता, खत्ता धा धा ना ना, धे धे पा पा ता ता, धेम्पा धे धे पा पा आदि बोलमा बाजाहरू बजाउने गर्दछन् । जुन हिसाबले बजाए पनि सबैको चार बोलमा नै “धे धे पा पा” नाच नचाउने गर्दछन् खाली व्याख्या मात्र प्रत्येक दाफा बाजा अनुसार फरकफरक हुन गएको देखिन्छ । आखिरमा जसरी व्याख्या गरे पनि यी सबै बाजाको बोल चार बोल नै हो अथवा एकै हो ।[९०] यी चार बोलमा मात्र “धे धे पा पा” नाच नाच्ने गरिन्छ भने बाटामा हिँड्दा खेरि च्वो, जति, प्रताल आदि विभिन्न बोलमा ठाउँ अनुसार बाजा बजाएर नाच नाच्दै प्रदर्शन गर्ने र कीर्तिपुरको मुख्य देव मन्दिर अगाडि द्यःल्हा( बाजाको बोलमा देवतालाई ढोग) पनि गर्ने गर्दछन् ।

---

[८९] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

[९०] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

मुख्य टोलमा नाच नाचिरहँदा बाजाको बोल “रिक्त धे धे पाः पा” बोलमा बाजा बजाइरहन्छ । मुख्य टोलमा आधा घन्टा वा पौने घन्टा जति “धे धे पा पा” बोलमा नाच नाचेपछि सबै बाजाको बोल फरक गरी बाजा बजाइन्छ । यसरी बाजाको बोल सिं ख्वापाको निदेर्शनमा बाजाको बोल फरक गरी बजाउने गरिन्छ । जस्तैः धा बाजाको बोल ढयाङ्ग ढयाङ्ग ढयाङ्ग ढयाङ्ग ढयाङ्ग, ढयाङ्ग, ढयाङ्ग........ गरी एकैनासले ठूलो ठूलो आवाजमा बजाउने गर्दछन् । पुङ्गाचा बाजाको बोल पुपुपुपु......पु...... गरेर तथा भुस्या बाजाको बोल भ्याइँ भ्याइँ भ्याइँ भ्याइँ भ्याइँ.........गरेर छिटो छिटो एकैनासमा बजाइरहन्छन् । यो बाजाको बोल फरक गर्नका लागि धाक खलको सिं ख्वाःपाः (काठको मुकुन्डो) लगाउने नृत्यकारले बाजाको अगाडि आएर बाजा यसरी बजाए पनि भयो भनेर इसारा गर्ने या निर्देशन दिने गर्दछन् । ऊ अगाडि नआइकन बाजा खलकहरूले यसरी बाजा बजाउने गर्दैनन् । उसले बाजा बजाउनेहरूको अगाडि आएर निर्देशन गरेपछि मात्र बाजाको बोल फरक गरी छिटोछिटो एकै नासले बजाउने गरिन्छ र थाकेपछि एकले अर्कोलाई बाजा बजाउनको लागि दिने गरिन्छ । त्यतिबेला यो “धे धे पा पा” नाच हेर्न आउने दर्शकहरूलाई पनि पालैपालो गरी बाजा बजाउन दिने गरिन्छ । यसरी बाजा बजाउन एकले अर्कोलाई दिएर जति सक्छ त्यति बेसरी एकैनासले बाजा बजाइरहन्छन् । यतिबेला नाचमा सहभागी भइ नाच्नेहरूले बाजाको बेतालमा ताल र सुर अनुसार नाच्ने र विभिन्न हाउभाउ गर्ने, विभिन्न तालले नाच्ने गर्दछन् भने तीर्था ख्वाःपाः लगाएर आउनेहरू मुख्य तीर्था ख्वाःपाः को पछिपछि लहरै भएर बाजा बजाउनेहरूलाई दाहिने घुमेर जाने गर्दछन् अथवा त्यस टोलको मुख्य स्थानको मण्डला/मण्डप घुमेर जाने गर्दछन् । जब अन्तिममा बेताल र बेसुरमा नाच्दै सिं ख्वापाको निर्देशनमा नाच नाच्न सकिन्छ । त्यसपछि अर्को मुख्य टोलमा नाच देखाउनको लागि यो नाच सकिनासाथ बाजाको चारबोल “धे धे पा पा” को बोलसुरुबाट गरी “धे धे पा पा” नाच नाच्दै अर्को मुख्य टोलमा नाच प्रदर्शन गर्न जाने गरिन्छ । यसरी गाईजात्राको दिनमा बाजा नरोकिकन बजि नै रहन्छ भने “धे धे पा पा” नाच पनि नरोकिकन बाजाको बोल र ताल अनुसार नाच नाचेर दिनभरी प्रदर्शन गरी नै रहने गर्दछन् ।

गाईजात्राका **"घे घे पा पा"** नाचमा जम्मा तिनथरि बाजा मात्र छन् । यस अनुसार यी तिन थरी बाजाहरू भुस्या, धाँ र पुंगाचा बाजाका बोलहरू यस प्रकार छन् :

| | |
|---|---|
| **<u>धोः ल्याः</u>**<br><br>घेन्ता घेन्ता[२] घेन्ताग नाग[२]<br>ताघेन्ता घेन्ता घेन्ता घेनताग नाग[२]<br>ताधेनाग नाग नाघे नाग नाग<br>घेन्ता घेना घे ताघेन्ता घें घें ॥<br>................................................<br>घेन्त घेन्त घें घें त<br>नाग नाग[२] नाग नाग त ॥२॥<br>ता घेन्त दि घेन्त<br>घेन्ता घेना घे ताघेन्ता घें घें ॥<br>................................................<br>ता खती[२] ता ता खो दीर्घ<br>घेन्ना घेन दीर्घ ना खे दीर्घ ॥२॥<br>घेना घेनदिर्घ घेना घेनदीर्घ<br>घेनघें ताघे ताघेन्ता घें घें ॥<br><br>**<u>संगः द्यो ल्यागु</u>**<br><br>घेन्ना घेन्ना ताघे ना घेन्ना-∝ | **<u>परताल द्यो ल्हाय :-</u>**<br><br>(खता घेनी घाँ घे नाघेना<br>ताघेना घेनी धाँ घे नाघेना)- ∝<br>ताक धिन धिन-∝<br>घे घे नाघेना- ∝<br>ताघे ना दीर्घ नाघे ना दीर्घ<br>घेन्ता घेना घे ताघेन्ता घे घे ॥<br>................................................<br>**<u>न्ह्याः</u>**<br><br>[घेन्ती घेन्ती घाँ तीनी ता घेन्ती घाँ] ॥<br>घेन्ता घेन्ता घें घेनदिता खति ताक<br>ताघे घेन्ता घे घेनादिता खति ताक ॥<br>................................................<br>**<u>गौ</u>**<br><br>घेन दीर्घ ना ना खोना<br>घेन दीर्घ ना दीर्घ ना दीर्घ ना ना-२<br>घेन दीर्घ ना घेन दीर्घ ना |

घें घे नाघेना घे घे नाघेना- ∝

ताक धिन धिन- ∝

ताघे ना दीर्घ नाघे ना दीर्घ

घेन्ता घेना घे ताघेन्ता घे घे ॥

## घेन्ता घेन्ती धा...

घेन्ता ताँ खता घे

घेन्ता घे नाघे नाघे नाघे ताकधाँ

घेन्ता ताँ खता घे ॥२॥

ताक धिन धिन्ना खोना

[ ताक धिन धिन्ना -३ घेन्द्र वना घे ] -२

घेन्द्र वना घे घेन्द्र वना घे

घेति निता खति खता खोराता

धाँ धा ति धाँ ॥२॥

(दीर्घ ना दीर्घ ना)

ताघे घेना घे

नाघे घेना घे -२

घेन्ता घे नाग नाग ॥∝॥

.......................................................

खति खता घे घेना खोना

[ खति खता घे घेना

दिति खता घे घेना

घेति निता खति खता खोराता

घाँ घाँ ति घाँ ॥२॥

(दीर्घ ना दीर्घ ना)

## घेन्ता घेन्ती धाँ...

दिधाँ दिधाँ खोना

[ दिधाँ दिधाँ दिधाँ दितिखता

धेना घे तिङ्ग दीर्घ दिठाँ ] -२

खो दिता खाती खता

दिग दिता खती खता

खठाँ खठाँ खठाँ घेना खति धाँ ॥२॥

(दीर्घ ना दीर्घ ना)

## घेन्ती घेन्ती घाँ...

घेन्ना घेन्ना खोता

[घेन्ना घेन्ना घे घे ना

घेनदिता ताक घेन्ना ] -२

ताघे दिता घेना खति धाँ

ताक्धाँ दितीखता खो

घेना घे ना ॥२॥

(दीर्घ ना दीर्घ ना)

## घेन्ता घेन्ती धाँ...

ताय् खती ताक्धाँ खोना

ताय् खती ताक्धा-३ खोना

| | |
|---|---|
| घेन्ता घेन्ता घे ताखोता ] -२ | [धाँ धाँ ति धाँ-२, |
| खति खता खति खता खोराता | धाँ धाँ ति ताक्धाँ खोना ] -२ |
| धाँ धाँ ति धाँ ॥२॥ | ताक्धाँ दिति खता, ताक्धाँ दितिखता |
| (दीर्घ ना दीर्घ ना ) | ताक्धाँ दितिखता खत्रक |
| | धाँ धाँ ति धाँ ॥२॥ |
| | (दीर्घ ना दीर्घ ना) |
| **घेन्ता घेन्ती धाँ...** | **सिध्याउने** |
| घेतिन्दिर्घ तीना वना खोना | घेन ताक्धाँ घेन ताक्धाँ |
| [घेतिन्दिर्घ तीना वना | ताघे ना दीर्घ नाघे ना दीर्घ |
| खतिन्दिर्घ तीना वना | घेन्ता घेना घे ता घेन्ता घे घे ॥ |
| खतिन्दिर्घ दिधाँ ] -२ | |
| घेतिन्दिर्घ दिधाँ | |
| खतिदु दीर्घ दिर्धो | |
| दिर्धा धाँक तीनी ना घेना घेना ॥२॥ | |
| (दीर्घ ना दीर्घ ना) | |

भुस्या बाजाको बोल सँगसँगै ताल मिलाएर धा बाजाको बोल र पुगंचा बाजाको बोल पनि त्यही तालमा एकै नासले बजाउने गर्दछन् । कुनै एउटा बाजाको ताल नमिलेका खण्डमा अरू बाजाको पनि ताल बिग्रने गर्दछ । त्यस्तै बाजाको ताल बिग्रपछि "धे धे पा पा" नाच पनि बिग्रेर नराम्रो हुने गर्दछ र सुर ताल नमिलेको जस्तै हुन्छ । जसले गर्दा खेरि दर्शकहरूलाई गाईजात्राको "धे धे पा पा" नाच नराम्रो देखिन्छ भने बाजाको ताल र बोल मिलेर नाचमा

सहभागी हुनेहरूका तालमा ताल मिल्न गएका खण्डमा “धे धे पा पा” नाच अझ बढी आर्कषण र मनोरञ्जन पूर्ण हुने गर्दछ ।[९१]

## ४.६.२ थाचिने गरी गर्ने “धे धे पा पा” नाच नाच्ने प्रक्रिया (तरिका)

थाचिने गर्ने टोलमा मुख्य मृतकका नाममा स्थापना (थाचिने) गरेर पूजा गर्न सकेपछि थाचिने गर्ने मृतकका आफन्तका हातबाट (बर्खीमा हातबाट) नाचमा सहभागी हुने सबै जनाले मुकुन्डो ग्रहण गर्छन् । त्यसपछि नाच सुरू गर्नु भन्दा अगाडि कुन ठाउँमा वा कुन टोलमा “धे धे पा पा” नाचको थाचिने गरेको हो त्यही ठाउँमा धाक खलक (न्यांत्वा ख्वापा, वापात्या ख्वापा, म्हुकं ख्वापा र सिं ख्वापा) बाजाको नजिकै उठेर बस्छन् (चित्र नं. ९) र बाजाको तालमा द्यँः ल्हा (देवतालाई बाजाको तालमा ढोग) गर्ने गर्दछन् । यसो गर्नु पूर्व सबै भन्दा अगाडि देय् गुठीको थाचिने गरेको मुख्य तीर्था ख्वापा लगाएर सबै भन्दा अगाडि बसेर नगरपरिक्रमा गर्ने व्यक्तिले बाजाको सुरुको “खत्ता धा धा नाना” चारबोलमा “बाघ भैरव नाच” को प्रतीक स्वरूप नाच्दै सात पाइला बिस्तारै पुरोहितले बनाएर राखेको सातवटा मण्डप माथि टेकेर गर्ने गर्दछ ( हेर्नु होला ४.३.(ख)को मुख्य तिर्थ ख्वापाको मुख्य भुमिकामा वर्णन गरिएको छ ) । त्यसपछि मात्र धाक खलहरूले “धे धे पा पा” नाच सुरुबाट गर्ने गर्दछन् (चित्र नं. ६) । यो नाचको सुरुको मुख्य बाजाको चारबोल “खत्ता धा धा ना ना” चार तालमा बजाउने गरिन्छ भने कुनै पनि मुख्य टोलमा नाच नचाउँदा खेरि यहि चार तालमा बाजाको बालमा मात्र नाच नचाउने गरिन्छ । अरू बाजाको बोल प्रयोग गरिन्दैन् । यस बाजाको बोल यही नाच नचाउनका लागि मात्र प्रयोग हुन्छ । यस नाचमा अरू बाजाको बोल प्रयोग हुँदैन । खालि यही एउटा मुख्य बोल “खत्ता धा धा नाना” चार तालको बोलमा मात्र नचाइन्छ । “धे धे पा पा” नाच नाच्न सिद्धि सकेपछि भने बाटामा एउटा टोलबाट अर्को टोलमा नगर परिक्रमा गर्दै जाँदा धेरै थरि बाजाको बोल गौ, ल्हयाः,च्वहो(च्वो), जति, परताल(प्रताल) आदि बोलद्वारा जे पनि बजाएर हिँडेर

---

[९१] रोकेश महर्जन (२७) सँगको कुराकानीमा आधारित ।

जाने गर्दछन् । बाजाको बोल पनि बाजा बजाउनेहरूले आफ्नो इच्छाअनुसार च्वोह, जति, प्रतालको बोलमा ठाउँ अनुसार “धे धे पा पा” बोलको तालमा बजाउने पनि गर्दछन् भने नाच नाच्नेहरूका हात र खुट्टाको चाल पनि च्वोह, जति, प्रताल आदि कुन बोलमा बाजा बजाएको छ त्यही अनुसार मिलाएर बाजाको बोलमा ताल मिलाएर हात खुट्टा हल्लाएर नाच नाच्ने गर्दछन् । जसले गर्दाखेरी दर्शकहरूलाई यी दुबै बाजा बजाउनेहरू को बाजाको बोल र तालमा नाचमा सहभागी हुनेहरूको हात र खुट्टाको चाल पनि मेल खाएको खण्डमा यो “धे धे पा पा” नाच धेरै आकर्षक र मनोरञ्जन हुने गर्दछन् । बाजाको बोल ठाउँ अनुसार बाजा गुरुद्वारा सिकाउने फरक फरक भए पनि ताल चाहिँ एकै किसिमको हुने गर्दछ । तर, धेरैजसो बाजाको बोल र ताल मिल्ने नै गर्दछ । बाजाहरूको बोल जस्तै :- च्वहो=१ ताल, जति=२ ताल र परताल=३ ताल आदि बोलमा बाजाहरू बजाउने गर्दछन् र नाचमा सहभागी हुनेहरूले यही बाजाको तालमा ताल मिलाउँदै हात उठाएर, खुट्टा हल्लाउँदै सबैले एकै नासले नाचेर जाने गर्दछन् । एउटा टोलमा सिद्धिसकेपछि अर्को टोलमा यो गाईजात्राको नाच सुरू गर्न यही बाजाको चार तालमा सुरू गरेर बिच बिचमा च्वहो, जति, परताल, गौ आदि विभिन्न तालमा बाजाहरू बजाउने गर्दछ । एक टोलबाट अर्को मुख्य टोलमा जाँदाखेरी तीर्था ख्वापाहरू फटाफट जाने गर्दछन् र त्यसपछि सबभन्दा अगाडि धाक खलकको न्यांत्वा ख्वापा त्यसको पछिपछि वापात्या ख्वापा त्यसको पछि म्हंक ख्वापा र त्यसको पछाडि सिं ख्वापा (ह्याउँ ख्वापा) हरू लहरै लागेर अर्को टोलमा नाच नचाउने ठाउँमा नपुगेसम्म हिँडेर सबैजना एकैनासले बाजाको ताल अनुसार हात उठाएर हल्लाउँदै र खुट्टा हल्लाउँदै नाच्दै जाने गर्दछन् । नाचमा सहभागी हुनेहरू सबैले बाजाको बोल र तालमा नाच नाच्दा दाहिने खुट्टा हल्लाएर नाच्यो भने सबैले एकै नासले बाजाको तालमा दाहिने हात नै उठाएर हल्लाउने गर्दछन् भने देब्र खुट्टा हल्लाएर नाच्यो भने देब्रे हात उठाएर हल्लाउँदै नाच नाच्ने गर्दछन् । “धे धे पा पा” नाच मा सहभागी हुनेहरू सबैको एकै नासले हात र खुट्टा बाजाको तालमा हल्लाएर नाच नाच्ने गरेका खण्डमा नाच एकदम राम्रो र आर्कषक देखिने गर्दछ (चित्र नं. ५८) ।

अर्को कुन टोलमा नचाउने हो त्यही टोलमा पुगेपछि वा नचाउने ठाउँमा पुगेपछि अघिकै जस्तो गरी लहरै बसेर बाजा बजाउनेहरूको अनुहार जहाँ फर्केको हुन्छ, त्यही फर्किएर

उभिएर नाच्दै घुम्दै नाच्ने गर्दछन् र नाच नचाउने त्यही बाजाको बोलमा "खत्ता धे धे नाना"को चार तालमा बाजा बजाएर नाच्न सुरु गर्दछन् । यसरी नाच सुरुवात गर्दा खेरी बाजा बजाउनेहरू र नाचमा सहभागी भई नाचेर आउनेहरू सिं ख्वापा (ह्याउँ ख्वापा), म्हुंक ख्वापा, वापात्या ख्वापा, न्यांत्वा र अन्य ख्वापा लगाउनेहरू सबैजनाको मुहार अगाडि एकै दिशामा फर्केर बाजाको तालमा हात उठाएर हल्लाउँदै नाच सुरु गरिन्छ । नाचको समापनमा नाचमा सहभागी भई नाचेर आउनेहरूको मुहार बाजा बजाउनेहरूतिर फर्केर नाच्नु पर्दछ जसले गर्दा दर्शकहरूले पनि नाच सकाउन लाग्यो भनेर अनुमान गर्न सकिन्छ । सिं ख्वापाको दुइटा कुल्लु भुइँमा बजार्दा बाजाको बोल र ताल पनि त्यही अनुसार एकपछि अर्को कुल्लु ड्याङ ड्याङ गरी नाचमा सहभागी हुने सबै जनाले नाचसँगै सकाउने गर्दछन् । सिं ख्वापाको कुल्लु भुइँमा दोस्रो पल्ट ठटाउने र बाजाको ताल पनि यही दोस्रो पल्ट सिं ख्वापाले भुइँमा ठटाउँदा खेरिको आवाजसगं मेल खाने गरी बाजाको पहिलो बोल "खत्ता धा धा ना ना" को "खत्ता" वा "रिक्त" बोल लिइसक्नु पर्दछ र यी दुबैको ताल र समय सँगसँगै मिल्नु पर्दछ । यतिबेला " मुख्य तीर्था ख्वापा " लगाउनेले फेरि बाजाको सुरुको यही बोलमा सात पाइला नाच्दै टेक्ने गरेको पाइन्छ । त्यसपछि फेरि धाक खलकहरू अघिकै जस्तो गरी राम्रोसँग नाच नाच्दै अर्को मुख्य टोलमा प्रदर्शन गर्न जाने गर्दछन् ।

कुनै पनि मुख्य टोलमा नाच नाच्दा बाजाको बोल "खत्ता धा धा ना ना" बोलमा हात उठाएर हल्लाउँदै खुट्टा हल्लाउँदै नाच्दै घुम्दै जाने क्रममा रातो काठको मुकुन्डो (ह्याउँ सिं ख्वापा) लगाउनेले दुई तिन चक्कर लगाएर लगभाग २० मिनेट जति घुमी सकेपछि बाजा बजाउनेहरूका अगाडि रातो काठको मुकुन्डो (सिं ख्वापा) आइपुगेपछि मात्र बाजा बजाउनेहरूले सबै बाजाको बोल फरक गरेर धा बाजाको बोल ध्याङ्ग, ध्याङ्ग, ध्याङ्ग, ध्याङ्ग, ध्याङ्ग,....., भुस्या बाजाको बोल झ्याइँ, झ्याइँ, झ्याइँ, झ्याइँ.......... गरी, पुंगाचा बाजा पु पु पु पु पु...........गरी एकै नासले जोडसँग जति सक्यो हात हल्लाएर बाजा बजाउन थाल्छन् र जति जोडले बजाउन सकिन्छ त्यति नै जोडले बजाउने गर्छन् । यतिबेला तीर्था ख्वापा लगाउनेहरूले टोलको मुख्य मण्डप घुमेर जाने गर्दछ । यसरी बाजाहरू बेताल र बेसुरमा ध्याङ्ग, ध्याङ्ग, ध्याङ्ग ध्याङ्ग गरी बाजा बजाउन सुरु गरेपछि सिं ख्वापा, म्हुक ख्वापा, न्यात्वा र बापात्या ख्वापाहरूले

पनि आआफ्नो आयुद (सामानहरू) लिएर बाजाको तालमा हात खुट्टा हल्लाएर छिटो छिटो नाच्ने गर्दछन् । तर, यसरी ध्याङ्ग, ध्याङ्ग, ध्याङ्ग, ध्याङ्ग गरेर बाजा एकैनासले र तालले बाजा बजाउन सुरु गर्नका लागि सिं ख्वापा (रातो काठको मुकुन्डो)लगाएको व्यक्तिचाहिँ (नृत्यकार) बाजा बजाउने ठाउँमा अगाडि उभिएकै बेला सुरु गर्नु पर्दछ । बाजा बजाउने ठाउँ नाघेका खण्डमा फेरि सिं ख्वापा नाच्दै चक्कर लगाएर त्यही ठाउँमा पुगेपछि यो ध्याङ्ग ध्याङ्ग गरी बाजा बजाउन सुरु गरिन्छ । यतिबेला स्वयम् सेवकहरूले बाजा बजाउन सहयोग गर्ने गर्दछन् नत्र बाजा बजाउन पाइएन भनेर झगडा हुने पनि गर्दछ (हेर्नु होला ५.१ को कीर्तिपुरको समाज र गाईजात्रामा वर्णन गरिएको छ ) । यसरी बाजाको बोल र ताल पनि एकै किसिमको नभएर बेताल बजाउने गर्दछन् भने बाजाको बोल नै नमिले पनि हुन्छ खालि ढयाङ्ग ढयाङ्ग ढयाङ्ग ढयाङ्ग हुन जान्छ र नाच नाचिरहेकाहरू पनि यही बाजा अनुसार जसरी पनि नाच नाच्ने गर्दछन् । एकनासले नाचिरहेकाहरू यसरी सबै बाजा ध्याङ्ग, ध्याङ्ग, ध्याङ्ग, पु पु पु पु, झ्याइँ, झ्याइँ, झ्याइँ, झ्याइँ गरी बाजा बज्न थालेपछि “धे धे पा पा” नाचमा सहभागी हुनेहरूले आफूले लिइराखेको सरसामान भुइँमा छोडेने, एकले अर्कोलाई लगाइदिने र हातखुट्टा खुल्ला रूपमा छाडेर, कामेर नाच्नुका साथै हात, खुट्टा, टाउको हल्लाउँदै नाच्ने र दौडने गर्दछन् । नाचमा सहभागी हुनेहरू सबै जनाले आउ आउ, जाउ जाउ, पख पख, पुग्यो पुग्यो, हतार हतार, भयो भयो, छिटो छिटो गर भन्ने जस्ता हाउभाउ जस्तै गरी हातखुट्टा हल्लाएर, टाउको हल्लाएर, दौडेर सरसामान आदि लिएर, फ्याँकेर, कामेर आदि विभिन्न प्रकारले नाचमा नाच्ने गर्दछन् । यसरी बाजा ध्याङ्ग, ध्याङ्ग, ध्याङ्ग, ध्याङ्ग गरी बजाउँदा मनोरञ्जन र रोमान्सको वातावरण बनाउन नाचमा सहभागी हुनेहरू मध्ये हास्यव्यङ्गय गर्दै ख्याल भै आउनेहरूले राजनीतिक, सामाजिक आदि दूषित घटनाहरूको र कर्तुत घटनाहरूको परिस्थितिको अवस्था अनुसार नाचेर देखाउने, गिज्याउने, हुलमा भित्र पसेर हुल पन्छाउने आदि विभिन्न रमाइलो गर्नका लागि जसरी पनि नाचेर चक्कर लगाउँदै हास्यव्यङ्गय तरिकाबाट उच्छृङ्खल गर्दै नाच नाच्दै देखाउने गर्दछन् भने दूषित र कर्तुत घटनाहरूको पर्दाफास गरी मनोरञ्जन प्रदान गर्ने गर्दछन् । यतिबेला गाई एकजोडीको बथानहरू(ज्वोः साहरू) पनि उनीहरूको साथै हलो जोत्ने इसारा गरेर हे हे... हँ.. हँ... भन्दै एकजोडी गाईहरू लहरै लागेर रोपाइ गर्दा हलो जोत्ने इसारा गरेको जस्तै गर्दै दौडदै चक्कर लगाएर घुमेर बसी रहन्छन् ।

पहिले पहिले वि.सं. २०४६ भन्दा अगाडिको गाईजात्रामा बाजाहरू बेतालमा बजाउँदा उनीहरू (बापात्या ख्वापाहरू) म्हुकं ख्वापा लगाउने व्यक्तिको जिउमा चढ्ने (बुंइ गर्ने) वा म्हुकं ख्वापाले जिउमा बोकेर बुंई गर्दै दौड्ने पनि गर्दथ्यो तर अहिले यस्तो गरिएको देखिँदैन । यसरी म्हूकं ख्वापाले बापात्या ख्वाःपालाई बोक्दा वा जिउमा लिएर हिँड्दा सिं ख्वाःपा (रातो काठको मुकुन्डो) नजिक आएर हुँदैन हुँदैन भन्दै टाउकाले इसारा गर्ने बापात्या ख्वापालाई म्हुकं ख्वापाको जिउबाट ओराल्ने वा झार्ने गरेको पाइन्छ । तर, हाल यस्तो गरी नाच्ने गरेको देखिँदैन ।

त्यसपछि यो नाच सिध्याउनका लागि सिं ख्वाःपा वा ह्याँगु ख्वापाले कुल्लु आफ्नो हातमा लिएर म्हुकं ख्वापा लगाउनेलाई हेरेर नाच्न पुग्यो भनेर टाउको हल्लाएर सोध्ने गर्दछन् । पख पख भन्दै इसारा गरेर म्हुकं ख्वापा लगाउनेले पनि त्यसरी नै नाच्न पुग्यो भनेर टाउको हल्लाएर न्यांत्वा ख्वापा लगाउनेलाई सोध्ने र न्यांत्वा ख्वाःपालाई बापात्याहरू र अरू नाचमा सहभागी हुनेहरूलाई पनि नाच्न पुग्यो कि पुगेन भनेर इसारा गर्ने गर्दछन् । त्यसपछि न्यांत्वा ख्वापाले अरू बापात्या ख्वापा लगाउनेहरूलाई टाउको हल्लाएर नाच्न पुग्यो (नाच सिध्याए पनि भयो) भनेर टाउको हल्लाएर सोधेपछि सबैले टाउको हल्लाएर, हात हल्लाएर नाच्न पुग्यो भन्ने इसारा पाएपछि नाचमा सहभागीहरू सबैजनाले आआफ्ना आयुद (सामानहरू) अरूबाट खोसेर वा आआफ्ना सरसामान(आयुद) हातमा लिएर नाच्ने गर्दछन् । त्यसपछि न्यांत्वाले म्हुंकं ख्वाापालाई र म्हूकं ख्वापाले सिं ख्वापालाई पनि टाउको हल्लाएर नाच्न पुग्यो, अब नाच सिध्याए पनि भयो भन्ने इसारा गर्दछन् (चित्र नं. १०) । नाच सिध्याउनका लागि सिं ख्वापा, म्हुकं ख्वापा र न्यात्वाले सबैजनाले आआफ्ना सरसामान जस्तैः कुल्लु, दाउरा, डोको, कुचो, आम्खोरा, सिक्री, त्रिकोष्ट, थाल आदि हातमा लिएर तयार भई सबैजनाले बाजा बजाएका ठाउँतिर टाउको फर्काएर नाच नाच्न पुग्यो भनेर इसारा गरेर नाचिरहेको हुन्छन् । यसरी म्हुकं ख्वापाले नाच नाच्न सिध्याए पनि हुन्छ भनेर टाउको हल्लाएर सिं ख्वापालाई हेरेर इसारा गरीसकेपछि सिं ख्वापा बाजातिर फर्केर बाजा बजाउनेहरूलाई हेरेर नाच सिध्याए पनि हुन्छ भनी टाउको हल्लाएर सोध्ने गर्दछ । तर, सिं ख्वापाले बाजा बजाउनेहरूलाई एक पटक

झुक्याउने पनि गर्दछ । त्यो कसरी भन्दा सिँ ख्वापाले आफ्नो कुल्लु(धाक) नाच सिध्याउनका लागि बाजा बजाउनेहरूलाई इसारा गरे पनि कुल्लु भुइँमा नठटाइकन (नबजारिकन) खुरूक्क आफ्नो हातबाट वा जिउबाट छोडेर भाग्ने गर्दछन् । यसरी सिं ख्वापाले आफुले कुल्लु नबजारिकन छोडेर गयो भने फेरि सबैजना सहभागीहरूले अघि नाचेको जस्तै गरी कामेर, हल्लेर नाच नाच्न थाल्छन् र फेरि दुई तिन चक्कर लगाउने वा लगभग दश मिनेट जति नाच्ने गर्दछन् । फेरि नाच सकाउन  अघिको जस्तै नाच्न पुग्यो भनेर सिं ख्वापाले म्हुकं ख्वापा र म्हुकं ख्वापाले न्यांत्वा ख्वापालाई र न्यांत्वा ख्वापाले बापात्या ख्वापालाई टाउको हल्लाएर इसारा गरी फेरि नाच नाच्न पुग्यो भनेर  सोध्ने गर्दछन् । बाजा अगाडि आएर बाजा बजाउनेतिर फर्केर सिं ख्वापा, म्हुकं ख्वापा, र न्यांत्वा ख्वापाहरूले नाच्न सिध्याए पनि भयो भनी टाउको हल्लाएर इसारा गरिरहेका हुन्छन् भने सबै नाच नाच्नेहरू बाजातिर हेरेर टाउको हल्लाएर हातमा सबैले आआफ्नो भुइँमा ठटाउनका लागि सरसामान (आयुदहरू) लिएर नाचिरहेका हुन्छन् । नाच सिध्याउनु नै पऱ्यो भने सिं ख्वापा बाजा बजाउने वा बाजा बजाएको ठाउँतिर सबभन्दा अगाडि आएर बाजा बजाउनेहरूलाई हेर्दै नाच नाचिरहेका हुन्छन् भने उनको पछाडि म्हुकं ख्वापा र म्हुकं ख्वापाको पछाडि न्यात्वा ख्वापाहरू पनि बाजातिर हेरेर नाचेर टाउको हल्लाउँदै सिध्याए पनि हुन्छ भनेर इसारा गर्दै बसिरहेको हुन्छ । त्यसपछि सिं ख्वापाले सबैसँग नाच सक्याउन अनुमति लिने स्वरूप चारैतिर टाउको हल्लाउँदै घुमेर टोलबासी र दर्शकहरू सबैलाई नमस्कार गर्दै चारैतिर हेर्ने पनि गर्दछन् र नाच सिध्याए पनि हुन्छ भनेर सबैलाई सोधेर अन्तिममा बाजा बजाउनेतिर हेरेर नमस्कार गर्दै इसारा गर्दै आफ्ना हातको कुल्लु बिस्तारै भुइँमा एकपछि अर्को गर्दै ठटाउने गर्दछ । यसलाई द्यःल्या गर्ने (टोलको देउतालाई अन्तिम पटक ढोग गर्ने) भन्छन् । त्यसपछि नाच नाच्ने र नाचमा सहभागी हुनेहरू सबैजनाले त्यही तालमा आफूसँग भएका सरसामान(आयुद) भुइँमा ठटाउँदै सिं ख्वापा सँगसँगै भुइँमा ठटाएर देवतालाई ढोग (द्यः ल्या) गर्ने गर्दछन् ।[९२] सबैले आआफ्नो आयुदहरू ठटाउँदा सबैले सँगसँगै एउटै तालमा मिल्न गएको खण्डमा यो नाच धेरै राम्रो मानिन्छ । यसरी भुइँमा सरसामान ठटाउँदा नाच देखाउने र नाचमा सहभागी हुनेहरूले धेरै बिचार गरेर एकअर्कोसँग नजिकै नबसीकन भुइँमा ठटाउनु पर्दछ । नत्र

[९२] शिव शंकर श्रेष्ठ (४९) सँगको कुराकानीमा आधारित ।

एकले ठटाउँदा अर्काको जिउमा लाग्न सक्छ र घाइते समेत हुनसक्छ । यसरी "धे धे पा पा" नाच सकेपछि स्वय्म सेवकहरूले नाच्नेहरूको आयुद (सामानहरू) अर्को नाच देखाउने टोलमा लगेर ठीक्क पारेर राख्ने गर्दछन् । वि.सं. २०३२ भन्दा अगाडि सम्म यी धाक खलकहरूले अथवा बालक मुकुन्डो धारीहरूले नाचमा सहभागी भई नाच्दा आआफ्नो आयुद वा सरसामान जिउमा बोकेर नाच्दै हिँडेर आउने गर्छन् (चित्र नं. ८) । त्यतिबेला स्वंय्म सेवकहरूले एक टोलबाट अर्को टोलमा प्रदर्शन गर्न जादाँ उनीहरूको आयुद वा सरसामानहरू ओसारी दिने गर्दैनथे ।

प्रत्येक टोलमा "धे धे पा पा" नाच नचाउँदा खेरि नाचको अन्तिममा सिं ख्वापाले बाजाको तालमा देब्रे हातको कुल्लु ड्याङ्ग गरेर भुईंमा बजारेपछि मात्र दाहिने हातको कुल्लु भुईंमा ड्याङ्ग गरी बजारी देवतालाई ढोग गरी नाच सकाउने गर्दछन्  भने यतिबेला नै जब दाहिने हातको कुल्लु वा दोस्रो पल्ट कुल्लु भुईंमा बेसरी बजारिँदा यही कुल्लु बजारेको अन्तिम बोलमा बाजा बजाउनेहरूले बाजाको सुरुको बोल "रिक्त धे धे ताः ताः" (खत्ता धे धे ना ना) बोलको सुरुको बाजाको बोल रिक्त/खत्ता बोल लिइसक्नु पर्दछ । यसरी बाजा बजाउन सुरु गर्दै "धे धे पा पा ताः ताः" नाच नाच्दै अर्को मुख्य टोलमा नाच देखाउन जाने गर्दछन् । तर, वि.सं. २०४६ पछि सिं ख्वापाले नाचको समापन (समाप्त) गर्दा आफ्नो हातको धाक(कुल्लु) सकेसम्म दुबै एकै पटकमा भुइँमा बर्जाने (ठटाउने) गर्दै द्यँः ल्हा (देवतालाई बाजाको तालमा ढोग) गर्ने गरेको देखिन्छ । जसले गर्दा सिं ख्वापाले नाचको समापन गर्दा कहिले दाहिने हातको कुल्लु पहिले बर्जाने गर्दछ भने कहिले बायाँ हातको कुल्लु पहिले बर्जाने गरिन्छ । पहिले पहिले वि.स.२०२० भन्दा अगाडी यो "धे धे पा पा" बाजाको सुरुको रिक्त/खत्ता बोल सँगै मुख्य तीर्था ख्वापा लगाउनेले सात पाइला "बाघ भैरव नाच" नाच्दै पाइला टेक्ने गर्दथ्यो । तर, अहिले यसरी सात पाइला नाच नाच्दै टेक्ने चलन लोप नै भइसकेको छ । [९३]

पहिले पहिले कीर्तिपुरमा १२ वटा मुख्य मुख्य टोलको हिसाबले १२ वटा दाफा बाजा खलकको अनुसार यी मुख्य टोलहरूमा मात्र गाईजात्राको "धे धे पा पा" नाच नचाउने

---

[९३] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

गरिन्थ्यो भन्ने जानकारी छ । यही अनुसार गाईजात्राको “धे धे पा पा” नाच १२ वटा मुख्य टोलहरूमा मात्र नचाउने गरिन्थ्यो । पछि राणाकालमा तलवार द्वारे प्रथा सुरु भएपछि अरू तिनवटा ठाउँहरू थपेर यो नाच नचाउने गरेको र हाल यो “धे धे पा पा” नाच १५ ठाउँमा नचाएर परिक्रमा गर्ने गरेको पाइन्छ । पहिलो पटक तलवार द्वारे भएको उपलक्ष्यमा रघुनाथ श्रेष्ठ पाघु टोलकाले आफू पहिलोपल्ट तलवार द्वारे भएको खुसीयालीमा टोलको मण्डपमा “धे धे पा पा” नाच नचाउनका लागि केपु राखेर एकपटक यो नाच नचाउन थाचिने गर्ने व्यक्तिलाई आग्रह गरेका कारण त्यतिबेला देखि पाघु टोलमा उनीहरूले केपु राखेर “धे धे पा पा” नाच प्रत्येक वर्ष निरन्तर रुपमा नचाउन थालेको सूचना पाइन्छ ।[९४] त्यस्तै अर्को कुटुभ्फोलटोलका तलवार द्वारे ताक्के भाइ मानन्धर द्वारे हुँदा कुटुभ्फोलको कुना घरको मान्छेहरूले “धे धे पा पा” नाच हेर्न पाएनन् भन्ने गुनासो गरेपछि केही छिन यो नाच नाच्न केपु दिएर थाचिने गर्ने व्यक्तिलाई आग्रह गरेपछि त्यो नाच त्यस कुटुभ्फोलको कुना टोलमा पनि त्यतिबेला देखि प्रत्येक वर्ष निरन्तर रूपमा नचाएर देखाउन थालिएको हो भन्ने जानकारी छ ।[९५] त्यसपछि वि.सं. २०२० सालतिर पूर्णलाल महर्जन (भ्फेल्ला) ले आफ्नी आमाका नाममा “धे धे पा पा” नाच नचाउने क्रममा कीर्तिपुरको बाहिर गाउँका मान्छेहरूले हेर्न पाएनन् भनेर त्यस ठाउँका व्यक्तिहरू मिलेर अब यस ठाउँमा पनि बुद्ध भगवान्का चैत्य, स्तूप (चिबहा) राखी सकेको छ र यो नाच नचाउनका लागि पनि प्रशस्त ठाउँ पुग्छ । त्यसैले यो एक वर्षको लागि भए पनि यो “धे धे पा पा” नाच यस बाहिरी गाउँमा नचाउन ल्याउनु पऱ्यो भनेर केपु दिएर उहाँलाई ( थाचिने गर्ने व्यक्तिलाई) विनम्र आग्रह गरेपछि उहाँले नाइँ भन्न नसकेर त्यस ठाउँमा पनि यो “धे धे पा पा” नाच नचाउन लगाएको थियो भन्ने पनि पाइन्छ । जसले गर्दा पछिका वर्षहरूमा पनि यी ठाउँहरूमा प्रत्येक वर्ष निरन्तर रूपमा यो नाच नचाउने गरिन थालिएको देखिन्छ । त्यतिबेला यो नाच नचाउन थाचिने गर्ने व्यक्तिको स्वीकृति लिएर नाच नदेखाउने ठाउँ वा टोलहरूमा पनि यसरी नचाउने चलन बसेको थियो । पछि यसरी बेटोलहरूमा यो “धे धे पा

[९४] नरसिं बहादुर श्रेष्ठ (८२) सँगको कुराकानीमा आधारित ।

[९५] जगत् गोपाल श्रेष्ठ (७३) सँगको कुराकानीमा आधारित ।

पा" नाच नचाउनु हुँदैन भनेर कीर्तिपुरका जनताहरूको आवाज पनि उठेको पाइन्छ । नाचका लागि यसरी टोलहरू बढ्दै गए भने समयमा यो "धे धे पा पा" नाच पूरा गर्न सकिँदैन र "त्वाना जात्रा" सञ्चालनमा पनि समस्या आउन सक्छ भनेर पछिपछि देखि बेटोलहरूमा आग्रह गरे पनि यो "धे धे पा पा" नाच नचाउन जाने गरिएन । जसका कारणले गर्दा वर्षको एकपटक मात्र गाईजात्राको दिनमा नचाउने यो "धे धे पा पा" नाच त्यति बेलादेखि अहिलेसम्म कीर्तिपुरको १५ ठाउँमा मात्र सीमित गरेर प्रदर्शन गरी देखाउने गर्दै आएको छ ।[९६]

### ४.६.३ थाचिने गरी "धे धे पा पा" नाच नचाउने मुख्य मुख्य टोलका नामहरू

कीर्तिपुरमा गाईजात्राका दिन एक दिन मात्र देखाउने मुख्य नाच "धे धे पा पा ताः ताः" नाच कीर्तिपुरको मुख्यमुख्य स्थानमा प्रदर्शन गर्दै दिनभरिमा १६ पटकसम्म मुख्यमुख्य टोलमा नचाउँदै कीर्तिपुर नगर परिक्रमा गर्ने गरिन्छ, जस्तैः

१. कुतुझोल
२. बाहिरी गाउँ
३. पाउली (पागु टोल)
४. कुतुझोलको कुनामा (पागु जाने बाटो कुनामा)
५. कुतुसाःल (मानन्धर टोल)
६. समल ढोकाको अगाडि
७. देव ढोकाको अगाडि
८. गःछे (खिम्हु फल्चा) अँध्यारो पाटी अगाडि
९. लायकु दरबार अगाडि
१०. बाघ भैरव मन्दिर प्राङ्गण मूल ढोका बाहिर
११. तःन नी चोकमा
१२. सिंदुवा (सिंह दबु)

[९६] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

१३. तजाफल्चा

१४. ल्हो देगल (ढुङ्गाको मन्दिरको अगाडि पश्चिमपट्टि)

१५. दे पोखरीको पश्चिमपट्टि

१६. फेरि कुटुभ्मोल (मृतकका नाममा थाचिने गरी नाच उदघाटन वा सुरुबाट गरेको ठाउँमा फेरि अन्तिममा एक पटक यो नाच त्यही स्थानमा वा टोलमा नचाउने गर्दछन् ) यो समेत थाचिने गर्ने टोलमा दुईचोटि नाच नाच्ने गरिन्छ (चित्र नं २) ।

(सबै गरेर दिनभरिमा १६ पटक सम्म "धे धे पा पा" नाच कीर्तिपुरका मुख्यमुख्य टोलमा प्रदर्शनी हुने गर्दछ) ।[९७]

### ४.६.४ थाचिने गर्ने घरमा या नाचमा सहभागीहुनेहरूलाई भित्र्याउने प्रविधि

थचिने गरी "धे धे पा पा" नाच सुरु गरेको ठाउँमा नै फेरि अन्तिम पटक यो नाच एक पटक नचाएर सकिने गर्दछ । नाच नचाउन सकिएपछि उनीहरू सबैलाई थाचिने गरेका मृतकका घरमा भित्र्याउने गरिन्छ । घरको ढोका अगाडि घरकी जेठी आइमाईले दिनभरि व्रत बसी चोखी भई "धे धे पा पा" नाच सकेर आउनेहरू वा मृतकका नाममा नगर घुमेर आउने गाई वा जोगी भेषधारीहरूलाई पूजा गरेर घरको एउटा ढोकाबाट भित्र्याएर भित्र पट्टिको ढोका हुँदै घरको अर्को ढोकाबाट बाहिर पठाउने चलन छ । उनीहरूलाई भित्र्याएको ढोकाबाट बाहिर पठाउने गरिँदैन । घरकी जेठी आइमाईद्वारा साँझ पख "धे धे पा पा" नाचमा कीर्तिपुर नगर परिक्रमा गरेर आउनेहरूलाई भित्र्याउनको लागि घरको दोस्रो ढोका अगाडि आँगनमा चोखो भई लितपोत गरी पिर्का ओछ्याएर पूजा सामग्री र सुकुन्डोमा बत्ती ठीक पारेर राख्ने गर्छन् (चित्र नं. ७२) । सबभन्दा अगाडि थाचिने गर्ने मृतकका नाममा पठाएको साँच्चैको जनावर गाईलाई भित्र्याउने गरिन्छ । साँच्चैको गाई मृतकका नाममा कीर्तिपुर नगर घुम्न सकिएपछि घर भित्र्याउने ढोका अगाडि गाईलाई उभ्याइ गाईको खुट्टा धोएर जल छर्केर खुट्टा धोएको जल खाएर

[९७] देव महर्जन (६८) सँगको कुराकानीमा आधारित ।

र गाईलाई जल खान दिई फलफूल र चामलले पूजा गरेर धुप बत्ती दिई टीका लगाई दिएर पूजा गर्ने परम्परा छ । पूजा गर्न सकिएपछि ढोका बन्द गरी राखिन्छ र गाईको सिंङले ठेलेर वा धक्का दिएर ढोका खोली घर भित्र जाने (पठाउने) गरिन्छ । तर, आज भोलि जनावर गाई पठाउन गाह्रो वा पाउन पनि नसक्ने भएपछि गाईजात्रामा कीर्तिपुरका नेवारहरूले साँच्चिकै जनावर गाईलाई नगर परिक्रमा गर्न पठाउन नै छोडिसकेका छन् । त्यसपछि मात्र थाचिने गर्ने मृतकको नाममा कीर्तिपुर देय् गुठीको मुख्य तीर्था ख्वापा लगाएर सबै भन्दा अगाडी अग्रपङ्क्तिमा बसेर नगर घमेर आउनेहरूलाई पिरूकामा उठाएर राखी  दुलही भित्र्याए जस्तै गरी पूजा गरेर, धुप बत्ती बालेर, खुट्टा धोएर जल खाने गर्दछन् र ढोका बन्द गरी राख्दछन् । मुख्य तीर्था ख्वापाले ती बन्द रहेको ढोका खोलेर घरभित्र प्रवेश गर्ने गर्दछन् (चित्र नं. ७३ र चित्र नं. ७४) । त्यसपछि अरू तीर्था ख्वापा लगाएर आउनेलाई भित्र्याइन्छ । त्यसरी नै एक जोडी गाई (ज्वोः सा) भेषधारीहरूलाई भित्र्याइन्छ (चित्र नं. ७५) । त्यसपछि अरूको मृतकका घरबाट पठाएको जोडी गाई भेष धारीहरूलाई खाली पूजा मात्र गरेर भित्र्याउने गर्दछन् र अरू "धे धे पा पा" नाचमा सहभागी भई नाचेर आउने धाक खलकको सिं ख्वापा (ह्याग् ख्वापा), म्हुक ख्वापा, न्यात्वा, वापाःत्या भएर नाच नाच्दै आउनेहरू, बाजा बजाउनेहरू र अन्तिममा सडक नाटकका सहभागीहरू (बुइ धौ बजी नकवनेगु ख्याल गरी आउनेहरू) सबैजनालाई पालैपालो गरी विधिपूर्वक पूजा गर्दै क्रमशः भित्र्याउने गर्दछन् । सबै जनालाई भित्र्याउन नसकेसम्म घरकी जेठी आइमाई व्रत बसी भोकै बस्नु पर्दछ । आजभोलि दिनभरि समय लाग्ने भएकाले उनलाई पंचामृतका रूपमा दूध र पानी मात्र खान दिने गरिन्छ । सबै जनालाई थाचिने गर्ने घरमा भित्र्याइ थाचिने गर्ने घरभित्र पनि बिचको ढोकाबाट छिरेपछि जलपान गराएर प्रसाद दिई उनीहरूलाई थाचिने गर्ने व्यक्तिको घरमा भोज खुवाउने गर्दछन् । उनीहरूलाई यसरी नै पूजा गरी विधिपूर्वक भित्र्याएर "धे धे पा पा" नाचमा सहभागी हुने सबैलाई भोज खुवाउने र खाने चलन छ । थाचिने गर्ने घरमा भोज नखानेहरूलाई पनि प्रसाद स्वरूप गुलियो रोटी जस्तै केराउ, फलफूल, मालपुवा, हलुवा स्वारी आदि राखेको टपरी दिएर बिदा दिई मूल ढोकाबाट बाहिर पठाउने गरिन्छ । यसरी सबैजनालाई मूल ढोकाबाट नै बाहिर पठाउने गर्दछन् किनभने "धे धे पा पा" नाचमा सहभागी हुनेहरू सबैजना जुन ढोकाबाट घर भित्र्याउने गर्दछन् त्यही

ढोकाबाट घर बाहिर पठाउने गर्दैनन् । उनीहरूलाई अर्को ढोकाबाट घर बाहिर पठाउने गर्दछन् ।[९८]

घरको भित्र रहेको बिचको ढोकाबाट यसरी भित्र्याइ सकेपछि "धे धे पा पा" नाचमा सहभागी भएर आउनेहरू धाक खलकहरूको सिं ख्वापा (रातो काठको मुकुन्डो), म्हुकं ख्वापा ( च्याउको मुकुन्डो), न्यां त्वा ख्वापा (माछाको मुकुन्डो), मस्त ख्वापा वा बापात्या (बालकको हँसिलो अनुहार आउने गरी बनाएका मुकुन्डाहरू) लाई र नाचमा सरिक भएर आउने बाजा खलक र नाचमा सहयोग गर्ने टोलबासीहरूलाई थाचिने गर्ने व्यक्तिले मासु राखेर भोज खान दिने चलन छ । भोज खाइसकेर भित्र्याएको ढोकाबाट नभई अर्को मूल ढोका(कुमार ढोका)बाट थाचिने गर्ने परिवारबाट उनीहरूलाई प्रसाद स्वरूप गुलियो रोटी जस्तै केराउ, फलफूल, मालपुवा, हलुवा स्वारी, रोटी आदि राखेको टपरी (पोका) दिएर विदाइ गरी पठाउने चलन छ । थाचिने गर्ने ठाउँमा वा टोलमा "धे धे पा पा" नाच सकिने बित्तिकै त्यही टोलको बाजा खलक वा धिमे खलकहरू चाहिँ त्यतिबेला नै बाजा बजाएर कीर्तिपुरको देय् पोखरीमा उपहार स्वरूप मनाउने त्वाना जात्रा मा सहभागी भएर "त्वाना जात्रा" सुरु गर्न जाने गर्दछन् ।[९९]

## ४.७. कीर्तिपुर सांस्कृतिक जात्रापर्व व्यवस्थापन समिति, कीर्तिपुर २०६२ गठन

यो "धे धे पा पा" नाचसहित थाचिने गरी सम्यबजी भोज खुवाएर गाईजात्रा पर्व मनाउने मृतकका परिवारलाई धेरै गाह्रो भएपछि लोप हुने अवस्थाको सिर्जना भएको कारण पछि वि.सं २०६२ मा कीर्तिपुरका मुख्य मुख्य टोलको दाफा बाजा खलक र बद्धिजीवीहरू मिलेर कीर्तिपुर सांस्कृतिक जात्रापर्व व्यवस्थापन समिति, कीर्तिपुर २०६२ गठन गरी यो कीर्तिपुरमा हुने हरेक जात्रा र चाडपर्वहरू सबैको व्यवस्थित रूपमा निरन्तरता दिई मनाउन कीर्तिपुरका

[९८] मिश्री श्रेष्ठ (७१) सँगको कुराकानीमा आधारित ।

[९९] इन्द्रलाल श्रेष्ठ (७५) सँगको कुराकानीमा आधारित ।

मुख्यमुख्य टोलहरू बिच मिलेर पालैपालो गरी मनाउन विभिन्न नियमहरू बनाएर प्रत्येक टोलटोललाई एउटा एउटा जात्रा, चाडपर्वहरू विभाजन गरी जिम्मा दिइ मनाउने गरियो । यही नियम बमोजिम वि.सं. २०६३ देखि कीर्तिपुरका टोलबासीहरू मिलेर वर्षैपिच्छे गाईजात्राका दिन टोलको पालोपालो गरी मृतकका नाममा "धे धे पा पा" नाचको थाचिने गरेर मनाउने गर्न थालियो । जस अनुसार गाईजात्राको "धे धे पा पा" नाच नचाउने टोलको पालो यस प्रकार छ :

वि.सं. २०६३ - बाहिरी गाउँ

वि.सं. २०६४ - कुटुभ्mोल टोल

वि.सं. २०६५ - कुटुभ्mोल (कुन टोलबाट सुरू गर्ने हो कसैले पनि नगरेकाले फेरि कुटुभ्mोल बाटै गरेको) अथवा कुटुभ्mोल कुनाबाट

वि.सं. २०६६ - सागल (कुटुसाल)

वि.सं. २०६७ - समल

वि.सं. २०६८ - देवढोका

वि.सं. २०६९ - गल्छे (खिम्हु फल्चा)

वि.सं. २०७० - लाय्कु

वि.सं. २०७१ - बाघ भैरब

वि.सं. २०७२ - तःननी

वि.सं. २०७३ - सिंङ्ग द्‌वा

वि.सं. २०७४ - ल्वोह देग (म्वान टोल)

वि.सं. २०७५ - देव पोखरी

**नोट :-** फेरि यसरी क्रमशः अगाडि देखि टोलको पालोपालो गरी गाईजात्रा पर्व मनाउने जानकारी छ । यदि कसैले आफ्नो इच्छाले मृतकका परिवारहरू "थाचिने" म गर्दछु र त्यसको सबै खर्च म बेहोर्छु भनेर आएमा उसलाई वा उसको टोललाई जिम्मा दिने पनि गरिन्छ । फेरि अर्को वर्षमा जसको टोलको पालोमा दिएको हो उसको टोलको पालो आउने गर्दछ । यसरी

अहिले प्रत्येक वर्ष टोल टोलहरू पालैपालो गरी गाईजात्राको "धे धे पा पा" नाच मनाउने गर्दै आइरहेको पाइन्छ ।[१००]

वि.सं. २०६६ देखि कीर्तिपुरको सागल टोलबाट गाईजात्रामा टोलटोलको पालो पालो गरी मनाउने क्रममा एक वर्षभरिका कीर्तिपुर भित्र मृत्यु हुनेहरूको फोटो सङ्कलन गरेर "थाचिने" गर्ने टोलको एक निर्दिष्ट ठाउँमा प्रदर्शन गर्ने परम्परा बसालिएको देखिन्छ । जुन कार्य अहिले सम्म निरन्तरता पाईरहेको छ र पछि पनि निरन्तरता पाउने छ भनि विश्वास गर्न सकिन्छ । यसबाट गाईजात्राको दिनमा एकवर्ष भित्र कीर्तिपुरमा कति जना र को कसको मृत्य भयो भन्ने कुराहरू समेत कीर्तिपुरका जनताहरूले एकै ठाउँ वा स्थानबाट  सजिलैसँग थाहा पाउन सक्ने व्यवस्था भएको छ ।[१०१]

## ४.८. थाचिने गर्ने घरबाट गाईजात्राको हास्यव्यङ्ग्य कार्यक्रमको प्रबन्ध

कीर्तिपुरमा गाईजात्राको दिनमा प्रत्येक वर्ष थाचिने गर्दै प्रदर्शन गरी देखाउने प्रसिद्ध नाच "धे धे पा पा नाच"को बिच बिचमा पनि मिश्रित रूपमा हास्यव्यग्य प्रस्तुत गर्ने गरिन्छ । साथै यो नाच जुन जुन टोलमा नचाउने गर्दछ, त्यहाँ त्यहाँ अर्को सडक नाटक "बुई धौ बजी नकवनेगु र मचायात दुरु त्वकवनेगु" हास्यव्यग्य कार्यक्रमको पूर्ण रूपमा प्रबन्ध गरेर थाचिने गर्ने घरबाट प्रदर्शन गर्नको लागि पठाउने गरिन्छ । जसले गर्दा कीर्तिपुरको गाईजात्राको दिनमा थप मनोरञ्जन प्रदान गर्ने गरेको छ । यी नाटक प्रदर्शन गर्न सकेपछि मात्र कीर्तिपुरमा अरू हास्यव्यंग्य नाटकहरू आठ दिन सम्म प्रदर्शन गरिने चलन छ ।

[१००] वीरेन्द्र शाक्य (४०) सँगको कुराकानीमा आधारित ।

[१०१] त्रिरत्न मानन्धर (४४) सँगको कुराकानीमा आधारित ।

**(क) थाचिने गरी गरिने "धे धे पा पा" नाच भित्र नै हास्यव्यङ्ग्य कार्यक्रमहरू**

कीर्तिपुरमा गाईजात्राका दिन विशेष रूपमा मनाउने "धे धे पा पा" नाच मा पनि कीर्तिपुरका टोलबासीहरू मिलेर नाचसँगसँगै मिलेर दर्शकहरू सामु समाजका अगाडि हास्यव्यङ्ग्य ख्यालः ख्याःखी र कःतु आदि प्रदर्शन गर्ने गर्दछन् । यी ख्यालः प्रदर्शन गर्न आउनेहरूले आआफ्नो टोलको गणेशलाई पूजा गरेर जुन ठाउँबाट मुख्य पूजा "धे धे पा पा" नाच स्थापना गरी उद्घाटन वा सुरुवात(थाचिने) गर्ने हो अथवा जुन ठाउँमा मुख्य नाच देखाउन जम्मा (थामुने) गर्ने गर्दछ त्यही ठाउँमा गएर "धे धे पा पा" नाच सँगसँगै बाजाका तालमा ताल मिलाउँदै धाक खलकहरूको सिं ख्वापा (रातो काठको मुकुन्डो), च्याउको मुकुन्डो नाचको समूहसँग मिसिएर नाच्दै दर्शक सामु ख्याल (हास्यव्यङ्ग्य) प्रस्तुत गर्ने गर्दछन् । यो ख्यालःमा पनि धार्मिक पक्ष, राजनीतिक पक्ष, सामाजिक पक्ष, पौराणिक पक्ष आदि इत्यादिको रूपमा भेषभूषा पहिरन पहिरिएर समाज सामु वा दर्शक सामु प्रस्तुत हुने गर्दछ । कुनै कुनै सामाजिक घटनाक्रमको बारेमा, धनीगरीबका बारेमा, मालिक-नोकरको बारेमा, महँगीको बारेमा, चोर-पुलिसका बारेमा, रोग र प्रकोपको बारेमा, दूषित समाजका बारेमा, राजनीतिक अवस्थाको र देशका बारेमा, समाजले पचाउन नसक्ने तरूनीहरूका बारेमा, राजा रजौटाहरूका बारेमा, मन्त्रिहरूका बारेमा, बैरागी जोगी र भोगीहरूका बारेमा, भूत प्रेतका र देवताका बारेमा विभिन्न प्रकारले हुबहु भेषभूषा सजिएर "धे धे पा पा" नाचसँगसँगै मिसिएर नाच्दै हास्यव्यङ्ग्य कार्यक्रम प्रर्दशन गर्दै कीर्तिपुर नगर परिक्रमा गर्ने गर्दछन् । यसरी "धे धे पा पा" नाचमा सँगसँगै सहभागी भएर आउनेहरूले अन्तिममा "धे धे पा पा" नाचको मुख्य पूजा (थाचिने) गर्ने व्यक्तिका घरमा भित्रिएर भोज खाएर मनोरञ्जन गर्ने गर्दछन् । यसरी यो "धे धे पा पा" नाचमा हास्यव्यङ्ग्य ख्यालः पनि सम्मिलित भई नाच प्रस्तुत गर्न आउनेहरूको "रिक्त धा धा ता ता" बाजाका बोलमा र तालमा "धे धे पा पा" नाचसँगसँगै धाक खलकहरूको अनुसार बाजाको बोलमा ताल मिलाउँदै ख्याल, ख्याः खी गरी सहभागीहरू बिच नाच्ने गर्दछन् । यही नाचमा पछि सबै बाजाको बोल बेतालमा र बेसुरमा ढयाङ्ग, ढयाङ्ग, ढयाङ्ग, ढयाङ्ग गरी

छिटोछिटो बजाएपछि दर्शकहरूलाई हसाउने खालका विभिन्न विचित्रका क्रियाकलापहरू गरेर हसाउने गर्दछन् । उनीहरूले खाजा खानलाई खर्च चाहियो भनेर दर्शकहरूको हातमा कुनै कपडा, रूमाल, टोपी आदि राखिदिने गर्दछन् । त्यसपछि दर्शकहरूले पनि रित्तै फर्काउन हुँदैन भनी आफूले सक्ने जति पैसा वा रकम(खर्च) त्यसमा राखेर दिने गर्दछन् । जसले गर्दा यस "धे धे पा पा" नाचको हास्यव्यङ्ग्य गर्ने सहभागीहरूले यस दिनमा धेरै आयआर्जन गर्ने गर्दछन् । यिनीहरू, गाईजात्राका दिनभरि "धे धे पा पा" नाचसँगसँगै कीर्तिपुर नगरका मुख्यमुख्य ठाउँमा हास्यव्यङ्ग्य प्रस्तुत गरी प्रदर्शन गर्दै नगर परिक्रमा गर्ने गर्दछन् र अन्तिममा थाचिने गर्नेका घरमा भोज खाएर आआफ्नो घरमा फर्किने चलन छ ।

### (ख) थाचिने गर्ने घरबाट प्रबन्ध गरी पठाउने "बुई धौ बजी नकवनेगु व मचायात दुरु त्वकवनेगु" (खेतमा दही चिउरा खुवाउन जाने र बच्चालाई दुध पिलाउने)

गाईजात्राका दिनमा अर्को हास्यव्यङ्ग्य कार्यक्रम थाचिने गर्ने घरबाट "धे धे पा पा" नाच सकेपछि जहाँजहाँ "धे धे पा पा" नाच सकियो त्यहाँ त्यहाँ सडक नाटक "बुँइ धौ बजी नकःवनेगु र मचायात दुरु त्वंकेवनेगु" कीर्तिपुरका विशेष रूपमा मनाउने गर्दछन् । गाईजात्राको "धे धे पा पा" नाच वा नाच सुरू (थाचिने) गर्ने परिवारबाट आफ्ना टोलबासीहरूलाई यस हास्यव्यङ्ग्य सडक नाटकका रूपमा सहभागी गराएर "धे धे पा पा" नाचको पछिपछि वा नाच नाच्न सकेको मुख्यमुख्य टोलमा अनिवार्य रूपमा प्रदर्शन गरी देखाउन नगर परिक्रमा गर्न पठाउने गर्दछन् । यो सडक नाटकका लागि चाहिने सम्पूर्ण सरसामानको व्यवस्था मुख्य पूजा स्थापना वा उद्घाटन (थाचिने) गर्ने घरबाट गरिन्छ । यो सडक नाटक कीर्तिपुरको मुख्यमुख्य टोलमा मात्र प्रदर्शन गरी देखाउने गरिन्छ । यस सडक नाटकलाई कीर्तिपुरका स्थानीय भाषामा 'बुँई धौ बजी नकःवनेगु (खेतमा खेतालाहरूलाई दही चिउरा खुवाउन जाने) र सँगसँगै यसैसँग सम्बन्धित अर्को सडक नाटकको स्वरूपमा मचायात दुरु त्वंकेवनेगु (बच्चालाई दुध पिलाउन जाने) भनेर हास्यव्यङ्ग्यात्मक सडक नाटक प्रस्तुत गर्दै "धे धे पा पा" नाचको पछिपछि जाने गर्दछन् । यी नाटकहरूमा पुरुषहरूले नै महिलाको भेष गरेर महिलाको नक्कल गर्ने गर्दछन् ।

यसका लागि मुख्य पूजा “धे धे पा पा” उदघाट्न (थाचिने) गर्ने घरबाट यो सडक नाटक मञ्चन गर्न पूरा व्यवस्थित गरेर पठाउने गर्दछन् । यसका लागि एकजना पुरुष चाहिँ नर (श्रीमान्) र एकजना पुरुष चाहि नारी (श्रीमती) को नेवारी भेषमा खेतमा खाजा खुवाउन चाहिने सरसामानहरू जस्तै (एकदम शुद्ध दही, चिउरा, पात, गिलास टपरी जाँड, रक्सी आदि खर्पनमा राखी दिएर सबभन्दा पहिला मुख्य पूजा उद्घाटन (थाचिने) गर्ने टोलमा “धे धे पा पा” नाच सकेपछि यो सडक नाटक खेतमा खाजा खुवाउने जस्तै गरी सुरु गरेर देखाउँदै कीर्तिपुर नगरका मुख्यमुख्य ठाउँमा यसरी नै देखाउँदै जाने गर्दछन् । यो सडक नाटकसँगसँगै नाटकमा परिवारिक दृष्टिकोणले छोरीको भेषमा एक वा दुईजना पुरुषलाई आधुनिक अविवाहित आइमाईको रूपमा भेष बनाएर उनीहरूका हातमा बच्चाको पुतली राखेर बच्चालाई सिसीमा राखेको दुध खुवाउने नाटक गर्दै खेतमा खाजा खुवाउने नाटकको बिचबिचमा गएर हास्यव्यङ्ग्य गर्दै नाटक प्रस्तुत गर्ने गरिन्छ । अविवाहित छोरीले बच्चा जन्माएर माइतमा बास बसिरहेको प्रतीक स्वरुप वा समाजले पचाउन नसक्ने खालको घटनामा आधारित सडक नाटक प्रदर्शन गर्ने गर्दछन् । जुन एकदम सामाजिक घटनाका आधारमा नाटक मञ्चन गरेर दर्शकहरूलाई हँसाएर, हाँसो उठ्ने उछृङ्खल र अश्लील जस्तै क्रियाकलापहरू गरेर देखाउने गरिन्छ ।[१०२]

जुन ठाउँमा नाटक देखाउने हो त्यही ठाउँमा पुगेपछि नाटक देखाउने ठाउँ फराकिलो गरेपछि एकछिन त्यस ठाउँमा ती श्रीमान् र श्रीमतीको भेषमा आएकाहरू केही बेर नाटक गरेपछि त्यहाँ रहेका स्थानीय दर्शकहरूलाई नै खेतालाको पात्र बनाएर श्रीमतीका भेषमा हुनेले समातेर ल्याउने गर्दछ र यही नाटकमा सामेल गराउने गरिन्छ । जहाँ खाजा ठिक पारेर राखेको हुन्छ त्यहाँ बसाएर उनीहरूलाई अलि अलि खाजा खुवाउने गर्दछन् । यतिबेला नै उनीहरूको अविवाहित छोरीको भेषमा बच्चा समाएर आउने पनि यही खेतालाको सडक नाटकभित्र पसेर खेतालाहरूसँग विभिन्न हाउभाउ गर्ने र रोमान्स गर्ने जस्ता क्रियाकलापहरू गरी दर्शकहरूलाई हँसाउने गर्दछन् । यसमा समाजमा भएका घटनाहरू जस्तै श्रीमतीले र छोरीले खेतालासँग लसपस गर्ने, जिस्काउने, विवाह हुनु पूर्व बच्चा जन्मेको कुरा गर्ने, आँखा लगाउने, कुरामा लट्ठ

---

[१०२] पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

फसाउने र छोरीलाई भगाएर लग्ने जस्ता क्रियाकलापहरूको हाउभाउ गर्ने, छोरीसँग जिस्कने, कुरा काट्ने आदि हास्यव्यङ्ग्य क्रियाकलापहरू गर्ने गर्दछन् । यस्तो अवस्थामा श्रीमान्‌हरूले खेतालाहरूको बानी व्यवहारप्रति शङ्का गर्ने, छोरी माइत बसेकाले लिएर जाऊ भन्ने आदि कार्यहरूको हाउभाउ गर्ने गर्दछन् । अन्तिममा जाँड, चिउरा, दही आदि खेतालाहरूको मुखमा दलेर मनोरञ्जन गर्दै सडक नाटकका सहभागीहरू भएर आउने पात्रहरू अब जान्छु भनेर कार्यक्रम सिध्याउने गर्दछन् । यस नाटकमा नाटककारहरू नै निर्देशन गर्ने गर्दछन् र आफै नाटकमा प्रस्तुत हुने गर्दछन् । यसमा सबै पात्रहरूमा पुरुषहरू नै हुने गर्दछन् भने खेतालाहरू दर्शकका माझबाट छानेर ल्याउने भएकाले खेतालाहरू पुरुष, महिला दुवै हुन सक्छन् । यस कार्यक्रममा महिला श्रीमतीका भेषमा वा छोरीका भेषमा आउनेहरूले नै जुन टोलमा नाटक प्रदर्शन गर्ने हो त्यस टोलका दर्शकहरूलाई खेतलाका रूपमा तानेर उपस्थिति गर्ने गर्दछन् । पुरुष (श्रीमान्‌को) भेष हुनेले खेताला खोज्न जाने गर्दैन खालि महिला भेषहरूले खेतालालाई तानेर ल्याउने गरिन्छ र सडक नाटकमा खाजा खुवाउने प्रतीक स्वरूप यस नाचमा सहभागी गराउने गरिन्छ । त्यतिबेलाको वातावरण अनुसार हाउभाउ हेरेर नाटकका पात्रहरूले आफ्नो मनोवैज्ञानिक तरिकाबाट नाटक तयार गरेर दर्शकहरू सामु हास्यव्यङ्ग्य र छड्के तरिकाबाट मनोरञ्जन र रमाइलो गर्दै सबै दर्शकहरूलाई हँसाएर कार्यक्रम सिध्याउने गर्दछन् ।[१०३]

फेरि अर्को मुख्य टोलमा गएर यसरी नै यो सडक नाटक प्रस्तुत गर्दै कीर्तिपुरका मुख्यमुख्य स्थानमा टोलका मुख्य मण्डपको अगाडि यो सडक नाटक प्रर्दशनी गरेर देखाउने गरिन्छ । एक टोलबाट अर्को टोलमा जाँदा आधुनिक आइमाईको भेषमा वा बिहे हुनु पूर्व नै बच्चा जन्मिएको भेषमा बच्चा बोकेर आउने पात्रहरूले दर्शकहरूसँग बच्चालाई दुध खुवाउन ज्याला चाहियो, खर्च चाहियो आदि भनेर पुतली, खेलौना बच्चालाई दर्शकका हातमा राखिदिने गरिन्छ । त्यसपछि दर्शकहरूले पनि रित्तै फर्काउन हुँदैन भनेर केही सक्ने जति ज्याला वा खर्च राखेर दिने गर्दछन् । यसरी आधुनिक अविवाहित आइमाईको भेषमा आउनेले दर्शकहरूसँग बच्चाका लागि दुध खुवाउन खर्च चाहियो भनेर मागरे धेरै रकम कमाउने पनि गर्छन् । यसरी

[१०३] गणेश महर्जन (५८) सँगको कुराकानीमा आधारित ।

बच्चालाई दुध खुवाउन आधुनिक आइमाईको भेषमा पुरुष पात्रहरू एकजना भन्दा बढी पनि हुन सक्छन् । यिनीहरूले सबै मुख्यमुख्य ठाउँमा सडक नाटक देखाइ सकेपछि सबैजना पात्रहरू मुख्य पूजा “धे धे पा पा” नाचको उद्घाटन (थाचिने) गर्नेका घरमा गएर भोज खाने चलन छ ।

## ४.९. कीर्तिपुरको गाईजात्रामा पूर्णलाल महर्जन (झेल्ला) को योगदान

समाजको निर्माण हामीहरूले नै गर्ने हो । जुन समय अनुसार परिवर्तन पनि हुन्छ । राम्रो समाजको निर्माण गर्न हामीले राम्रो विचार गरी ध्यान पुराएर कार्यहरू गर्नु पर्दछ । कुनै पनि समाजको निर्माण त्यसै बनेको हुँदैन । त्यस भित्र विभिन्न रहस्य र उद्देश्यहरू लुकेका हुन्छन् । कीर्तिपुरको गाईजात्रामा पनि विभिन्न रहस्य र उद्देश्य लुकेका छन् । कीर्तिपुरको गाईजात्राका महत्त्वलाई बुझ्न अति आवश्यक छ । यही महत्त्वलाई बुझेर पूर्णलाल महर्जनले गाईजात्रामा सकारात्मक सोच लिएर पछिसम्म यस पर्वलाई कसरी निरन्तरता दिन सकिन्छ र अरू बढी राम्रो कसरी पार्न सकिन्छ भनेर विचार गरी समय समयमा विभिन्न योगदान गरेको देखिन्छ । उनको यो योगदानको कदर हामीले पछिसम्म पनि गरिरहनु पर्दछ।

वि.सं. २०२० भन्दा अगाडिसम्म धाक खलकका बालक मुकुन्डोधारीहरूले कागजको मुकुन्डो बनाएर “धे धे पा पा” नाचमा सहभागी भई आउने गर्दथे । जुन वर्षै पिच्छे नयाँ नयाँ कागज वा बोराको मुकुन्डो बनाएर धे धे पा पा नाच देखाउँदै आउने गरेको पाइन्छ । तर, वि.सं. २०२० मा देवढोका बस्ने पूर्णलाल महर्जन (झेल्ला) की आमा नन्दलक्ष्मी महर्जनका नाममा थाचिने गर्दा खेरि उहाँका हितैषी मित्र काठमाडौंका नकर्मीले यो “धे धे पा पा” नाचका लागि चाहिने बालकका मुकुन्डोहरू चारवटै टिनपाताको बनाएर सबै मुकुन्डाहरू हँसिलो बालकको अनुहार आउने गरी बनाएर यस नाचमा सहभागी गराई नचाइएको थियो । ती

बालक मुकुन्डाहरूमा प्रत्येकलाई छुट्टाछुट्टै चार थरी (रातो, निलो, पहेँलो र सेतो) रङ लगाई दिएर त्यतिबेला "धे धे पा पा" नाच देखाइएको थियो । जुन अहिलेसम्म ती मुकुन्डाहरू नै वर्षको एक पटक गाईजात्राका दिनमा यो "धे धे पा पा" नाचमा प्रयोग गर्दै आइरहेको पाइन्छ । वर्षैपिच्छे यो थाचिने गर्नेहरूले लगेर रङ्गरोगन गर्ने गर्दा अहिले यी मुकुन्डाको स्वरूप नै बदलिन पुगेको छ । अहिले यी मुकुन्डाहरूमा आधा अर्को रङ आधा अर्को रङ बनाएर "धे धे पा पा" नाच नचाउँदै आइरहेको पाइन्छ । यसको अनुहारको स्वरूप एक पछि अर्को गर्दै बिगारेर पछि मात्र सबै ख्वापाहरू बापात्या हुन गएको हो । यी मुकुन्डाहरू वि.सं. २०२० देखि उहाँकै घरमा सुरक्षित गर्दै संरक्षितका साथ बाकसमा राख्ने गरेको पाइन्छ । यी मुकुन्डाहरू प्रत्येक वर्ष गाईजात्राका दिन "धे धे पा पा" नाच नचाउन थाचिने गर्ने व्यक्तिलाई दिएर पठाउने गरिन्छ ।

त्यस्तै गरेर गाईजात्रामा थाचिने गर्ने ठाउँबाट पठाउने हास्यव्यङ्ग्य कार्यक्रम "बुई धौ बजी नकवनेगु व मचायात दुरु त्वकंवनेगु" सडक नाटकमा पनि वि.सं. २०२० भन्दा अगाडिसम्म हास्यव्यङ्ग्य गर्न खेतालाका खाजाहरू कृत्रिमको हुने गर्दथ्यो । वि.सं. २०२० भन्दा अगाडिसम्म यस नाटकमा गहुँको छ्वालीलाई चिउराको प्रतीक, जाँडको कट (लेदो) लाई दहीको प्रतीक, कोइला मासुको (छोय्लाको) प्रतीक आदि विभिन्न ढङ्गले खाजा बनाएर पठाउने गरेको पाइन्छ । यसले गर्दा खेतालाहरूले खाजा खाएको जस्तो  नाटकीय ढङ्गबाट मात्र गर्ने वा नाटक गरेको जस्तो मात्र गर्ने गरेको पाइन्छ । उहाँले वि.सं. २०२० मा आफ्नो मृतकका नाममा "बुई धौ बजी नकः वनेगु" सडक नाटक गरी पठाउनका लागि खेतालाहरूलाई राम्रो र शुद्ध खाजा खुवाउनु पर्दछ भनेर सकारात्मक बिचार गरी त्यतिबेला उहाँले सबै शुद्ध खाजा बनाएर सडक नाटक गर्न पठाएको पाइन्छ । जुन आजसम्म यसरी नै प्रत्येक वर्ष यो नाचको थाचिने गर्नेहरूले "बुई धौ बजी नकः वनेगु" सडक नाटकमा शुद्ध खाजा तयार गरी पठाएर देखाउने गर्दै आइरहेको परम्पराको थालनी भएको छ । त्यतिबेला उहाँले खेतमा खाजा खुवाउने जस्तै गरेर एकदम शुद्ध चिउरा, शुद्ध दही, जाँड, रक्सी, मासु, पात, गिलास, टपरी आदि  सबै शुद्ध गरेर शुद्ध भोजनै बनाएर खर्पनमा राखेर पठाई यो सडक नाटक "बुई धौ बजी नकः वनेगु" प्रदर्शन गर्न पठाएको जानकारी छ । त्यति बेलादेखि अहिलेसम्म पनि यो सडक नाटकका खेताला

पात्रहरूले पनि साँच्चिकै खाजा नै खाएर हँसाएर यो हास्यव्यङ्ग्य कार्यक्रम झन मनोरञ्जन प्रदान गर्दै आइरहेका छन् । त्यति बेलादेखि सडक नाटकको खेताला पात्रहरूले खाजा थपीथपी रमाइलोसँग दर्शकहरूलाई हँसाउँदै मनोरञ्जन गराउँदै खाने पनि गरेको पाइन्छ र यो सडक नाटक पनि रमाइलो नै भइरहेको छ । यसरी अहिलेसम्म थाचिने गर्नेहरूले यो सडक नाटकमा शुद्ध भोज बनाएर पठाउने गरेको पाइन्छ ।

वि.सं. २०२० मा उहाँले आफनी आमा नन्दलक्ष्मी महर्जनका नाममा प्रत्येक वर्ष देवढोकाको पुरानो घरबाट यो "धे धे पा पा" नाचमा सहभागी भई नाचेर आउने धाक खलकहरूलाई सगुन दिने गर्दै आएको पाइन्छ । यसरी यी धाक खलकहरूलाई सगुन दिई उनीहरूलाई मन परेको खान दिनु भनेर उहाँलाई उहाँका बुबाले भनी राखेको हुनाले अहिले सम्म पनि उहाँले प्रत्येक वर्ष नछुटाइकन उहाँका घरबाट यी धाक खलकहरूलाई सगुन दिने र मन परेको खानेकुरा खान दिने गर्दै आइरहेको देखिन्छ (चित्र नं. ६०, चित्र नं.६१, चित्र नं. ६२ र चित्र नं. ६३) ।

वि.सं. २०५४ देखि उहाँले आफ्नी जहानको (श्रीमती पंचमाया महर्जनको) नाममा थाचिने गर्दा यी धाक खलकहरू (समूह) लाई सबै लुगाहरू नयाँ बनाएर राखिदिने गरेको जानकारी छ । त्यतिबेला देखि यी धाक खलकहरूको लुगा पुरानो भई काम नलाग्ने भएमा वा पुरानो भएमा उहाँले आफ्नो घरबाट नै यी धाक खलकहरूको लागि नयाँ लुगा राखिदिने गर्दै आइरहेको पाइन्छ । यो भन्दा पहिले पहिले धाक खलकहरूका "थाचिने" गर्ने घरबाट लुगा पुरानो भयो भने नयाँनयाँ लुगा राख्ने गर्दै आएको भेटिन्छ । अहिले यो धाक खलकका लुगाहरू उहाँका घरमा नै बाकसमा सुरक्षित साथ राख्ने गर्दै आइरहेको छ । प्रत्येक वर्ष गाईजात्राको नाच "धे धे पा पा" नाच नचाउनका लागि थाचिने गर्ने व्यक्तिलाई दिएर पठाउने गरिन्छ भने नाच सकिएपछि उनीहरूले यी लुगाहरू धोएर उहाँका घरमा नै फर्काउने परम्परा बसेको देखिन्छ ।[१०४]

---

१०४ पूर्णलाल महर्जन (८५) सँगको कुराकानीमा आधारित ।

## ४.१०. ट्वाना जात्रा

कीर्तिपुरको गाईजात्राको दिनमा नचाउने "धे धे पा पा" नाच को उपलक्ष्यमा देय् पोखरीमा उपहार स्वरूप मनाउने "ट्वाना जात्रा" पनि गाईजात्रा गर्ने क्रमको एक महत्त्वपूर्ण जात्राको रूपमा कीर्तिपुरका बासीहरूद्वारा मनाउँदै आइरहेको पाइन्छ । देय् पोखरीले कीर्तिपुरको बिचमा रही सिमानाको कार्य पनि गरेको छ । देय्को अर्थ देश, सहर वा बस्ती भन्ने अर्थ हुन्छ । यो कीर्तिपुर देशको बिच भागमा रहेको पोखरी भएको हुनाले यस पोखरीको नाम देय् पुखु( पोखरी) भन्ने गरिएको हो । देय् पोखरीको उत्तर भागमा नारायण मन्दिर रहेको छ जुन यो कीर्तिपुर देशको बिच भागमा पर्दछ (चित्र नं. ८०) । यस मन्दिरको पश्चिमतिर शिवलोकमा छ वटा टोल र पूर्वतिर देवलोकमा छ वटा टोल गरी जम्मा १२ वटा टोल रहेका छन् । "ट्वाना जात्रा" चाडपर्व मनाउने क्रममा कीर्तिपुर भेगको दाफा बाजा समूह र लाखे दुई जनालाई पनि यस "ट्वाना जात्रा"मा सामेल गराइएको छ । ती लाखेहरूमध्ये एकजना बाघभैरव मन्दिरको पश्चिम-उत्तरपट्टिको सानो बनमा न्याःम्ह सिमा (चिलाउने पाँचवटा रूख भएको ठाउँमा) मा बस्ने क्वःतझाको धालचाँ तः को लाखे र अर्को पूर्वपट्टिको जिफागलको लाखे हुन् । यी दुई लाखेहरू यस कीर्तिपुरका दुई भाग (शिवलोक र देवलोक) मा बस्ने लोग्ने र स्वास्नी लाखे हुन् । शिवलोकको केटी लाखे हो भने देवलोकको केटा लाखे हो ।[१०५] कर्ण महर्जनसँगको छलफलबाट थाहा भए अनुसार उहाँ पहिला शिवलोकको लाखे भई नाच्नु भएको थियो ।

कीर्तिपुरको गाईजात्रामा विशेष रूपमा मनाउने "धे धे पा पा" नाच समाप्त भई सकेपछि साँझ पख कीर्तिपुरको मुख्यमुख्य टोलको दाफा बाजा खलक र लाखेहरू देय् पोखरीमा झाँकी बाजासहित उपस्थिति हुन जाने गर्दछन् (चित्र नं. ८५) । गाईजात्राको "धे धे पा पा" नाच भित्र्याउन सकेपछि "थाचिने" गर्ने टोलबासी र दाफा बाजा खलकहरू बाजा बजाउँदै "ट्वाना जात्रा" सुरुवात गर्नका लागि देय् पोखरीमा जाने गर्दछन् । उनीहरू नआईपुगेसम्म

---

[१०५] कर्ण महर्जन (४४) सँगको कुराकानीमा आधारित ।

"ट्वाना जात्रा" सुरु गरिँदैन । त्यतिबेलासम्म विभिन्न टोलको दाफा खलकहरू (बाजा खलक) र लाखे नाच त्यहाँ आइपुगे पनि उनीहरूलाई राँगाको टाउको वा ट्वाना दिने कार्यक्रम सुरु गर्ने गर्दैनन् । ती दाफा खलक र लाखेहरू देय् पोखरीको वरिपरि नाच्दै, गाउँदै, घडी घुम्ने दिशामा घुमिरहन्छन् (चित्र नं. ८२ र चित्र नं. ८३) । नारायण मन्दिरको दक्षिण ढोकामा तरवारद्वारे उभिएर कोको आएका छन्, कुन कुन टोलका दाफा खलक त्यहाँ आइपुगे भनेर हेरिरहेका ( निरीक्षण गर्दै बसेका) हुन्छन् । जब सम्म "धे धे पा पा" सुरु(थाचिने) गर्ने टोलको दाफा बाजा समूह त्यहाँ आईपुग्दैन् तबसम्म राँगाको ट्वाना अथवा राँगाको टाउको कसैलाई पनि दिँदैनन् । "थाचिने" गर्ने टोललाई दुईवटा राँगाको ट्वाना उपहार स्वरूप दिनु भन्दा अगाडि द्वारेले थाचिने गर्ने टोलको बाजा खलकहरूलाई सिं ख्वापा र मुख्य तीर्था ख्वापाहरूले भोज खाइसके भनेर सोध्ने गर्दछन् । किनभने यो "ट्वाना जात्रा" सुरु गर्नका लागि तीर्था ख्वापाहरूले भोज खान थालेको हुनु पर्दछ ।[१०६] उनीहरूले भोज खाइसके भनेपछि मात्र सर्वप्रथम थाचिने गर्ने टोलको बाजा खलकहरूलाई दुईवटा ट्वाना उपहार स्वरूप दिएर पठाउने गरिन्छ । यो दिन विशेष गरेर यो "धे धे पा पा" नाच सुरुवाट (थाचिने) गर्ने टोललाई नै सबभन्दा बढी महत्त्व दिइएको हुन्छ । यो "धे धे पा पा" नाच गर्ने कार्यक्रम र व्यवस्थापन गरी चलाउन धेरै मिहिनेत गर्नुपर्ने र यो नाच सञ्चालनमा ती टोलबासीहरू मिलेर सफल गर्नु पर्ने हुनाले उनीहरूलाई सर्वप्रथम यस "ट्वाना जात्रा" मा दुई वटा ट्वाना दिएर पठाउने गर्दछन् । त्यसपछि मात्र अरू टोलको प्रत्येक दाफा खल र लाखेलाई  एउटा एउटा ट्वाना दिई यस वर्षको यो "ट्वाना जात्रा" यही समाप्त हुने गर्दछ (चित्र नं. ८१ र चित्र नं. ८२) । पहिले पहिले वि.स.१९९० भन्दा अगाडिसम्म न्येकु बाजा गुलाँ धर्मको नौ बाजा बजाउनेहरू मानन्धर टोल र चिलन्चो टोलको न्येकू बाजा खलक प्रत्येकलाई एउटा एउटा राँगाको टाउको दिने गरिन्थ्यो । वि.स. १९९० मा मानन्धर टोलका तुयुसिं मानन्धर द्वारे हुँदाखेरि उहाँले यो न्येकु बाजा फुक्नेहरू बुद्ध धर्मप्रति समर्पित जाति हो, त्यसैले यो राँगाको टाउको उपहार स्वरूप लिन हुँदैन भन्दै यो राँगाको टाउको कीर्तिपुरको यी दुई लाखे भई नाच प्रदर्शन गरी आउनेहरूलाई उपहार स्वरूप दिई

---

[१०६] सानुकाजी मानन्धर (५७) सँगको कुराकानीमा आधारित ।

"ट्वाना जात्रा" मनाउन थालेको जानकारी छ । त्यतिबेला देखि अहिलेसम्म पनि यसरी नै मनाउने गरिन्छ ।

पहिले पहिले वि.स.२००७ भन्दा अगाडि सम्म कीर्तिपुरका देय् पाखरीमा जात्रा गर्ने क्रममा प्रत्येक टोलका हिसाबले एउटा एउटा राँगाको खुट्टा (ट्वाना) मात्र हैन एउटा एउटा राँगाको छालाको टुक्रा (कोँरा आकारको राँगाको छालाको टुक्रा) पनि बाँडेर या दिई पठाउने गरिन्थ्यो । तर, अहिले यो लोप नै भइसकेको छ । ती उपहार स्वरूप प्राप्त गरेका राँगाको ट्वाना र राँगाको छाला पाउने बित्तिकै देय् पोखरीमा फाल्ने चलन छ र फेरि ती फाल्ने व्यक्ति त्यत्ति नै बेला पोखरीमा हाम फालेर पौडी खेल्दै राँगाको ट्वाना अथवा छालाको टुक्रा लिएर पाखरीको अर्को कुनाबाट बाहिर निस्केर आआफ्नो टोलमा गएर भोज खाने गर्छन् । तर, लाखे चाहिँ हाम फाल्ने गर्दैन । अहिले राँगाको छाला बाँडेर दिने चलन हराएर गैइसकेको छ भने राँगाको ट्वाना र राँगाको टाउको अहिलेसम्म दिने गरिन्छ । "ट्वाना जात्रा" को अन्त्यमा ट्वाना बाँडन् सकेपछि पोखरीमा कुसले जाति अथवा पोडेहरूले लगभग ४०० देखि ५०० सम्म मकैको घोगा (गोटा) पोखरीमा फाल्ने गर्छन् भने फलफूलहरू (काँक्रो, नासपाती आदि) पनि फाल्ने गर्दछन् । त्यसपछि मात्र "ट्वाना जात्रा" हेरी रहने दर्शकहरू पनि देय् पोखरीमा हाम फालेर पौडी खेल्दै मकैको घोगा र फलफूल प्रसाद स्वरूप लिएर पोखरीको अर्को कुनाबाट बाहिर निस्केर आआफ्ना घरतिर गएर भोज खाई "ट्वाना जात्रा" का साथै "गाईजात्रा" पर्व पनि सकिने गर्दछ । तर, अहिले "ट्वाना जात्रा" मा देय् पोखरीमा हाम फाल्न नै छोडि सकेको छ भने मकैको घोगा पोखरीमा फाल्न पनि पहिलेको तुलनामा थोरै मात्र फाल्ने गरिएको छ । यो मकैको घोगा पोखरीमा फाल्ने क्रम पनि बिस्तारै लोप हुने अवस्था पुगिसकेको छ । यसरी गाईजात्राको "धे धे पा पा" नाच समाप्त हुने बित्तिकै कीर्तिपुरको देय् पोखरीमा टोलटोलको बाजा र झाँकीका साथ गएर "ट्वाना जात्रा" सरु गरी खुसियाली गर्दै मनाउने गर्दछन् ।

## ४.११. गणेश पूजा

थाम्बहाल बस्ने हर्कबहादुर महर्जनसँगको छलफल गर्दा उहाँले गाईजात्राको भोलिपल्ट सबै भन्दा पहिला इन्द्रायणी मन्दिरमा पूजा गर्न सकेपछि त्यहाँबाट आएर थाम्बाहाल बस्ने धन बहादुर महर्जनको घरमा राखेको पितलको गणेशको मूर्तिलाई द्वारेले चाँदीको मुकुट लगाई दिएर पूजा गरेपछि यो पितलको गणेश मूर्तिलाई बाघ भैरव मन्दिरको गणेशको मूर्ति भएको मन्दिरमा ल्याएर राखिन्छ । अनि त्यहाँ श्रद्धालु भक्तजनहरूद्वारा पूजा गर्न सकेपछि साँझपख यो पितलको गणेशलाई खटमा राखेर नगर परिक्रमा गराइन्छ । नगर परिक्रमा गर्न सकेपछि द्वारेको घरमा भोज खाने गरिन्छ । गाईजात्रा (सापारू) को भोलिपल्ट कीर्तिपुरमा साँझ वा बेलुकापख बाघ भैरव मन्दिरबाट तलवार द्वारेद्वारा गणेशको पूजा गरी गणेशको जात्रा सुरु गरी कीर्तिपुर देय् पर्खालभित्र घुमेर कीर्तिपुर नगरको मुख्यमुख्य टोलको मन्दिरहरू परिक्रमा गर्ने गर्दछन् । त्यस दिन साँझ टोलटोलका आइमाईहरू, केटाकेटीहरू पूजा सामग्रीका साथ नगरभित्र रहेको देव, मन्दिर, चैत्य, चिवहाल, बहिल आदि ठाउँमा बत्ती दिन जाने चलन रहेको छ । यस जात्रालाई बःहा चाहिलेगु वा मतःया पनि भन्ने गरिन्छ । यसदिन साँझ पख टोलटोलका केटीहरू र आइमाईहरू आआफ्नो समूहमा एकै नासको नेवारी पहिरन र भेषभूषामा सजिएर बाघ भैरव मन्दिर प्राङ्गणमा जम्मा भएर गणेशको खटमा पूजा गरिसकेपछि सँगसँगै गणेशको खट बोकेर कीर्तिपुर नगर परिक्रमा गर्ने गर्दछन् । नगर परिक्रमा गर्न केटाकेटीहरूले राम्रो राम्रो लुगा लगाउने गर्दछन् भने आइमाई, तरूनीहरूले हाँकु पटासि (नेवारी लुगा, कालो साडीमा रातो किनारा भएको) सबैले लगाएर नेवारी गरगहनाहरू लगाएर शृङ्गार गरी हातमा सुकुन्दा बोकेर कीर्तिपुर भित्र रहेका देव, देवालय, मन्दिर, मूर्ति, चैत्य, विहार, बहिल आदि ठाउँमा पूजा गरी बत्ती दिई नगरभित्र विभिन्न ठाउँमा घुम्न जाने चलन छ । यसरी नगर परिक्रमा गर्दा अगाडि धिमे बाजा खलकहरूले बाजा बजाउँदै आइरहेका हुन्छन् । बाजा खलकको पछाडि केटाकेटीहरू र आइमाईहरू लहरै लाइनमा लागेर पूजा गर्दै, बत्ती, धूप चढाउँदै आउने गर्दछन् । पछिपछि गणेशको खट बोकेर आइरहेका हुन्छन् । मुख्यमुख्य टोलमा वा बिचबिचमा गणेशको खट बिसाएर राख्ने गरिन्छ जसले गर्दा टोलका मानिसहरूले गणेशको खट आएपछि पूजा गर्ने गर्दछन् । यतिबेला नगर परिक्रमा गर्न आउनेहरू पनि एकछिन रोकेर एकै ठाउमा उभिई

बसिरहन्छ र खट बोकेपछि फेरि नगर परिक्रमा सुरु गर्ने गरिन्छ । गणेशको खटको पछिपछि द्वारेलाई फूलमाला लगाई दिएर नगर परिक्रमा गर्दै आउने गर्दछन् । गणेशको रथलाई र द्वारेलाई छत्र ओढाएर नगर परिक्रमा गर्दै घुम्न आउने चलन छ । त्यसको पछिपछि टोलटोलको भजन खल, दाफा बाजा खलकहरू बाजा बजाउँदै, बाँसुरी खलकहरू बाँसुरी बजाउँदै, भजन गाउँदै नगर परिक्रमा गर्ने गर्दछन् । यसरी कीर्तिपुरको बाघ भैरवको मन्दिरबाट गणेशको जात्रा सुरु भई कीर्तिपुरका देशभित्रका मठ, मन्दिर, बहाल, चैत्य आदि ठाउँको परिक्रमा गरी अन्तिममा बाघ भैरव मन्दिरमा पुगेर “गणेश जात्रा” सम्पन्न हुने गर्दछ ।[१०७] यसरी यो गणेशको पूजा गरी गणेशको जात्रा गाईजात्राको भोलिपल्ट कीर्तिपुरमा साँझपख धुमधामका साथ मनाउने गरिन्छ भने गणेश पूजाको भोलिपल्ट तलबार द्वारेको पनि जात्रा गर्ने गरेको पाइन्छ । बाघ भैरव मन्दिर प्रागङ्गको गणेश पूजा गरी तरवार द्वारेलाई पूजा गर्दै टोलबासीहरू मिलेर जात्रा गरी ल्याउने गर्दथ्यो । द्वारे जात्रामा गणेशको खट बोकेर नगर घुम्ने गरिँदैन, खाली दाफाबाजा समूह र द्वारेद्वारा नगर परिक्रमा गर्ने गरिन्छ । वि.सं. २०६२ पछि यो द्वारे जात्रा गरी मनाउन छोडिसकेको छ भने अहिले खालि गणेश जात्रा मात्र गर्ने गरेको छ । वि.सं २०६३ साल पछि टोल टोल मिलेर पालो पालो गरी गणेशको जात्रा गर्ने गरेको छ । अहिले दाफा बाजाको द्वारेको चयन गरेर वा टोलको विशिष्ट व्यक्तिद्वारा बाघ भैरव मन्दिर प्राङ्गणको गणेशको पूजा गरेर गणेश जात्राको रथ यात्रा गरी कीर्तिपुर नगरभित्र टोल टोलमा परिक्रमा गर्ने गर्दछ । नगर परिक्रमा गर्दै बाघ भैरव मन्दिर प्राङ्गणमा पुगेर गणेशको पूजा सकिने गर्छन् ।

---

[१०७] हर्क बहादुर महर्जन (७५) सँगको कुराकानीमा आधारित ।

## परिच्छेद- पाँच

# कीर्तिपुरको गाईजात्राको सामाजिक दर्शन पक्ष

## ५.१.कीर्तिपुरको समाज र गाईजात्रा

गाईजात्रा पर्व मूलतः साहित्यसँग सम्बन्ध छ । साहित्य समाजको ऐना हो । यसले समाजको घटना र गतिविधिको सन्देश दिने कार्य गर्ने गर्दछ । यसको मुख्य उद्देश्य सामाजिक, राजनीतिक व्यङ्ग्य गरी देशलाई नैतिक शिक्षा प्रदान गर्नु हो । कीर्तिपुरको गाईजात्राको "धे धे पा पा" नाचले पनि यस्तै शिक्षा प्रदान गर्ने गर्दछ । यस नाचले कीर्तिपुरको टोल र समाजलाई एक ढिक्का गर्ने कार्य गरेको छ । यो दिन कीर्तिपुरको गाईजात्रा मनाउन समाजले एकता बद्ध भएर कार्यहरू गरी ठूलो भूमिका निर्वाह गर्दछ । नेवार समाजमा गाईजात्राको दिन मनाउने कीर्तिपुरको "धे धे पा पा" नाचलाई टोलको एकताको एक उदाहरणका रूपमा लिन सकिन्छ । यस नाचले कीर्तिपुरलाई एक ढिक्का गर्ने कार्य गर्दछ । यो गाईजात्राको दिनमा कीर्तिपुरका थाचिने गर्ने टोलबासीहरू एक ढिक्का भएर मिलेर सहयोग गरी कार्यहरू गर्ने गर्दछन् । हरेक कार्य एक्लै गर्दा असजिलो र अप्ठारो हुन्छ, त्यही कार्य सामूहिक रूपमा सजिलैसँग गर्न सकिन्छ । यसको ज्वलन्त उदाहरण कीर्तिपुरमा गाईजात्राको दिन मनाउने (विशेष रूपमा मनाउने) मुख्य पूजाको नाच "धे धे पा पा" नाचलाई लिन सकिन्छ । यसरी नेवारहरूको समाजमा अरू विभिन्न चाडपर्व, जात्राहरू मनाउँदै आएको बाट पनि थाहा पाउन सकिन्छ । मर्दापर्दा जुनसुकै काम गर्नुपर्दा एकआपसमा मिलेर गर्ने गरिन्छ । नेवारहरूको भोजभतेरमा मात्र छरछिमेकी, आफन्त दाजुभाइ बोलाएर खुवाउने नगरी मृत्यु सम्बन्धी हरेक कार्यमा पनि सबै मिलेर सामूहिक रूपमा समाजभित्र बसेर गर्ने गरिन्छ भने विशेष पर्वको रूपमा गाईजात्रा पर्वलाई लिन सकिन्छ । जुन कुरा नेवारहरूले गठन गरिराखेका विभिन्न जात्रा, चाडपर्वको गुठी, समिति, पूजा गुठी, सी गुठी, सना गुठी, विचा गुठी आदि गुठीहरूको गठनबाट पनि प्रष्ट हुन्छ । यी कार्यहरू गर्दा जुनसुकै जातको भए पनि अरू जातहरूले पनि आआफ्नै तरिकाबाट आफूले

सकेको सहयोग गर्ने गर्दछन् ।[१०८] यसरी कीर्तिपुरको "धे धे पा पा" नाचले समाजको एकताको प्रतीक स्वरूप निकै ठूलो र महत्त्वपूर्ण भूमिका सजिलैसँग गर्न सकेको भनेर दर्साउन खोजेको छ ।

"धे धे पा पा" नाचको मृतकका नाममा मुख्य पूजा उद्घाटन (थाचिने) गर्ने मानिसको टोलबासीहरू नै यो दिन स्वयम् सेवकको रूपमा कार्य गर्ने गर्दछन् । यो दिन स्वयम् सेवक भन्नाले मुख्य पूजा गर्ने टोलमा बस्ने दाजु, भाइ, छरछिमेकीहरू, आफन्तहरू र सरकारी सुरक्षामा खटिएको स्वंयम्सेवक समूहहरू र विभिन्न कीर्तिपुरका सामूहिक रूपमा सामाजिक सेवाको सेवकको कार्य गरी सहयोग गर्ने स्वयम् सेवकहरू भन्ने बुझिन्छ । यो दिन कीर्तिपुरको गाईजात्रा मनाउन समाजमा रहेका विभिन्न पक्षहरू मिलेर अथवा एकता बद्ध भएर कार्य गरी ठूलो भूमिका निर्वाह गर्ने गर्दछन् । यो दिन कीर्तिपुरको गाईजात्राको दिन देखाउने विशेष नाच "धे धे पा पा" नाचको सुरुदेखि अन्तिम चरणको समयसम्म नगरको मुख्य मुख्य ठाउँमा "धे धे पा पा" नाच नचाउँदै सहयोग गर्ने कार्यमा सबैभन्दा ठूलो श्रेय यिनीहरूको हुन्छ । यिनीहरूले यस नाचमा सबैभन्दा बढी सहयोग गरी ठूलो भूमिका निर्वाह गर्ने गर्दछन् । यस दिन यी स्वयम् सेवकहरूलाई अरू दर्शकहरूले सजिलैसँग स्वयम् सेवक भनी चिन्नको लागि एक किसिमको चिह्न (एकै किसिमको र रङ्गको परिचय पत्र, ट्याग, लुगा, टोपी, गन्जी, पेटी आदि इत्यादि) लगाएर सहभागी हुने गर्दछन् । यी बाहेक कीर्तिपुर भित्रका अरू टोलबासी र आफन्तजनले पनि यो "धे धे पा पा" नाचमा आवश्यक पर्ने कार्यहरूमा व्यवस्थापन गरी व्यवस्थित रूपले सञ्चालन गर्नका लागि सहयोग गरिरहेका हुन्छन् । त्यसैले यो मुख्य पूजा (थाचिने) गर्न धेरै गाह्रो छ । यदि कुनै मृतकका व्यक्तिसँग धेरै पैसा छ र टोलबासीहरूसँग सम्बन्ध राम्रो छैन वा मिलेर बस्न सकेको छैन भने यो मुख्य पूजा गरेर गाईजात्रा "धे धे पा पा नाच" सुरुवात ( थाचिने) गर्ने वा यो नाच प्रदर्शन गरी देखाउन असम्भव नै छ । यदि कुनै व्यक्तिसँग धेरै पैसा छ र टोल बासी र छरछिमेकीहरूसँग राम्रो सम्बन्ध छ भन्दैमा म यो नाचको थाचिने गर्छु भन्न पाइँदैन । किनभने यो नाच मृतकका घरबाट मात्र थाचिने गरी नचाउने गरिन्छ । त्यसैले यो

[१०८] बज्रमुनि बज्राचार्य (३७) सँगको कुराकानीमा आधारित ।

मुख्य पूजा "धे धे पा पा" नाच को थाचिने गर्ने कार्य सबैले गर्न सकिँदैन । आँट भएर पनि हुँदैन र पैसा धेरै भएर मात्र पनि पुग्दैन । यो मुख्य पूजा गर्न वा यो "धे धे पा पा" नाच नचाउनका लागि टोलबासीहरू, छरछिमेकी र आफन्तहरूका भरपुर सहयोगको धेरै खाँचो हुने गर्दछ । यो नाच नचाउन टोलका छरछिमेकी, दाजुभाइ, दिदीबहिनी र विभिन्न कीर्तिपुरका स्वयम् सेवक बिच सामूहिक रूपमा मिलेर सरसल्लाहबाट नै यो "धे धे पा पा" नाच नाच्न राम्रो वातावरण बनाउनको लागि पूर्व दश, पन्ध्र दिन अगाडिदेखि तयार भएर बस्ने गर्दछन् । त्यसैले यसबाट टोलबासीहरू बिच घनिष्ट सम्बन्ध जोड्न पनि मद्दत पुग्ने गर्दछ । यो नाच एक किसिमको कीर्तिपुर भरी रहेका टोलबासीहरूको एकताको प्रतीकको रूपमा कीर्तिपुरका नेवार समाजमा लिने पनि गरिन्छ । अन्तिममा यो "धे धे पा पा" नाच समाप्त भैसकेपछि मुख्य पूजा "धे धे पा पा" नाच सुरु (थाचिने) गरी निकाल्नेका घरमा टोलबासी, छरछिमेकी, स्वयम् सेवक, दाजुभाइ, आफन्तहरू र नाचमा सहभागी सबैजना मिलेर थाचिने गर्ने घरमा भोज खाने गर्दछन् । जसलाई एकताको प्रतीकको रूपमा स्वयम् सेवकको कार्य अनुसार कामहरू बाडफाँड गरी यो मुख्य पूजा "धे धे पा पा" नाच सम्पन्नले नचाउने गर्दछन् ।

यो कार्य गर्न पाउनु एउटा टोलबासीहरूका लागि पनि ठूलो गौरवको कुरा हुने गर्दछ । यी स्वयम सेवकहरूले "धे धे पा पा" नाचका लागि विभिन्न कार्य बाँडफाड गरी चाहिने सबै सरसामान उपलब्ध गराई दिने र हेरविचार गर्ने गर्दछन् । स्वयम् सेवकहरूले विभिन्न ठाउँठाउँमा पालोपालो गरी नाचमा सहभागी हुने र सहयोग गर्नेहरूलाई जाँड, रक्सी, खानेकुराहरू आदि पिलाउने र खुवाउने कार्यहरू मिलेर गरिरहेका हुन्छन् । गाईजात्राको "धे धे पा पा" नाच नाच्दै गर्दा जब सबै बाजा ढयाङ्ग, ढयाङ्ग, ढयाङ्ग, ढयाङ्ग, बजाइन्छ त्यतिबेला धा बाजालाई बेसरी कडा गरी नहल्लिने र नखस्ने गरी समातेर बस्ने गर्दछन् र उनीहरूले टोलबासीहरूलाई, नाच हेर्न आउने दर्शकहरूलाई पनि पालोपालो गरी बाजा बजाउने मौका दिएका हुन्छन् (चित्र नं. ५९) । जसले गर्दा खेरी दर्शकहरूको ठुलो भीड बाजा बजाउनका लागि लहरै लाइन लागेर बस्ने गर्दछन् । यसरी बाजा बजाउन आउने दर्शकको भीडलाई स्वयम् सेवकहरूले क्रमवद्ध रूपमा मिलाएर झगडा नहोस् भनी पालैपालो गरी बजाउन दिने गर्दछन् ।

यही बाजा बजाउँदा झैँझगडा भइहाल्यो भने पनि कसरी हुन्छ स्वयम् सेवकहरूले झगडा पन्छाएर मिलाउने गर्दछन् । प्रायः सबै लाइनमा बसेका दर्शकहरूलाई बाजा बजाउन अवसर दिने कोसिस गर्दछन् । यदि दर्शकहरूले बाजा बजाउन पाएनन् र नाच नाच्न सिद्धियो भने ती दर्शकहरूलाई अब अर्को नाच देखाउने टोलमा बाजा बजाउन दिने आश्वासन दिई पठाउने गर्दछन् र ती दर्शकहरू फेरि अर्को टोलमा बाजा बजाउन लाइनमा बस्ने गर्दछन् । त्यसपछि स्वयम् सेवकहरूले पनि अर्को नाच देखाउने टोलमा सकेसम्म तिनीहरूलाई पहिलेको टोलमा बाजा बजाउन नपाएका दर्शकहरू भनी  बाजा बजाउन दिने गर्दछन् । "धे धे पा पा" नाच सकेपछि नाचमा सहभागी भएर नाच्दै आउनेहरू (रातो काठको मुकुण्डो, च्याउको मुकुण्डो आदि इत्यादि) ले बोकेर नाच देखाउने सरसामानहरू (आयुदहरू) नाचको अन्तिममा भुइँमा बजारी सकेपछि वा ठटाई सकेपछि नाच सकिने गर्दछ भने ती सरसामान (आयुद)हरू सबै भुइँमा नै छाडेर उनीहरू नाच्ने वा नाचेर अर्को टोलमा नाच देखाउन जाने गर्दछन् । वि.सं. २०३५ भन्दा अगाडि धाक खलक (जस्तै : सिं ख्वापा, म्हुक ख्वापा, न्याँ त्वा आदि नाचमा सहभागी हुने) हरूले नै आआफ्नो जिउमा बोकेर नाच नाच्दै अर्को टोलसम्म "धे धे पा पा" नाच नाचेर जाने गरेको पाइन्छ । यसरी नाच नाच्नेहरूले भुइँमा छोडेर गएका सरसामान ( आयुदहरू) स्वयम् सेवकहरूले उठाएर जम्मा गरी फेरि अर्को नाच नचाउने मुख्य टोलमा लगेर एक निर्दिष्ट ठाउँमा नचाउनका लागि राख्ने गर्दछन् । यी सबै कार्यहरू व्यवस्थित रूपमा पालो पालो गरी कामहरू समूहमा जिम्मा दिएर स्वयम् सेवकहरू मिली गरिनै रहेको हुन्छ । फेरि नाच सुरु गर्ने टोलमा नाच सुरु गर्नु अगाडि स्वयम सेवकहरूको समूहले ठाउँ अनुसार नाच नाच्नका लागि व्यवस्थित रूपमा चाहिने सरसामान मिलाएर राख्ने गर्दछन् । नाच नाच्न सजिलो होस् भनेर नाच हेर्न आउने दर्शकहरूलाई, टोलबासीहरूलाई मिलाएर राख्ने गर्दछन् । नाच नाच्ने ठाउँ सकेसम्म फराकिलो बनाएर स्वयम् सेवकका घेरा बनाएर अरू मान्छेहरूलाई हातेमालो गरी बनाएको घेरा भित्र पस्न नहुने गरी "धे धे पा पा" नाच नाच्नका लागि उपयुक्त वातावरण बनाएर तयार गरी ठिक पारेर राखिन्छ । यसरी स्वयम् सेवकहरूको सहयोगले गर्दा "धे धे पा पा" नाच नाच्न सजिलो गरी दिने वातावरण बनाई दिन्छ । उनीहरूले नाचमा सहभागी हुनेहरू सबैलाई केही भयो भने आवश्यकता अनुसार रेखदेख गर्ने र सहयोग गरी दिने गर्दछन् । यसरी गाईजात्राको दिन बिहानदेखि नै टोलबासी र स्वयम् सेवकहरू खटेर कीर्तिपुरका

मुख्यमुख्य टोलहरूमा “धे धे पा पा नाच” नाच्नका लागि विभिन्न कार्यहरू गरेर सहयोग गरी ठूलो भूमिका निर्वाह गर्ने गर्दछन् ।

## ५.२.गाईजात्रा र दर्शन

नेवार समुदायले मान्छे मरिसकेपछि पनि मरेको मान्छेलाई देवता समान मानेर उनीहरूसँग विभिन्न प्रकारले सम्पर्क बनाइ रहेको हुन्छ । जस अन्तर्गत मातृऔँसी, पितृऔँसी, गाईजात्रा, सोर श्राद्ध, सद्वीज छर्न जाने जस्ता पर्वहरू मृतकका नाममा पुण्य प्राप्त गर्नका लागि विभिन्न कार्यहरू गर्ने गर्दछन् । यसरी नेवार समाजमा मृतकलाई आदरका साथै विदा मात्र नदिएर मृतकका नाममा दुई वर्षसम्म आस्था, श्रद्धा व्यक्त गर्न, समय समयमा श्राद्ध गर्नाका साथै मृतकका नाममा वर्षभरि दान र पृण्यको कार्य गर्ने गरिन्छ । यसरी मृतक र मृतकका परिवारका बिच जीवन्त अथवा सम्बन्ध गाँस्न विभिन्न काजक्रियाहरू गर्ने गर्दछन् । मृत्यु हुनु भनेको विछोड हुनु मात्र नभई मिलनको केन्द्रविन्दु पनि हो । परिवारबाट एकजना छुटिन्छ भने छुट्टिएको अवसरमा टाढा भैसकेका मृतकका आफन्तहरू, फुकीहरू, नाताकुटुम्बहरू भेला भएर सहानुभूति, माया, ममता, सहयोगको आदानप्रदान पनि हुन्छ । नेवारहरूले भर्खरै एक वर्ष भित्र देहान्त भएको मृतकका नाममा गाईजात्राको माध्यमबाट मृतकको आत्माले सुख, शान्ति र स्वर्गलोकमा बास होस् भनेर कामना गर्ने गर्दछन् । यही दर्शनको महत्त्वलाई बुझेर नेवार समुदायहरूले गाईजात्रा पर्व मनाएको देखिन्छ । वास्तवमा अन्त्येष्टि संस्कार मिलन र विछोडको सङ्गम स्थल हो । दर्शनका दृष्टिले हेर्दा पनि अन्त्येष्टि संस्कार जीवन दर्शन प्रष्ट देखिन्छ ।

वीणा पौडेलले 'Hindu Death Rites' (Antyeshti samskar) पुस्तकमा भने झैं जन्मेपछि मृत्यु निश्चित छ, त्यस्तै मृत्युपछि पनि जन्म निश्चित छ । मरेको भन्नु नै बुढो शरीरलाई त्यागेर नयाँ शरीरको खोज गर्नु हो । ऊ अर्को लोकमा जीवित रहेको हुन्छ । मर्नु भनेको नै जन्म लिनका लागि हो र जन्म लिनु भनेको मर्नका लागि हो । जुन यस जगत्मा सबै प्राणीहरूमा लागु हुने गर्दछ । मर्नको लागि सबैजनाले एउटा निश्चित यात्रा प्रत्येकले तय गर्ने

गर्दछ । त्यसैले सबै जनाको मृत्यु एकै नाशले नभइकन प्रत्येकको फरक फरक तरिकाले हुने गर्दछ । जीवनको सुरुवात कुनै जन्म र मृत्युबाट हुने गर्दैन । संसार केही पनि होइन, सबैमा आत्मा हुन्छ । मान्छे मरेपछि आत्मा अमर हुन्छ ।  त्यसैले मान्छे मरेपछि राम नाम सत्य हो भनेर भन्ने गर्दछन् । मानिस अमर छ किनकि आत्मा कहिल्यै मर्दैन । मरेपछि आत्मा शरीरबाट स्वतन्त्र हुन्छ । मरेको मानिसलाई पितृलोकमा भेट्न सकिन्छ । मरेपछि मानिसहरूको जीवन शरीरबाट स्वतन्त्र हुन्छ । मृत्यु एक किसिमको न्याय हो । हिन्दूहरूको धारणा अनुसार जन्म र मृत्यु एक सिक्काका दुई पाताहरू हुन् । मर्नु प्रकृति हो, मानिसहरू मर्नदेखि डराउँछन । जसको अर्थ ज्ञानको कमीको कारण हो । जसले भगवान्, जीवन र मृत्युको अर्थ थाहा पाएको हुन्छ । ऊ मर्नदेखि डराउँदैन । बुढो शरीरलाई छोडेर नयाँ शरीर ग्रहण गर्छ, एक वस्तुबाट अर्को वस्तुमा रूपानतरण मात्र हुनु हो । तर, जो मृत्यु, केही समयसम्म पितृलोकमा ऊ रहिरहन्छ । जसलाई मूर्त रूप वा नयाँ जीवन दिनका लागि मृत्यु संस्कार र कर्मकाण्डीय संस्कारहरू गर्नुपर्छ । संसारमा कुनै पनि वस्तु स्थीर छैन । यदि छ भने त्यो हो ब्रम्ह । 'ब्रम्ह सत्य जगत् मिथ्या' यसै दर्शन अनुरूप हिन्दूहरूले मृत्युको परिभाषा गरेको पाइन्छ ।[१०९]

यसै वैदिक दर्शनबारे प्रेरित भएर हिन्दू समुदायमा मरेपछि मानिस कहाँ के गर्छन् भन्ने धारणाले मृतकका घरका आँगनमा गरूड पुराण भन्न लगाउँछन्, त्यस्तै महायानी, वज्रयानी बौद्ध सम्प्रदायहरूमा पनि "संसारवृत्ति साधन" भन्न लगाउँछन् । जसमा यस संसारको सृष्टिको रचनाको बयान गर्नाका साथै मृत्युपछि मृतकका आत्माले कसरी यमलोकमा पाप र धर्मको दण्ड, सजायको भागिदार भई भोग्नु पर्दछ भनेर उल्लेख गरेका छन् ।

जन्मेपछि स्वाभाविक रूपमा मर्नु पर्छ । नेवारहरू जसरी जन्मे पछि जीवनमा संस्कारित हुनका लागि विभिन्न संस्कारहरू गर्छन् । त्यसरी नै मरेपछि पनि संस्कारित गरिनुपर्छ भन्ने मान्यता राख्छन् । मानिस मरेर भूत, प्रेत बन्ने होइन त्यसलाई देवता बनाउनुपर्छ भन्ने मान्यता

[१०९] Beena and Binod Ghimire, **Hindu Death Rites**, (Kathmandu:  Barsha and Bishal Ghimire,1998 A.D.) page nos. 17-18.

भएकाले जीवनको अन्तिम श्वास छोड्ने बित्तिकै जीवनका लागि संस्कार सुरु हुन्छ । मृत्युपछि जीवनको एक अध्याय समाप्त हुन्छ ।

हिन्दू र बौद्धहरूमा मृत्युपश्चात पुनर्जन्मको विश्वास भएकाले सुखावतीको कामना गरी विभिन्न किसिमको दान र पुण्य कर्महरू गर्ने गर्दछन् । मानिसहरूको समाजमा वर्षभरी विभिन्न किसिमका जात्रा पर्वहरू मनाउने गर्छन् । ती जात्रा र पर्वहरू धेरैजसो कृषिसँग सम्बन्धित छन् भने केही पर्वहरू मृतकका सुखावतीको कामनासँग सम्बन्धित छन् । जस्तैः नेवार समुदायमा मृतकका आफन्तहरूले गुँला धर्ममा बौद्ध, विहार, बहिल, चैत्य आदि ठाउँमा मृतकका नाममा नगर परिक्रमा गर्न जाने, सद्वीज छर्न जाने गर्दछन् भने प्रत्येक वर्षको बैशाख कृष्णपक्ष औंसीको दिनमा मातातीर्थमा स्नान गरेर आमाको मुख हेर्ने भनेर आमाको श्राद्ध गर्ने, पुरोहितलाई सिदा दान दिने पर्व मनाउँछन् । त्यस्तै गरेर भाद्र कृष्णपक्ष औंसीको दिनमा बुबाको मुख हेर्ने दिनमा गोकर्णमा गई स्नान गरी बाको श्राद्ध गर्ने, सिदा दान दिने पनि गर्दछन् । गोकर्ण र मातातीर्थ जान नसकनेहरू घरमा नै शुद्ध भई पुरोहित वा ब्रजाचार्यहरूलाई बोलाई श्राद्ध गर्ने, दानदक्षिणा दिने आदि कार्यहरू गर्दै आएका छन् । त्यसैगरी नेवार समुदायमा यी बाहेक मल्लकाल देखि चल्दै आएको गाईजात्राको दिनमा परिवारमा आफन्तको मृत्यु भएको एक वर्षभित्र गाईजात्रा पर्व मनाइने गरिन्छ । अहिले यो गाईजात्रा पनि एउटा मृत्यु संस्कारको प्रतीकको रूपमा मनाउँदै आएको पाइन्छ ।

नेवारहरूको दर्शनको लक्ष्य मोक्ष प्राप्ति नभएर देवत्व प्राप्त अथवा मान्छे नै देवता सरह बन्न जाने हो । मोक्ष प्राप्त हुनु भनेको र देवत्व प्राप्त हुनु भनेको एकै होइन । मोक्ष प्राप्त भयो भने मानिस संसारसँग पूर्ण रूपमा सर्म्पकबिहीन भई हराएर जान्छ, उसको नातागोता भन्ने कोही हुने गर्दैनन् । तर, नेवार दर्शन अनुसार देवत्व प्राप्त गरेर गएपछि देश, समाज र परिवारसँग सम्पर्क भइरहन्छ भने मान्छे जन्म लिएदेखि नमरेसम्म उसलाई देवताको प्रतीक स्वरूपमा मान्ने गरिन्छ । त्यसैले मान्छेले जन्म लिएको दिनदेखि नामकरण गर्ने, बाह्रा राख्ने, गुफा राख्ने, ब्रतबन्ध गर्ने, जङ्को गर्ने र विभिन्न समयमा मान्छे आफै देवताको प्रतीक स्वरूप भएर नाच्ने (जस्तैः दसैंमा खड्ग जात्रा गर्ने, १२ वर्षको विभिन्न भैरव र अष्टमातृकाको जात्रा

गर्ने, आदि इत्यादि) गर्दछ । मान्छेहरूलाई देवता नै सम्झेर छोएर ढोग गर्ने गरिन्छ, पूजा र बलि दिने गरिन्छ, सगुन दिने गरिन्छ । नेवारी समाजमा कहीँ कतै भोज गर्दा , गुठी गर्दा ,मन्दिरमा बनभोज गर्दा आदि भोजमा देवतालाई पनि एउटा भाग थकालीको हिसाबले सबै भन्दा अगाडि नै छुट्याएर राख्ने गरिन्छ । जे खानेकुरा पकाएर राखेको छ ती सबै देवतालाई पनि भाग राख्ने गरिन्छ । भोज खाने समयमा आफूले जे खाने हो ति सबै देवतालाई चढाएर खाने गरिन्छ । यसरी भोज खाँदा पनि देवतासरह एकै ठाउँमा चढाएर खाने भनेको आफूलाई पनि देवता नै मान्नु हो । त्यसैले नेवार समाजमा एउटा मानिसले अर्को मानिसलाई वा कुनै व्यक्तिलाई खुट्टाले छोयो भने पनि देवता सम्झेर हातले छोएर ढोग्ने चलन छ । नेवार संस्कृतिमा मान्छे जम्मेदेखि नमरेसम्म यसरी उसलाई देवता मानेर पाँच वर्ष मुनिकालाई कुमार, कुमारी भनेर मान्ने गरिन्छ भने इही, ब्राहा राख्ने, ब्रतबन्ध गर्ने, जङ्को गर्ने आदि गर्ने परम्परा छ । मान्छे मरिसकेपछि पनि मरेको मान्छे देवता समान उनीहरूलाई जीवनमा विभिन्न सम्पर्क बनाइएको हुन्छ । त्यसो भएको हुनाले सामाजिक ठुलाठूला कार्य गर्दा (जस्तैः ब्रतबन्ध, बिवाह, जङ्को आदि विविध कार्यहरू) अगाडि मरेर गईसकेको आफन्तहरू बा, आमा, बाजे, बजै, दाजु भाइ नाताको (पुर्खाहरू) रूपमा श्राद्ध गरेर निमन्त्रणा र सूचना दिने वा आह्वान गर्ने गरिन्छ ।

अरूहरूका मरेर गइसकेपछि उसको दसक्रिया कर्म सकेपछि तीर्थश्राद्ध गर्न सकेपछि मृतक मान्छेले मोक्ष प्राप्त गर्दछ । उसको नाममा वर्षैपिच्छे श्राद्ध गरीरहनु पर्दैन, परिवारबाट सम्पर्क रहने नै गर्दैन भनेर आध्यात्मिक दर्शनहरूको धारणा रहेको छ । तर, नेवारहरूका दर्शनअनुसार मान्छे मरेर गइसकेपछि मृतक मान्छे देवता भएर गएको धारणा अनुसार देवताको रूपमा उनीहरू परिवारसँग सर्म्पकमा रहिरहेका हुन्छन् । मान्छे मर्ने बित्तिकै उसलाई विधिपूर्वक दाहसंस्कार गरी सकेपछि त्यही दिनदेखि दुःख बस्ने गर्दछन्, अनि दुव्यंकेगु, घःसु गर्ने र श्राद्ध गर्ने गर्दछन् । यसरी सबै दसक्रिया गर्ने कार्य सकेपछि पनि ४५ दिनमा श्राद्ध, ६ महिनाको श्राद्ध र पछि वर्षैपिच्छे श्राद्ध गर्ने गर्दछन् । बुबा अथवा आमाको मृत्यु भएमा बाँचुन्जेल सम्पर्क नछुटाउनका लागि उनीहरूका नाममा सके (दिनकादिन) बिहान छोराहरूले खाना खाने बेलामा जल छर्केर बौं (भात) चढाउने गर्दछन् । यसरी मरिसकेपछि पनि मृतकहरूका नाममा देवतासरह मानेर परिवारहरूमा सम्पर्कमा रहिरहने परम्परा नेवार समाजमा देखिन्छ ।

नेवारहरूका समाजमा मान्छेलाई देवता स्वरूप मान्ने गरेकोले छोरी वा बुहारीहरूले आफू भन्दा ठूलो व्यक्ति वा आफन्तहरूलाई देख्ने बित्तिकै सम्मानपूर्वक ढोग (भाग्य या) गर्ने चलन अहिलेसम्म रहिनै रहेको छ । यसरी नेवार समाज र संस्कृतिद्वारा के थाहा पाउन सकिन्छ भने मान्छेको जन्म सुरु भएदेखि मरेर गई सकेपछि पनि देवताको प्रतीक स्वरूपमा मानेर पूजा गर्ने चलन अहिलेसम्म पनि परमपरागत रूपमा मान्दै आइरहेको छ । नेवारहरूको दर्शन एउटा आफ्नै मौलिक धारणाको रूपमा रहेको पाइन्छ । नेवार समाजमा मान्छे बाचुन्जेल जतिसुकै बदमास काम गरे पनि, दु:ख दिएर गए पनि मरेर गए पछि देवत्व प्राप्त भयो भनेर ऊ देखि नरिसाई देवता भयो भन्ने चलन रहेको छ ।[११०] नेवारको सांस्कृतिक दर्शन र तान्त्रिक विधि कसैसँग नमिलेर आफ्नै मौलिक रहेको पाइन्छ । यो नै नेवारहरूको विशेषता हो । यही कारणले गर्दा गाईजात्राको दिन नेवार समुदायहरूले एक वर्षभित्र मरेका व्यक्तिका नाममा आफन्तहरूले उसलाई देवता स्वरूप मानेको हुनाले देवताको प्रतीक स्वरूप पूजा गरेर गाई वा गाईको भेषमा मान्छेलाई नै नगर घुमाउन पठाइएको हुन सक्छन् । यसरी पठाउँदा मृतकका आफन्तहरूले उसको आत्माले देवत्व प्राप्त होस्, सद्गति प्राप्त होस् र स्वर्गमा बास होस् भनेर प्रार्थना गर्ने पनि गर्दछन् ।

## ५.३.गाईजात्रा र तन्त्र

अष्टमातृका देवताहरूलाई पहिले सप्तमातृका मात्र भन्ने गरिन्थ्यो । पछि मात्र यिनीहरूलाई अष्टमातृका भन्न थालिएको हो । अमरकोश किताबमा यसरी वर्णन गरेको छ :

ब्राह्मी माहेश्वरी चैव कौमारी वैष्णवी तथा
बाराही च तथेन्द्राणी चामुण्डा सप्तमार: ॥

[११०] बलदेव जुजु, **नेवा संस्कृति व नेवा दर्शन**, (ललितपुर : लोक साहित्य परिषद, वि.सं. २०५२ ) पृ. ३,४,२५ ।

आठ जना मातृकाहरूका नाचमा भैरव बिचमा बस्ने गर्दछन् । भैरवको अर्थ भयङ्कर डरलाग्दो भन्ने हुन्छ । भैरवले खड्ग र ढाल समातेर नाच्ने गर्दछन् । भैरवको बहानको रूपमा बेताल (मृतक) हो । यो मुख्य भैरव हो तर, अष्ट भैरव भनेर विभिन्न प्रकारका भैरवहरू पनि छन् । भैरवलाई नेवारीहरूले आजु वा आजु द्यः भन्ने गर्दछन् । यस्तै गरेर महाकालीलाई अजिमा वा अजिमा द्यः भन्ने गर्दछन् । यिनीहरू सबैलाई नेवारहरूले आफ्नै परिवारका रूपमा मानेर चाडपर्व, जात्रा आदि मनाउँदै आइएका छन् ।[१११]

नेपालमा मातृशक्तिको उपासना गर्ने परम्परा प्राचीन कालदेखि हुँदै आइरहेको कुरा यहाँ स्थापना गरिराखेका विभिन्न मूर्तिहरूले दर्साउने गरेका छन् । शक्तिको उपासना देशको रक्षाको निम्ति गर्ने गरिन्छ । यही क्रममा सप्तमातृका, अष्टमातृका, नवदुर्गा, तलेजु आदिको स्थापना देशको रक्षाका लागि गर्ने गरीयो । यस्तै गरेर बौद्ध सम्प्रदायका रूपमा तारा, योगिनी, अजिमाको उपासना शक्ति पूजाको निम्ति गर्ने गरेको देखिन्छ । तान्त्रिक सुरक्षाको निम्ति तेरौं शब्तादीतिर काठमाडौंलाई खड्गाकार, ललितपुरलाई चक्राकार र भक्तपुरलाई श्रीयन्त्राकारका रूपमा मातृका देवीहरूको थापना गरीराखेका छन् । नेवारहरूको मुख्य बस्तीबाट आएको हुनाले यसप्रकारका प्रभाव सबै नेवार बस्तीहरूमा पर्न गएको पाइन्छ । यही प्रभाव कीर्तिपुरमा पनि पर्न गएको देखिन्छ । जसले गर्दा कीर्तिपुरको देय् गुठीले वर्षको एक पटक भएपनि यो देशलाई तान्त्रिक सुरक्षा दिई देशमा शान्ति, सुरक्षा, पवित्र र कल्याण आदि कार्य गर्ने विचारले बाघ भैरव नृत्यको प्रतीक स्वरुप अष्टमातृका गणहरूको आराधना गरेर मुकुन्डोहरू बनाएर कीर्तिपुरको देय् गुठीमा नै राख्न थालियो । यी मुकुन्डोहरू कीर्तिपुरको देय् गुठीले प्रत्यक वर्ष गाईजात्राको एक दिनको लागि मात्र विधि पूर्वक पूजा गरी फुकुवा गर्दै मृतकको नाममा कीर्तिपुर नगर परिक्रमा गर्न दिएर पठाउन थालियो । यसरी कीर्तिपुरको गाईजात्रामा मृतकको नाममा देशलाई शुद्ध, पवित्र र कल्याण गर्नको लागि तान्त्रिक सुरक्षा प्रदान गराएको देखिन्छ ।

---

[१११] ज्ञानकाजी मानन्धर, **कुमारी**, (बनेपाः सुखावती मानन्धर,ने.सं.११२३ ) पृ. अ-आ ।

पीगंको पूर्वरूप 'पीठ गण' हरू हो जहाँ लहरै मातृका गण देवताहरू हुन्छन् । नेवार समाजमा कुनै बस्ती थापना भैसकेपछि त्यस बस्तीलाई तान्त्रिक कवच लगाइ दिने चलन छ । तान्त्रिक सुरक्षाका निम्ति शक्तिको मुख्य स्रोत भनेको नै पीगं हो । तान्त्रिक शक्ति उपासना गर्नेहरूलाई पीगं धेरै नै महत्त्वपूर्ण ठाउँ हो । शक्ति उपासना गर्ने भएकाले आफ्नो बस्ती भित्र कुनै किसिमको विघ्नबाधा नआओस् भनेर प्रत्येक नेवार बस्तीहरूमा आआफ्नो शक्तिपीठको पूजा गर्दै आइरहेका हुन्छन् । पीगंमा पूजा गर्नाका मुख्य उद्देश्य भनेको नै भूत, प्रेत, पिशाच, अगति, विभिन्न प्रकारको रोग, सँगसँगै अष्ट भयहरू (राजाबाट, चोरबाट, पानीबाट, आगोबाट, हावाबाट, शत्रुहरूबाट, चटयाङबाट र भूकम्पबाट) बाट छुन (केही गर्न) नसकोस् भनेर नै हो । पीगं देवतालाई बौद्ध समाजमा अजिमा देवता र हिन्दू समाजमा मातृकाका रूपमा पूजा गर्दै आएको पाइन्छ । ब्रम्हायणी, महेश्वरी, कौमारी, वैष्णवी, इन्द्रायणी, चामुण्डा र महालक्ष्मीहरूलाई अजिमा र अष्टमातृका भन्ने गरिन्छ । पीगंमा अष्टमातृकासँग सिम्बा, धुम्बा, भैरव, गणेश आदि लहरै देवताहरू एकैनासले थापना गरी राख्दछन् । त्यसैले पीगंमा पूजा गर्ने भनेको नै तान्त्रिक दृष्टिकोणबाट शक्ति उपासना गर्ने पूजा हो । तान्त्रिक पूजा गर्नेहरू आजसम्म पनि पीगंमा गएर तान्त्रिक साधना गर्ने गर्दै आई राखेका छन् । तान्त्रिक शक्तिको मूल स्रोतको रूपमा पूजाआजा गर्दै आइराखेको पीठगण देवताहरूलाई मूर्ति मात्र थापना गरेर नपुगेर त्यस मूर्तिहरूलाई जीवन्यास विधिले देवत्व प्रतिस्थापन गरीसकेपछि मात्र ती देवताहरूको जीवन्त हुने विश्वास भएका कारणले विभिन्न देवदेवीहरूलाई जीवन्त दिनका लागि मानिसको शरीरभित्र देवता चढाउने (द्यः दु बिकेगु) परम्परा चल्दै आएको छ । यही परम्परा भित्र विभिन्न मातृकाहरूलाई पनि जीवन्त दिने कार्य भएको हो । यही क्रममा अष्टमातृका नृत्य (इकुन प्याखँ) बनाइएको होला । मध्यकालतिर इकुन नृत्यको नाममा परिचित यी नृत्यहरू विभिन्न नामले परिचित हुँदै आएको छ । जस्तैः काठमाडौंको पचली भैरव नृत्य, न्यत अजिमा नृत्य, लुमरी अजिमा नृत्य, हल्चोकको भैरव नृत्य, थेच्वको नवदुर्गा नृत्य, कीर्तिपुरको बाघ भैरव नृत्य गथांमुगलको दिनदेखि सुरु गरेर भलभल अष्टमीको दिनमा सकिने नृत्यहरू हुन् । यी सबै अजिमा नृत्यमा सुरुबाट गर्दा जन्म र समाप्त गर्दा मरण (मृत्यु)को रूपमा लिएर मुकुन्डाहरू जलाएर नृत्य समाप्त गर्ने गरिन्छ । कीर्तिपुरको बाघ भैरव नृत्य १२ वर्षमा एक पटक सिकाएर प्रदर्शन गर्ने नृत्य हो । यो नृत्य गथांमुग चःऱ्हेको दिन देखि विधिपूर्वक नतराज (नाःसःद्यः) साधना गरेर सिकाउने गरिन्छ ।

भैरव, गणेश, इन्द्रायणी, महेश्वरी, वैष्णवी, कौमारी, बाराही, काली, ब्रम्हायणी, महालक्ष्मी ( कलश), सिंधिनी, व्याघ्रिनी र लट्ठीमा घसेको महादेव भएको यो नृत्य विभिन्न ठाउँहरूमा नृत्य प्रदर्शन गरेर देखाइसकेपछि भलभल अष्टमीको दिनमा सीजा खुवाएर मन्त्र दीक्षा फिर्ता लिने गरिन्छ, यसप्रकारले यो नृत्य समाप्त हुने सङ्केत गरिएको छ ।[११२]

यसरी १२, १२ वर्षको एकपटक मात्र नृत्य प्रदर्शन गरेर देखाउने वर्षमा नेवार समाजमा विशेष रूपमा प्राथमिकता दिएर मनाउने गरिन्छ । यी वर्षमा नेवारहरूले आफ्नो देशको यस नृत्यलाई बढी प्राथमिकता दिने गर्दछन् । जसले गर्दा खेरी यो नृत्य प्रदर्शन गरेर देखाउने वर्षभरि वा नृत्य प्रदर्शनको समयमा अरू कुनै पनि नृत्य, जात्रा, चाडपर्वहरूमा प्रत्येक वर्ष चलाउँदै आइरहेका मुकुन्डाहरू, बाजाहरू आदि यस वर्षमा प्रयोग गर्ने गरिँदैन । यस वर्षमा नेवारहरूले विवाह, ब्रतबन्ध, इही आदि भोजहरूमा समेत बाजा बजाउन हुँदैन भन्ने जनविश्वास रहेको छ । यसको प्रभाव प्रत्येक वर्ष कीर्तिपुरको गाईजात्राको दिनमा प्रदर्शन गरेर देखाउने एक मात्र 'धे धे पा पा' नाचमा पनि परेको छ । कीर्तिपुरको १२ वर्षमा एकपटक मात्र नचाउने "बाघ भैरव नृत्य" (गठू प्याखँ) प्रदर्शन गर्ने वर्ष परेका बेलामा गाईजात्राको 'धे धे पा पा' नाचमा पनि प्रत्येक वर्ष प्रयोग गरिएका मुकुन्डाहरू र कीर्तिपुरको देय् गुठीको तिथा ख्वापा (मुकुन्डो)हरूको प्रयोग नगरीकन अर्को छुट्टै विशेष प्रकारका मुकुन्डाहरू बनाएर 'धे धे पा पा' नाच विशेष रूपमा मनाउने गरिन्छ । यस वर्षमा 'धे धे पा पा' नाचका सबै प्रकारका मुकुन्डाहरू जुन प्रत्येक वर्षमा देखाउने मुकुन्डाहरूको जस्तै हुबहु त्यस्तै अनुकरण गरिएर बनाई प्रदर्शन गरी देखाउने गरिन्छ । यसरी नै फेरि अर्को बाह्र वर्षमा कीर्तिपुरको बाघ भैरव नृत्य प्रदर्शन गरीने वर्षमा गाईजात्राका दिनमा प्रयोग गर्नका लागि पनि अर्को नयाँ मुकुण्डाहरू बनाएर 'धे धे पा पा' नाच प्रदर्शन गरी देखाउने गरिन्छ । यसरी १२/१२ वर्षमा कीर्तिपुरको "बाघ भैरव नृत्य" अष्टमातृका गणका तान्त्रिक नाच प्रदर्शन गरेर देखाउने वर्षमा कीर्तिपुरका गाईजात्रामा पनि सबै मुकुन्डोहरू विशेष किसिमको मुकुन्डाहरू बनाएर 'धे धे पा पा' नाच

११२ जीवन कुमार महर्जन, "इकुन प्याँख", **मतिना प्रकाशन**, (काठमाडौंः अमृता श्रेष्ठ, ३:१०, वि.सं. २०६६ ) पृ. १०- १२ ।

प्रस्तुत गरिन्छ । यो १२ वर्षमा नचाउने "बाघ भैरव नृत्य" (गठू प्याखँ) नचाएको वर्ष मृतकका नाममा थाचिने गरी नगर परिक्रमा गर्न जाने " मुख्य तिर्था मुकुन्डा " र अन्य तिर्था मुकुन्डोहरू पनि कीर्तिपुरको देय गुठीका प्रयोग नगरीकन विशेष प्रकारका मुख्य तिर्था मुकुन्डा र अन्य तिर्था मुकुन्डोहरू प्रयोग गरी नगर परिक्रमा गर्न पठाउने गरिन्छ (चित्र नं. ६६) ।[११३] यसरी देश शुद्ध, शान्त, पवित्र र कल्याण गर्नका लागि अष्टमातृका गण (तान्त्रिक) नाचको विशेष महत्त्व नेवार समाजमा रहँदै आएको छ ।

## ५.४.संस्कृति, परम्परा र गाईजात्रा

बौद्ध धर्म मान्नेहरूले विशेष गरेर यो महिनाभरी 'गुँला' धर्म मान्ने गर्दछन् । गुँला धर्म भनेको गुँलाथ्व पारूदेखि यँलाथ्व पारू एक महिनासम्म मनाउने चाड हो । यही गुँला एक महिनाभित्र "गाईजात्रा" पर्व पनि पर्दछ । यस महिनामा बौद्ध धर्म मान्नेहरूले बुद्ध धर्म अनुसार बुद्ध धर्मको शीलहरू पालना गर्ने गर्दछन् । बुद्ध धर्म अन्तर्गत विभिन्न शीलहरू मध्ये दान शील, त्याग शील, बह्मचार्य शील, इत्यादि जति सक्छ त्यति शीलको पालना गरी बुद्धको, बोधिसत्वको, लोकेश्वर आदिको मूर्ति, चैत्य, धर्म धातु, बज्रधातु, ग्रन्थहरूको श्रद्धापूर्वक भक्ति गरी, पूजा पाठ गर्ने, पिण्ड पात्र उठाउने, ब्रत बस्ने, भाकल गर्ने, प्रार्थना गर्ने गर्दछन् । यो गुँला महिनामा आफ्ना परिवारको मृतकका नाममा सतु पूजा जाने, धूप र बत्ती बाल्न जाने गर्दछन् । दाफा बाजा खलकहरूले नौ बाजा (न्यकू बाजा) फुकेर बहाल, बहिल, विहार, चैत्य, मठ, मन्दिर, स्वयम्भू, पाटनको चार थुर, बाडेगाउँ आदि बौद्ध स्तूप भएका विभिन्न ठाउँहरूमा घुम्न जाने वा नगर परिक्रमा गर्न जाने चलन रहेको छ ।

कीर्तिपुरको कुतुःसालः (मानन्धर) टोलबाट अहिलेसम्म यहाँबाट मृतकका नामबाट गाईजात्राको "धे धे पा पा" नाचको मुख्य पूजा "थाचिने" गर्ने गरेको छैन । मानन्धर टोलमा बौद्ध धर्म मान्नेहरू प्रसस्त मात्रमा छन् । यहाँका प्रत्येक घरघरमा नौ (न्यकू) बाजा सुरक्षित

[११३] जीवनकुमार महर्जन (४२) सँगको कुराकानीमा आधारित ।

साथ राखेको पाइन्छ । तर, अहिले सबैले आखाँ छे(बाजा बजाउन सिकाउने घर) मा राख्ने गरेका छन् । गुँला धर्मको एक महिनाभरी बुद्धको पूजा, प्रार्थना गर्नु, बौद्ध, मठ, मन्दिर, स्तूप, चैत्य आदि ठाउँमा नौ बाजा बजाएर नगर परिक्रमा गर्ने गर्दछन् । प्रत्येक गुँला महिनाको अष्टमीको दिन व्रत बस्ने चलन छ । त्यसैले यो कुतुसालः (मानन्धर) टोलबाट गाईजात्रामा मुख्य पूजा ननिकालेको हो । मानन्धर टोलबासीहरूले पनि बौद्ध धर्म (बुद्ध) लाई मार हान्न आएको प्रतीकको स्वरूपमा गाईजात्राको "धे धे पा पा" नाच नचाएको हो भन्ने जनधारणा रहेको छ । [११४]

वि.सं. २०६६ मा गाईजात्राको "धे धे पा पा" नाच कुतुसाल टोलको पालो भए पनि कुतुसाल टोलमा मुख्य पूजा गर्न हुँदैन भनेर सागल टोलबाट "धे धे पा पा" नाचको मुख्य पूजा मृतकका नाममा थाचिने गरी नाच सुरु गरेको पाइन्छ ।

कीर्तिपुरमा बौद्ध धर्म मान्नेहरूले गाईजात्राको दिनमा नचाउने यो "धे धे पा पा" नाच एक प्रकारको बुद्धलाई मार हान्न आएको वा बुद्धलाई जिस्काउन आएको हो भन्ने जनविश्वास रहेको छ । कसरी भन्दा खेरि अहिले जुन जुन स्थानमा वा ठाउँमा भगवान् बुद्धको मूर्ति, चैत्य छ त्यही त्यही स्थानमा वा ठाउँमा यो गाईजात्राको "धे धे पा पा" नाच नचाउँदै घुमाउँदै आइरहेको छ अथवा "धे धे पा पा" नाच नचाउने ठाउँमा बुद्धको स्तूप स्थापना गरी राखेको पाइन्छ । बुद्धिस्टहरूको अनुसार बुद्धको पूजा गर्नेहरूले "धे धे पा पा" नाच को जस्ता बाजाहरू बेस्सरी बजाएर विभिन्न प्रकारले चलेर, उपद्रो जस्तो गरी नाचहरू नचाउने शैली र पूजा गर्ने विधि बुद्ध धर्ममा कतै पनि उल्लेख गरिएको छैन । भगवान् बुद्धको पूजा त शान्त, भलादमी खालको हुनुपर्ने तर यो गाईजात्राको "धे धे पा पा" नाच चाहिँ एकदमै भिन्दै रूपमा बाजाहरू पनि ठूलो ठूलो आवाजमा बजाएर, विभिन्न तालमा उफ्रीउफ्री, चलेर, छिटो छिटो आदि तरिकाबाट नाच नाच्ने भएकाले र त्यसमाथि पनि बुद्धको मूर्ति वा चैत्य भएको ठाउँमा नै नाच

---

[११४] देवबहादुर मानन्धर (८२) सँगको कुराकानीमा आधारित ।

देखाउने भएका कारणले गर्दा भगवान् बुद्धलाई जिस्काउन आएको हो कि जस्तो लाग्ने गर्दछ । जुन बुद्धिस्ट वा बौद्ध धर्मालम्बीहरूलाई मन नपर्न पनि सक्दछ । त्यस बाहेक पनि गाईजात्रा पर्व हिन्दुकरण देखिन्छ, जसले गर्दा बुद्ध धर्मको एकदमै विरोधा भास पनि देखिन्छ । कीर्तिपुरमा गाईजात्राको एक दिन अगाडि गुंन्हुंपुणिको (जनैपूर्णिमाको) बेलुका पख मृतकका आफन्तहरूले मृतकको नाममा बहाल चाहिवनेगु भनेर पुरोहित वा बज्राचाय राखेर कीर्तिपुरको बहाल, बहिल, विहार, चैत्य, मठ, मन्दिर आदि ठाउँहरूमा श्रद्धापूर्वक पूजा गर्दै, पञ्चबुद्धको मुद्रामा ताण्डव नाच नाच्ने, सतु चढाएर पूजा गर्ने, परिवारको मृतकको आत्मालाई सुख र शान्तिको कामना गर्दै बत्ती दिने, प्रार्थना गर्ने, विविध किसिमले मृतकका आत्माले स्वर्गमा बास होस भनेर कामनाहरू गर्ने गर्दछन् । यस्तो खालको शैली अनुसार बौद्ध धर्मालम्वीहरू पूजा गर्दै आइरहेको स्थान वा ठाउँमा नै फेरि भोलिपल्ट गाईजात्राको दिनमा त्यही स्थान र ठाउँहरूमा गाईजात्रा नाच "धे धे पा पा" नाच मा बेसरी बाजा बजाएर बाजाको तालमा बेसरी चलेर नाच्ने गर्दछन् । त्यसैकारणले गर्दाखेरि बुद्धिस्ट वा बौद्ध धर्मालम्बीहरूले यो "धे धे पा पा" नाच लाई बुद्ध मूर्ति, चैत्यहरूलाई वा बुद्धलाई नै जिस्काउन आएको हो अथवा बुद्धलाई मार हान्न आएको हो भन्ने प्रतीकको रूपमा यो "धे धे पा पा" नाचलाई हेरेको पाइन्छ ।

कीर्तिपुरको बौद्ध धर्म मान्नेहरूले कीर्तिपुरको गाईजात्रामा गाई भेषमा र "धे धे पा पा" नाचमा सहभागी हुने गर्दैनन् । गाईजात्राको दिन गाई सम्बन्धी कुनै कार्य पनि गर्ने गर्दैनन् । गाई जात्रा (सापारू) को दिनमा यी बौद्ध धर्म मान्ने बज्रयानहरू, शाक्यहरू आदि बौद्ध धर्मप्रति समर्पित व्यक्तिहरूले गाईको भेष, कृष्ण, जोगी आदि कुनै पनि भेषमा यस गाईजात्रामा सामेल हुने गर्दैनन् । जनै पूर्णिमाको दिन जनै (धागो) पनि बाँध्ने वा लगाउने गर्दैनन् किनभने बौद्ध धर्ममा बज्रयान, महायान आदि सबै बौद्ध धर्ममा 'गाई' शब्दको कुनै अर्थ रहेको देखिँदैन । गाईको उल्लेख कहीँ पनि गरिएको देखिँदैन । उनीहरूका धर्ममा गाईलाई देवता मानेर ईश्वरको देवी, देवता आदि कुनै रूपमा पूजा गर्नुपर्ने भनेर कहीँ उल्लेख गरिएको पनि छैन । बौद्ध धर्ममा

गाईको कुनै अर्थ र अस्तित्व पनि नभएको हुनाले गाईजात्रामा बौद्ध धर्म मान्नेहरूले यो "धे धे पा पा" नाच नमनाएको हो ।[११५]

बौद्ध धर्म ग्रन्थको "ललित विस्तार सूत्र" भन्ने बौद्ध ग्रन्थ किताबमा सर्वाथ सिद्ध भगवान् बुद्धलाई मार हान्न आउने कथाको आधारमा यो "धे धे पा पा" नाच नचाएको हो भन्ने गरेको पनि पाइन्छ । यो नाच हेर्न हुँदैन भनेर बज्राचार्यहरू कोही कोहीले यो जात्रा उनीहरूको घर अगाडि आईपुग्दा झ्याल ढोका बन्द गरेर घरभित्र नै बसिराख्ने गर्दछन् । यो नाच भगवान् बुद्धलाई मार हान्न आएको हो वा बुद्धको तप भङ्ग गर्न आएको हो । किनभने यो नाच जहाँ नचाइन्छ त्यहाँ त्यहाँ टोलको चोकचोक, स्थान र ठाउँहरूमा चिबहाः वा चैत्य रहेका छन् । यी चिबहाः वा चैत्य भएको ठाउँ अगाडि नचाउने भएकाले यो नाच भगवान् बुद्धलाई गिज्याउन वा मार हान्न आएको प्रतीक स्वरूपको नाच हो भन्ने धारणा कीर्तिपुरका बौद्ध धर्मालम्बीहरूको जनविश्वास फलिँदै गइरहेको छ । त्यसैले यो नाच कीर्तिपुरको  बौद्धधर्मालम्बीहरूले हेर्न हुँदैन भन्ने गर्दछन् । यसरी यो नाच कीर्तिपुर भरी गलत तरिका बाट प्रचारप्रसार भएर गएको छ ।

तर, यो दिनमा केराउ, फलफूल, द्रव्य दान दिने कार्य चाहिँ गर्ने गर्दछन् । बुद्ध धर्ममा धर्मशीलहरूको पालना मध्ये सबभन्दा पहिलो शील दानशील हो । त्यसैले यो फलफूल, केराउ आदि दान दिनु ठूलो धर्म हो । त्यसैले दान दिनु पर्दछ । धर्म लाग्छ भन्ने धारणा र भावनाले गर्दा दान चाहिँ दिने गरेको पाइन्छ । तर, गाईजात्रामा "धे धे पा पा" नाचमा सहभागी हुनेहरूलाई र गाई, जोगी, कृष्ण भेष धारी भई गाईजात्रामा नगर घुम्न आउनेहरू कसैलाई पनि बौद्ध धर्मालम्बीहरूले दान दिने गर्दैनन् । यो केराउ फलफूल दान त आआफ्नो टोल टोलमा मात्र दान दिने गर्दछन् । यसरी दान दिने गर्नाले ठूलो धर्म र पुण्य मिल्छ ।[११६] जुन दान दिने कुरा छ त्यो बलिराजासँग पनि सम्बन्ध रहेको छ भने बौद्ध धर्मालम्बीहरूले भगवान् बुद्धले

---

११५ बज्रमुनि बज्राचार्य (३७) सँगको कुराकानीमा आधारित ।

११६ बज्रमुनि बज्राचार्य (३७) सँगको कुराकानीमा आधारित ।

आजको दिनमा मार विजय प्राप्त गरेको उपलक्ष्यमा दान दिई खुसियाली मनाएको प्रतीक स्वरूप मान्ने पनि गर्दछन् ।

यसको विपरीत गाईको हिन्दू धर्ममा ठूलो महत्त्व रहेको छ । गाईलाई गौमाताको रूपमा लिने गरिन्छ । गाईले दुध दिने र हरेक काममा गाईको प्रयोग हुने गर्दछ र गाईको गोबर पनि प्रयोग हुने हुनाले गाईलाई देवताको रूपमा मानिएको छ । गाईको दुध खाने गर्नाले हिन्दू धर्ममा माता (आमा) को दर्जा (सम्मान) दिइएको छ । गाईलाई लक्ष्मी पूजामा पनि पूजा गर्ने गर्दछन् ।

कीर्तिपुरको "धे धे पा पा" नाचलाई कीर्तिपुरका धेरै व्यक्तिहरूले वास्तविक कुरा थाहा नभएर यो नाच भगवान् बुद्ध तपस्या गरीरहँदा कृष्ण बन्धु राजाले बुद्धको तप भङ्ग गर्न पठाएको, मारगणहरूले बुद्धलाई मार हान्न आएको हो वा तप भङ्ग गर्न आएको हो भन्ने गरेको पाइन्छ । तर, वास्तविक यो नाच "धे धे पा पा" नचाउनाको उद्देश्य बुद्धलाई मारगणहरूले मार हान्न आएको नभएर यो एउटा गाईजात्राको दिनमा मात्र देखाउने हास्यव्यङ्ग्य प्रतीक स्वरूप कीर्तिपुरको मौलिक सडक नाटक कःतु सडक नाटकलाई नाचको रूपमा प्रस्तुत गरी नचाउँदै आएको मात्र हो । त्यसैले यो 'धे धे पा पा' नाचलाई बौद्ध धर्मको ललित विस्तार सूत्र भन्ने ग्रन्थका आधार लिई बुद्धलाई मारगणहरू आएर मार हान्न आएको भन्न उपयुक्त हुँदैन । यस नाचको वास्तविकता र वास्तविक अर्थ थाहा नभएर यस्तो भएको होला । कीर्तिपुरको "धे धे पा पा" नाचलाई बुद्धको तप भङ्ग गर्न विभिन्न स्वरूपमा आएको वा बुद्धलाई मार हान्न आएको भनेर व्याख्या गर्ने गरेको पाइन्छ भने कीर्तिपुरका बासिन्दाहरूले वा यस "धे धे पा पा" नाच मा भागलिनेहरूले समेत यस नाचको अर्थ थाहा नभएकाले यसै हो भन्न नसकेर गलत तरिकाबाट व्याख्या गर्ने गरेको पाइन्छ ।

वि.सं. २००७ भन्दा अगाडि कीर्तिपुरको चिलन्चो विहारमा बस्ने एक जना बौद्ध धर्म मान्ने कट्टर व्यक्तिले यो "धे धे पा पा" नाच ललित विस्तार ग्रन्थका आधारमा बुद्धलाई कृष्ण बन्धु भन्ने राजाले मारगणहरू पठाएर मार हान्न आएको हो भनेर घरबाट पनि बाहिर

नआइकन हेर्न समेत हुँदैन भनी सबै झ्यालढोका थुनेर घरभित्र नै बस्ने गर्दथे । त्यतिबेला देखि मात्र कीर्तिपुरमा यो "धे धे पा पा" नाचको गलत प्रचारप्रसार भएको हुनु पर्दछ ।[११७] बौद्ध धर्मको ग्रन्थ (ललित विस्तार सूत्र) भन्ने किताबमा पनि यस्तै खालको बुद्धको जीवनीमा बुद्ध भगवान् तपस्या गरीरहँदा खेरि कृष्णबन्धु भन्ने राजाले बुद्धको तप भङ्ग गर्न मारगणहरूद्वारा मार हान्न पठाएको कुरा उल्लेख गरेको पाइन्छ । त्यसैले यस्तो प्रचारप्रसार बौद्ध धर्ममा द्रत गतिमा भएको हुन सक्छ । यो नाच पनि जनैपूर्णिमाको दिनमा भगवान् बुद्धको मार विजय प्राप्त गरेको दिन भएकाले यसको भोलिपल्ट प्रत्येक वर्ष मनाउने गाईजात्राका दिनमा नै यो "धे धे पा पा" नाच कीर्तिपुरमा प्रदर्शन गरेर देखाउने भएकाले धेरै व्यक्तिहरू र बौद्ध धर्मालम्बीहरूलाई यस नाच नाच्नाको अर्थ पनि भगवान् बुद्धलाई मार हान्न आएको प्रतीक स्वरूप नचाएको जस्तो भान (महसुस) हुन गएको हो । यो एउटा संयोग मात्र हो । गलत तरिकाबाट यो "धे धे पा पा" नाचको व्याख्या गर्नु ललित विस्तारको ग्रन्थसँग मेल खान जानु एउटा संयोग मात्र हो । यसले गर्दाखेरि कीर्तिपुरका बासिन्दाहरू माथि भ्रम पैदा गरीदिएको पाइन्छ । वास्तवमा नाचको वास्तविक अर्थ बेग्लै रहेको छ । वास्तवमा यस नाचले कीर्तिपुरको सिङ्गो इतिहास बोकेको नाच हो । त्यसैले यो "धे धे पा पा" नाच कीर्तिपुरभित्र मात्र नचाउने गरिएको हो । यदि यो नाच बुद्धलाई मार हान्न आएको हो भने यो नाच कीर्तिपुरमा मात्र नभएर अरू ठाउँमा पनि हुनु पर्ने थियो अथवा सबभन्दा पहिला स्वयम्भूमा यस प्रकारको नाच हुनु पर्ने थियो । पहिले पहिले यो नाच नचाउँदा यहाँ कीर्तिपुमा बुद्ध धर्म सम्बन्धी ज्ञान भएका यहाँका बासिन्दाहरूमा त्यति थिएन । पछिल्लो समयमा मात्र कीर्तिपुरमा बौद्ध धर्म सम्बन्धी विहारहरू र चैत्यहरू, स्तूपहरू धेरै बन्दै गएर बौद्ध ज्ञानको प्रचारप्रसार हुन थालेको हो । कीर्तिपुरमा "धे धे पा पा" नाच को नाच नचाउने स्थानमाहरूमा कति ठाउँमा वा टोलमा लगभग वि.सं. १९७० अगाडिसम्म कीर्तिपुरको शिवगलमा (कीर्तिपुरको पश्चिमतिर) बुद्धका चैत्यहरू राखेका थिएनन् । पछि मात्र यो नाच जहाँ जहाँ नचाइछ त्यहाँ त्यहाँ चैत्य र चिःबहा बनाउन लगाएको पाइन्छ ।[११८] अहिले आएर हेर्दा यो "धे धे पा पा" नाच चिःबहा र चैत्य भएको ठाउँमा मात्र नचाउने जस्तो देखेर

[११७] कवेन्द्र बज्राचार्य (३५) सँगको कुराकानीमा आधारित ।

[११८] गणेशलाल महर्जन (५८) सँगको कुराकानीमा आधारित ।

यो भगवान् बुद्धलाई मार हान्न आएको भन्ने गलत व्याख्याहरूको प्रचारप्रसार तीव्र हुँदै गएको छ । यसरी यो कीर्तिपुरको इतिहास बोकेको एक मात्र नाच त्यो पनि वर्षको एक पटक गाईजात्राका दिनमा मृतकका नामबाट कीर्तिपुरको देय् गुठीको गुह्य देवतासमेत अष्टमातृका गणको पूजासहित कीर्तिपुर भरी नगर परिक्रमा गरेर यो नाच नचाएर देखाउने नाचलाई यसरी गलत तरिकाबाट व्याख्या गर्नु भनेको कीर्तिपुरका बासिन्दाहरूको लागि दुर्भाग्यको कुरा हुने देखिन्छ । त्यसैले समयमा नै यस नाचको अर्थ बुझ्केमा कीर्तिपुर देशको लागि फाइदा मात्र नभएर कीर्तिपुरको इतिहासको मुहार नै राम्रो भएर फेरिन जान सक्ने सम्भावना रहेको छ ।

यो "धे धे पा पा" नाच कीर्तिपुरको वास्तविक घटनासँग गहिरो सम्बन्ध गाँसेको नाच हो । वि.सं. १८२२ चैत ३ गतेको दिनमा जब कीर्तिपुर माथि गोरखाका राजा पृथ्वीनारायण शाहले ७,८ वर्षसम्म आक्रमणगरेर जित्न नसकेपछि कीर्तिपुरका एक जना व्यक्तिलाई समातेर विभिन्न प्रलोभन देखाएर विभिन्न षडयन्त्र गरेर रहस्यमय ढङ्गबाट कीर्तिपुरलाई आफ्नो हातमा पारेका थिए । यसरी षडयन्त्र गर्ने कीर्तिपुरको देशद्रोही ती व्यक्तिको अनुहार आउने गरी काठको मुकुण्डो बनाएर यस घटनाको विषयवस्तुलाई पछि गाईजात्राको दिनमा यहाँका जनताहरूले कःतु सडक नाटक बनाएर कीर्तिपुर नगर परिक्रमा गरी घुमाएको ऐतिहासिक सन्दर्भ हो (हेर्नु होला ४.४ को गाईजात्रामा नचाउने " धे धे पा पा " नाचको उत्पत्तिमा वर्णन गरिएको छ) । ती व्यक्तिको यसरी समाज सामु सधैं बेइज्जत गर्नका लागि र सजायको भागिदार बनाउनका लागि कीर्तिपुरका जनताहरूले प्रत्येक वर्ष उसको यही कःतु सडक नाटक दोहोऱ्याएर देखाउन थालियो । यसरी उसको कर्तु:त कार्यको पोल खोल्ने मात्र नभएर प्रत्येक वर्ष वर्षमा त्यही विषयको कःतु बनाएर देखाएपछि ती देशद्रोही व्यक्तिको अपहेलना र अपमानित भएर उसको परिवारसहित यो कीर्तिपुर देश छोडेर जान बाध्य भएको तथ्य स्मरणीय छ । त्यसपछि यही घटना कीर्तिपुरका जनताहरूले सम्झिरहुन् भनेर कीर्तिपुरका देय् गुठीबाट विभिन्न नियमहरू बनाएर यो कःतुलाई "धे धे पा पा नाच" का बाजाको बोल बनाएर गाईजात्राको दिन प्रत्येक वर्ष यो "धे धे पा पा" नाच मृतकका नाममा थाचिने गरेर प्रदर्शन गर्ने थिति बसेको हो । गाईजात्राको दिनमा मृतकका नाममा मुख्य पूजा उद्घाटन वा थापना (थाचिने) गर्ने टोलबाट टोलबासीहरू मिलेर यो नाचको व्यवस्थापन गरी, सुरक्षाको व्यवस्था गरी कीर्तिपुरका मुख्यमुख्य

टोलमा प्रस्तुत गरी यो नाच प्रर्दशन गरी देखाउन थालिएको हो । जुनपछि गएर यो एक प्रसिद्ध नाचको रूपमा प्रस्तुत हुँदै गएको हो । त्यसैले "धे धे पा पा" नाच यस्तो खालको नाच हो जसले कीर्तिपुरको विगतमा घटेको राजनीतिक घटनाको विषय वस्तुको आधारमा बनाइएको हुनाले पछि आउने पुस्ताहरूलाई यसको इतिहास ताजै रहन प्रत्येक वर्षको एक पटक गाईजात्राको दिन यो "धे धे पा पा" नाच प्रस्तुत गरी देखाउने गरिएको हो । जुन नाचले कीर्तिपुरको सिङ्गो इतिहास बोकेको पाइन्छ । यो नाच नचाउनु कीर्तिपुरेहरूका लागि गौरवको कुरा हो । त्यसैले यो "धे धे पा पा ताः ताः" नाच प्रत्येक वर्ष गाईजात्राको दिनमा कीर्तिपुरको रिङ्गरोडभित्र रहेको पुरानो बस्तीमा मात्र देखाउने "धे धे पा पा" नाचलाई गलत तरिकाबाट व्याख्या गरेर बौद्ध ग्रन्थको ललित विस्तार सूत्रको अनुसार कृष्णबन्धु राजाले बुद्धको तप भङ्ग गर्न, मारगणहरूलाई मार हान्न पठाएको नभएर यो एउटा गाईजात्राको दिनमा मनोरञ्जन प्रदान गर्नका लागि निकाल्ने हास्यव्यङ्गय सहितको सडक नाटक नाच हो । यो कीर्तिपुरको विगतमा घटेको वास्तविक राजनीतिक घटनाको आधारमा गाईजात्राको दिनमा कीर्तिपुरका मृतकका नाममा मुख्य पूजा उद्घाटन (थाचिने) गर्दै कीर्तिपुरका जनताहरूद्वारा प्रदर्शन गर्दै देखाउँदै आएको नाच हो । त्यसैले यस किसिमको "धे धे पा पा" नाच कीर्तिपुरमा बाहेक अन्य कहीँ पनि नचाउने गरिन्दैन ।

परिच्छेद-छ

# उपसंहार, निष्कर्ष तथा सुझाव

## (क) उपसंहार

प्रस्तुत अध्ययनको विषय काठमाडौं जिल्लाको दक्षिण भेगमा पर्ने कीर्तिपुर नगरपालिका भित्रको कीर्तिपुरको डाँडो (देय् पर्खाल) भित्र अथवा कीर्तिपुरको रिङ्गरोड भित्र मनाउने गाईजात्राका बारेमा अध्ययन र अनुसन्धान गर्न खोजिएको छ । विभिन्न विद्वान्हरूले गाईजात्राको बारेमा लेखेको भए पनि कीर्तिपुरका गाईजात्राका बारेमा अहिलेसम्म कहीँ कतै पनि उल्लेख गरेको पाइँदैन । त्यसैले यस शोधपत्रमा कीर्तिपुरका गाईजात्राका बारेमा अध्ययन र अनुसन्धान गरिएको हो । यसको मुख्य उद्देश्य भन्नु नै कीर्तिपुरको गाईजात्रा पर्वको सामाजिक एवम् सांस्कृतिक महत्त्वको अध्ययन गर्नु रहेको छ ।

यस शोधमा परापूर्वकालदेखि नै विभिन्न तरिकाबाट गाईजात्रा कसरी मनाउने गरिन्थ्यो र राजा प्रताप मल्लले यसलाई अरू बिस्तृत गर्दै राष्ट्रिय पर्वको रूपमा गाईजात्राको सुरुवात गरेर कसरी व्यवस्थित गरी प्रत्येक वर्ष राष्ट्रिय चाडको रूपमा संचालन हुनपुग्यो अथवा उपत्यका भित्रका नेवारहरूले मनाउने गाईजात्रा कसरी नेपाल राज्यभरि विभिन्न प्रकारले फैलियो भनेर क्रमिक रूपमा यसको विकासक्रमको उल्लेख गरिएको छ । गाईजात्रा मनाउने क्रममा कसरी एक ठाउँको भन्दा अर्को ठाउँमा भिन्न किसिमले गाईजात्रा मनाइएको समय र राजनीतिक परिवर्तनसँगै गाईजात्रा पनि कसरी परिवर्तन हुँदै गइरहेको छ भन्ने बारेमा उल्लेख गर्न खोजिएको छ ।

सबै जातजाति, संस्कृति, सामाजिक, परम्परा, भाषा, धर्म, जाति, चाडपर्व आदिको आआफ्नै महत्त्व र विशेषता रहेको छ । कीर्तिपुरमा पनि परापूर्वकालदेखि नै नेवारहरूको बसोबास रहेको पाइन्छ । जसले गर्दा यहाँ पनि यी सामाजिक, धार्मिक,आर्थिक, सांस्कृतिक मूल्य र मान्यता अनुसार विभिन्न कार्य र गतिविधिहरू गर्दै आइरहेको पाइन्छ । यस शोधमा कीर्तिपुरको गाईजात्राको परिचय, इतिहास, सामाजिक, धार्मिक, सांस्कृतिक परम्परा आदिको

महत्त्व र विकास क्रमका बारेमा उल्लेख गरिएको छ । त्यसैगरी कीर्तिपुरको देय् गुठीले यस गाईजात्रामा किन भूमिका निर्वाह गर्ने गर्दछ र कीर्तिपुरको लागि यो देय् गुठीले कस्तो योगदान गर्ने गरेको छ भनी उल्लेख गरिएको छ । कीर्तिपुरको देय् गुठीले कसरी यो कीर्तिपुरलाई तान्त्रिक सुरक्षा दिनको लागि आफूसँग भएको तीर्था मुकुन्डोहरू दिएर देशलाई शुद्ध, शान्ति, सुरक्षा, कल्याण आदि  कार्यहरू गर्दै आईरहेको छ भनेर उल्लेख गरिएको छ ।

यसरी नेवारहरूले मनाउँदै आएको मृत्यु संस्कारहरू मध्ये गाईजात्रा पर्व पनि एक अभिन्न अङ्गको रूपमा एक वर्षभित्र देहान्त भएका मृतकका नाममा मनाउने गरिन्छ । कीर्तिपुरको गाईजात्रामा कीर्तिपुरको आफ्नो मौलिकपन बोकेको ऐतिहासिक, सामाजिक, धार्मिक र सांस्कतिक दृष्टिकोणबाट पनि महत्त्व रहेको छ, जुन अन्य ठाउँको भन्दा एकदम भिन्न र फरकपन देखिन्छ । यसकारण यस शोधपत्रमा कीर्तिपुरका गाईजात्राका बारेमा अध्ययन र अनुसन्धान गरी उल्लेख गर्न खोजिएको छ ।

## (ख) निष्कर्ष

पद्मपुराण अनुसार झन्डै दुई हजार वर्ष अगाडिदेखि नेपालमा मृतकका नाममा गाईजात्रा पर्व मनाउँदै आएको भए पनि गोपालराज वंशावलीमा मान्छेको मृत्यु भयो भने गाईलाई नगर घुमाउन पठाउनु पर्दछ भनेर उल्लेख गरिएको छ ।

" गाईको जुलुस निकालेर वा गाईको मुकुन्डो लगाएर निकालिने यात्रालाई गाईयात्रा भनिन्छ । यो श्रावण कृष्ण प्रतिपदाको दिनमा धूमधामसँग मनाउने चलन छ । मलमास वा पुरुषोत्तम मास परेको वर्ष भनेर यस यात्राको प्रारम्भ तेइस चौबिस सय वर्ष पहिले भएको हो । ऐतिहासिक प्रमाण अनुसार राजा प्रताप मल्लले आफ्ना छोराको मृत्युमा शोकविह्वल भएकी रानीको चित्त बुझाउनका निमित्त यस्तो परम्परा बसालेका हुन् "।[११९] यसबाट के प्रस्त हुन्छ भने मल्लकाल भन्दा पहिले पहिले नेवारहरूले आफ्नो मृतकका नाममा पुरोहितले भनेको अनुसार अथवा मृत्यु संस्कार गर्ने क्रममा गाईलाई मृतकका नाममा नगर परिक्रमा गर्न पठाउने चलन थियो भन्न सकिन्छ । जुन पछि प्रताप मल्लको पालादेखि गाईजात्राको नाममा एक वर्ष भित्र मरेका आफ्न्तहरूले  मानिसलाई नै गाईको भेष बनाएर मृतकको नाममा एकै ठाउँमा

---

[११९] किरण पान्थी(पाण्डेय), **नेपालका चाडपर्वहरू**, (काठमाडौं: प्रबन्ध निर्देशक पदम सिवाकोटी, वि.स.२०६३ )पृ.३० ।

जम्मा गरी सामूहिक रूपमा नगर परिक्रमा गर्न पठाउने चलनको परम्परा बसालिएको छ । यसरी यो गाईजात्रा मनाउने चलन मल्लकाल भन्दा अगाडिदेखि भए पनि इतिहासको पान्नामा प्रतापमल्लको पालादेखि प्रत्येक वर्ष व्यवस्थित रूपमा वर्षको एकपल्ट जनै पूर्णिमाको भोलिपल्ट मृतकका नाममा गाईजात्रा मनाउँदै आइरहेको उल्लेख छ । त्यति बेला मल्लकालमा काठमाडौं, भक्तपुर र ललितपुर उपत्यका बिच पनि हरेक कुरामा प्रतिस्पर्धा हुने कारणले गर्दा कसले गाईजात्रा राम्रोसँग प्रदर्शन गर्न सक्छ भनेर उपत्यका भित्र पनि अर्को ठाउँको भन्दा राम्रोसँग मनाउने विचारले गर्दा एक ठाउँको गाईजात्रा अर्को ठाँउको भन्दा फरकफरक हुन गएको हो ।

नेपालमा मातृशक्तिको उपासना देशको तान्त्रिक सुरक्षाका निम्ति गर्ने परम्परा प्राचीन कालदेखि हुँदै आएको छ । यसैको प्रभावले कीर्तिपुरमा कीर्तिपुरको देय् गुठीले अष्टमातृका गणहरूको स्थापना गरेर कीर्तिपुर देशको तान्त्रिक सुरक्षा गर्दै आएको देखिन्छ । गाईजात्राको दिन एक दिन वर्षमा एकचोटि भए पनि कीर्तिपुर देय् गुठीसँग भएको यी एकै रङका अष्टमातृका गणको तीर्था मुकुन्डाहरू मृतकका नाममा देशलाई शुद्ध, पवित्र, मङ्गल, शान्ति, कल्याण र सुरक्षा गर्ने भनेर नगर परिक्रमा गर्नका लागि दिएर पठाउने परम्पराको निर्माण भयो । जसमा मुख्य तीर्था ख्वापा लगाउनेले तीर्थ नाच नाचेर सबै भन्दा अगाडि अग्रपङ्क्तिमा बसेर नगर परिक्रमा गर्ने गर्दछ । त्यसपछि मात्र उनका पछिपछि अरू मृतकका नाममा नगर परिक्रमा गर्नेहरू क्रमवद्ध रूपमा आउने गर्दछन् । देश शुद्ध गर्नका लागि कीर्तिपुरमा नयाँ घर निर्माण गर्न सकिएपछि गाईजात्राको दिन घर शुद्धिको नाममा एकजना बालकलाई गोसाई बनाएर नगर परिक्रमा गर्न पठाउने गर्दछन् । वि.सं. १८२२ मा कीर्तिपुरमाथि पृथ्वीनारायण शाहको आक्रमणपछि गाईजात्राको दिन ‘धे धे पा पा’ कःतु नाचको उत्पत्ति भयो । त्यसपछि यो मुख्य तीर्था मुकुन्डो कीर्तिपुरको देय् गुठीले ‘धे धे पा पा’ नाच थाचिने गर्ने मृतकको परिवारलाई दिएर सबै भन्दा अगाडि अग्रपङ्क्तिमा बसेर मृतकको नाममा नगर परिक्रमा गर्न दिइने परम्पराको थालनी भयो । पछिल्लो समयमा राणाकालको सुरुवातसँगै तलवार द्वारेको उत्पत्ति भएपछि गाईजात्राको दिन कीर्तिपुरको देय् पोखरीमा तलवार द्वारेद्वारा ‘ट्वाना जात्रा’ सुरु गर्न थालेको देखिन्छ । जुन अहिलेसम्म पनि यही परम्परा अनुसार चलिनै रहेको देखिन्छ ।

ओल्डफिल्डले उल्लेख गरे अनुसार गाईजात्रा नाचलाई पहिले पहिले “बाघभैरव नाच”

भनेर भन्ने गरेबाट गाईजात्रा भन्दा अगाडि कीर्तिपुरमा बाघभैरव नाच थियो भन्न सकिन्छ । यस अनुसार गाईजात्रा नाच पनि प्रताप मल्ल भन्दा अगाडि कीर्तिपुरमा थियो भन्न सकिन्छ जसलाई "बाघभैरव नाच" वा नेवारी भाषामा "तीर्थ नाच" भनेर भनिन्छ । जसको अनुकरण गरी प्रताप मल्लले "गाईजात्रा" पर्व भन्न थालिएको भन्न सकिन्छ । यसको वृहत् रूपमा अनुसन्धान गर्नु आवश्यकता  देखिन्छ ।

कीर्तिपुरको इतिहासबारे तथ्य प्रमाणहरू नभएका कारणले गर्दा कीर्तिपुरबारे सोधपुछ र अनुसन्धान गरेर प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । पुराना ग्रन्थहरू नहुनाको एउटा कारण हो भने ग्रन्थ लेखिहालेको भए पनि अहिलेको जस्तो छापाखाना थिएन, त्यसैले कम मात्रामा ग्रन्थहरू लेख्ने गरेको पनि पाइन्छ । अहिलेसम्म विभिन्न कारणले गर्दा ती ग्रन्थहरू बिग्रिसकेको हुन्छ वा पढ्न नसक्ने खालको हुन्छ । कुनै कुनै ग्रन्थहरू तन्त्रमन्त्र, पूजा पाठको साधना गरेर एकदम महत्त्व दिएर मान्छेहरू कै रगतद्वारा लेखेर राखिएको हुन्छ । यसको अध्ययन र अनुसन्धान गर्नका लागि पनि विशेष विधि पूजा पाठको साधना नगरिकन ती ग्रन्थहरू पल्टाएर हेर्नु हुँदैन भन्ने जनविश्वास रहेको छ । कीर्तिपुरको द्‌य गुठीमा पनि यस्तो ग्रन्थ छ । तर, कीर्तिपुरको गाईजात्रा मनाउने "धे धे पा पा नाच"को उत्पत्तिबारे कहीँ कतै उल्लेख गरिएको छैन ।[१२०]

नेपालमा मनाउने विभिन्न जात्रा र चाडपर्व मध्ये "गाईजात्रा" पनि एक प्रमुख जात्राको रूपमा विकसित भएर गएको छ । मृतकका नामसँग सम्बन्धित यो जात्रा उपत्यकाका नेवारहरूमा मात्र सीमित नभएर अहिले नेपाल राज्यभरिका सबै नेवारहरूले नै गाईजात्रा पर्व मनाउन थालेका छन् भने बिस्तारै अन्य जात जातिहरूमा पनि यसको प्रभाव पर्न थालेको ( गाईजात्रा मनाउन थालेको ) देखिन्छ ।

---

[१२०] मानसिं महर्जन (९५) सँगको कुराकानीमा आधारित ।

**(ग) सुझाव**

काठमाडौ जिल्ला कीर्तिपुर नगरपालिकाको डाँडोभित्र वा पुरानो बस्तीमा मनाउने गाईजात्राको सामाजिक एवम सांस्कृतिक महत्त्वको अध्ययन पश्चात् निष्कर्षका आधारमा निम्न लिखित सुझावहरू प्रस्तुत गरिएको छ ।

(१) “गाईजात्रा”को अर्थ सबैले बुझ्नु पर्दछ । कुनै पनि संस्कार र चाडपर्वहरू गर्दा त्यसको अर्थ बुझेर गरेमा सुनमा सुगन्ध हुने गर्दछ ।

(२) कीर्तिपुरको गाईजात्रामा नाच नचाउनका लागि गरिने पूजा विधि पूर्णरूपले गर्नु पर्दछ अथवा कीर्तिपुर देय् गुठीको अनुसार गर्नु पर्दछ ।

(३) गाईजात्राको धे धे पापा नाचको बाजाको सुरुको “रिक्त धे धे पा पा” बोलमा मुख्य तीर्था ख्वापा लगाउनेलाई सात पाइला “तीर्थ नाच” पूर्ण रूपले विधिपूर्वक नाच्न लगाउनु पर्दछ । थाहा नभएमा यसका बारेमा देय् गुठीमा बुझन जानु पर्दछ ।

(४) कीर्तिपुर नगरपालिकाद्वारा गाईजात्राको “धे धे पा पा नाच”का लागि र “ट्वाना जात्रा” सञ्चालन गर्नका लागि सबै व्यवस्था गरी व्यवस्थित रूपमा प्रत्येक वर्ष निरन्तरता दिने रूपमा सञ्चालन गरिनु पर्दछ ।

(५) ‘ट्वाना जात्रा’ सकिएपछि गरिने क्रियाहरू राँगाको छाला फाल्ने र मकैको घोगा फाल्ने कार्य फेरि सञ्चालन गर्ने प्रयास गर्नु पर्दछ ।

(६) नष्ट भएका, हराएका र बाँकी रहेका पुराना तीर्था मुकुन्डोहरूलाई पनि देय् गुठीको सरसल्लाह अनुसार मर्मत गर्नु पर्दछ अथवा नयाँ बनाउनु पर्दछ ।

(७) गाईजात्रामा मृतकका नाममा एकल गाईको भेषमा नगर परिक्रमा गर्ने सबै जना कीर्तिपुरको एक निर्दिष्ट ठाउँमा भेला भएर सबै लहरै लागेर नगर परिक्रमा गर्नु पर्दछ ।

(८) कीर्तिपुरको गाईजात्रामा नचाउने “धे धे पा पा” नाचले  कीर्तिपुरको इतिहास बोकेर नाच्ने भएको हुनाले यसमा कीर्तिपुरको आफ्नो मौलिकपन रहेको पाइन्छ । कुनै कार्यको अर्थ नै नबुझिकन यो हिन्दूको चाड, यो बुद्धिष्टको चाड भनेर एकले अर्काको धर्मप्रति तिरस्कार गर्ने, गलत तरिकाले व्याख्या गर्ने बानीको अन्त्य गरी सहयोगको भावमा विकास गर्दै लग्ने बानी गर्नु पर्दछ ।

(९) “गाईजात्रा” मनाउने नाममा मृतकका आफन्तहरूले आडम्बर देखाइ खर्च गरेर प्रदर्शन गर्ने, ऋण लिएर भए पनि गाईजात्रामा दान दिने र भोज खुवाउने आदि चलनमा परिवर्तन ल्याउनु पर्दछ ।

(१०) समय र परिस्थिति अनुरूप अनुकूल वातावरणमा “गाईजात्रा” पर्वलाई पनि परिमार्जन गरी मनाउनु पर्दछ ।

# सन्दर्भ ग्रन्थ सूची

## नेपाली पुस्तकहरू


अमात्य, साफल्य, **नेपाल मण्डल काठमाडौं उपत्यकाका धार्मिक नाचहरू,** काठमाडौंः चँक दबू, वि.स.२०६३ ।

खत्री, प्रेमकुमारः, **नेपालका धार्मिक मत र सामाजिक संरचना,** काठमाडौंः एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, वि.सं.२०५४ ।

जुजु, बलदेव, **नेवाः संस्कृति व नेवाः दर्शन,** ललितपुरः लोकसाहित्य परिषद्, ने.सं.१११५।

पन्थी(पाण्डेय), किरण, **नेपालका चाडपर्वहरू,** काठमाडौंः प्रबन्ध निर्देशक पदम सिवाकोटी, वि.स.२०६३ ।

प्रधान, प्रयागमान, **कीर्तिपुरको बाघ भैरव नृत्य**, कीर्तिपुरः कीर्ति अध्ययन तथा अनुसन्धान केन्द्र, वि.सं. २०६५ ।

वज्राचार्य, वज्रमुनि, **कीर्तिपुरका नेवारहरूको अन्त्येष्टि संस्कारः एक अध्ययन,** कीर्तिपुरः अ.प्र. एम.ए.शोधपत्र, त्रि.वि., वि.सं. २०६२ ।

वज्राचार्य, चुन्दा, **नेवाः तजिलजिइ नखः चखः,** काठमाडौंः नेपाल भाषा एकेडेमी, वि.सं. २०५७ ।

वज्राचार्य, रत्नकाजी, **गुँला धर्म ?,** काठमाडौंः श्रीमति सानु नकर्मी व छेँज पि, वि.सं.२०५५ ।

विष्ट, डोरबहादुर, **सबै जातको फूलबारी,** ललितपुरः साझा प्रकाशन, वि.स.२०३० ।

मानन्धर, जीतबहादुर, **श्री गणेशाय् नम् ,** काठमाडौंः श्रीमती तारादेवी मानन्धर, वि.स.२०५१ ।

मानन्धर, ज्ञानकाजी **कुमारी,** बनेपाः सुखावती मानन्धर, ने.सं. ११२३ ।

शर्मा, नगेन्द्र, **नेपाली जनजीवन,** काठमाडौंः साझा प्रकाशन, वि.स.२०३२ ।

सायम्ि, सन, **नेपाःया जात्रा,** नसना पब्लिकेशन, वि.स.२०६५ ।

श्रेष्ठ, शुक्रसागर, **कीर्तिपुरको संस्कृति र पुरातात्त्विक इतिहास,** कीर्तिपुरः नेपाल र

एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.स. २०५७।

श्रेष्ठ, हरिप्रसाद, **नेपालको इतिहास र संस्कृति एक झलक**, विराटनगरः भुवन प्रकाशन, वि.सं. २०४६ ।

## Books in English

Ghimire, Beena and Binod, **Hindu Death Rites**, Kathmandu: Ghimire, Barsha and Bishal,1998 A.D.

Nepali, Gopal Singh, **The Newars**, Bombay: United Asia Publication, 1965 A.D.

Van den Hoek, A.W. **Caturmasa**, Celebrations of Death in Kathmandu, Nepal, Netherlands: CNWS publications, 2004 A.D.

## पत्र पत्रिकाहरू

आचार्य, चेतनाथ शर्मा, "ऋषि तर्पणी - रक्षा बन्धन", **कान्तिपुर,** काठमाडौंः वर्ष १३, अङ्क १९२, भदौ १२, वि.सं. २०६२, गते, पृ. ४ ।

ज्ञवाली, पी.एन, "विसंगति माथि व्यङ्गयः गाईजात्रा" **कान्तिपुर,** काठमाडौंः वर्ष ४, अङ्क १९२, भदौ १३, वि.सं. २०५३ गते, पृ. ४ ।

महर्जन, जीवनकुमार, **"इकुन प्याँख", मतिना प्रकाशन**, अमृता श्रेष्ठः वर्ष ३ ,अङ्क(vol) १०, वि.सं.२०६६, पृ. १० - १२ ।

वज्राचार्य, वज्रमुनि, **"कीर्ति अनुसन्धानात्मक पत्रिका",** कीर्तिपुरः वर्ष १, अङ्क १, कीर्ति अध्ययन तथा अनुसन्धान मण्डल, वि.सं.२०६४, पृ. ३९ - ४६ ।

## परिशिष्ट -१

काठमाडौँ जिल्ला, कीर्तिपुर नगरपालिकाको

# कीर्तिपुरको गाईजात्राको सामाजिक एवम् सांस्कृतिक महत्त्व

**घरधुरी सर्वेक्षणका लागि तयार पारिएको प्रश्नावली**

घरमूलीको नाम थर .........................................

वर्ष....................

उमेर................. लिङ्ग............................

धर्म..................... शिक्षा.....................

भाषा ...................... पेसा ..........................

| क्र. सं. | सदस्यको नाम | घरमूलीको नाता | लिङ्ग | उमेर | शिक्षा | पेसा | धर्म | ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रश्न.१ कीर्तिपुरको इतिहास बारे के थाहा छ ?

प्रश्न.२ कीर्तिपुरमा नयाँ घर निमार्ण गर्नेहरूले गाईजात्राको दिनमा किन नगर परिक्रमा गर्ने गर्दछन् ?

प्रश्न.३ गाईजात्राका दिनमा नेवारहरूले किन दान दिने गरेका हुन् र यसको कारण के हो ?

प्रश्न.४ गाईजात्राको उत्पत्ति बारेमा केही थाहा छ ?

प्रश्न.५ "गाईजात्रा" पर्व मनाउने तरिका ठाउँ अनुसार कसरी फरक फरक हुन गएको हो ?

प्रश्न.६ कीर्तिपुर देय् गुठीले नै किन गाईजात्रा चलाउन तीर्था ख्वापाहरू दिएर पठाएको हो ?

प्रश्न.७ गाईजात्राका दिनमा कीर्तिपुरको देय् गुठीले कस्तो भूमिका खेल्ने गर्दछ ?

प्रश्न.८ कीर्तिपुरको गाईजात्रामा गोपाली वा सापु (गाई पाल्नेहरू) को कस्तो भूमिका थियो ?

प्रश्न.९ कीर्तिपुरको बौद्ध धर्मालम्बीहरूले "गाईजात्रा" पर्व किन नमाएका हुन् ?

प्रश्न.१०कीर्तिपुरमा गाईजात्राका दिन कीर्तिपुरको देय् गुठीले नगर परिक्रमा गर्नका लागि दिएर पठाउने तीर्था मुकुण्डोहरूको उत्पत्तिका र महत्त्वका बारेमा भन्नुहोस् ?

प्रश्न.११ कीर्तिपुरमा गाईजात्रामा देखाउने "धे धे पा पा" नाचको उत्पत्ति कसरी भयो ?

प्रश्न.१२ कीर्तिपुरका देय् गुठीको तीर्था मुकुण्डोहरू कसरी लोप हुने अवस्थामा पुगे ?

प्रश्न.१३ कीर्तिपुरको देय् गुठीले कसरी गाईजात्राको थाचिने गर्ने जिम्मा दिन्छ ?

प्रश्न.१४तीर्थ ख्वापाहरूले कीर्तिपुरको गाईजात्रामा कस्तो भूमिका निर्वाह गर्ने गर्दछन् ?

प्रश्न.१५ पहिलाको र अहिलेको कीर्तिपुरको गाईजात्रामा के के भिन्नताहरू र परिवर्तन भएको पाइन्छ ?

प्रश्न.१६ कीर्तिपुरको "धे धे पा पा" नाचको उत्पति कसरी भयो र यो कसरी नाच्ने गरिन्छ ?

प्रश्न.१७ थाचिने जिम्मा लिने मृतकका आफन्तको गाईजात्रामा कस्तो भूमिका रहन्छ ?

प्रश्न.१८ धाक खलकहरूले कसरी "धे धे पा पा" नाच सुरुगर्ने र अन्त्य गर्ने गर्छन् ?

प्रश्न.१९ "धे धे पा पा" नाचमा स्वयम् सेवकहरूको भूमिका के कस्तो हुन्छ ?

प्रश्न.२० यी कीर्तिपुरको देय् गुठीको तीर्था मुकुण्डोहरू कसरी छरप्रस्ट हुन गयो ?

प्रश्न.२१ कीर्तिपुरको देय् गुठीमा "धे धे पा पा" नाचका बारेमा केही उल्लेख गरेको पाइन्छ ?

प्रश्न.२२ थाचिने गर्ने घरमा  गाईजात्राको लागि ढोकाको प्रयोग कसरी गर्ने गरिन्छ ?

प्रश्न.२३ "धे धे पा पा" बाजाको बोल र तालका बारेमा तपाईंलाई के थाहा छ ?

प्रश्न.२४ "ट्वाना जात्रा"को बारेमा के थाहा छ र यो कसरी मनाउने गरिन्छ ?

प्रश्न.२५ किन 'धे धे पा पा' नाचलाई बुद्धलाई मार हान्न आएको हो भनेर भन्ने गरेको हो ?

# परिशिष्ट -२

## घरधुरी सर्वेक्षणमा अन्तर्वार्ता लिइएका व्यक्तिहरू

| क्र.सं. | नाम | वर्ष | ठेगाना |
|---|---|---|---|
| १ | राम सिग्देल (पुरोहित) | ९८ | मच्छेनारायण स्थान |
| २ | रुद्रबहादुर प्रधान | ७२ | लायक्‌ु |
| ३ | इन्द्रलाल श्रेष्ठ | ७५ | कुटुभ्फोल |
| ४ | न्हुच्छे माया महर्जन | ७५ | दोपाचा |
| ५ | गोविन्द महर्जन ( वि.सं.२०६७ मा देय् गुठीको पालो थाप्ने व्यक्ति ) | ६७ | समल |
| ६ | विजय बज्राचार्य (पुरोहित) | ३३ | सिंह द्‌वाः |
| ७ | सानुकाजी मानन्धर | ५८ | तग्वः ल्वंह, कुतुसाल |
| ८ | ज्योति बज्राचार्य | ७८ | चिलंच्वो |
| ९ | गणेशलाल महर्जन | ५८ | कुटुभ्फोल |
| १० | रोकेश महर्जन | २७ | कुटुभ्फोल |
| ११ | चन्द्रमान बज्राचार्य | ५५ | तजाःफ, चिलंच्वो |
| १२ | जीवन मानन्धर (तुयुसिं द्वारेको छोरा ) | ६५ | सागल |
| १३ | नन्द महर्जन | ७८ | ल्वोहं देगल |
| १४ | श्रीकृष्ण महर्जन | ३८ | देय् पोखरी |
| १५ | गुणमाया महर्जन (साःपू वा ग्वाला) | ६९ | गः छेँ |
| १६ | श्रीकृष्ण श्रेष्ठ | ४५ | मच्छेनारायण स्थान |
| १७ | चिरीनानी महर्जन | ७८ | खासी बजार |
| १८ | नरसिं बहादुर श्रेष्ठ ( प्रथम तलवारद्वारे रघुनाथ श्रेष्ठको नाति ) | ८२ | पाउली |

| | | | |
|---|---|---|---|
| १९ | टिकाराम महर्जन (जात्रा चाडपर्व २०६२, समिति गठनको अध्यक्ष ) | ६५ | ईटाः छैँ |
| २० | नारायण देवी (मैयाँ) महर्जन (ढल्पा छ्याक हाकु महर्जनको नातिनी ) | ६६ | हाल नयाँ बजार |
| २१ | जीवनकुमार महर्जन | ३८ | ढोकासी, पाँगा |
| २२ | हेमन्त सिग्देल | ४५ | मच्छेनारायण स्थान |
| २३ | रामकृष्ण भण्डारी | ४९ | तिनथाना |
| २४ | देवकृष्ण महर्जन | ४० | स्वाःन टोल, (चसुथरी) |
| २५ | अमिन महर्जन | ३० | माथः छैँ |
| २६ | मधुकर महर्जन | ४२ | लखु,पाँगा |
| २७ | प्रयागमान प्रधान | ४५ | लाय्कु |
| २८ | विष्णुलाल गोपाली | ७२ | थाःम्बाहाल |
| २९ | देवेन्द्र महर्जन | ३५ | पाउली |
| ३० | त्रिरत्न मानन्धर | ४५ | सागल |
| ३१ | अष्टबहादुर महर्जनभाइचा),हास्यव्यङ्ग्य नाय्खिं च्वयेकेको पुरुष पात्र) | ८८ | माथः छैँ |
| ३२ | भोला महर्जन हास्यव्यंग्य नाय्खिं च्वयेकेको महिला पात्र) | ९४ | स्वाःन टोल, (चसुथरी) |
| ३३ | मदन बहादुर महर्जन | ५४ | कुटुभ्फोल |
| ३४ | श्रीकृष्ण महर्जन | ४० | लाय्कु |
| ३५ | ज्ञानमुनि बज्राचार्य | ७७ | खुसिंचा, चिलन्चो |
| ३६ | मिश्री श्रेष्ठ | ७१ | कुटुभ्फोल |
| ३७ | ज्ञान बहादुर महर्जन | ५५ | सागल |
| ३८ | कर्ण महर्जन ( देवढोकाको लाँखे भइ नाच्ने व्यक्ति ) | ४४ | देवढोका |

| | | | |
|---|---|---|---|
| ३९ | बेखालाल महर्जन | ६५ | नगाउँ |
| ४० | रामबहादुर महर्जन(देय् गठीको अध्यक्ष) | ७२ | लाय्कु |
| ४१ | द्वारिका बहादुर महर्जन | ९५ | ढोकासी, कीर्तिपुरको नयाँ बजार |
| ४२ | राम बहादुर मानन्धर | ६५ | सागल |
| ४३ | हर्क बहादुर महर्जन | ७५ | था:म्बाहाल |
| ४४ | वीरेन्द्र शाक्य | ४० | तु:फ्होल |
| ४५ | नन्दलक्ष्मी महर्जन | ५५ | गँ: छेँ |
| ४६ | नीलकमल महर्जन | ९५ | लाक्षी, पाँगा |
| ४७ | हर्ष नारायण महर्जन (चाउचा) | ९४ | सागल |
| ४८ | धनलाल महर्जन | ७२ | कुटुफ्होल |
| ४९ | पुष्परत्न बज्राचार्य | ४५ | चिलञ्चो |

## विशेष अन्तर्वार्ता लिएका व्यक्तिहरू

(१) मानसिं महर्जन (९४) लँखु तंचा (गं छेँ) ट्याङ्लाफाँट (**कीर्तिपुर देय् गुठीको थकाली**)।

(२) नरसिं महर्जन (९५) म्वा: बौ (पाँगा) (**पाँगा दाफा बाजा र त: गुठीको थकाली**)।

(३) पूर्णलाल महर्जन, (फ्हेल्ला) (८५) देवढोका (**देय् गुठीको सदस्य**)।

(४) देव महर्जन (६८) समल (**मुख्य तीर्था ख्वापा लगाएर धेरै पटक नाच नाच्ने व्यक्ति**)।

(५) दानबहादुर महर्जन (८२) फ्हो छेँ, लायकु (**उहाँ कीर्तिपुरको पुरानो नेता हुनुहुन्थ्यो**)।

(६) राम महर्जन (७२) म्वान टोल (**म्वान गुठीको सदस्य**)।

(७) शिवशङ्कर श्रेष्ठ (४९) बाहिरी गाउँ (**सिं ख्वापा लगाएर धेरै पटक नाच्ने व्यक्ति**)।

(८) बज्रमुनि बज्राचार्य (३७) चिलंच्वो।

(९) जगत् गोपाल श्रेष्ठ, शोधकर्ताको **बुबा** (६८) दोपाचा,पालिफल।

(१०).नानी छोरी श्रेष्ठ, शोधकर्ताको **आमा** (६४) दोपाचा,पालिफल।

# नक्सा र चित्रफलक